महालेखापरीक्षकको आठौं वार्षिक प्रतिवेदन

२०८३

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौं

नेपाल

महालेखापरीक्षकको
आठौँ वार्षिक प्रतिवेदन
२०८३

कर्णाली प्रदेश



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल

दूरदृष्टि (VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

नेपालका महालेखापरीक्षक

अनामनगर, काठमाडौं, नेपाल
पोष्ट, बक्स नं. १३३२८

पत्र सङ्ख्या : २०८२।८३

च.नं.: ८८

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषय : वार्षिक प्रतिवेदन।

माननीय प्रदेश प्रमुखज्यू,
प्रदेश प्रमुखको कार्यालय,
कर्णाली प्रदेश, सुर्खेत।

नेपालको संविधानको धारा २४१ बमोजिम कर्णाली प्रदेशको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी धारा २९४ को उपधारा (३) बमोजिम वार्षिक प्रतिवेदन पेस गरेको छु।

भवदीय,

(तोयम राया)
महालेखापरीक्षक

२०८३ साल जेठ १ गते, शुक्रवार
नेपाल सम्वत् ११४६

फोन नम्बर : ०१-५९१९१६३, ईमेल: oagnep@ntc.net.np/ag@oagnep.gov.np, वेबसाइट: www.oag.gov.np

विषय-सूची

परिच्छेद	शीर्षक	पृष्ठ
महालेखापरीक्षकको भनाइ		
लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति		
प्रदेश सञ्चित कोषको एकीकृत वित्तीय विवरणमा राय		
परिच्छेद १	**लेखापरीक्षण गरिएका निकायको विवरण.....**	१
परिच्छेद २	**लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति.....**	५
परिच्छेद ३	**लेखापरीक्षणबाट देखिएको प्रमुख बेहोराको सारांश.....**	९
	खण्ड-१: प्रदेश मन्त्रालय र निकाय	
	१. प्रदेश सभा सचिवालय	१५
	२. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	१६
	३. आन्तरिक मामिला तथा कानुन मन्त्रलय.....	२४
	४. आर्थिक मामिला तथा योजना मन्त्रालय	२९
	५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	४४
	६. जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	५०
	७. भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	५७
	८. भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय.....	६६
	९. सामाजिक विकास मन्त्रालय	८२
	१०. कर्णाली प्रदेश योजना आयोग	९४
	११. प्रदेश लोक सेवा आयोग	९९
	१२. मुख्य न्यायाधिवक्ताको कार्यालय	१०१
	खण्ड-२: स्थानीय तह	१०३
परिच्छेद ४	**लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति.....**	१०९
परिच्छेद ५	**भविष्यमा गर्नुपर्ने सुधार.....**	१११
	अनुसूचीहरु.....	११७

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ मा सङ्घ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालय तथा सरकारको पूर्ण स्वामित्वमा रहेका सङ्गठित संस्था वा निकायको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण गरिने उल्लेख छ। नेपालको संविधानको धारा २९४(३) र लेखापरीक्षण ऐन, २०७५ को दफा १९(४) मा महालेखापरीक्षकले प्रदेश प्रमुखसमक्ष वार्षिक प्रतिवेदन पेस गर्न सक्ने व्यवस्था रहेको छ।

प्रचलित कानुन एवं लेखापरीक्षण मानदण्ड, मार्गदर्शन, विषयगत लेखापरीक्षण निर्देशिका, वार्षिक लेखापरीक्षण योजना २०८२, लेखापरीक्षण नीति तथा वार्षिक कार्यतालिका २०८२।८३ तथा सार्वजनिक क्षेत्रको लेखापरीक्षणमा अवलम्बन गरिएका अन्तर्राष्ट्रिय असल अभ्यासका आधारमा कर्णाली प्रदेशका निकाय तथा कार्यालयहरूको आर्थिक वर्ष २०८१।८२ को विनियोजन, राजस्व, धरौटी र अन्य कोष समेतको लेखापरीक्षण सम्पन्न गरी यस प्रदेशको आठौँ वार्षिक प्रतिवेदन तयार गरिएको छ।

एकीकृत वित्तीय विवरणमा राय, लेखापरीक्षण गरिएका निकायको विवरण, लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति, प्रमुख बेहोराको सारांश, लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको अवस्था र भविष्यमा गर्नुपर्ने सुधारका विषयहरू समावेश गरी यो प्रतिवेदन प्रस्तुत गरिएको छ।

लेखापरीक्षण कार्य नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मार्फत व्यवस्थापन गरिएको छ। लेखापरीक्षण गर्दा सूचकका आधारमा जोखिम विश्लेषण गरी निकाय तथा कार्यालयहरूलाई उच्च र न्यून जोखिममा वर्गीकरण गरिएको छ। उच्च जोखिमयुक्त निकाय/कार्यालयको विस्तृत रूपमा स्थलगत लेखापरीक्षण र न्यून जोखिमयुक्त निकाय/कार्यालयको प्रमाणित वित्तीय विवरण तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनका आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ।

लेखापरीक्षणको गुणस्तर कायम गर्न प्रभावकारी सुपरीवेक्षण, गुणस्तर व्यवस्थापन र अडिट ल्याबको व्यवस्था गरिएको छ। सोको अतिरिक्त एफ.एम. रेडियो तथा कार्यालयको वेबसाइटमार्फत सूचना प्रसारण गर्नुका साथै भर्चुअल बैठकमार्फत सरोकारवालासँग छलफल, टोल फ्री नम्बर र इमेलमार्फत गुनासो सङ्कलन र सुनुवाइको व्यवस्था मिलाइएको छ। लेखापरीक्षणमा प्रवेश र बहिर्गमन बैठकमार्फत जिम्मेवार पदाधिकारीसँग छलफल गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ। सो प्रतिवेदन उपर प्राप्त जवाफको सम्बोधन पश्चात लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ। प्रतिक्रियाबाट फर्स्यौट नभएका विषय लेखाउत्तरदायी अधिकृत र सम्बन्धित मन्त्रीलाई जानकारी गराइएको छ।

यस आर्थिक वर्षमा प्रदेशका मन्त्रालय र मातहतका सरकारी कार्यालय एवम् निकाय, समिति तथा अन्य संस्थासमेत १३७ निकाय तथा कार्यालयको रु.३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भई रु.७७ करोड ३५ लाख ६२ हजार बेरुजु कायम भएको छ। कुल लेखापरीक्षण रकमको तुलनामा बेरुजु २.०८ प्रतिशत रहेको छ।

यस प्रदेशअन्तर्गतका १ निकायले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.११ करोड ३२ लाख ७९ हजारको लेखापरीक्षण गरिएको छैन।

कानुनको पालना, स्रोत साधनको प्राप्ति र परिचालन, सार्वजनिक निर्माण, सेवा प्रवाह, लेखापालन एवं वित्तीय प्रतिवेदन, खरिद तथा आयोजना व्यवस्थापन, जनशक्ति व्यवस्थापन, सङ्गठनात्मक संरचना, जवाफदेहिता, पारदर्शिता र वित्तीय अनुशासनलगायतका विषयहरू लेखापरीक्षण प्रतिवेदनमा समावेश गरिएको छ।

आर्थिक कारोबार गर्दा कानुनको परिपालना नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, प्रदेशको आन्तरिक आय न्यून हुँदा सङ्घीय अनुदानमा निर्भरता बढेको, उत्पादनशील क्षेत्रमा बजेट परिचालन न्यून रहेको, आयोजना बैङ्कको प्रभावकारी कार्यान्वयन नभएको, जटिल प्रकृतिका तथा प्राविधिक ज्ञान र सीप आवश्यक पर्ने कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको एवं तीन तहबिच खर्चको दोहोरोपना कायम रहेको, सङ्गठन संरचना फेरबदल हुँदा जिम्मेवारी र जवाफदेहिता यकिन गर्न कठिनाई भएको, समयमै खरिद कार्य सम्पन्न नभई पटक-पटक म्याद थप गरेको, स्रोत बेगर योजनाहरूको बजेट सुनिश्चितता प्रदान गरेको तथा निर्माण कार्यको गुणस्तर नियन्त्रण र परीक्षण कमजोर रहेको जस्ता बेहोराहरू यो वर्षको लेखापरीक्षणमा औँल्याइएको छ।

लेखापरीक्षणबाट औँल्याइएका बेहोरा कार्यान्वयन गर्नु लेखाउत्तरदायी अधिकृत र सम्बन्धित निकाय प्रमुखको जिम्मेवारी हो। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन पक्ष कमजोर हुँदा एकै प्रकृतिको बेहोराहरू बर्सेनि पुनरावृत्ति भएका छन्। लेखापरीक्षणका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाअन्तर्गतको सार्वजनिक लेखा समितिमा समयमै छलफल भई आवश्यक कारबाही हुनुपर्नेमा विगतका केही प्रतिवेदनहरू समयमा छलफल हुन सकेका छैनन्। लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन गरी वित्तीय अनुशासन कायम गर्न सबै सम्बन्धित पक्षबिच कार्यगत समन्वय र सहकार्य आवश्यक रहेको छ। यस प्रतिवेदनको कार्यान्वयनले सार्वजनिक सदाचारिता, पारदर्शिता र जवाफदेहिताको प्रवर्धनमा सहयोग पुग्ने विश्वास लिएको छु।

अन्तमा, लेखापरीक्षण कार्यमा सुझाव दिइ सहयोग गर्नुहुने माननीय प्रदेश प्रमुखज्यू, माननीय मुख्यमन्त्रीज्यू, प्रदेश सभाका माननीय सभामुखज्यू, माननीय उपसभामुखज्यू, माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीय सदस्यज्यूहरू, पदाधिकारीहरू, कर्मचारीहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा सञ्चारकर्मीहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका समस्त कर्मचारीहरू प्रति धन्यवाद व्यक्त गर्दछु।

(तोर्यम राया)

वैशाख, २०८३ **महालेखापरीक्षक**

लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्दति

१. **संवैधानिक तथा कानुनी व्यवस्था -** नेपालको संविधानको धारा २४१ बमोजिम प्रदेश सभा, प्रदेश सरकार र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३४ मा प्रत्येक कार्यालयले सबै प्रकारका आय-व्यय तथा कारोबारको तोकिए बमोजिमको लेखा र वित्तीय विवरण पेस गरी महालेखापरीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ।

२. **उद्देश्य -** सार्वजनिक स्रोतको प्राप्ति र उपयोग तथा सार्वजनिक सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी उचित निष्कर्ष र सुझाव प्रदान गर्न तथा वित्तीय प्रतिवेदनउपर राय प्रदान गर्नु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ। देहायका विषयहरू सुनिश्चित गर्नु लेखापरीक्षणको अन्य उद्देश्यहरू रहेका छन्:

- आर्थिक विवरण तोकिएको ढाँचामा तयार गरी यथार्थ स्थिति चित्रण गरेको,
- सञ्चित कोष तथा अन्य सरकारी कोषको हिसाब यथार्थपरक रहेको,
- प्रदेश विनियोजन ऐनबमोजिम स्वीकृत सीमाभित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्वलगायत समस्त आम्दानी र धरौटी असुली एवं दाखिला गरेको,
- सरकारी सम्पत्तिको व्यवस्थापन एवं स्रोतको हानि-नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको र सोको कार्यान्वयन भएको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको परिपालना गरेको एवं पुष्ट्याइँ प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रमअनुसार निर्धारित समयभित्र लक्ष्य र उपलब्धि हासिल गरेको,
- सार्वजनिक निकायले तोकिएबमोजिम विकास निर्माण र सेवा प्रवाह गरेको,
- आर्थिक कारोबार गर्दा मितव्ययिता, कार्यदक्षता र प्रभावकारितामा पर्याप्त ध्यान दिएको,
- सार्वजनिक निकायले जवाफदेहिता वहन गरेको,

३. **क्षेत्र -** यो वर्ष प्रदेश मन्त्रालय, प्रदेश कार्यालय र समिति तथा अन्य संस्था लेखापरीक्षणको क्षेत्रमा समावेश गरिएको छ। लेखापरीक्षणको क्रममा कानुनको परिपालना, विकास निर्माण र सेवा प्रवाहको स्थिति मूल्याङ्कन गर्न सूचना तथा तथ्याङ्कसमेत सङ्कलन गरी अध्ययन एवम् विश्लेषण गरिएको छ।

४. **पद्धति -** लेखापरीक्षण ऐन, २०७५ मा उल्लिखित व्यवस्था, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय तथा अन्य सान्दर्भिक लेखापरीक्षण निर्देशिका, मार्गदर्शन र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षण गरिएको छ। समग्र लेखापरीक्षण गर्नुपर्ने निकायहरूलाई लेखापरीक्षण जोखिमको आधारमा न्यून र उच्च जोखिमयुक्त निकायमा वर्गीकरण गरी उच्च जोखिमयुक्त ११९ निकायको विस्तृत लेखापरीक्षण र न्यून जोखिमयुक्त १८ निकायको दूर लेखापरीक्षण कार्यविधिबाट लेखापरीक्षण गरिएको छ। न्यून जोखिमयुक्त निकायको आन्तरिक नियन्त्रण मूल्याङ्कन प्रणाली, आन्तरिक लेखापरीक्षण प्रतिवेदनसमेतका आधारमा संक्षिप्त पद्धतिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणलाई सहजीकरणका लागि विद्युतीय प्रणालीमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग गरी लेखापरीक्षण गरिएको छ।

लेखापरीक्षणबाट देखिएका बेहोराउपर निकायका प्रमुखसँग छलफल गरेपश्चात् लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको र प्राप्त जवाफ/प्रतिक्रियासमेतलाई आधार मानी यो प्रतिवेदन तयार

गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न उच्च तहबाट सुपरीवेक्षण, स्थलगत निरीक्षण, प्रतिवेदनको पुनरावलोकन र छनोट भएका फाइलको गुणस्तर पुनरावलोकनसमेत गर्ने गरिएको छ।

५. **वार्षिक प्रतिवेदन -** महालेखापरीक्षकले प्रत्येक प्रदेशमा आफूले गरेको कामको अलग अलग प्रतिवेदन तयार गरी प्रदेश प्रमुख समक्ष पेस गर्नसक्ने नेपालको संविधानको धारा २९४ को उपधारा (३) को व्यवस्था अनुसार यो प्रतिवेदन तयार गरिएको छ। यस प्रतिवेदनमा ५ परिच्छेद तथा १६ अनुसूची रहेका छन्। परिच्छेद १ मा लेखापरीक्षण गरिएका निकायको विवरण, परिच्छेद २ मा लेखापरीक्षणबाट देखिएको बेरुजु स्थिति, परिच्छेद ३ मा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश, परिच्छेद ४ मा लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति र परिच्छेद ५ मा भविष्यमा गर्नुपर्ने सुधार उल्लेख गरिएको छ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल/अनामनगर, काठमाडौं, नेपाल
Babarmahal / Anamnagar, Kathmandu, Nepal

(आर्थिक तथा सामाजिक लेखापरीक्षण विभाग)

पत्र सङ्ख्याः २०८२।८३
चलानी नम्बरः ४४

मितिः २०८३।१।२८

श्री प्रदेश सचिवज्यू,
आर्थिक मामिला तथा योजना मन्त्रालय,
कर्णाली प्रदेश, बीरेन्द्रनगर, सुर्खेत।

विषयः एकीकृत वित्तीय विवरणमा राय।

१. **कैफियतसहितको राय** - हामीले कर्णाली प्रदेश सरकारको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (बजेट तथा गैरबजेट निकाय), बजेट तुलनात्मक विवरण (बजेट निकाय), प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ लगायत प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियतसहितको राय व्यक्त गर्ने आधार**

२.१. प्रदेश सरकारका मन्त्रालय र मातहतको लेखापरीक्षणबाट रु.६६ करोड ९४ लाख ५६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.१८ करोड ५४ लाख १४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.२६ करोड १५ लाख ७० हजार, नियमित गर्नुपर्ने रु.१५ करोड १२ लाख ३३ हजार र पेस्की बाँकी रु.७ करोड १२ लाख ३९ हजार रहेको छ। यसैगरी अन्य संस्था एवं समितितर्फ रु.१० करोड ४१ लाख ६ हजार बेरुजु देखिएको छ। सोमध्ये असुल गर्नुपर्ने रु.५१ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ५६ लाख ७७ हजार र नियमित गर्नुपर्ने रु.८ करोड १८ लाख १ हजार र पेस्की बाँकी रु.१५ लाख रहेको छ।

२.२. प्रदेश सरकारले भवन र संरचना रु.७ करोड ३६ लाख २७ हजार, मेसिनरी उपकरण रु.४ अर्ब २४ करोड ९३ लाख ५१ हजार, अन्य स्थिर सम्पत्ति रु.५० करोड ७३ लाख ७३ हजार, बहुमूल्य वस्तु रु.३ लाख ३९ हजार र प्राकृतिक सम्पत्ति रु.१८ करोड ३९ लाख ९६ हजार समेत रु.५ अर्ब १ करोड ४६ लाख ८७ हजारको स्थिर सम्पत्तिको खुलासा गरेको छ। खुलासा गरेको सम्पत्तिमध्ये २०८२ भाद्र २२ र २३ मा भएको आन्दोलनको क्रममा नष्ट भएको सम्पत्तिको हिसाब मिलान हुन बाँकी छ। सम्पत्तिको अवस्था र स्वामित्व खुल्ने गरी अभिलेख अद्यावधिक छैन।

२.३. प्रदेश सरकारबाट वित्तीय हस्तान्तरणमार्फत ७९ स्थानीय तहलाई सशर्त, विशेष र समपूरक अनुदानबापत रु.३ अर्ब ३१ करोड २६ लाख ३१ हजार निकासा गरेको छ। उक्त रकममध्ये प्रदेश लेखा नियन्त्रक

कार्यालयले २०८२ आषाढ मसान्तसम्म स्थानीय तहबाट खर्च नभई बाँकी रकमको अभिलेख राखेको छैन।

२.४. नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसारको एकीकृत वित्तीय विवरणको टिप्पणीमा लिन/उठ्न बाँकी रकमको विवरण समावेश छैन। प्रदेश तथा स्थानीय तहको साझा अधिकार क्षेत्रभित्रका स्थानीय तहबाट असुल गरी स्थानीय विभाज्य कोषबाट प्राप्त हुनुपर्ने मनोरञ्जन कर, विज्ञापन र दहत्तर बहत्तर कर एवं प्रदेश आफैंले प्राप्त गर्ने, सवारी साधन शुल्क, सवारी चालक अनुमति पत्र लगायतको नवीकरण शुल्क तथा जरिबाना लगायत करको अद्यावधिक अभिलेख नभएकोले लिन/उठ्न बाँकी रकमको हिसाब यकिन भएन।

२.५. प्रदेशअन्तर्गतका १ निकायले २०८२ भाद्र २३ र २४ गते भएको आन्दोलन र घटनाको कारण स्रेस्ता पेस गर्न र लेखापरीक्षण गराउन नसकिने बेहोराको पत्र पेस गरेकाले रु.११ करोड ३२ लाख ७९ हजारको लेखापरीक्षण गरिएको छैन।

३. **अन्य बेहोरा** - यो वर्षको आर्थिक क्रियाकलाप मूल्याङ्कन गर्दा शासकीय प्रबन्ध, सार्वजनिक वित्त व्यवस्थापन, सार्वजनिक सम्पत्ति व्यवस्थापन, विकास व्यवस्थापन, सूचना प्रविधि, सार्वजनिक प्रशासन र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन्।

४. **वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को परिच्छेद ९ मा वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्ति र सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। सोही ऐनको परिच्छेद ५ मा कारोबारको लेखा राख्ने व्यवस्था छ।सो अनुसार प्रदेश सञ्चित कोषको अतिरिक्त विनियोजन, राजस्व, धरौटी, वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको एकीकृत लेखाको वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको रहेको छ। नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोबारको सही र यथार्थ अवस्था चित्रण हुने गरी प्रदेश सरकारको एकीकृत वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी आर्थिक मामिला तथा योजना मन्त्रालय, सम्बन्धित लेखा उत्तरदायी अधिकृत तथा मातहातका जिम्मेवार व्यक्तिमा रहेको छ।

५. **वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूतरूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्ततालेउच्चस्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्नसक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(घनश्याम पराजुली)
उप-महालेखापरीक्षक

परिच्छेद

१



लेखापरीक्षण गरिएका निकायको विवरण

परिच्छेद - १
लेखापरीक्षण गरिएका निकायको विवरण

१. समष्टिगत लेखापरीक्षण

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	रकम
१.	प्रदेश मन्त्रालय तथा निकाय	१२५	३१२५१११३
२.	समिति र अन्य संस्था	१२	५९४६९६३
	जम्मा	**१३७**	**३७१९८०७६**

यो वर्ष प्रदेश मन्त्रालय र मातहतका १२५ निकायको रु.३१ अर्ब २५ करोड ११ लाख १३ हजार र समिति तथा अन्य संस्थातर्फ १२ निकायको रु.५ अर्ब ९४ करोड ६९ लाख ६३ हजारसमेत १३७ निकायको रु.३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण **अनुसूची-१, १क, २ र ३** मा उल्लेख छ।

१.१. **प्रदेश मन्त्रालय तथा निकाय** - यो वर्ष १२५ सरकारी निकायको विनियोजन, राजस्व, धरौटी र अन्यतर्फ निम्नानुसार लेखापरीक्षण सम्पन्न गरिएको छ।

(रु.हजारमा)

क्र.सं.	कारोबार	लेखापरीक्षण सम्पन्न
१.	विनियोजन	१९८८५०४२
२.	राजस्व	९०३३६६८
३.	धरौटी	१५८२९३६
४.	अन्य	७४९४६७
जम्मा		**३१२५१११३**

लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षण रकमको विवरण **अनुसूची-२** मा उल्लेख छ।

१.२. **समिति तथा अन्य संस्था** - यो वर्ष १२ समिति र अन्य संस्थाको रु.५ अर्ब ९४ करोड ६९ लाख ६३ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश परिच्छेद-३ को मन्त्रालय तथा निकायगत बेहोरामा समावेश छ। लेखापरीक्षण सम्पन्न निकाय र लेखापरीक्षणको विवरण **अनुसूची-३ र ४** मा उल्लेख छ।

१.३. **लेखापरीक्षण नभएको -** २०८१।८२ को स्रेस्ता एवं सोसँग सम्बन्धित कागजात २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलन तथा घटनाको कारण पेस नभएकोले १ निकायको विनियोजनतर्फ रु.११ करोड २४ लाख २२ हजार, राजस्वतर्फ रु.२ लाख ३ हजार र धरौटीतर्फ रु.६ लाख ५४ हजार समेत रु.११ करोड ३२ लाख ७९ हजारको लेखापरीक्षण गरिएको छैन। यससम्बन्धी विवरण **अनुसूची-२(ख)** मा उल्लेख छ।

२. सरकारी बजेट विनियोजन, खर्च र राजस्व

२.१. **शीर्षकगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त वित्तीय विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छः

(रु.हजारमा)

शीर्षक /क्षेत्र	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२ को		
			बजेट अनुमान	यथार्थ खर्च	प्रतिशत
चालु (वित्तीय हस्तान्तरण समेत)	९४९०३२६	९१७५१२२	१२३७४०२८	९०७०९६०	७३.३१
पुँजीगत	१२७७६५४७	१०६९३०८६	१८७८६०१३	१०९२६५०४	५८.१६
वित्तीय व्यवस्था			२५००००	-	-
जम्मा	**२२२६६८७३**	**१९८६८२०८**	**३१४१००४१**	**१९९९७४६४**	**६३.६७**

द्रष्टव्यः उल्लिखित रकममा वैदेशिक सहायता अन्तर्गत सोझै भुक्तानीतर्फको रु.१ करोड १८ लाख ३३ हजार (चालु खर्च) समेत समावेश छ।

२.२. **निकायगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्षको कुल (चालु र पुँजीगत) खर्च गर्ने प्रदेश सरकारका मन्त्रालय तथा निकायको खर्च विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र. स.	मन्त्रालय तथा निकाय	अन्तिम बजेट				निकासा /खर्च			बजेट खर्च प्रतिशत
		चालु	पुजीगत	वित्तीय व्यवस्था	जम्मा	चालु	पुजीगत	जम्मा	
१.	प्रदेश सभा सचिवालय	१३६३५०	८६५०		१४५०००	१०६३९०	६०३२	११२४२२	७७.५३
२.	प्रदेश लोक सेवा आयोग	९७०००	२०००		९९०००	८२६२५	१७७८	८४४०४	८५.२६
३.	मुख्य न्यायाधिवक्ताको कार्यालय	१७२००	५००		१७७००	१५९४२	४९१	१६४३३	९२.८४
४.	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	२९२४५७	१२३६८३		४१६१४०	१४०७३६	९४०१५	२३४७५१	५६.४१
५.	आर्थिक मामिला तथा योजना मन्त्रालय	१६११५६	१४१९९		१७५३५५	१२६१२०	१३६७३	१३९७९३	७९.७२
६.	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	८३६७२७	१११५२७१		१९५१९९८	६८५८००	७३१८४८	१४१७६४८	७२.६३
७.	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२५९४१३	२६०९००३		२८६८४१६	१७४७३९	२१०५५४४	२२८०२८३	७९.५
८.	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१३७२०६६	४९५१५०		१८६७२१६	९४९६९०	३४३३१७	१२९३००७	६९.२५
९.	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३३१५४०	४४१४०		३७५६८०	२४८१८१	१८४१५	२६६५९६	७०.९६
१०.	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	२८६७१५	१०१४३८७४		१०४३०५८९	२१०९४२	५७०१२१०	५९१२१५२	५६.६८
११.	सामाजिक विकास मन्त्रालय	२९९०९४२	२७२८५४३		५७१९४८५	२१९९५५८	१९०७९५८	४१०७५१६	७१.८२
१२.	कर्णाली प्रदेश योजना आयोग	४१०००	१०००		४२०००	२६३६१	८३७	२७१९९	६४.७६
प्रदेश मन्त्रालय रनिकायको जम्मा		**६८२२५६६**	**१७२८६०१३**		**२४१०८५७९**	**४९६७०८४**	**१०९२५११८**	**१५८९२२०४**	**६५.९२**
१३.	अर्थ- वित्तीय व्यवस्था			२५००००	२५००००				
१४.	अर्थ- विविध	७१७८८१	१५०००००		२२१७८८१		१३८६	१३८६	०.०६
१५.	स्थानीय तह	४८३३५८१			४८३३५८१	४१०३८७४		४१०३८७४	८४.९
अन्य जम्मा		**५५५१४६२**	**१५०००००**	**२५०००**	**७३०१४६२**	**४१०३८७४**	**१३८६**	**४१०५२६०**	**५६.२३**
जम्मा		**१२३७४०२८**	**१८७८६०१३**	**२५०००**	**३१४१००४१**	**९०७०९६०**	**१०९२६५०४**	**१९९९७४६४**	**६३.६७**

प्रदेश सरकारले चालुतर्फ रु.१२ अर्ब ३७ करोड ४० लाख २८ हजार, पुँजीगततर्फ रु.१८ अर्ब ७८ करोड ६० लाख १३ हजार र वित्तीय व्यवस्थातर्फ रु.२५ करोड समेत रु.३१ अर्ब ४१ करोड ४१ हजार बजेट विनियोजन गरेकोमा चालुतर्फ रु.९ अर्ब ७ करोड ९ लाख ६० हजार र पुँजीगततर्फ रु.१० अर्ब ९२ करोड ६५ लाख ४ हजारसमेत रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजार अर्थात् विनियोजित बजेटको ६३.६७ प्रतिशत खर्च गरेको छ। कुल खर्चमा स्थानीय तहमा भएको वित्त हस्तान्तरण समेत समावेश रहेको छ। प्रदेशको कुल खर्चमध्ये भौतिक पूर्वाधार विकास मन्त्रालयले सबैभन्दा बढी अर्थात् २९.५६ प्रतिशत र कर्णाली प्रदेश योजना आयोगले सबैभन्दा घटी अर्थात् ०.१४ प्रतिशत खर्च गरेको छ।

२.३. **स्रोतगत खर्च -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१	**सङ्घीय सरकार तर्फ**	**११७१४९८४**	**११०००८८८**	**१६०३८८००**	**९९५५४३१**	**-९.५०**
१.१	समानीकरण अनुदान	७५९२६९१	७५६९५८२	१०३६६३००	७१४५६३६	-५.६०
१.२	सशर्त अनुदान	३३९३२३५	२६५४९४५	३७१५०००	१९२२३१४	-२७.६०
१.३	समपूरक अनुदान	३२५९६५	४८३१८१	१२८५०००	४७७६६०	-१.१४
१.४	विशेष अनुदान	४०३०९३	२९३१८०	६७२५००	४०९८२१	३९.७८
२	**प्रदेश सरकारतर्फ**	**१०५३३८८७**	**८८५२५९३**	**१५३७१२४१**	**१००३०२००**	**१३.३०**
३	**प्रदेश तेस्रो पक्ष सोझै भुक्तानी**	**९००२**	**१४७२७**	**१३३५०**	**११८३३**	**-१९.६५**
	जम्मा	**२२२५७८७३**	**१९८६८२०८**	**३१४१००४१**	**१९९९७४६४**	**०.६५**

गत वर्षको तुलनामा यो वर्षको कुल खर्चमध्ये सङ्घीय सरकारबाट हस्तान्तरण भई आएको अनुदानबाट भएको खर्च ९.५० प्रतिशतले घटेको तथा प्रदेश सरकारको स्रोतवाट भएको खर्च १३.३० प्रतिशतले वृद्धि भएको छ। यो वर्ष प्रदेश सरकारको कुल खर्च रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट ४९.७८ प्रतिशत र प्रदेश सरकारको स्रोतबाट ५०.२२ प्रतिशत बेहोरेको छ।

२.४. **राजस्व असुली** - प्रदेश लेखा नियन्त्रक कार्याललयबाट प्राप्त विवरणअनुसार २०७९।८० र २०८०।८१ को यथार्थ असुली तथा २०८१।८२ को अनुमान र यथार्थ असुलीको अवस्था निम्नानुसार छ। यो वर्षको राजस्व असुली विवरण **अनुसूची-८** मा छ।

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०७९।८० को यथार्थ असुली	२०८०।८१ को यथार्थ असुली	२०८१।८२ को		प्रतिशत
				अनुमान	प्राप्ति	
१	कर राजस्व	६७४१४५९	८०३८३८८	९९७४७३३	८९३८२७१	८९.६१
२	अन्य राजस्व	३४८९३१	२०८६९१	२४५०३२	९५६००	३९.०२
	जम्मा	**७०९०३९०**	**८२४७०७९**	**१०२१९७६५**	**९०३३८७१**	**८८.४०**

गत वर्षको तुलनामा यो वर्ष राजस्व असुली ९.५४ प्रतिशतले बढेको देखिन्छ। आर्थिक वर्ष २०८१।८२ को राजस्व असुलीमा गत वर्षको नगद मौज्दात रु.६ अर्ब ४८ करोड २९ लाख ६३ हजार, सङ्घीय सरकारबाट प्राप्त अनुदान रु.९ अर्ब ९५ करोड ५४ लाख ३१ हजार र सोझै भुक्तानी रु.१ करोड १८ लाख ३३ हजारसमेत रु.१६ अर्ब ४५ करोड २२ लाख ९ हजार समावेश छैन।

३. **वित्तीय हस्तान्तरण** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरण अनुसार यो वर्ष प्रदेश सञ्चित कोषबाट स्थानीय तहमा गरेको वित्तीय हस्तान्तरणको विवरण निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	स्रोत	स्थानीय तह संख्या	बजेट	हस्तान्तरण	प्रतिशत
१	समानीकरण अनुदान	७९	८०००००	७९१२४३	९८.९१
२	सशर्त अनुदान	७९	३०५५२९१	२७५१५०८	९०.०६
३	विशेष अनुदान	४६	३०००००	२४०५६२	८०.१९
४	समपूरक अनुदान	५०	६७८२९०	३२०५६१	४७.२६
जम्मा			**४८३३५८१**	**४१०३८७४**	**८४.९०**

प्रदेश सरकारले वित्तीय हस्तान्तरण मार्फत यो वर्ष ७९ स्थानीय तहमा रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार उपलब्ध गराएको छ। अनुदानमध्ये वर्षान्तमा खर्च नभई बाँकी रहेको (समानीकरणबाहेक) अनुदानको रकम यकिन गरेको छैन।

४. **अन्तर सरकारी अख्तियारी -** कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको नीति कार्यक्रम र बजेटको उद्देश्य परिपूर्तिका लागि प्रदेश कानुनबमोजिम विकास निर्माण र सेवा प्रवाहका कार्य गर्नुपर्नेमा प्रदेशले सङ्घीय सरकारका १८ कार्यालयलाई रु.२१ करोड ४१ लाख ७१ हजार बजेट उपलब्ध गराएको छ। प्रदेश सरकारले सङ्घीय कार्यालयलाई बजेट विनियोजन गर्दा कानुनको पालना गर्नुपर्दछ।

४.१. यो वर्ष प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालयबाट १३ स्थानीय तहलाई मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रममा रु.९ करोड १० लाख र आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट ७३ स्थानीय तहलाई शहीद बेपत्ता तथा अपाङ्गता भत्तामा रु.९ करोड २५ लाख ५९ हजार समेत रु.१८ करोड ३५ लाख ५९ हजार बजेट विनियोजन गरी रु.१७ करोड ८ लाख ३२ हजार ती स्थानीय तहको कार्यसञ्चालन कोषमा निकासा गरेको छ।

यससम्बन्धी विवरण **अनुसूची-१२** मा समावेश छ।

५. **अन्य कोष -** यो वर्ष लेखापरीक्षण गरिएका अन्य कोषहरूमा गत वर्षको जिम्मेवारी रु.२५ करोड ९१ लाख ८१ हजार र यो वर्षको आम्दानी रु.४९ करोड २ लाख ८६ हजार समेत रु.७४ करोड ९४ लाख ६७ हजार आम्दानी भएकोमा रु.४३ करोड ३६ लाख ७३ हजार खर्च भई वर्षान्तमा रु.३१ करोड ५७ लाख ९४ हजार मौज्दात रहेको छ । यससम्बन्धी विवरण **अनुसूची-१४** मा छ ।

परिच्छेद

२



लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

परिच्छेद-२

लेखापरीक्षणबाट देखिएका बेरुजु स्थिति

१. **बेरुजु** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) र प्रदेशको यससम्बन्धी कानुनमा, प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको, राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औँल्याएको वा ठहऱ्याएको कारोबारलाई बेरुजुको रूपमा परिभाषित गरेको छ।

यसरी बेरुजुलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेस्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजु वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजुमा हिनामिना र मस्यौट, हानि-नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजु समावेश गरेको छ। नियमित गर्नुपर्ने बेरुजुलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र सोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेस्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेस्कीमा वर्गीकरण गरिएको छ।

प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको यो वर्ष (२०८१।८२) फर्स्यौट गर्नुपर्ने बेरुजु निम्नानुसार रु.७७ करोड ३५ लाख ६२ हजार रहेको छः

(रु.हजारमा)

वर्गीकरण	सरकारी कार्यालय	समिति र अन्य संस्था	जम्मा	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**१८५४१४**	**५१२८**	**१९०५४२**	**२४.६३**
२. नियमित गर्नुपर्ने	**४१२८०३**	**९७४७८**	**५१०२८१**	**६५.९७**
• अनियमित भएको	१५१२३३	८१८०१	२३३०३४	३०.१३
• प्रमाण कागजात पेस नभएको	२६१५७०	१५६७७	२७७२४७	३५.८४
३. पेस्की	**७१२३९**	**१५००**	**७२७३९**	**९.४०**
जम्मा बेरुजु	**६६९४५६**	**१०४१०६**	**७७३५६२**	**१००**

उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन। बेरुजु वर्गीकरणको विवरण **अनुसूची - ९ र १०** मा छ।

२. **लेखापरीक्षण र बेरुजु** - यो वर्ष प्रदेश मन्त्रालय र समिति तथा अन्य संस्थासमेत १३७ निकायको रु.३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न गरिएको छ। उल्लिखित लेखापरीक्षणबाट रु.७७ करोड ३५ लाख ६२ हजार बेरुजु कायम भएको छ, जुन लेखापरीक्षण अङ्कको तुलनामा २.०८ प्रतिशत हुन आउँछ।

(रु.हजारमा)

क्र.सं.	लेखापरीक्षण गरिएका निकाय	सङ्ख्या	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	बेरुजु प्रतिशत
१.	प्रदेश मन्त्रालय तथा निकाय	१२५	३१२५१११३	६६९४५६	२.१४
२.	समिति र अन्य संस्था	१२	५९४६९६३	१०४१०६	१.७५
	जम्मा	**१३७**	**३७१९८०७६**	**७७३५६२**	**२.०८**

३. **हालसम्मको बाँकी बेरुजु** - प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फ गत वर्षसम्मको बेरुजु रु.४ अर्ब १२ करोड ५ लाख ८४ हजारमध्ये रु.१७ करोड ६४ लाख ५८ हजार

सम्परीक्षणबाट लगत कट्टा हुँदा रु.१ करोड ७९ लाख १९ हजार बेरुजु थप भई विगतको खुद बाँकी बेरुजु रु.३ अर्ब ९६ करोड २० लाख ४५ हजारमा यो वर्षको थप रु.७७ करोड ३५ लाख ६२ हजार समेत अद्यावधिक बेरुजु रु.४ अर्ब ७३ करोड ५६ लाख ७ हजार रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-११** मा छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	विगतको बेरुजु	फर्स्यौट तथा सम्परीक्षण	सम्परीक्षणबाट थप	विगतको खुद बाँकी	चालु वर्षको थप बेरुजु	अद्यावधिक बाँकी बेरुजु
१	प्रदेश सरकारी कार्यालय	३५०३८३८	१६८८२८	१७८८०	३३५२५९०	६६९४५६	४०२२०४६
२	अन्य संस्था तथा समिति	६१७०४६	७६३०	३९	६०९४५५	१०४१०६	७१३५६१
	जम्मा	**४१२०५८४**	**१७६४५८**	**१७९१९**	**३९६२०४५**	**७७३५६२**	**४७३५६०७**

४. **बेरुजु विश्लेषण -** प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको बेरुजुको अवस्था निम्नानुसार छः

४.१ यो वर्ष प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थासमेतको रु.३७ अर्ब १९ करोड ८० लाख ७६ हजारको लेखापरीक्षण गर्दा प्रारम्भिक प्रतिवेदनबाट रु.७८ करोड ७२ लाख ८२ हजार बेरुजु देखिएको छ। सोमध्ये प्रतिवेदन अवधिसम्म रु.१ करोड ४५ लाख ७९ हजार (कुल बेरुजुको १.८५ प्रतिशत) सम्परीक्षण गराउँदा रु.८ लाख ५९ हजार थप बेरुजु कायम भई रु.७७ करोड ३५ लाख ६२ हजार फर्स्यौट हुन बाँकी रहेको छ। यससम्बन्धी विस्तृत विवरण **अनुसूची-९ र १०** मा समावेश छ।

(रु. हजारमा)

निकाय	प्रारम्भिक बेरुजु	प्रतिक्रियाबाट हटेको	प्रतिक्रियाबाट थप	बाँकी
सरकारी कार्यालयतर्फ	६७७०६७	७६९२	८१	६६९४५६
समितितर्फ	११०२१५	६८८७	७७८	१०४१०६
जम्मा	**७८७२८२**	**१४५७९**	**८५९**	**७७३५६२**

४.२ कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३८ मा लेखापरीक्षणबाट औंल्याइएको बेरुजुका सम्बन्धमा प्रमाण पेस गरी वा नियमित गरी गराइ वा असुल उपर गरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारीको हुने व्यवस्था छ। सोही ऐनको दफा ३६ मा औंल्याएको बेरुजुको ३५ दिन वा म्याद थप भएकोमा सो म्यादभित्र फर्स्यौट गर्ने र फर्स्यौट नगरेमा प्रदेशका लेखाउत्तरदायी अधिकृत र विभागीय मन्त्री वा राज्यमन्त्रीलाई जानकारी दिने व्यवस्था छ। सोही व्यवस्थाबमोजिम यस वर्षको बेरुजु रु.७७ करोड ३५ लाख ६२ हजार फर्स्यौट नभएको जानकारी सम्बन्धित पदाधिकारीलाई दिइएको छ। सोही ऐनको दफा ४८ मा बेरुजु फर्स्यौट गर्ने गराउनेलगायतका वित्तीय उत्तरदायित्व वहन गर्ने जिम्मेवारी सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुने व्यवस्था छ। तसर्थ सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची -१६** मा छ।

४.३ सरकारी कार्यालय र अन्य संस्था तथा समितितर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजु हुने निकाय निम्नानुसार छन्:

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क				कुल बेरुजुको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजु प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेस्की बाँकी	जम्मा		
१	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	७०३४९५४	१६१०१६	१७४३२८	५७४२६	३९२७७०	५०.७७	५.५८
२	सामाजिक विकास मन्त्रालय	१०६२३७३५	१०७५२	१६३८९१	२३१३	१७६९५६	२२.८८	१.६७
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	६३४७७२	७८	९२४७६	०	९२५५४	११.९७	१४.५८
४	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२६६९४९४	४७७९	३२३४०	५०५०	४२१६९	५.४५	१.५८
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१७१५१३२	४९११	१६५०१	७७०५	२९११७	३.७६	१.७०
६	अन्य	१४५१९९८९	९००६	३०७४५	२४५	३९९९६	५.१७	०.२८
	जम्मा	**३७१९८०७६**	**१९०५४२**	**५१०२८१**	**७२७३९**	**७७३५६२**	**१००**	**२.०८**

बेरुजु रकमका आधारमा पहिलो स्थानमा भौतिक पूर्वाधार मन्त्रालय, दोस्रोमा सामाजिक विकास मन्त्रालय र तेस्रोमा आन्तरिक मामिला तथा कानुन मन्त्रालय रहेका छन्।

४.४ यो वर्ष १२५ प्रदेश कार्यालय र १२ अन्य संस्था तथा समितिको समेत १३७ कार्यालयको लेखापरीक्षण गरेकोमा १३ कार्यालयमा बेरुजु देखिएन।

४.५ यो वर्ष प्रदेश मातहतका सरकारी कार्यालय १२५ को लेखापरीक्षण गरेकोमा ४४ कार्यालय र समिति तथा अन्य संस्था १२ मध्ये १ समेत ४५ कार्यालयमा सैद्धान्तिक बेरुजु मात्र देखिएको छ।

४.६ यो वर्ष ११२ सरकारी कार्यालय र ११ समितिको ३ हजार १९६ दफा बेरुजु देखिएकोमा १ हजार ८४२ दफा सैद्धान्तिक र १ हजार ३५४ दफा लगती बेरुजु कायम भएको छ।

४.७ प्रदेश सरकारी कार्यालय र समितितर्फ गत वर्षसम्मको पेस्की रु.७३ करोड ८५ लाख २० हजारमध्ये यो वर्ष रु.११ करोड ३५ लाख ९३ हजार फर्स्यौट भई रु.६२ करोड ४९ लाख २७ हजार बाँकी रहेकोमा यस वर्ष रु.७ करोड २७ लाख ३९ हजार थप भई रु.६९ करोड ७६ लाख ६६ हजार बाँकी रहेको छ। पेस्की बाँकीको अद्यावधिक विवरण **अनुसूची-५** मा छ।

४.८ सरकारी कार्यालय तथा समिति एवं अन्य संस्थाबाट लेखापरीक्षण क्रममा असुली गर्नुपर्ने देखिएको मध्ये लेखापरीक्षणको दौरानमा रु.१ करोड ७३ लाख ८१ हजार, प्रारम्भिक प्रतिवेदन पठाएपछि रु.२० लाख ३८ हजार र सम्परीक्षणको क्रममा रु.४ करोड २७ लाख ५२ हजार समेत रु.६ करोड २१ लाख ७१ हजार असुल भएको छ। यस सम्बन्धी विवरण **अनुसूची-६** मा छ।

४.९ सरकारी कार्यालयतर्फ २ निकायको रु.५ लाख २ हजार अग्रिम कर कट्टी नगरेको ब्यहोरा औंल्याएकोमा असुल गर्न बाँकी छ। यस सम्बन्धी विवरण **अनुसूची-७** मा छ।

४.१० प्रदेश सरकारी कार्यालय र समिति तथा अन्य संस्थाको ८ वर्षको लेखापरीक्षण र बेरुजु अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रु.हजारमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजु अङ्क	प्रतिशत	पेस्की बाहेकको बेरुजु	पेस्की बाहेकको बेरुजु प्रतिशत
पहिलो, २०७५	२३७८५२	१७७	०.०७	१७७	०.०७
दोस्रो, २०७७	१९००४९४४	५१६९९३	२.७२	२८७६५०	१.५१
तेस्रो, २०७८	२३४३९५६०	८३४७८१	३.५६	६८६६३८	२.९३
चौथो, २०७९	३०७०९०८०	१६०१८०७	५.२२	१४१५३८०	४.६१
पाचौं, २०७९	३८१४९२०४	१६८८४०२	४.४३	१४४०९२७	३.७८
छैठौं, २०८१	३७३३६८९७	९६७७५२	२.५९	७०१५३९	१.८८
सातौं, २०८२	३७५८६६९९	४५९४८२	१.२२	३५८४३७	०.९५
आठौं, २०८३	३७१९८०७६	७७३५६२	२.०८	७००८२३	१.८८

परिच्छेद

३



लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

परिच्छेद-३

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

१. **कानुन निर्माण -** प्रदेश सभाले संविधानको अनुसूची ६, ७ र ९ मा उल्लेख भएका एकल र साझा अधिकारका विषयमा आवश्यक कानुन बनाउनुपर्दछ। प्रदेश सभा गठनपश्चात् सभामा २०८२।३।३२ सम्म १०१ विधेयक दर्ता भई ६६ विधेयक प्रमाणीकरण भएका छन्। यो वर्ष दर्ता भएका ९ विधेयकमध्ये ५ प्रमाणीकरण भएको र ४ प्रमाणीकरणको प्रक्रियामा रहेको छ।

२. **कानुनको परिपालना -** सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा सार्वजनिक खरिद कार्यविधि, प्रक्रिया तथा निर्णयलाई पारदर्शी, वस्तुनिष्ठ र विश्वसनीय बनाउने व्यवस्था छ। प्रदेश कार्यालयहरूले खरिद योजना र गुरुयोजना नबनाएको, खरिद आवश्यकता पहिचान र खरिद प्याकेज प्रतिस्पर्धात्मक नभएको, खरिद प्रक्रियामा प्रतिस्पर्धा नभएको, निर्माण स्थलको तयारी नगरी खरिद कारबाही गरेको, खरिद सम्झौता गर्न नआउने, सम्झौता अनुसार कार्य सम्पन्न नगर्ने तथा निर्माण कार्य अधुरो राख्ने व्यवसायीलाई कालोसूचीमा राख्न सिफारिस नगर्ने, योजनाको आवश्यकता र उपलब्ध जनशक्ति यकिन नगरी परामर्श सेवा खरिद गर्ने, बढी पेस्की खर्च गर्ने, भेरिएसन आदेश स्वीकृत नगराइ काम गराउने, व्यवसायीको कारण ढिलाइ भएकोमा पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्ने लगायतका अवस्था देखिएको छ। वार्षिक कार्ययोजना बनाइ कानुनको पालना गर्नुपर्दछ।

३. **नीति तथा कार्यक्रम -** प्रदेशको दोस्रो पञ्चवर्षीय योजनाले अङ्गीकार गरेको "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच अनुरूप प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा विकास साझेदारबाट प्रदेशमा सञ्चालित आयोजनालाई प्रदेशको प्राथमिकताको क्षेत्रसँग आबद्धता गराउने, सञ्चालित आयोजनाको नियमित अनुगमन, प्रतिवेदन र समीक्षा गर्ने, प्रदेश सरकारले एकमुष्ट रकम विनियोजन गर्ने प्रवृत्तिलाई निरुत्साहित गरिने, रु.१५ लाख भन्दा साना योजना स्थानीय तहबाट कार्यान्वयन गरिने, प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरी लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइ बेरुजु फर्स्यौंट गरिने, सुर्खेत प्रवेश गर्ने प्रमुख नाका बबईमा कृषि क्वारेन्टाइन स्थापना गर्ने, प्रदेशको राजधानी सुर्खेतमा प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माण र तरल नाइट्रोजन प्लान्ट स्थापना गर्ने, सडकको आकस्मिक मर्मत सुधारको लागि पूर्वाधार एम्बुलेन्सको व्यवस्था गर्ने, प्रदेश राजधानीमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण गर्ने, विशिष्टीकृत शिक्षण अस्पताल, विशेषज्ञ स्वास्थ्यकर्मी सहित ट्रमा इकाई, फिजियोथेरापी, हेमोडाइलासिस एम्बुलेन्स सेवा सहयोग गर्ने र प्रदेशमा ब्लड बैङ्क स्थापना गर्ने लगायतका कार्यक्रमहरू कार्यक्रम कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

४. **बजेट तथा योजना -** दिगो विकास लक्ष्य, सङ्घीय सरकारले अवलम्बन गरेको नीति तथा कार्यक्रम, प्रदेश सरकारको क्षेत्रगत नीति, आवधिक योजना र कार्यक्रमबिच सामञ्जस्यता हुने गरी बजेट व्यवस्था एवं कार्यान्वयन गर्नुपर्नेमा सङ्घीय सरकारको आवधिक योजना, क्षेत्रगत नीतिअनुसार सामञ्जस्यता हुनेगरी प्रदेशको नीति कार्यक्रम तयार भएको छैन। प्रदेशको एकीकृत लक्ष्यका लागि स्थानीय तहबाट सञ्चालन हुने योजनाहरूमा समन्वय भएको छैन। प्रदेशको नीति तथा कार्यक्रम अनुसार नीति कार्यक्रम

र बजेटबीच तालमेल देखिएको छैन। स्वीकृत बजेट अनुसार कार्य प्रगति नहुनु, योजनाहरूको प्राथमिकीकरण नगरी साना योजनाहरूमा बजेट खर्च हुनु, मागका आधारमा योजना छनोट नगरी कार्यान्वयन गराइनुलगायतका कारण प्रदेश योजनाले अपेक्षित उपलब्धि हासिल भएको पाइएन। सङ्घ, प्रदेश र स्थानीय तहको नीति तथा कार्यक्रमबिच सामञ्जस्यता कायम हुनुपर्दछ।

५. **योजना छनोट** - प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तवित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातवरणीय तथा प्रशासकीय उपयुक्तताका आधारमा प्राप्त हुने प्रतिफलसमेतको बिचार गरी आयोजना स्वीकृत हुनुपर्ने व्यवस्था छ। यो वर्ष रु.१० लाख सम्मको १ हजार १४९, रु.२० लाख सम्मका १ हजार १५३, रु.५० लाख सम्मका ७६०, रु.१ करोडसम्मका १४१ र रु.१ करोड भन्दामाथिका १८१ योजना गरी जम्मा ३ हजार ३८४ योजनामा रु.१६ अर्ब २६ करोड ५३ लाख ९२ हजार बजेट विनियोजन गरी कार्यान्वयन गरेको छ। मन्त्रालयबाट प्राप्त कार्यक्रम विवरण अनुसार ६८.०२ प्रतिशत योजना रु.२० लाखभन्दा कमका रहेका छन्। स्थानीय तहबाट सञ्चालन हुनसक्ने योजनाहरू सम्बन्धित पालिकामार्फत कार्यान्वयन नगरी प्रदेशले सञ्चालन गर्दा योजना दोहोरो पर्न सक्ने अवस्था छ। कुल ३ हजार ३८४ योजनामध्ये रु.१ करोड माथिका १८१ योजनाका लागि रु.९ अर्ब ७९ करोड ३१ लाख २७ हजार बजेट विनियोजन गरेको छ। आयोजनाको सीमा अनुसार योजना छनोट गरिनुपर्दछ।

६. **आन्तरिक नियन्त्रण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३१ मा प्रदेशका सबै कार्यालयले आफ्नो र आफु अन्तर्गतका कार्यालयहरूको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ। प्रदेशका ९ निकायले आफ्नो कार्य प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको, ७ निकायले सार्वजनिक लेखामानमा आधारित प्रतिवेदन ढाँचामा वित्तीय विवरण तयार नगरेको, घरजग्गाको लगत नराखेको, वार्षिक कार्यसम्पादन प्रतिवेदन तयार नगरेको, जिन्सी निरीक्षण भएकोमा प्रतिवेदन कार्यान्वयन नगरेको, वित्तीय जिम्मेवारी र जवाफदेहिता कमजोर रहेको, सेवा प्रवाह गुणस्तर सुधार नभएको, बेरुजु फर्स्यौट प्रभावकारी नभएको लगायत अवस्था देखिएको छ। कानुनमा तोकिएअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

७. **सङ्गठन र कर्मचारी व्यवस्था** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदर्श स्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परिणामसम्बन्धी जिम्मेवारी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई तोकिएको छ। प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालयसमेत १२ निकाय मातहत १३८ कार्यालयमा २ हजार ९२९ दरबन्दी स्वीकृत भएको छ। स्वीकृत दरबन्दीमध्ये २ हजार ४३५ पदपूर्ति भई ४९४ पद रिक्त रहेको छ। पदपूर्ति मध्ये सङ्घबाट कामकाजमा खटाएको कर्मचारीको संख्या १६२ र करार कर्मचारीको संख्या ५३४ रहेको छ।

८. **तलबी प्रतिवेदन** - कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४(२) मा निजामती कर्मचारीको तलबी प्रतिवेदन पारित नगराइ तलब भुक्तानी नगरिने व्यवस्था छ। यस वर्ष प्रदेशअन्तर्गतका कर्मचारीहरूको पारिश्रमिकमा रु.१ अर्ब २८ करोड १३ लाख २ हजार खर्च

भएकोमा कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेको पाइएन। कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गर्नुपर्दछ।

९. **वित्तीय जिम्मेवारी र जवाफदेहिता -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४८ देखि ५३ सम्म विभिन्न पदाधिकारीको काम, कर्तव्य, अधिकार र जिम्मेवारी तोकिएबमोजिम हुने, सरकारी नगदी, जिन्सी दुरुपयोग एवं मस्यौंट भएमा कारबाही गरिने, जवाफदेही वहन गर्नुपर्ने र वित्तीय प्रतिवेदन सार्वजनिक गर्नुपर्नेलगायत वित्तीय जिम्मेवारी र जवाफदेहिता उल्लेख गरिएको छ। प्रदेशले यो वर्ष रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजार खर्च गरेकोमा तोकिएबमोजिम वित्तीय प्रतिवेदन तयार नगरेको, लक्ष्यअनुसार प्रगति हासिल नगरेको, पुँजीगत खर्च न्यून रहेको, सम्पत्तिहरूको उपयोग नगरेको अवस्था देखिएको छ। आर्थिक कार्यविधिसम्बन्धी कानुनले तोकेबमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिताको पालना गरी आर्थिक अनुशासन कायम गर्नुपर्दछ।

१०. **खर्च व्यवस्थापन -** प्रदेश सञ्चित कोषमा गत वर्षको बचतसमेत यो वर्ष रु.२७ अर्ब ८५ करोड ३१ लाख २ हजार राजस्व प्राप्त भएकोमा रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजार खर्च गरी रु.७ अर्ब ८५ करोड ५६ लाख ३८ हजार बचत रहेको छ। चालुतर्फ सञ्चित कोषमा व्ययभार पर्नेसमेत रु.९ अर्ब ७ करोड ९ लाख ६० हजार र पुँजीगततर्फ रु.१० अर्ब ९२ करोड ६५ लाख ४ हजार खर्च गरेको छ। बजेटको तुलनामा समग्रमा ६३.६७ प्रतिशत खर्च भएपनि कुल खर्चमध्ये चालु खर्च ४५.३६ प्रतिशत र पुँजीगत खर्च ५४.६४ प्रतिशत भएको छ। खर्च गर्ने क्षमता वृद्धि गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

११. **राजस्व अनुमान तथा असुली -** कर्णाली प्रदेश आर्थिक ऐन, २०८१ र बजेट वक्तव्यको राजस्व तथा अनुदान प्राप्तिको अनुमान यो वर्षको लक्ष्य, गत वर्षको मौज्दात रु.५ अर्ब १३ करोड ८१ लाख २६ हजार समेत रु.३१ अर्ब ४१ करोड ४१ हजार प्राप्त हुने अनुमानमध्ये आन्तरिक स्रोतको रु.८३ करोड ४४ लाख ६३ हजार अनुमान गरेकोमा रु.६३ करोड १९ लाख ४४ हजार प्राप्त भएको छ। राजस्व बाँडफाँटमार्फत सङ्घबाट प्राप्त रु.८ अर्ब ४० करोड १९ लाख २७ हजार रहेको छ। आन्तरिक आयको अनुमान तथा प्राप्ति प्रभावकारी देखिएन। यथार्थपरक राजस्वको प्रक्षेपण गर्नुपर्दछ।

१२. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐन बमोजिम १० प्रतिशतको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ। प्रदेश सरकारको २०८१।८२ को कुल बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजार रहेकोमा अर्थ विविधको चालु खर्चतर्फ विनियोजन भएको कुल रु.८० करोड तथा पुँजीगततर्फ रु.१ अर्ब ५० करोड समेत रु.२ अर्ब ३० करोड मध्ये रु.८ करोड ३५ लाख ६ हजार तथा अन्तर अनुदान सङ्ख्याको रु.१ अर्ब ४५ करोड १४ लाख ५ हजारसमेत रु.१ अर्ब ५३ करोड ४९ लाख ११ हजार रकमान्तरबाट थप/घट गरेको छ। उक्त रकमान्तरमध्ये अर्थ विविध र अन्तर अनुदान सङ्ख्यामा भएको कूल रकमान्तरको ६.३१ प्रतिशत अर्थात् रु.९ करोड ६८ लाख २१ हजार आषाढ महिनामा रकमान्तर भएको देखिन्छ। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा आषाढ महिनामा रकमान्तर नगर्ने नीति कार्यान्वयन भएको देखिएन। अर्थ विविधमा एकमुष्ठ बजेट राखि अन्य कार्यक्रममा र वर्षान्तमा रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१३. **स्थानीय तह अनुदान -** यो वर्ष प्रदेशस्थित ७९ स्थानीय तहलाई रु.४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार वित्तीय हस्तान्तरण गर्ने अनुमान रहेकोमा रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार हस्तान्तरण गरेको छ। समानीकरण अनुदानमध्ये बास्तविक खर्च र बाँकी मौज्दात यकिन भएको छैन। वित्तीय समानीकरण अनुदानलाई वार्षिक कार्ययोजना बनाइ प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

१४. **बहुवर्षीय आयोजना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका कार्यालयबाट बहुवर्षीय आयोजनाहरूको खरिद सम्झौता भएका ८ मन्त्रालयका ८५९ ठेक्काको कुल सम्झौता रु.२७ अर्ब ५६ करोड ९८ लाख ५२ हजारमध्ये यो वर्षसम्ममा रु.१० अर्ब ४२ करोड २३ लाख ८९ हजार भुक्तानी भई रु.१७ अर्ब १४ करोड ७४ लाख ६३ हजार आगामी वर्षको लागि सम्भावित दायित्व रहेको छ। बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोतको आधार उल्लेख छैन। आगामी वर्ष प्राप्त हुने राजस्व समेतको पूर्वानुमान गरी सहमति दिनुपर्दछ।

१५. **वैदेशिक लगानी -** समृद्ध कर्णाली, सुखारी कर्णालीबासी" को दीर्घकालीन लक्ष्य हासिल गर्न प्रदेशको प्राथमिकताका ठूला योजनाहरू आधुनिक प्रविधि सहित भित्र्याउनका लागि बैदेशिक लगानी परिचालन गर्न कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजनामा प्रदेशमा बैदेशिक सहायता सम्बन्धमा अध्ययन तथा विश्लेषण भएका प्रदेश प्राथिमकता तथा उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहयोग परिचालनमा नेपाल सरकारसँग समन्वय गर्ने र प्रदेशको प्राथमिकताका कृषि, पर्यटन, उद्योग, जलस्रोत तथा ऊर्जा क्षेत्रमा कार्बन व्यापार आयोजनाको विकास, सञ्चालन र जलवायु वित्त परिचालनको लागि आधार तयार गर्ने उल्लेख भएता पनि नीति तथा कार्यक्रम र बजेटले सो नीति अवलम्वन गरी लगानी प्रोत्साहनलाई प्राथमिकतामा राखेको देखिएन। उक्त दीर्घकालीन लक्ष्य प्राप्तिका लागि रणनीतिक योजनाका साथ वैदेशिक स्रोतको खोजी र लगानीको उपयुक्त वातावरण बनाउने गरी प्रदेश सरकारको नीति तथा कार्यक्रममा सुधार गर्नुपर्दछ।

१६. **मानव संसाधन योजना -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश अन्तर्गतका मानव संसाधनको विकास गर्ने कार्य मुख्यमन्त्री तथा मन्त्रिपरिषद् तथा मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन गर्ने कर्तव्य सामाजिक विकास मन्त्रालयको हुने उल्लेख छ। उक्त जिम्मेवारी बमोजिम वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन परीक्षण, प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा प्रवाह तथा सेवा प्रवाहको अनुगमन एवं नगर तथा गाउँपालिकाको कर्मचारी र कार्यालयको व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा र शैक्षिक योजना निर्माण लगायतका कार्य भएको छैन। कार्यालयले मानव संसाधन विकास तथा परिचालन दीर्घकालीन कार्ययोजना बनाइ कार्यान्वयन गर्नुपर्दछ।

१७. **परामर्श सेवा खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। प्रदेशको २ मन्त्रालयले ६४ आयोजनाको विस्तृत आयोजना प्रतिवेदनमा रु.४ करोड ५३ लाख ५२ हजार खर्च गरेको छ। कार्यालयको जनशक्तिबाट सम्भव हुने कार्यका लागि परामर्श सेवा लिने प्रवृत्तिमा सुधार गर्नुपर्दछ।

१८. **तालिम कार्यक्रम** - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम प्रदेश सरकारले कर्मचारीको क्षमता विकास तालिम, गोष्ठी, सेमिनारलगायत कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यस वर्ष प्रदेश सरकारले कर्मचारी तालिम र सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठीमा रु.१० करोड ४१ लाख ८ हजार खर्च गरेको छ। प्रदेश मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन प्रशिक्षण केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले एकै प्रकृतिका तालिम प्रदान गर्ने र अलग मापदण्डबाट खर्च गरेका छन्। कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१९. **गुणस्तर परीक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११ को उपनियम १ को खण्ड (ङ) अनुसार सम्झौता कार्यान्वयन गर्दा गुणस्तर निरीक्षण तथा परीक्षण गर्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई स्पेसिफिकेसनअनुसारको गुणस्तर आश्वस्तता योजना पेस गर्न लगाई त्यसअनुसार गुणस्तर परीक्षण गराउने, गिट्टी, ढुङ्गा, बालुवाजस्ता स्थानीय निर्माण सामग्री उत्खनन् गर्ने स्थान तोकी गुणस्तरीय निर्माण सामग्री प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्नेमा लागत अनुमान तथा सम्झौता गर्दा उत्खनन् स्थान तोक्ने गरेको छैन। गुणस्तर परीक्षण नभएका निर्माण संरचनाको गुणस्तर आश्वस्त हुने अवस्था छैन। गुणस्तर आश्वस्तता योजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

२०. **अन्तर सरकारी अख्तियारी -** कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत नेपाल सरकारका १० जिल्ला समन्वय समितिहरूलाई रु.५ लाखका दरले रु.५० लाख विनियोजन गरी रु.४४ लाख १७ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत ३ प्रहरी कार्यालयलाई रु.२ करोड २ लाख ४० हजार विनियोजन गरी रु.१ करोड २३ लाख ३६ हजार, ५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायत प्राविधिक शिक्षालयको लागि रु.२५ करोड २३ लाख १८ हजार बजेट विनियोजन गरी रु.१९ करोड ७४ लाख १८ हजार समेत रु.२१ करोड ४१ लाख ७१ हजार खर्च गरेको छ। प्रदेश सरकारले सङ्घीय कार्यालयलाई बजेट विनियोजन गर्दा कानुनको पालना गर्नुपर्दछ।

२०.१ यो वर्ष प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालयबाट १३ स्थानीय तहलाई मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रममा रु.९ करोड १० लाख र आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट ७३ स्थानीय तहलाई शहीद बेपत्ता तथा अपाङ्गता भत्तामा रु.९ करोड २५

लाख ५९ हजार समेत रु.१८ करोड ३५ लाख ५९ हजार बजेट विनियोजन गरी रु.१७ करोड ८ लाख ३२ हजार ती स्थानीय तहको कार्यसञ्चालन कोषमा निकासा गरेको छ।

२१. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन गर्ने काम मुख्यमन्त्री तथा मन्त्रीपरिषद् कार्यालयलाई तोकिएको छ। त्यस्तै, प्रदेश सभा सचिवालय, कर्णाली प्रदेश योजना आयोग, विषयगत मन्त्रालयलाई अनुगमन मूल्याङ्कनको जिम्मेवारी तोकिएको छ। बहुनिकायबाट अनुगमन मूल्याङ्कन व्यवस्था गरिए पनि बजेट कार्यान्वयन अवस्था कमजोर देखिएको छ। विषयगत मन्त्रालयहरूले सञ्चालित योजनाहरूको अनुगमन गर्दा योजनाको अवस्था खुल्ने गरी प्रतिवेदन तयार गरेको छैन। प्रदेशको समग्र नीति र कार्यक्रम कार्यान्वयनको पर्याप्त अनुगमन गरेको छैन। नीति र कार्यक्रम कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, तथ्याङ्क र प्रतिवेदन प्रणाली स्थापना गरी अनुगमन तथा मूल्याङ्कनलाई स्वचालित बनाउनुपर्दछ।

२२. **आन्तरिक लेखापरीक्षण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३३(९) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण गर्दा रु.१६ करोड ७३ लाख ३२ हजार बेरुजु औंल्याएकोमा अन्तिम लेखापरीक्षण अगावै फर्स्यौंट गराएको पाइएन। आन्तरिक लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्दछ।

२३. **भुक्तानी बाँकी** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(७) मा चालु वर्षको बजेटबाट नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायले यो वर्ष रु.३ करोड ७४ लाख ५० हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेका छन्। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२४. **प्रदेश र स्थानीय तहबीचको सहसम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारबाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँटलगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेशले प्रदेश समन्वय परिषद्को बैठक सम्पन्न गरे पनि प्रदेश सरकारले स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागिसमेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने सबै रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न नियमित रूपमा प्रदेश समन्वय परिषद्को बैठकबाट निर्णय गराइ आफ्नो कार्यसम्पादनमा सहजता आउने गरी प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

खण्ड

१

मन्त्रालय र निकायगत बेहोरा

प्रदेश सभा सचिवालय

नेपालको संविधानको धारा १७६ मा उल्लिखित प्रत्येक प्रदेशमा प्रदेश सभाको गठन हुने प्रावधान बमोजिम उक्त संविधानको अनुसूची ४ मा उल्लिखित कर्णाली प्रदेशमा रहेका १० जिल्लाबाट पहिलो हुने निर्वाचित हुने प्रणालीबाट २४ र समानुपातिक निर्वाचन प्रणालीबाट १६ गरी जम्मा ४० सदस्यहरू रहने गरी कर्णाली प्रदेशसभाको गठन भएको छ।

१. **आर्थिक कारोबारको स्थिति** - सचिवालयको यो वर्षको निम्नानुसारको स्रेस्ता पेस भएको छैन।

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
११२४२२	२०३	६५४	०	११३२७९

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक वर्गीकरणअनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	७१४०४	७१४०४	६२५२३	८७.५६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	४६४	४६४	४६	९.९१
२२१०० सेवा महसुल	२२८०	२२८०	१५३३	६७.२४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१८६६१	१७६६१	१२५०४	७०.८०
२२३०० कार्यालय सामान तथा सेवा	५६३६	६२३६	६०६१	९७.१९
२२४०० सेवा तथा परामर्श खर्च	६१३६	६१३६	४९३३	८०.३९
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१८३४१	१७९४१	७१५९	३९.९०
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	३६४८	३६४८	१५५६	४२.६५
२२७०० विविध खर्च	३४००	४२००	४१८७	९९.६९
२७२०० सामाजिक सहायता	५००	५००	४८०	९६.००
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५८८०	५८८०	५४०७	९१.९६
जम्मा	**१३६३५०**	**१३६३५०**	**१०६३८९**	**७८.०३**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	८६५०	८६५०	६०३३	६९.७३
कुल जम्मा	**१४५०००**	**१४५०००**	**११२४२२**	**७७.५३**

उल्लिखित विवरणअनुसार चालु खर्च ७८.०३ प्रतिशत, पुँजीगत खर्च ६९.७३ प्रतिशत र समग्रमा ७७.५३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **स्रेस्ता परीक्षण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३४ मा प्रत्येक कार्यालयले सबै प्रकारको आय-व्यय तथा कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ। मिति २०८२ भाद्र २३ र २४ गतेको आन्दोलनका कारण सचिवालयको स्रेस्ता कागजात आगलागीबाट क्षति हुन गएको भनी २०८२।०९।३० मा मुचुल्का सहितको जानकारी उपलब्ध गराएकाले उक्त स्रेस्ताको लेखापरीक्षण गरिएको छैन।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार कार्यालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश मन्त्रिपरिषद्, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्बन्धी,
- प्रदेशभित्रको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र सञ्चालन,
- प्रदेश सरकारको नीति तर्जुमा, स्वीकृति, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,
- प्रदेश सरकारको कार्यसम्पादन नियमावली तर्जुमा र कार्यान्वयन,
- प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन,
- प्रदेश स्तरका आयोग तथा निकायहरूको गठन एवं सञ्चालन र पदाधिकारीहरूको नियुक्ति एवं सेवा, सुविधा सम्बन्धी नीति तथा कानुनको तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन,
- प्रदेश निजामती सेवा र अन्य प्रदेश सरकारी सेवा सञ्चालनसम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा एवं कार्यान्वयन र अभिलेख व्यवस्थापन,
- प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण र व्यवस्थापन परीक्षण,
- प्रदेश प्रशिक्षण प्रतिष्ठान सञ्चालन, प्रदेशस्तरीय तालिम नीति तथा मापदण्ड निर्धारण र स्तरीकरण,
- प्रदेशस्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवाग्राही सन्तुष्टि सर्वेक्षण तथा सेवा प्रवाहको अनुगमन,
- प्रादेशिक नीति अनुसन्धान र नीति प्रयोगशाला सञ्चालन सम्बन्धी।

१. **लेखापरीक्षण अङ्क** - कार्यालय र मातहतका २ निकायको निम्नानुसार रु.२३ करोड ७४ लाख ४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२३४७५१	३२९	१२७६	१०४८	२३७४०४

अन्य संस्था कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानको आय व्यय तर्फको रु.४ करोड ५४ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार बजेट र खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	७९१४९	७९१४९	६१९८९	७८.३२
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२२१	२२१	१६९	७६.४७
२२१०० सेवा महसुल	६४६१	५७६१	२४६४	४२.७७

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१९१६३	१९२३८	१६७६४	८७.१४
२२३०० कार्यालय सामान तथा सेवा	९५९५	१०७४५	१०११३	९४.१२
२२४०० सेवा तथा परामर्श खर्च	१०८९५	१०६४५	९६२२	९०.३९
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१७५३४०	१४७४२०	२४९०३	१६.८९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१३६१५	१३२६५	१०८६८	८१.९३
२२७०० विविध खर्च	४२२५	४२२५	३३४९	७९.२७
२८१०० सम्पत्ति सम्बन्धी खर्च	२०८८	१७८८	४९५	२७.६८
जम्मा	**३२०७५२**	**२९२४५७**	**१४०७३६**	**४८.१२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	६०५३८	१२३६८३	९४०१५	७६.०१
कुल जम्मा	**३८१२९०**	**४१६१४०**	**२३४७५१**	**५६.४१**

उल्लिखित विवरणअनुसार चालु खर्च ४८.१२ प्रतिशत, पुँजीगत खर्च ७६.०१ प्रतिशत र समग्रमा ५६.४१ प्रतिशत खर्च भएको देखिन्छ।

३. **एकीकृत वित्तीय विवरण**- कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २९ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयको सम्पूर्ण आय-व्ययको एकीकृत विवरण तयारी पेस गर्नुपर्ने व्यवस्था छ। कार्यालयले एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुन अनुसार एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - प्रदेश सरकारको कुल बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजार मध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतिकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको छ। उक्त बजेटमध्ये शान्तिपूर्ण न्यायपुर्ण र शसक्त समाजमा रु.३४ करोड १९ लाख ९८ हजार (१.०९ प्रतिशत), दिगो विकासका लागि साझेदारीमा रु.६ करोड ५० लाख (०.२१ प्रतिशत), असमानता न्यूनीकरणमा रु.५ अर्ब ७ रकोड ९८ लाख ४० हजार (१६.१७ प्रतिशत) र शून्य भोकमरीमा रु.१६ करोड ८९ लाख १७ हजार (०.५४ प्रतिशत) रहेको देखिन्छ। कार्यालयले यो वर्ष बजेट निर्माण तथा कार्यान्वयन गर्दा दिगो विकास लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी राष्ट्रिय लक्ष्य निर्धारण गर्नुपर्नेमा दिगो बिकास लक्ष्य सम्बद्ध सूचकहरू तयार गरेको छैन। दिगो विकास लक्ष्यअनुसार बजेट साङ्केतिकरण गरी बजेट तर्जुमा गर्नुपर्दछ।

५. **आवधिक योजना कार्यान्वयन**- प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) अन्तर्गत कार्यालयले सुशासन तथा सेवा प्रवाह र समन्वय, सहकार्य तथा अन्तरसम्बन्ध गरी २ क्षेत्रमा ७ वटा अपेक्षित उपलब्धि निर्धारण गरेकोमध्ये यो वर्षसम्म सुशासन प्रवर्धन क्रियाकलापमा नागरिक संवादको व्यवस्था, विकास साझेदार र सङ्घ संस्थाबीचको सहकार्यबाट स्रोतको पहिचान र उपयोग गर्ने, विकास साझेदार र सङ्घ संस्थाबिचको सहकार्यले स्रोतको पहिचान तथा प्रभावकारी उपयोग गर्ने, स्रोत परिचालन गर्ने लगायतका क्षेत्रमा कार्य थालनी भएको देखिएन। आवधिक योजनाले निर्धारण गरेका लक्षित उपलब्धि हासिल हुने गरी बजेट तथा कार्यक्रम तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना** - कार्यालयले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम कार्यालयले त्रिवर्षीय अनुमान तथा प्रक्षेपणमा २०८१।८२ को लागि गरेको प्रक्षेपण तथा वास्तविक बजेट विनियोजनको अवस्था निम्नानुसार रहेको छ :

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			प्रक्षेपणको तुलनामा न्यून बजेट
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	
१५०३१७५	१४५८१७५	४५०००	४१६१४०	२९२४५७	१२३६८३	१०८७०३५

यो वर्ष मध्यमकालीन खर्च संरचनाले तय गरेको प्रक्षेपण रु.१ अर्ब ५० करोड ३१ लाख ७५ हजार भएकोमा रु.४१ करोड ६१ लाख ४० हजार विनियोजन गरेको देखिन्छ। मध्यमकालीन खर्च संरचनाको प्रक्षेपण र विनियोजनमा तादाम्यता नदेखिएकोले तादाम्यता मिलाउनुपर्दछ।

७. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा समावेश भएका सङ्गठन व्यवस्थापनका लागि उच्चस्तरीय समिति गठन भएता पनि सुझाव बमोजिम प्रदेशको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने कार्य, वस्तुगत सूचकमा आधारित प्रदेश निकायको संस्थागत स्वमूल्याङ्कन र कार्य सम्पादन व्यवस्थापन प्रणाली कार्यान्वयन तथा कर्णाली प्रदेश मानव संसाधन नीति तर्जुमा, व्यवस्थापन परीक्षण, आन्तरिक नियन्त्रण प्रणाली तथा सेवा प्रवाहको मापदण्ड कार्यान्वयन गर्ने कार्य सुरुवात भएको पाइएन। प्रदेश र स्थानीय तहका कर्मचारीको अभिलेख प्रणालीलाई व्यवस्थित बनाउन मन्त्रालयको एक शाखाको रूपमा कर्मचारी अभिलेखालय स्थापना गरेको भए तापनि छुट्टै संरचना स्थापना गरी सेवा सुरु गरेको देखिएन। नीति तथा कार्यक्रममा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **बजेट वक्तव्य कार्यान्वयन**-प्रदेश सरकारको २०८१।८२ को बजेटमा उल्लेख भए बमोजिम कार्यालय अन्तर्गत रु.४१ करोड ६१ लाख ४० हजार बजेट विनियोजन भएकोमा रु.२३ करोड ४७ लाख ५१ हजार खर्च भएको छ। बजेटमा समावेश भएको प्रदेश सरकारले समग्र शासकीय सुधारको फुटप्रिन्टको रुपमा स्मार्ट कर्णालीः सुदृढ कर्णालीको अवधारणा कार्यान्वयन गर्ने कार्य प्रदेश सरकारको प्रशासनिक पुर्नसंरचना र संस्थागत स्वमूल्याङ्कन प्रणालीको कार्यान्वयन, कर्मचारीसँग वस्तुगत सूचकमा आधारित कार्य सम्पादन सम्झौता र मूल्याङ्कन लगायतका कार्यहरू सुरुवात भएको छैन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

९. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत हुने रकम मध्येबाट १० प्रतिशत सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ। कार्यालयको २०८१।८२ मा पुँजीगत तर्फ रु.६ करोड ५ लाख ३८ हजारमा १०४.३१ प्रतिशत थप र चालुतर्फ रु.३२ करोड ७ लाख ५२ हजारमा ९.१२ प्रतिशत घट गरी रु.२९ करोड २४ लाख ५७ हजार बजेट कायम भएको छ। चालु र पुँजीगततर्फ गरी रकमान्तरबाट रु.३ करोड ४८ लाख ५० हजार थप गरी सुरु बजेट विनियोजनको ९.१४ प्रतिशत रकमान्तर थप गरेको छ। कार्यालयले कार्यक्रम खर्च शीर्षकमा एकमुष्ट रु.२ करोड ८० लाख बजेट विनियोजन गरेकोमा पुँजीगततर्फ सुरु बजेटमा व्यवस्था नगरी मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजनामा रकमान्तर गरी ८ स्थानीय तहलाई रु.३ करोड ८० लाख

अख्तियारी प्रदान गरेकोमा रु.२ करोड ७० लाख ७७ हजार खर्च देखिन्छ। कार्यालयले एकमुष्ट बजेटबाट रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

१०. **मानव संसाधन योजना** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ मा प्रदेश स्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन गर्ने कार्यालयको कार्य जिम्मेवारी तोकिएको छ। उक्त जिम्मेवारी बमोजिम वार्षिक नीति तथा कार्यक्रम र बजेटमा समावेश भएको प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन परीक्षण, प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा प्रवाह तथा सेवा प्रवाहको अनुगमन एवं नगर तथा गाउँपालिकाको कर्मचारी र कार्यालयले बहुसीप र पदको जिम्मेवारी परिचालन व्यवस्थापन सम्बन्धी कानुन तर्जुमा लगायतको कार्य भएको छैन। कार्यालयले बहुसीप र पदको जिम्मेवारी परिचालन हुने गरी मानव संसाधन विकास गर्नुपर्दछ।

११. **दरबन्दी र पदपूर्ति** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार प्रदेशस्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणसम्बन्धी जिम्मेवारी कार्यालयलाई तोकिएको छ। कार्यालयबाट प्राप्त विवरण अनुसार प्रदेश सरकारबाट प्रदेश सभा सचिवालय, आयोग तथा प्रदेश मन्त्रालयसमेत १२ निकाय मातहत १३८ कार्यालयमा २ हजार ९२९ दरबन्दी स्वीकृत भएको छ। स्वीकृत दरबन्दीमध्ये २ हजार ४३५ पदपूर्ति भई ४९४ पद रिक्त रहेको छ। पदपूर्ति मध्ये सङ्घबाट कामकाजमा खटाएको कर्मचारीको संख्या १६२ र करार कर्मचारीको संख्या ५३४ रहेको छ। प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरवन्दी पुनरावलोकन गर्नुपर्दछ।

१२. **सङ्गठन पुर्नसंरचना** - कर्णाली प्रदेश निजामती सेवा नियमावली, २०८० को अनुसूची -१ मा प्रदेशमा रहने कार्यालयहरूको नाम उल्लेख गरेको छ। मन्त्रालयका महाशाखा वा शाखाले सम्पादन गर्ने कार्यका लागि विभिन्न मन्त्रालय मातहत ९ वटा निर्देशनलाय र ईकाइ स्थापना गरी कार्य सञ्चालन गरेको देखिन्छ। प्रदेश सरकारको कार्यबोझ र कार्यप्रकृतिका आधारमा प्रदेशका कार्यालयहरूको पुर्नसंरचना गरी निर्देशनालयको कार्यक्षेत्रमा पुनरावलोकन गर्नुपर्दछ।

१३. **व्यवस्थापन परीक्षण** - कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा १३० मा प्रदेश लोक सेवा आयोगको कार्यक्षेत्र भित्रका विषयहरू बाहेक मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रदेश सरकारका विभिन्न निकायमा कार्यरत प्रदेश निजामती कर्मचारीले प्रचलित कानुन तथा अन्य प्रशासकीय नियम र कार्यविधिको पालना गरेको विषयमा सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कन गरी व्यवस्थापन परीक्षण गर्ने र प्रत्येक आर्थिक वर्ष समाप्त भएको १२० दिनभित्र व्यवस्थापन परीक्षणको वार्षिक प्रतिवेदन प्रदेश सरकार समक्ष पेस गर्नुपर्ने उल्लेख छ। कार्यालयले यो वर्ष व्यवस्थापन परीक्षणको कार्य गरेको देखिएन। व्यवस्थापन परीक्षणको कार्ययोजना बनाइ परीक्षण गर्नुपर्दछ।

१४. **तालिम कार्यक्रम** - कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका, २०७५ बमोजिम प्रदेश सरकारले कर्मचारीको क्षमता विकास तालिम, गोष्ठी, सेमिनारलगायत कार्यक्रम सञ्चालन गर्नुपर्दछ। यस वर्ष प्रदेश सरकारले कर्मचारी तालिम र सिप विकास तथा जनचेतना तालिम तथा गोष्ठीमा रु.१० करोड ४१ लाख ८ हजार खर्च गरेको छ। प्रदेश मन्त्रालय अन्तर्गतका विभिन्न कार्यालय, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्धन प्रशिक्षण केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण

प्रतिष्ठानले एकै प्रकृतिका तालिम प्रदान गर्ने र अलग मापदण्डबाट खर्च गरेका छन्। कार्यक्षेत्र तथा विशेषज्ञताका आधारमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

१५. **अनुगमन** - प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकारको नीति कार्यान्वयन, अनुगमन र मूल्याङ्कन एवं प्रदेश मन्त्रालयहरूको कार्यको अनुगमन र मूल्याङ्कन गर्ने काम कार्यालयलाई तोकेको छ। यस वर्ष अनुगमन मूल्याङ्कन र भ्रमण खर्चमा रु.४४ लाख २४ हजार खर्च गरेको छ। कार्यालयबाट सञ्चालित योजनाहरूको अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। अनुगमन मूल्याङ्कनको सूचक तयार गरी प्रादेशिक कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

१६. **मुख्यमन्त्री रोजगार कार्यक्रम** - प्रदेश सरकारले २०७५।०७६ देखी प्रदेशका बेरोजगार तथा कोभिड १९ बाट प्रभावित युवालाई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न, आयआर्जनका क्रियाकलाप सञ्चालन गर्न र सामूदायिक पूर्वाधार निर्माण कार्यमा संलग्न गराइ गरिबी निवारणमा योगदान पुऱ्याउन मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ। यो वर्ष रु.१ अर्ब १७ करोड १७ लाख २० हजार विनियोजन गरी रु.१ अर्ब १० करोड ७७ लाख १५ हजार खर्च गरी २५ हजार ४२ जनालाई रोजगारी प्रदान गरेको छः

(रु.हजारमा)

आर्थिक वर्ष	बजेट	खर्च			पालिका संख्या	योजना संख्या	रोजगार संख्या			
		श्रम	सामाग्रि	जम्मा			पुरुष	महिला	जम्मा संख्या	औसत रोजगारी
२०७९।८०	१०२१४००	नखुलेको	नखुलेको	९२७९०३	७९	६१८	८७४०	८६३२	१७३७२	४९
२०८०।८१	११२१०००	६४५७४६	३७९४१४	१०२४५७५	७९	७१८	८७०५	९५२९	१८२९२	४९
२०८१।८२	११६८२२०	नखुलेको	नखुलेको	११०७७१५	७९	७१८	१२०७९	१२९६३	२५०४२	नखुलेको

यस सम्बन्धमा देखिएका बेहोरा देहायबमोजिम छन्:

१६.१ मुख्यमन्त्री रोजगार कार्यक्रम कार्यान्वयनका लागि विनियोजन ऐन, २०७८ अनुसार प्रदेश सरकारले मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ तयार गरी कार्यक्रम कार्यान्वयन गरेको देखिन्छ। कार्यालयले २०७८ मा सालबसाली विनियोजन ऐन अन्तर्गत बनेको कार्यविधिका आधारमा २०८१।८२ सम्म योजना कार्यान्वयन गरेको देखिन्छ। उक्त कार्यविधिलाई परिमार्जन गर्नुपर्दछ।

१६.२ मुख्यमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७८ अनुसार कार्यक्रम सञ्चालनका लागि यो वर्ष रु.१ अर्ब १४ करोड २ लाख २० हजार सुरु विनियोजन भएकोमा रु.२ करोड ८० लाख थप गरी रु.१ अर्ब १६ करोड ८२ लाख २० हजारमध्ये ७९ पालिकामा रु.१ अर्ब १० करोड ७७ लाख १५ हजार खर्च गरेकोमा श्रमिकलाई भुक्तानी गरेको र सामाग्रीमा खर्च गरेको रकम मुख्यमन्त्री रोजगार सूचना प्रणालीमा समावेश भएको देखिएन।

(रु.हजारमा)

क्र.सं.	जिल्ला	स्थानीय तह	योजना संख्या	विनियोजित बजेट			निकासा/खर्च		कुल जम्मा
				चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	
१	जाजरकोट	७	७६	१२६०	११४०००	११५२६०	१२६०	१०९६०९	११०८६९
२	कालिकोट	९	८१	१६२०	१२१५००	१२३१२०	१५१५	११७२८९	११८८०४
३	जुम्ला	८	५८	१४४०	८७०००	८८४४०	१३७४	८४११४	८५४८८
४	डोल्पा	८	५५	१४४०	११००००	१११४४०	१४४०	१०४४७९	१०५९१९
५	दैलेख	११	९०	१९८०	१३५०००	१३६९८०	१७९३	१३६२३३	१३८०२६
६	मुगु	४	४५	७२०	९००००	९०७२०	६७२	७८८७३	७९५४५
७	रुकुमपश्चिम	६	७३	१०८०	१०९५००	११०५८०	८७०	९८३८२	९९२५२

क्र.सं.	जिल्ला	स्थानीय तह	योजना संख्या	बिनियोजित बजेट			निकासा/खर्च		कुल जम्मा
				चालु	पुँजीगत	जम्मा	चालु	पुँजीगत	
८	सल्यान	१०	८३	१८००	१२४५००	१२६३००	१७५२	१२१२०३	१२२९५५
९	सुर्खेत	९	९९	१६२०	१४८५००	१५०१२०	१५८२	१३२९१४	१३४४९६
१०	हुम्ला	७	४३	१२६०	८६०००	८७२६०	१२४८	८४०३६	८५२८४
वित्तीय हस्तान्तरणबाट		**७९**	**७०३**	**१४२२०**	**११२६०००**	**११४०२२०**	**१३५०६**	**१०६७१३२**	**१०८०६३८**
अवण्डाबाट थप		०	१५	०	२८०००	२८०००	०	२७०७७	२७०७७
कुल जम्मा		**७९**	**७१८**	**१४२२०**	**११५४०००**	**११६८२२०**	**१३५०६**	**१०९४२०९**	**११०७७१५**

स्थानीय तहका सूचीकृत बेरोजगारलाई न्यूनतम रोजगारी एवं सामुदायिक पूर्वाधारको विकासमार्फत नागरिकको जीवनस्तरमा सुधार ल्याउन सङ्घीय सरकारलेसमेत प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन गरेको छ। प्रदेश अन्तर्गतका बेरोजगारको तथ्याङ्क यकिन नगरी विभिन्न निकायबाट एकै प्रकृतिका कार्यक्रम निरन्तर सञ्चालन हुँदै आएको छ। यस कार्यक्रमबाट प्राप्त उपलब्धि र दीर्घकालीन व्ययभार विचार गरी कार्यक्रम सञ्चालन ढाँचामा पुनरावलोकन गर्नुपर्दछ।

१७. **हाम्रा कुरा हाम्रा मुख्यमन्त्री -** प्रदेश सरकारको गुनासोहरूलाई तत्काल व्यवस्थापन गरी सेवा प्रवाह तथा विकास निर्माणका सम्बन्धमा जनताको गुनासो तथा सुझावका लागि "हाम्रा कुरा हाम्रा मुख्यमन्त्री" कार्यक्रम सञ्चालनमा रहेको छ। निशुल्क हटलाईन, वेब पोर्टल, इमेल, मोबाइल एप्लिकेशन जस्ता माध्यमबाट यो वर्ष कुल १४८ गुनासो प्राप्त भएकोमा ५५ फर्स्यौंट भएको, १ समाधान नहुने प्रकृतिको रहेको, ४ असम्बन्धित रही हटाइएको समेत कुल ६० समाधान भएको र बाँकी ८८ सुनुवाई प्रक्रियामा रहेको उल्लेख छ। कार्यालयमा प्राप्त गुनासाहरूको व्यवस्थापन गर्नुपर्दछ।

१८. **मन्त्रिपरिषद्को निर्णय कार्यान्वयन -** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रिपरिषद बैठकका निर्णय कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालयको हुने उल्लेख छ। यो वर्ष मन्त्रिपरिषद्ले २६ बैठकमा देहाय अनुसार १२२ निर्णय गरेको छ।

क्र.सं.	मन्त्रालय	पारित प्रस्ताव संख्या
१	मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यकालय	३७
२	आन्तरीक मामिला तथा कानुन मन्त्रालय	३०
३	आर्थिक मामिला तथा योजना मन्त्रालय	११
४	उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	६
५	भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	११
६	भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	७
७	सामाजिक विकास मन्त्रालय	१६
८	जलस्रोत तथा उर्जा मन्त्रालय	४
जम्मा		**१२२**

उल्लिखित निर्णयहरू कार्यान्वयनको अनुगमन गर्नुपर्दछ।

१९. **प्रदेश समन्वय परिषद् -** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४(१) मा मुख्यमन्त्रीको संयोजकत्वमा प्रदेश समन्वय परिषद् रहने व्यवस्था छ। प्रदेश समन्वय परिषद् बैठक (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०७७ को बुँदा नं.३ मा परिषद्को बैठक वर्षको कम्तीमा २ पटक बस्ने व्यवस्था भएकोमा यो वर्ष एक पटक बसेको छ। परिषद्ले उक्त बैठकबाट नीति योजना तथा कार्यक्रम तर्जुमा गर्दा अन्तरतह दोहोरोपना नहुने व्यवस्था गर्नुपर्ने,

आयोजना छनोट गर्दा मागमा आधारित आयोजनालाई प्राथमिकता दिनुपर्ने, मुख्यमन्त्री रोजगार कार्यक्रमलाई उत्पादनमूलक, आयमूलक र सीपमूलक कार्यसँग जोड्ने, कर्णाली प्रदेशको कृषि, घरेलु उद्योग र पर्यटन क्षेत्रको विकासका लागि विशेष कार्यक्रम ल्याउनुपर्ने, स्थानीय तहमा आयोजना बैङ्क सूचना प्रणालीको कार्यान्वयन गर्ने, प्रदेशका विभिन्न जिल्ला र स्थानीय तहहरूबीच सीमा विवादको समस्यालाई सम्बोधन गर्ने, गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिबीच वर्षको कम्तीमा एकपटक प्रदेश सरकारसँग छलफल एवम् सम्बादका लागि कार्यक्रम सञ्चालन गर्ने, स्थानीय तहले स्वीकृत सङ्गठन संरचना अनुसारका दरबन्दी र रिक्त पदहरूको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय भएको देखिन्छ। परिषद्ले गरेका निर्णय कार्यान्वयन गर्नुपर्दछ।

२०. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्ने मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मातहतका कार्यालयसमेतको रु.२६ लाख ९४ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फर्स्यौटको वार्षिक कार्ययोजना बनाइ फर्स्यौटको अनुगमन गर्नुपर्दछ।

प्रादेशिक कार्यक्रम कार्यान्वयन एकाइ

स्थानीय तहको असल र सफल अभ्यासहरूलाई विस्तार गरी प्रदेश तथा सङ्घीय तहमा स्तरोन्नति गर्ने र असफलताका पाठहरू बारे अन्य निकायलाई सूचीत गर्नुका साथै स्थानीय तहको स्वामित्व बढाउन प्रोत्साहित गरी नवप्रवर्तनलाई स्थानीय, प्रदेश तथा सङ्घीय एवं निजी क्षेत्रबिच सहकार्य र लागत साझेदारी प्रवर्धन गर्ने उद्देश्यले २०७६।७।१५ मा यस एकाइको स्थापना भएको हो।

२१. **कार्य प्रगति** - कर्णाली प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २६ मा भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। यो वर्ष विनियोजित रु.७ करोड ३० लाख ८५ हजार बजेटमध्ये रु.७९ लाख ७९ हजार (१०.९२ प्रतिशत) खर्च भएको देखिन्छ। वार्षिक स्वीकृत कार्यक्रममध्ये प्रदेशस्तरमा प्रादेशिक कानुन अभिमुखिकरण, स्थानीय तहको लागि योजना निर्माण, स्थानीय तहहरूमा नवप्रवर्तन साझेदारी कोष परियोजनाहरूको कार्यान्वयन, प्रदेशस्तरमा सूचना प्रविधि विभागबाट सरकारी कार्यालय स्वचालन सेवाहरूको स्थापना र रोलआउट, प्रदेशका मन्त्रालयहरू तथा निर्देशनालयहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण, प्रदेश तथा स्थानीय सरकारका कानुनको मस्यौदा निर्माण तथा पुनरावलोकन, प्रदेशस्तरमा नवीन परियोजनाहरूका लागि कार्यविधी तयार गरी लगानी प्रवर्धनको लागि नवीन परियोजना बैङ्क स्थापना लगायतका कार्यक्रम कार्यान्वयन भएको पाइएन। बजेटमा समावेश भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ।

कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान

कर्मचारी तथा जनप्रतिनिधिका लागि तालिमको आवश्यकता पहिचान, ढाँचा तयारी, सिफारिस, कार्यान्वयन, अनुगमन, अनुसन्धान र प्रगतिको अभिलेखिकरण गर्नु प्रतिष्ठानको प्रमुख उद्देश्य रहेको छ। कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० अनुसार यस प्रतिष्ठानको स्थापना भएको हो।

२२. **कर्मचारी व्यवस्था** - कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा १२ मा प्रतिष्ठानलाई आवश्यक पर्ने कर्मचारी प्रदेश सरकारले उपलब्ध गराउने र प्रतिष्ठानको दरबन्दी तथा सङ्गठन संरचना प्रदेश सरकारले स्वीकृत गर्ने व्यवस्था छ। प्रदेश सरकारले प्रतिष्ठानको दरबन्दी तथा सङ्गठन संरचना स्वीकृत गरेको पाइएन। प्रतिष्ठानको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

२३. **तालिम सञ्चालन** - कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ८(च) मा प्रतिष्ठानबाट सञ्चालन गरिने प्रशिक्षण कार्यक्रमको मापदण्ड स्वीकृत गर्ने अधिकार प्रशिक्षण परिषद्लाई तोकिएको छ। प्रतिष्ठानले यस वर्षसम्म मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छैन। प्रतिष्ठानबाट सञ्चालन हुने प्रशिक्षणका लागि मापदण्ड स्वीकृत गरी कार्यान्वयन गर्नुपर्दछ।

२४. **तालिम प्रदायक संस्था** - कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान ऐन, २०८० को दफा ५ मा प्रदेश तथा स्थानीय तहका पदाधिकारी एंव कर्मचारीको लागि प्रशिक्षण लगायतका क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने जिम्मेवारी प्रतिष्ठानको रहेको छ। प्रदेश सरकार मातहतका मानव संसाधन विकास केन्द्र, प्रशिक्षण केन्द्र, कार्यान्वयन एकाइले तालिम प्रदान गरेको देखिन्छ। प्रदेश मातहतका तालिम कार्यक्रमहरू प्रतिष्ठानबाट प्रदान गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्य जिम्मेवारी, सङ्गठन र कर्मचारी व्यवस्थापन, सेवा प्रवाह, नीति तथा कार्यक्रम कार्यान्वयन, मानव संसाधन कार्य योजना, रकमान्तर लगायतका विषयमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।
- **बेरुजु रकमको विवरण** - यो वर्ष कार्यालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायनुसार छः
  - सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रु.१ लाख ९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८४ हजार फर्स्यौट गरेकोले रु.२५ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।
  - समिति तथा अन्य संस्थासमेत १ निकायमा लगती बेरुजु नदेखिएकोमा तथा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। यसम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेश शान्ति, सुरक्षा र सुव्यवस्था सम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा तथा कार्यान्वयन, सूचना सङ्कलन, मूल्याङ्कन र प्रतिवेदन तथा सङ्घसँगको समन्वय र सहकार्य,
- सङ्घीय र प्रदेश सुरक्षा निकायसँगको सम्पर्क, सम्बन्ध, सूचना आदान प्रदान र समन्वय,
- प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण,
- प्रदेश भित्रका गैरसरकारी सङ्घ, संस्थाहरूको अभिलेख, समन्वय,
- सरकारी प्रयोजनका लागि जग्गा अधिग्रहण तथा सम्पत्ति प्राप्तिसम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा, कार्यान्वयन र नियमन तथा जग्गा विवाद समाधान,
- विपद व्यवस्थापन, जोखिम न्यूनीकरण र विपद् प्रतिकार्य, प्रादेशिक विपद् कोष स्थापना र सञ्चालन, स्थानीय विपद् कोषमा सहयोग, तथ्याङ्क व्यवस्थापन र अध्ययन तथा अनुसन्धान, विपद् जोखिम क्षेत्र नक्साङ्कन र बस्ती स्थानान्तरणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरको विद्युतीय सञ्चार माध्यम सञ्चालनसम्बन्धी नीति, कानुन र मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन तथा अनुमती, इजाजत र नवीकरण,
- प्रदेशस्तरका इन्टरनेट सेवा र अनलाइन तथा अन्य प्रविधिमा आधारित सञ्चार माध्यमको दर्ता, अभिलेख, अनुमति, नवीकरण,

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालयको निम्नानुसार रु.६३ करोड ४७ लाख ७२ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२६६५९६	१२१०	६९३०	३६००३६	६३४७७२

उल्लिखित लेखापरीक्षण रकममा यस मन्त्रालयमा विनियोजन भई विभिन्न स्थानीय तह र जिल्ला प्रहरी कार्यालयबाट भएको खर्च रु.१० करोड १६ लाख ३२ हजार समावेश छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	२७४०७	२७४०७	१५६९६	५७.२७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	५६९	५६९	१३८	२४.२५
२२१०० सेवा महसुल	१४२५	१४२५	६०२	४२.२५

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४६३८	४६३८	४५८२	९८.७९
२२३०० कार्यालय सामान तथा सेवा	२३२२	२३२२	१९३०	८३.१२
२२४०० सेवा तथा परामर्श खर्च	४३४३	४३४३	३८४३	८८.४९
२२५०० कार्यक्रम सम्बन्धी खर्च	९८३९५	९४३९५	४३८७९	४६.४८
२२६०० अनुगमन,मुल्याङ्कन र भ्रमण खर्च	२४००	२४००	१२५७	५२.३८
२२७०० विविध खर्च	१२००	१२००	१२००	१००.
२६४०० सामाजिक सेवा अनुदान	७००	७००	७००	१००.
२७२०० सामाजिक सहायता	१०८३६१	१९१६०१	१७४०७३	९०.८५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	५४०	५४०	२८१	५२.०४
जम्मा	**२५२३००**	**३३१५४०**	**२४८१८१**	**७४.८६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४४१४०	४४१४०	१८४१५	४१.७२
कुल जम्मा	**२९६४४०**	**३७५६८०**	**२६६५९६**	**७०.९६**

उल्लिखित विवरणअनुसार चालु खर्च ७४.८६ प्रतिशत, पुँजीगत खर्च ४१.७२ प्रतिशत र समग्रमा ७०.९६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य -** प्रदेश सरकारको कुल बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजार मध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतिकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको छ। यस वर्ष मन्त्रालय र अन्तर्गत रु.३७ करोड ५६ लाख ८० हजार बजेट विनियोजन गरेकोमा दिगो विकास लक्ष्य नं १६ शान्तिपूर्ण, न्यायपूर्ण र सशक्त समाजको लागि रु.३४ करोड १९ लाख ९८ हजार (कुल बजेटको १.०९ प्रतिशत) साङ्केतीकरण गरेको देखिन्छ। नीति कार्यक्रम र बजेट निर्माण गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक तथा आन्तरिकीकरण गरी लक्ष्य निर्धारण गर्नुपर्नेमा दिगो विकास लक्ष्य र सोको प्रगति विवरण तयार गरेको पाइएन। बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्यसँग तादाम्यता गर्नुपर्दछ।

४. **आवधिक योजना -** कर्णाली प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा मन्त्रालयसँग सम्बन्धित क्षेत्रमा तोकिएको प्रमुख सूचकहरूमध्ये कानुन निर्माण/संशोधन भएका प्रदेशका एकल अधिकार सूचीका विषय प्रथम पञ्चवर्षीय योजनाको उपलब्धिका ३८ भएकोमा दोस्रो पञ्चवर्षीय योजनासम्म ६० पुऱ्याउने, सूचना प्रविधि क्षेत्रबाट सिर्जित रोजगारी संख्या ३ लाख १४ हजार भएकोमा ४ लाख ६० हजार पुऱ्याउने, सामूहिक विपद् दुर्घटना बिमा सुविधा प्राप्त संख्या ४०० रहेकोमा ५०० पुऱ्याउने लक्ष्य राखेको देखिन्छ। आवधिक योजनामा समावेश भएका विषयहरू नीति तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा उल्लेख भएका सङ्घ, स्थानीय तह र विकास साझेदारहरूसँगको समन्वय र सहकार्यमा कानुन निर्माण गर्ने, प्रदेश प्रहरी सेवा सम्बन्धी कानुन निर्माण गर्ने, सुरक्षित र दिगो बस्ती तथा सहरी विस्तारलाई टेवा पुऱ्याउन भू-बनोट, क्षमता र उपयुक्तताको आधारमा जोखिम संवेदनशील योजना तयार गरी लागू गर्ने, विपद् संवेदनशील क्षेत्रमा विपद् जोखिम नक्शाङ्कन गरी सूचना प्रणाली जडान तथा निगरानी केन्द्र स्थापन गर्ने, विपद्का समयमा खोज, उद्दार र राहतका लागि आपत्कालिन सञ्चार केन्द्र स्थापनाको लागि स्याटलाईट ब्रोड व्याण्डको व्यवस्था गर्ने, एक जिल्ला एक वायर हाउस निर्माणको सुरुवात गर्ने, डिजिटल कर्णाली

गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने, सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन प्रदेश सरकारको एकीकृत सूचना प्रणाली निर्माण गर्ने, सञ्चार माध्यमको दर्ता, नियमन तथा अध्ययन अनुसन्धानको सम्बन्धमा कानुन बनाउने लगायका कार्यक्रम कार्यान्वयन भएको देखिएन। वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

६. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येबाट विनियोजन ऐन बमोजिम मन्त्रालयले १० प्रतिशत सीमाभित्र रही रकमान्तर गर्न सक्ने उल्लेख छ। मन्त्रालय अन्तर्गत २०८१।८२ मा सुरु बजेट विनियोजन रु.२९ करोड ६४ लाख ४० हजार रहेकोमा रकमान्तरबाट चालुतर्फ रु.७ करोड ९२ लाख ४० हजार थप भई रु.३७ करोड ५६ लाख ८० हजार अन्तिम बजेट कायम भएको छ। रकमान्तरबाट बजेट थप भए तापनि सुरु बजेट नै खर्च हुन सकेको छैन।

७. **बजेट वक्तव्य कार्यान्वयन** - कर्णाली प्रदेशको २०८१।८२ को बजेट वक्तव्यमा उल्लेख भएको विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन एक जिल्ला एक वायर हाउस निर्माण कार्य, जोखिम पूर्व सूचना प्रणाली व्यवस्थापन कार्यक्रम, प्रदेश आपतकालिन कार्यसञ्चालन केन्द्र व्यवस्थापन, प्रदेश सरकारको अत्यावश्यक र महत्वपूर्ण संवेदनशील सामग्री छपाइका लागि प्रदेश मुद्रण इकाइ स्थापना लगायतका कार्यक्रम कार्यान्वयन भएका छैनन्। बजेट वक्तव्यमा समावेश भएका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **कानुन निर्माण** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सभामा पेस हुने विधेयक तर्जुमा र प्रमाणीकरण सम्बन्धी कार्यक्षेत्र मन्त्रालयको रहेको छ। प्रदेश सभामा २०८२।३।३१ सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सैद्धान्तिक सहमति लिई १०१ विधेयक दर्ता भई ६६ विधेयक प्रमाणीकरण भएका छन्। यो वर्ष दर्ता भएका ९ विधेयकमध्ये ५ प्रमाणीकरण भएको र ४ निर्णय प्रमाणीकरण गर्ने प्रक्रियामा छ।

९. **शहीद स्मृति तथा जीवन निर्वाह भत्ता** - घाइते अपाङ्गता भएका व्यक्तिलाई जीवन निर्वाह भत्ता वितरण कार्यविधि, २०८१ को दफा १२ र शहीद स्मृति भत्ता वितरण कार्यविधि, २०८१ को दफा १३ मा भत्ता वितरण कार्यको प्रभावकारीताका सम्बन्धमा आवश्यकता अनुसार मन्त्रालय वा स्थानीय तहको अनुगमन समितिले अनुगमन गर्नसक्ने व्यवस्था छ। मन्त्रालयले २०८१।८२ मा जनआन्दोलन, जनयुद्ध र प्रदेश स्थापनाको लागि भएका आन्दोलनका शहीद तथा वेपत्ता परिवारलाई जीवन निर्वाह भत्ता, घाइते अपांगता भएका व्यक्तिलाई जीवन निर्वाह विशेष भत्ता र द्वन्द्व पीडित घाइते उपचारका लागि रु.१० करोड ४९ लाख ९२ हजार बजेट विनियोजन गरी १० जिल्लाका ७३ स्थानीय तहमा रु.९ करोड २५ लाख ५९ हजार भत्ता वितरण गरेकोमा मन्त्रालयले अनुगमन गरेको देखिएन। मन्त्रालयले लक्षित वर्गले प्राप्त गरेको सुनिश्चित हुनेगरी अनुगमन गर्नुपर्दछ।

१०. **विपद् राहत** - विपद् पीडित उद्धार तथा राहत वितरणसम्बन्धी कार्यविधि, २०७९ को दफा १८ मा विपद् पीडितलाई राहत वितरण प्रयोजनका लागि जिल्ला प्रशासन कार्यालयलाई निकासा रकमको विवरण मन्त्रालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष जिल्ला प्रशासन कार्यालय, जुम्लालाई रु.२ करोड ३२ लाख ८५ हजार, कालिकोटलाई रु.२ करोड ७१ लाख ५० हजार,

जाजरकोटलाई रु.६ लाख ९५ हजार, रुकुम पश्चिमलाई रु.२ करोड ४५ लाख १० हजार र सल्यानलाई रु.३६ लाख समेत रु.७ करोड ९२ लाख ४० हजार निकासा गरेकोमा राहत वितरणको प्रगति प्राप्त गरेको छैन। राहत वितरणको प्रगति विवरण मन्त्रालयले प्राप्त गर्नुपर्दछ।

११. **दुर्घटना बिमा** - विपद् जोखिम विरुद्ध सामूहिक दुर्घटना बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम प्राकृतिक विपद्का कारण प्रदेशमा स्थायी बसोबास भएका र अन्य प्रदेशमा स्थायी बसोबास भई कर्णाली प्रदेशभित्रका सरकारी तथा गैरसरकारी क्षेत्रको सेवामा कार्यरत नागरिकको मृत्यू भएमा प्रति व्यक्ति रु.२ लाख प्राप्त हुने गरी बिमा गरेको छ। मन्त्रालयले २०७८ को जनगणना तथ्याङ्क अनुसार १६ लाख ८८ हजार ४१२ कर्णालीबासीको प्रतिव्यक्ति ९ रुपैयाँ ३३ पैसाका दरले यो वर्ष रु.१ करोड ५७ लाख ५३ हजार बिमाशुल्कसहित यो वर्षसम्म रु.९ करोड ६७ लाख ५३ हजार राष्ट्रिय बिमा कम्पनी लिमिटेडलाई भुक्तानी गरेको छ। यो कार्यक्रम २०७६।७७ बाट लागु भई कार्यक्रम सञ्चालन पश्चात मन्त्रालयले हालसम्म ४५९ जनालाई क्षतिपूर्ति दिन सिफारिस गरेकोमा बिमा कम्पनीले ४३४ जनालाई बिमा बापत रु.८ करोड ६८ लाख भुक्तानी गरेको छ।

१२. **निजी घरको सुरक्षा बिमा** - घर बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ अनुसार कर्णाली प्रदेशभित्र स्थायी बसोबास भएका नागरिकहरूको निजी आवासीय घरको प्राकृतिक विपद् लगायतका भवितव्यको कारणबाट हुनेक्षति र नोक्सानीको आर्थिक सुरक्षाको प्रत्याभूति गर्न घर बिमा कार्यक्रम सञ्चालन गरेको छ। यस वर्ष रु.४ करोड ५० लाख विनियोजन गरेकोमा मन्त्रालयले प्रतिघरको बढीमा रु.२० लाखसम्म पाउने गरी बिमा गराइ रु.८८ लाख १ हजार बिमा प्रिमियम भुक्तानी गरेको छ। मन्त्रालयले न्यून आय भएका र अधिक जोखिममा रहेका नागरिकलाई लक्षित गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१३. **पत्रकार बिमा** - प्रदेश भित्रका ६९३ जना पत्रकारहरूको स्वास्थ्य बिमा प्रिमियम बापत रु.१३ लाख ८६ हजार र ७ संचार संस्थाका उपकरणको बिमाबापत रु.१ लाख ९२ हजार समेत रु.१५ लाख ७८ हजार भुक्तानी गरेको छ। मन्त्रालयले कर्णाली प्रदेश पत्रकार कल्याण कोषमा वार्षिक रकम विनियोजन गरी औषधि उपचार, आर्थिक सहायता लगायत कार्यमा खर्च गर्नेगरी मापदण्ड बनाइ यस वर्ष रु.७ लाख निकासा गरेको छ। मन्त्रालयले सामुहिक दुर्घटना बिमा कार्यान्वयनमा ल्याएको भएतापनि सो सम्बन्धी कार्यविधि बनाएको नदेखिएकोले कार्यविधि बनाइ व्यवस्थित गर्नुपर्दछ।

१४. **लोक कल्याणकारी विज्ञापन** - कर्णाली प्रदेश विज्ञापन वितरण सम्बन्धी कार्यविधि, २०८१ अनुसार कर्णाली प्रदेश भित्र सञ्चालनमा रहेका सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन वितरण, प्रसारण तथा प्रकाशन सम्बन्धी व्यवस्था छ। मन्त्रालयले प्रदेशभित्रका ३७ एफएम रेडियो, २२ पत्रपत्रिका, ४७ अनलाईन सञ्चार माध्यम र १ टेलिभिजनसमेत जम्मा १०७ वटा सञ्चार माध्यमलाई लोक कल्याणकारी विज्ञापन प्रकाशन तथा प्रसारण गरेबापत यस वर्ष रु.६७ लाख १२ हजार भुक्तानी गरेको छ। लोक कल्याणकारी विज्ञापन वितरणलाई व्यवस्थित गर्नुपर्दछ।

१५. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालयको रु.७ करोड ३३ लाख ९९ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फस्यौंटको वार्षिक कार्ययोजना बनाइ फस्यौंटको अनुगमन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता प्रभावकारी नभएको, वार्षिक कार्यक्रमअनुसार प्रगति हासिल नभएको, बिमा कार्यक्रमबाट प्राप्त उपलब्धि र खर्चको प्रभावकारिता मूल्याङ्कन नभएको, विपद् राहत रकम वितरणको अद्यावधिक अभिलेख नराखेको, निर्माण कार्य समयमा सम्पन्न नगरेको लगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ १ निकायमा यो वर्ष रु.९ करोड २५ लाख ६९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१५ हजार फर्स्यौट गरेकोले रु.९ करोड २५ लाख ५४ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

आर्थिक मामिला तथा योजना मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशको आर्थिक अवस्थाको विश्लेषण तथा आर्थिक नीतिको तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरको आर्थिक स्रोतको बाँडफाँट, लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन,
- प्रदेशस्तरीय विकास नीति, प्राथमिकता, आवधिक तथा क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेश राजस्वसम्बन्धी नीति तथा कानुनको तर्जुमा, कार्यान्वयन,
- प्रदेश सार्वजनिक खर्चसम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन तथा स्थानीय तह अनुदान,
- प्रदेश आर्थिक कार्यविधिसम्बन्धी नीति तथा कानुनको निर्माण, कार्यान्वयन,
- प्रदेश विनियोजन ऐन तथा प्रदेशको बजेट तर्जुमा, कार्यान्वयन, नियमन र आर्थिक अनुशासन,
- बिमा र बिमा व्यवसायको सञ्चालन, व्यवस्थापन, प्रवर्धन तथा विस्तार,
- प्रदेश स्तरका सार्वजनिक संस्थान, वित्तीय संस्था, समिति, प्रतिष्ठान तथा कम्पनी आदिको सञ्चालन, व्यवस्थापन र सुधार,
- आर्थिक विकासमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रसँगको समन्वय र सहकार्य।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतका ११ कार्यालयको निम्नानुसार रु.८ अर्ब ९८ करोड ४ लाख ३३ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४११७९	८७८९०२९	२१३०९	३०३०२	८९८१८१९

उल्लिखित लेखापरीक्षण रकममा वित्तीय हस्तान्तरणतर्फको रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार समावेश छैन। मन्त्रालयमा विनियोजन भई १० जिल्ला समन्वय समितिको कार्यालयबाट भएको खर्च रु.४४ लाख १७ हजार समावेश छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट र खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	६९९८६	६९९८६	४८८९८	६९.८७
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३९५	३९५	२२६	५७.२२
२२१०० सेवा महसुल	५६८०	५६४०	४३४३	७७.
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१५११४	१५२५४	१४०४७	९२.०९

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	१२३८४	१३३८४	१३०८२	९७.७४
२२४०० सेवा तथा परामर्श खर्च	१७४४०	१६९२०	१४२७२	८४.३५
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१७६६४	१५७६४	९२३२	५८.५६
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१३३८९	१३३८९	१२०१४	८९.७३
२२७०० विविध खर्च	४७६०	४९७०	४८४४	९७.४६
२८१०० सम्पत्तिसम्बन्धी खर्च	५३९४	५४५४	५१६२	९४.६५
२८९११ अर्थ विविध चालु खर्च	८०००००	७१७८८१	-	-
जम्मा	**९६२२०६**	**८७९०३७**	**१२६१२०**	**१४.३५**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१३१४९	१४१९९	१३६७३	९६.३
३१५११ अर्थ विविध पुँजिगत खर्च	१५०००००	१५०००००	१३८६	०.०९
जम्मा	**१५१३१४९**	**१५१४१९९**	**१५०५९**	**०.९९**
वित्तीय व्यवस्था			-	
३२१५२ अन्य संस्थामा शेयर लगानी	२५००००	२५००००	-	-
कुल जम्मा	**२७२५३५५**	**२६४३२३६**	**१४११७९**	**५.३४**

उल्लिखित विवरणअनुसार अर्थ विविध र वित्तीय व्यवस्था बाहेक चालु खर्च ७८.२६ प्रतिशत, पुँजीगत खर्च ९६.३० प्रतिशत र समग्रमा ७९.७२ प्रतिशत खर्च भएको देखिन्छ। अर्थ विविध र वित्तीय व्यवस्थासमेतको समग्रमा ५.३४ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य** - प्रदेश सरकारको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको देखिन्छ। प्रदेश सरकारको बजेटमध्ये ८ लक्ष्यमा एक प्रतिशत भन्दा न्यून बजेट र अन्य ७ लक्ष्यहरूमा एक प्रतिशतभन्दा बढी बजेट विनियोजन गरेको देखिन्छ। प्रदेश सरकारको यो वर्षको बजेटमा दिगो विकास (लक्ष्य ७) स्वच्छ उर्जामा बजेट साङ्केतीकरण गरेको छैन भने सबैभन्दा बढी (लक्ष्य ३) स्वच्छ तथा मर्यादित जिवनमा १०.०८ प्रतिशत रहेको देखिन्छ। बजेट निर्माण तथा कार्यान्वयन गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी आफु सम्बद्ध सूचकहरूको प्रगति तयार गरेको छैन। बजेट तर्जुमा गर्दा दिगो विकासका लक्ष्यअनुसार बजेट साङ्केतीकरण र लक्ष्य निर्धारण गरी कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) मा मन्त्रालयले आन्तरिक राजस्व परिचालन, राजस्व बाँडफाँट तथा वित्तीय हस्तान्तरण, समुदाय बचत तथा निजी लगानी, सार्वजनिक खर्च, आन्तरिक ऋण र वैदेशिक सहायता गरी ६ क्षेत्रमा १४ वटा अपेक्षित लक्ष्य निर्धारण गरेकोमा यो वर्षसम्म भएको उपलब्धि देहाय अनुसार रहेको छः

क्र.सं.	कार्यक्रम	अपेक्षित उपलब्धि	२०८१।८२ सम्मको उपलब्धि
१	राजस्व सम्भाव्यता अध्ययन तथा नीतिगत, कानुनी र संस्थागत विकास	कर तथा गैरकर राजस्वका स्रोत तथा परिचालन गर्न सकिने राजस्वको विस्तृत अध्ययन गरी कूल सम्भाव्यता पहिचान, सो सम्बन्धी नीति, ऐन नियम तथा कार्यविधि अद्यावधिक।	आन्तरिक राजस्व परिचालनको सम्भाव्यता अध्ययन गरी प्रतिवेदन तयार गरेको।

क्र.सं.	कार्यक्रम	अपेक्षित उपलब्धि	२०८१।८२ सम्मको उपलब्धि
२	हरित वित्त परिचालन कार्यक्रम	विपद् उत्थानशीलता प्रवर्धन गर्ने, जलवायु परिवर्तन अनुकूलन तथा असर न्यूनीकरण गर्ने, हरित तथा चक्रीय अर्थतन्त्र विकासमा सहयोग गर्ने र खुद शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलमा योगदान गर्ने आयोजनाको विकास भई हरित वित्त परिचालन।	यस सम्बन्धी कार्य नभएको।
३	अन्तरप्रदेश र स्थानीय तह साझेदारी विकास कार्यक्रम	सीमा जोडिएका प्रदेश र स्थानीय तहसँग सहकार्य र साझेदारीको सिद्धान्तमा सम्बन्ध सुदृढ हुने र सहलगानी र साझेदारीका क्षेत्र पहिचान भई कार्यान्वयन।	सहलगानी र साझेदारीका क्षेत्र पहिचानका लागि लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशसँग समन्वय तथा सहकार्य गरेको।
४	नवउद्यम र उत्पादनशील उद्यमशीलता विकास कार्यक्रम	उद्यमशीलता विकासका कार्यक्रम मार्फत सूचना प्रविधिमा आधारित नवउद्यम र उत्पादनशील क्षेत्रमा थप लगानी वातावरण निर्माण।	नवउद्यम र उत्पादनशील क्षेत्रमा लगानीमा बजेट तथा कार्यक्रम स्वीकृत।
५	आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत संयन्त्र विकास तथा परिचालन	आन्तरिक ऋण परिचालनसम्बन्धी नीति, कानुन, मापदण्ड र संस्थागत संयन्त्रको विकास र ऋण परिचालन।	हालसम्म आन्तरिक ऋण परिचालन नभएको।
६	उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, सम्भाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तर्जुमा तथा सञ्चालन	उच्च र दिगो प्रतिफल दिने आयोजना पहिचान, सम्भाव्यता अध्ययन, प्रस्ताव तयारी सहित आयोजना बैङ्क र व्यवस्थापन सूचना प्रणाली तयार गरी ऋण परिचालन।	बजेट तर्जुमा गर्दा आयोजना प्रस्ताव तथा छनोट सम्बन्धी कार्यविधि र आयोजना बैङ्क सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०८१ को आधारमा आयोजना छनोट गरी बजेट प्रस्ताव भएको।
७	प्रदेश प्राथमिकताका आयोजना अध्ययन, विश्लेषण तथा विकास	अध्ययन तथा विश्लेषण भएका प्रदेश प्राथिमकता तथा उच्च प्रतिफलयुक्त आयोजनामा वैदेशिक सहयोग परिचालनमा नेपाल सरकारसँग समन्वय।	प्रदेश सरकारबाट प्रत्यक्ष रुपमा वैदेशिक सहायता परिचालन नभएको।
८	कार्बन व्यापार आयोजना विकास तथा वित्तीय स्रोत परिचालन	प्रदेशको प्राथमिकताका कृषि, पर्यटन, उद्योग, जलस्रोत तथा ऊर्जा क्षेत्रमा कार्बन व्यापार आयोजनाको विकास, सञ्चालन र जलवायु वित्त परिचालनको लागि आधार तयार।	प्रदेशमा जलवायु वित्त परिचालनको आधार तयार नभएको।

आवधिक योजनाले निर्धारण गरेका लक्ष्यमध्ये यो वर्षसम्म राजस्व सुधार कार्ययोजना तर्जुमा, जलवायु वित्त परिचालनको आधार स्थापना, आन्तरिक ऋण परिचालन, नवउद्यम र उत्पादनशील क्षेत्रमा लगानी, शून्य कार्बन उत्सर्जनको लक्ष्य हासिलमा योगदान गर्ने आयोजनाको विकास भई हरित वित्त परिचालन, आन्तरिक राजस्व परिचालनको सम्भाव्यता अध्ययनका आधारमा राजस्व सुधार कार्ययोजना तर्जुमा लगायतका महत्वपूर्ण कार्य सुरु भएको देखिएन। आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल गर्नेगरी वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा यस मन्त्रालयसँग सम्बन्धित नीति तथा कार्यक्रममध्ये विकास साझेदार र गैरसरकारी सङ्गसंस्थाहरूको कामकारबाहीलाई पारदर्शी, जवाफदेही र प्रभावकारी बनाउन आवश्यक व्यवस्था मिलाउने, विकास साझेदारबाट प्रदेशमा

सञ्चालित आयोजनालाई प्रदेशको प्राथमिकताको क्षेत्रसँग आबद्धता गराउने, सञ्चालित आयोजनाको नियमित अनुगमन, प्रतिवेदन र समीक्षा गर्ने व्यवस्था मिलाउने कार्यहरू कार्यान्वयन भएको देखिएन। नीति तथा कार्यक्रममा कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा वित्तीय अनुशासन र बजेट कार्यान्वयन अन्तर्गत प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने, प्रदेश मातहत रहेका सबै निर्देशनालयलाई कार्य प्रकृतिका आधारमा सम्बन्धित मन्त्रालयमा गाभ्ने तथा जिल्ला कार्यालयकारूपमा रुपान्तरण गरिने, ठूला र रणनीतिक महत्त्वका विकास आयोजनाहरूको कार्यान्वयनको प्रक्रियामा हुने अवरोध हटाउन स्वतन्त्र तथा विज्ञ संलग्न हुने गरी तेस्रो पक्ष मूल्याङ्कन गर्ने, बजेट विनियोजन भएका आयोजनाको पहिलो चौमासिक अवधिभित्र खरिद प्रकिया सुरू नभएका कार्यक्रममा विनियोजित रकम रोक्का गर्ने, पन्ध्र लाखभन्दा बढी लागतका आयोजना उपभोक्ता समितिबाट कार्यान्वयन गर्दा स्थायी लेखा नम्बर अनिवार्य गर्ने, प्रदेश बेरुजु व्यवस्थापन सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयन गरी लेखा उत्तरदायी अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाइ वार्षिक बेरुजु फस्यौट गर्ने कार्यको कार्यान्वयन भएको छैन। कार्ययोजना तर्जुमा गरी बजेट र कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **अर्थ विविध** - कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ४(६) मा अनुदान सङ्ख्या ६०२ को अर्थ विविधमा विनियोजन भएको रकम चालु, पुँजीगत र वित्तीय व्यवस्थाका जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा खर्च जनाउन सकिने व्यवस्था छ। यो वर्ष अर्थ विविध शीर्षकमा विनियोजन बजेट देहाय अनुसार छः

(रु.हजारमा)

अनुदान संकेत नं.	सुरु बजेट	कायम बजेट	रकमान्तर	रकमान्तर प्रतिशत	खर्च
६०२ अर्थ विविध	२३०००००	२२१७८८१	८२११९	३.५७	१३८६

उल्लिखित विवरणअनुसार प्रदेश सरकारको यो वर्षको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये रु.२ अर्ब ३० करोड (बजेटको ७.३२ प्रतिशत) अर्थ विविधमा विनियोजन भएकोमा रकमान्तर पश्चात रु.२ अर्ब २१ करोड ७८ लाख ८१ हजार बजेट कायम भएकोमा रु.१३ लाख ८६ हजार खर्च भएको छ। बजेट विनियोजन गर्दा वार्षिक कार्यक्रम अनुसार गर्नुपर्दछ।

८. **खर्चको संरचना -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय प्रतिवेदनअनुसार प्रदेश सरकारको २०८१।८२ को विनियोजित बजेट र खर्चको संरचना देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

शीर्षक	बजेट	खर्च	खर्च प्रतिशत
चालु (स्थानीय तह हस्तान्तरण समेत)	१२४०९१७३	९०७०९६०	७३.१०
पुँजीगत	१८७५०८६८	१०९२६५०४	५८.२७
वित्तीय व्यवस्था	२५००००	०	०
जम्मा	**३१४१००४१**	**१९९९७४६४**	**६३.६७**

प्रदेश सरकारको कुल खर्च रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजारमध्ये स्थानीय तहमा हस्तान्तरण भएको रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार समेत चालु खर्च रु.९ अर्ब ७ करोड ९ लाख ६० हजार र पुँजीगत खर्च रु.१० अर्ब ९२ करोड ६५ लाख ४ हजार देखिन्छ भने वित्तीय व्यवस्था तर्फ रु.२५ करोड विनियोजन भएकोमा खर्च भएको छैन। विनियोजित मध्ये चालु

खर्च ७३.१० प्रतिशत र पुँजीगत खर्च ५८.२७ प्रतिशत रहेको छ। उल्लिखित खर्चमध्ये सञ्चित कोष माथि व्ययभार हुने खर्च रु.९२ लाख २७ हजार र सञ्चित कोषबाट विनियोजिन हुने खर्च रु.१९ अर्ब ९८ करोड ८२ लाख ३७ हजार रहेको देखिन्छ। बजेटको तुलनामा खर्च न्यून भएकाले खर्च गर्ने क्षमता वृद्धि गरी बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउनुपर्दछ।

९. **रकमान्तर** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐन बमोजिम १० प्रतिशतको सीमाभित्र रही मन्त्रालयले रकमान्तर गर्न सक्ने उल्लेख छ। प्रदेश सरकारको २०८१।८२ को कुल बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजार रहेकोमा अर्थ विविधको चालु खर्चतर्फ विनियोजन भएको कुल रु.८० करोड तथा पुँजीगततर्फ रु.१ अर्ब ५० करोड समेत रु.२ अर्ब ३० करोड मध्ये रु.८ करोड ३५ लाख ६ हजार तथा अन्तर अनुदान सङ्ख्याको रु.१ अर्ब ४५ करोड १४ लाख ५ हजारसमेत रु.१ अर्ब ५३ करोड ४९ लाख ११ हजार रकमान्तरबाट थप/घट गरेको छ। उक्त रकमान्तरमध्ये अर्थ विविध र अन्तर अनुदान सङ्ख्यामा भएको कूल रकमान्तरको ६.३१ प्रतिशत अर्थात् रु.९ करोड ६८ लाख २१ हजार आषाढ महिनामा रकमान्तर भएको देखिन्छ। प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रममा आषाढ महिनामा रकमान्तर नगर्ने नीति कार्यान्वयन भएको देखिएन। अर्थ विविधमा एकमुष्ठ बजेट राखी अन्य कार्यक्रममा र वर्षान्तमा रकमान्तर गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ।

१०. **बजेट समर्पण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २१(३) मा विनियोजन ऐनमा समावेश भएको रकमबाट सञ्चालन गर्नुपर्ने कुनै आयोजना वा कार्यक्रम फागुन मसान्तसम्म पनि खरिद प्रक्रिया सुरुवात नभएमा वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा लेखा उत्तरदायी अधिकृतले त्यस्तो रकम चैत्र पन्ध्र गतेभित्र मन्त्रालयमा समर्पण गर्नुपर्ने उल्लेख छ। यो वर्ष प्रदेश सरकारअन्तर्गतका मन्त्रालय तथा निकायहरूबाट बजेट समर्पण गरेको देखिएन। प्रदेश विनियोजन ऐनमा एकभन्दा बढी निकायबाट खर्च गर्नुपर्ने रकम मंसिर मसान्तभित्र प्रदेश योजना आयोगको सिफारिससहित मन्त्रालयमा पेस नगरेमा स्वतः समर्पण भएको मानिने कानुनी व्यवस्थाको कार्यान्वयन भएको देखिएन। कानुनी व्यवस्थाको पालना गरी बजेट समर्पण गर्नुपर्दछ।

११. **बजेट खर्चको प्रवृत्ति** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने र सबै कार्यालयबाट प्रगति विवरण प्राप्त गरी प्रदेशस्तरको प्रगति विवरण तयार गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने उल्लेख छ। प्रदेशको विगत ३ आर्थिक वर्षको विनियोजित बजेट र खर्चको विवरण देहायअनुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	विनियोजन	खर्च	खर्च प्रतिशत
१	२०७९।८०	२६६३०४२१	२२२५७८७३	८३.५८
२	२०८०।८१	२४४१८५८९	१९८६८२०८	८१.३७
३	२०८१।८२	३१४१००४१	१९९९७४६४	६३.६७

प्रदेश सरकारको विगत ३ वर्षको कुल विनियोजन बजेट र खर्चको अवस्था विश्लेषण गर्दा औसत खर्च ७५.३४ प्रतिशत रहेकोमा २०८१।८२ मा सबैभन्दा कम ६३.६७ प्रतिशत खर्च भएको देखिन्छ। विनियोजन कुशलता र खर्च क्षमता सुदृढ गरी बजेट कार्यान्वयन गर्नुपर्दछ।

१२. **स्रोतगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश सरकारको २०७९।८० र २०८०।८१ को यथार्थ खर्च तथा २०८१।८२ को अनुमान तथा यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	स्रोत	२०७९।८० को यथार्थ खर्च	२०८०।८१ को यथार्थ खर्च	२०८१।८२		गत वर्षको तुलनामा वृद्धि प्रतिशत
				अनुमान	यथार्थ खर्च	
१	**सङ्घीय सरकार तर्फ**	**११७१४९८४**	**११०००८८८**	**१६०३८८००**	**९९५५४३१**	**-९.५०**
१.१	समानीकरण अनुदान	७५९२६९१	७५६९५८२	१०३६६३००	७१४५६३६	-५.६०
१.२	सशर्त अनुदान	३३९३२३५	२६५४९४५	३७१५०००	१९२२३१४	-२७.६०
१.३	समपूरक अनुदान	३२५९६५	४८३१८१	१२८५०००	४७७६६०	-१.१४
१.४	विशेष अनुदान	४०३०९३	२९३१८०	६७२५००	४०९८२१	३९.७८
२	**प्रदेश सरकारतर्फ**	**१०५३३८८७**	**८८५२५९३**	**१५३७१२४१**	**१००३०२००**	**१३.३०**
३	**प्रदेश तेस्रो पक्ष सोझै भुक्तानी**	**९००२**	**१४७२७**	**१३३५०**	**११८३३**	**-१९.६५**
	जम्मा	**२२२५७८७३**	**१९८६८२०८**	**३१४१००४१**	**१९९९७४६४**	**०.६५**

यो वर्ष कुल खर्च रु.१९ अर्ब ९९ करोड ७४ लाख ६४ हजारमध्ये सङ्घीय सरकारको अनुदानबाट रु.९ अर्ब ९५ करोड ५४ लाख ३१ हजार (४९.७८ प्रतिशत), प्रदेश सरकारको राजस्वबाट रु.१० अर्ब ३ करोड २ लाख (५०.१६ प्रतिशत) र प्रदेश बजेटमा समावेश भएको सोझै भुक्तानी अनुदान रु.१ करोड १८ लाख ३३ हजार (०.०७ प्रतिशत) रहेको देखिन्छ। उल्लिखित स्रोतगत खर्चमा सङ्घीय समानीकरण अनुदानतर्फ रु.९ अर्ब ५१ करोड २१ लाख १७ हजार प्राप्त भई रु.७ अर्ब १४ करोड ५६ लाख ३६ हजार खर्च गरेको छ। यो वर्ष सङ्घीय सरकारबाट सशर्त अनुदानतर्फ रु.३ अर्ब ७१ करोड ५० लाख प्राप्त हुने अनुमान गरेकोमा रु.१ अर्ब ९२ करोड २३ लाख २२ हजार (५१.७४ प्रतिशत) प्राप्त भएको छ।

१३. **निकायगत खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को मन्त्रालय तथा निकायगतगत चालु र पुँजीगत खर्चको विवरण निम्नानुसार छः

(रु.हजारमा)

मन्त्रालय तथा निकाय	अन्तिम बजेट				खर्च		खर्च प्रतिशत	
	चालु	पुजीगत	वित्तीय व्यवस्था	जम्मा	चालु	पुजीगत	जम्मा	
प्रदेश व्यवस्थापिका	१३६३५०	८६५०		१४५०००	१०६३९०	६०३२	११२४२२	७७.५३
प्रदेश लोक सेवा आयोग	९७०००	२०००		९९०००	८२६२५	१७७८	८४४०४	८५.२६
मुख्य न्यायाधिवक्ताको कार्यालय	१७२००	५००		१७७००	१५९४२	४९१	१६४३३	९२.८४
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२९२४५७	१२३६८३		४१६१४०	१४०७३६	९४०१५	२३४७५१	५६.४१
आर्थिक मामिला तथा योजना मन्त्रालय	१६११५६	१४१९९		१७५३५५	१२६१२०	१३६७३	१३९७९३	७९.७२
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	८३६७२७	१११५२७१		१९५१९९८	६८५८००	७३१८४८	१४१७६४८	७२.६३
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	२५९४१३	२६०९००३		२८६८४१६	१७४७३९	२१०५५४४	२२८०२८३	७९.५
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१३७२०६६	४९५१५०		१८६७२१६	९४९६९०	३४३३१७	१२९३००७	६९.२५
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	३३१५४०	४४१४०		३७५६८०	२४८१८१	१८४१५	२६६५९६	७०.९६
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	२८६७१५	१०१४३८७४		१०४३०५८९	२१०९४२	५७०१२१०	५९१२१५२	५६.६८
सामाजिक विकास मन्त्रालय	२९९०९४२	२७२८५४३		५७१९४८५	२१९९५५८	१९०७९५८	४१०७५१६	७१.८२
कर्णाली प्रदेश योजना आयोग	४१०००	१०००		४२०००	२६३६१	८३७	२७१९९	६४.७६
अर्थ- वित्तीय व्यवस्था			२५००००	२५००००				०
अर्थ- विविध	७१७८८१	१५०००००		२२१७८८१		१३८६	१३८६	०.०६
स्थानीय तह	४८३३५८१			४८३३५८१	४१०३८७४		४१०३८७४	८४.९०
जम्मा	**१२३७४०२८**	**१८७८६०१३**	**२५०००**	**३१४१००४१**	**९०७०९६०**	**१०९२६५०४**	**१९९९७४६४**	**६३.६७**

यो वर्ष कुल विनियोजित बजेटको ६३.६७ प्रतिशत खर्च भएकोमा मन्त्रालय तथा निकायगत रूपमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सबैभन्दा कम ५६.४१ प्रतिशत र मुख्य

न्यायाधिवक्ताको कार्यालयले सबैभन्दा बढी ९२.८४ प्रतिशत खर्च गरेको छ। अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट स्थानीय तहलाई चालु खर्चबाट रु.४ अर्ब ८३ करोड ३५ लाख ८१ हजार बजेट व्यवस्था गरेकोमा रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार (८४.९० प्रतिशत) खर्च गरेको छ। विनियोजन दक्षता वृद्धि गरी बजेटको अधिकतम उपयोग गर्नुपर्दछ।

१४. **जिल्लागत निकासा र खर्च**- प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०८१।८२ को जिल्लागत विनियोजित बजेट र खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

जिल्ला	बजेट				खर्च			बजेट प्रतिशत	खर्च प्रतिशत
	चालु	पुँजीगत	वित्तीय व्यवस्था	जम्मा	चालु	पुँजीगत	जम्मा		
रुकुम	८८१५८६	१७५९९९३	०	२६४१५७९	७५४६२१	१२५८४९७	२०१३११८	८.४१	१०.०७
सल्यान	८२८४२५	१३७७४७८	०	२२०५९०३	६८५०७८	१०६४८२८	१७४९९०५	७.०२	८.७५
डोल्पा	७३६३५३	१०२१६७९	०	१७५८०३२	६३४९३३	६६३२४५	१२९८१७७	५.६	६.४९
जुम्ला	७२४७९५	९९९७२७	०	१७२४५२२	६०१०१९	८५६९४९	१४५७९६७	५.४९	७.२९
मुगु	५५६२५८	११०८९११	०	१६६५१६९	४४६७१८	५९२७५६	१०३९४७४	५.३	५.२०
हुम्ला	७०६१९४	१३४८११७	०	२०५४३११	५६६१५३	९६४६७१	१५३०८२४	६.५४	७.६६
कालिकोट	७७२१२२	८९९०८१	०	१६७१२०४	६४७७७७	६८८६११	१३३६३८८	५.३२	६.६८
जाजरकोट	८६००५६	९२५९८९	०	१७८६०४५	७०२८८५	६८९४९३	१३९२३७९	५.६९	६.९६
दैलेख	११३८३३९	१३४०३४०	०	२४७८६७८	९४८९६७	९२९२९१	१८७८२५८	७.८९	९.३९
सुर्खेत	५१६९९०१	८००४६९९	२५००००	१३४२४६००	३०८२८११	३२१८१६४	६३००९७४	४२.७४	३१.५१
जम्मा	**१२३७४०२८**	**१८७८६०१३**	**२५०००**	**३१४१००४१**	**९०७०९६०**	**१०९२६५०४**	**१९९९७४६४**	**१००**	**१००**

उल्लिखित विवरणअनुसार विनियोजित बजेटमध्ये यो वर्ष सुर्खेत जिल्लामा सबैभन्दा बढी ४२.७४ प्रतिशत र मुगु जिल्लामा सबैभन्दा घटी ५.३० प्रतिशत विनियोजन भएको छ। प्रदेशको कुल खर्चमध्ये सुर्खेत जिल्लामा सबैभन्दा बढी ३१.५१ प्रतिशत र सबैभन्दा कम मुगुमा ५.२० प्रतिशत खर्च भएको छ। स्रोतको बाँडफाँट गर्दा खर्चको आवश्यकता, जनसंख्या, विकासको अवस्था र क्षेत्रगत सन्तुलनको पक्षलाई ध्यान दिनुपर्दछ।

१५. **योजना छनोट** - कर्णाली प्रदेश आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ मा सडक र भवन पूर्वाधार तर्फका आयोजनामा तीस लाख र सो बाहेकका आयोजनामा पन्ध्र लाखभन्दा कम लागत भएका आयोजना र सो लागत रकमको सीमाभन्दा कमका आयोजना स्थानीयतहबाट कार्यान्वयन हुने उल्लेख छ। प्रदेश सरकारले यो वर्ष रु.१० लाखसम्मका १ हजार १४९, रु.१० लाख भन्दामाथि रु.२० लाखसम्मका १ हजार १५३, रु.२० लाख भन्दामाथि रु.५० लाखसम्मका ७६०, रु.५० लाख भन्दामाथि १ करोडसम्मका १४१ र रु.१ करोड भन्दामाथिका १८१ गरी जम्मा ३ हजार ३८४ योजनामा रु.१६ अर्ब २६ करोड ५३ लाख ९२ हजार बजेट विनियोजन गरेको छ।

(रु.हजारमा)

योजनाको विवरण	योजना संख्या	संख्या प्रतिशत	बजेट	बजेट प्रतिशत
१० लाख सम्मका योजना	११४९	३३.९५	६४१६३२	३.९४
१० लाख देखि २० लाखसम्म	११५३	३४.०७	१८७७१८७	११.५४
२० लाख देखि ५० लाखसम्म	७६०	२२.४६	२८३१४१६	१७.४१
५० लाख देखि १ करोडसम्म	१४१	४.१७	११२२०३०	६.९०
१ करोडभन्दा बढी	१८१	५.३५	९७९३१२७	६०.२१
जम्मा	**३३८४**	**१००**	**१६२६५३९२**	**१००**

उल्लिखित विवरणअनुसार रु.१० लाखसम्मका योजनाको संख्या कुल योजनाको ३३.९५ प्रतिशत तथा बजेटको तुलनामा ३.९४ प्रतिशत रहेको छ। प्रदेश सरकारले कार्यविधि बमोजिम

स्थानीय तहबाट सम्पन्न गर्न सकिने योजनाहरूमा समेत प्रदेश तहबाट कार्यान्वयन गर्दा कार्य क्षेत्रगत स्पष्टता नहुने देखिएकोले प्रदेशको योजना छनोट प्रक्रियामा सुधार गर्नुपर्दछ।

१६. **बहुवर्षीय आयोजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ नियम २३ मा विकास आयोजनाको बजेट तर्जुमा गर्दा प्रस्तावित आयोजनाको सम्भाव्यता अध्ययन र आर्थिक, प्राविधिक, वातावरणीय तथा प्रशासकीय उपयुक्तताको आधारमा त्यसबाट हुने प्रतिफल समेतको विचार गरी प्रदेश सरकारबाट आयोजना स्वीकृत गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकार मातहतका कार्यालयबाट बहुवर्षीय आयोजनाहरूको खरिद सम्झौता भएका ८ मन्त्रालयका ८५९ ठेक्काको कुल सम्झौता रु.२७ अर्ब ५६ करोड ९८ लाख ५२ हजारमध्ये यो वर्षसम्ममा रु.१० अर्ब ४२ करोड २३ लाख ८९ हजार भुक्तानी भई रु.१७ अर्ब १४ करोड ७४ लाख ६३ हजार आगामी वर्षको लागि सम्भावित दायित्व रहेको छ।

(रु.हजारमा)

मन्त्रालय तथा निकाय	ठेक्का सङ्ख्या	सम्झौता रकम	गत वर्षसम्मको खर्च	चालू वर्षको खर्च	जम्मा खर्च	बाँकी रकम
प्रदेश सभा सचिवालय	१	२०१३	२५१४	२६२	२७७६	-७६३
आर्थिक मामिला तथा योजना मन्त्रालय	१	१००००	-	-	-	१००००
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय	३६	६६५१२७	२०७७६१	१००४३३	३०८१९४	३५६९३३
जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	९२	१२२२१८२	२७४०३१	२७६१९८	५५०२२९	६७१९५३
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय	६	२४६७४२	२२२०९	५५२७७	७७४८६	१६९२५६
आन्तरिक मामिला तथा कानुन मन्त्रालय	८	१००७९४	३५०६१	३६३२	३८६९३	६२१०१
भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय	५६८	२१०४५०१३	४०४३५३१	३६०८८४१	७६५२३७२	१३३९२६४१
सामाजिक विकास मन्त्रालय	१४७	४२७७९८१	१४५१७५९	३४०८८०	१७९२६३८	२४८५३४३
जम्मा	**८५९**	**२७५६९८५२**	**६०३६८६६**	**४३८५५२२**	**१०४२२३८९**	**१७१४७४६३**

बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता दिएकोमा स्रोत आधार उल्लेख गरेको छैन। आगामी वर्ष प्राप्त हुने राजस्व समेतको पूर्वानुमान गरी सहमति जनाउनुपर्दछ।

१७. **सङ्घीय अनुदान** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार २०८१।८२ मा सङ्घीय सरकारबाट प्रदेश सरकारलाई प्राप्त हुने अनुदानको प्राप्ति, खर्च र फिर्ताको स्थिति देहायअनुसार रहेको छः

(रु.हजारमा)

अनुदान प्रकार	स्रोतको अनुमान	अनुदान प्राप्ति	खर्च	प्राप्ति प्रतिशत	खर्च प्रतिशत
वित्तीय समानीकरण अनुदान	१०३६६३००	९५१२११७	७१४५६३६	९१.७६	७५.१२
सशर्त अनुदान	३७१५०००	१९२२३२२	१९२२३१४	५१.७४	१००
समपूरक अनुदान	१२८५०००	४७७६६०	४७७६६०	३७.१७	१००
विशेष अनुदान	६७२५००	४०९८२१	४०९८२१	६०.९४	१००
जम्मा	**१६०३८८००**	**१२३२१९२०**	**९९५५४३१**	**७६.८३**	**८०.७९**

यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार रहेका छन्:

१७.१. यो वर्ष सङ्घीय सरकारबाट वित्तीय समानीकरण, सशर्त, विशेष र समपूरक अनुदानबाट रु.१६ अर्ब ३ करोड ८८ लाख प्राप्त हुने अनुमान गरेकोमा रु.१२ अर्ब ३२ करोड १९ लाख २० हजार (७६.८३ प्रतिशत) प्राप्ति भएको छ। अनुदानतर्फ स्रोत अनुमानको तुलनामा वित्तीय समानीकरण अनुदान ९१.७६ प्रतिशत र सशर्त, विशेष र समपूरक अनुदान क्रमसः ५१.७४, ३७.१७ र ६०.९४ प्रतिशत प्राप्ति भएको छ।

१७.२. सशर्त अनुदानको प्राप्ति र खर्चमा प्रदेशतर्फ युनिसेफबाट प्राप्त रु.१ करोड ३८ लाख १३ हजार सोझै भुक्तानी अनुदानको रकम समावेश छैन।

१७.३. वित्तीय समानीकरण अनुदान रु.९ अर्ब ५१ करोड २१ लाख १७ हजार प्राप्त भएकोमा रु.७ अर्ब १४ करोड ५६ लाख ३६ हजार (७५.१२ प्रतिशत) खर्च भई रु.२ अर्ब ३६ करोड ६४ लाख ८१ हजार बाँकी रहेको देखिन्छ।

१८. **स्थानीय तहलाई अनुदान** - अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ८ (२) मा नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो स्रोतबाट उठेको राजस्वलाई प्रदेशभित्रका स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुन बमोजिम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने उल्लेख छ। यो वर्ष प्रदेश सरकारले ७९ स्थानीय तहलाई देहायअनुसार रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार वित्तीय हस्तान्तरण गरेको छः

(रु.हजारमा)

अनुदान विवरण	स्थानीय तह संख्या	स्वीकृत बजेट	हस्तान्तरण रकम	हस्तान्तरण प्रतिशत
वित्तीय समानीकरण अनुदान	७९	८०००००	७९१२४३	९८.९१
सशर्त अनुदान	७९	३०५५२९१	२७५१५०८	९०.०६
समपूरक अनुदान	५०	६७८२९०	३२०५६१	४७.२६
विशेष अनुदान	४६	३०००००	२४०५६२	८०.१९
जम्मा		**४८३३५८१**	**४१०३८७४**	**८४.९०**

उल्लिखित समानीकरण अनुदानमध्ये वास्तविक खर्च र बाँकी मौज्दात यकिन भएको छैन। हस्तान्तरण गरिएको अनुदानलाई प्रभावकारी रूपमा परिचालन गर्नुपर्दछ।

१९. **अन्तर सरकारी अख्तियारी -** कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ६ मा प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको कुनै योजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार, अर्थ मन्त्रालयको स्वीकृति लिई प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालयमार्फत कार्यान्वयन गर्ने गरी निर्णय गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले यो वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयमार्फत नेपाल सरकारका १० जिल्ला समन्वय समितिहरूलाई रु.५ लाखका दरले रु.५० लाख विनियोजन गरी रु.४४ लाख १७ हजार, आन्तरिक मामिला तथा कानुन मन्त्रालय मार्फत ३ प्रहरी कार्यालयलाई रु.२ करोड २ लाख ४० हजार विनियोजन गरी रु.१ करोड २३ लाख ३६ हजार, ५ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् लगायत प्राविधिक शिक्षालयको लागि रु.२५ करोड २३ लाख १८ हजार बजेट विनियोजन गरी रु.१९ करोड ७४ लाख १८ हजार समेत रु.२१ करोड ४१ लाख ७१ हजार खर्च गरेको छ। प्रदेश सरकारले सङ्घीय कार्यालयलाई बजेट विनियोजन गर्दा कानुनको पालना गर्नुपर्दछ।

१९.१. यो वर्ष प्रदेश सरकार अन्तर्गतका सामाजिक विकास मन्त्रालयबाट १३ स्थानीय तहलाई मुख्यमन्त्री डिजिटल शिक्षा र नमुना विद्यालय कार्यक्रममा रु.९ करोड १० लाख र आन्तरिक मामिला तथा कानुन मन्त्रालयबाट ७३ स्थानीय तहलाई शहीद बेपत्ता तथा अपाङ्गता भत्तामा रु.९ करोड २५ लाख

५९ हजार समेत रु.१८ करोड ३५ लाख ५९ हजार बजेट विनियोजन गरी रु.१७ करोड ८ लाख ३२ हजार ती स्थानीय तहको कार्यसञ्चालन कोषमा निकासा गरेको छ।

२०. **वार्षिक मूल्याङ्कन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २३(५) मा मन्त्रालयबाट प्राप्त प्रगति समीक्षा प्रतिवेदन समेतका आधारको बजेट तथा कार्यक्रम कार्यान्वयन अवस्थाको मूल्याङ्कन गरी एकीकृत मूल्याङ्कन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले २०८२ असोजमा तयार गरेको बजेटको वार्षिक मूल्याङ्कनमा प्रदेश सरकारको नीति तथा बजेटमा समावेश भएका कार्यक्रमको कार्यान्वयनको मन्त्रालयगत भौतिक प्रगतिको अवस्था खुल्ने गरी विवरण समावेश गरेको देखिएन। बजेटको वार्षिक एकीकृत मूल्याङ्कन प्रतिवेदनमा वित्तीय तथा भौतिक प्रगतिको अवस्था खुलाइ सार्वजनिक गर्नुपर्दछ।

२१. **राजस्व अनुमान र प्राप्ति** - प्रदेश सरकारको सञ्चित कोषको एकीकृत विवरणअनुसार २०८१।८२ को अनुमान र प्राप्ति देहायअनुसार छः

(रु.हजारमा)

क्र.सं.	विवरण	अनुमान	प्राप्ति रकम	प्राप्ति प्रतिशत
१	सङ्घीय राजस्व बाँडफाँट	९३८५३०२	८४०१९२७	८९.५२
२	सङ्घीय सरकारबाट अनुदान	१६०३८८००	१२३२१९२०	७६.८३
३	प्रदेशको आन्तरिक आय	८३४४६३	६३४४५८	७६.०३
४	सोझै भुक्तानी	१३३५०	११८३३	८८.६४
कुल प्राप्ति		**२६२७१९१५**	**२१३७०१३८**	**८१.३४**

उल्लिखित विवरणअनुसार राजस्व प्राप्त लक्ष्यको ८१.३४ प्रतिशत प्राप्ति भएको छ। राजस्व प्राप्तिको रकममा राजस्व बाँडफाँट गर्नुपर्ने सवारीसाधन कर रु.१ करोड ४४ लाख ४४ हजार २०८२।८३ मा जम्मा भएकोले उक्त रकम समावेश भएको छैन। प्रदेश सरकारलाई प्राप्त हुने आयको उल्लेखनीय हिस्सा सङ्घीय अनुदान, सङ्घीय राजस्व बाँडफाँट र गतवर्षको मौज्दात रकम रहेको देखिएकोले आन्तरिक राजस्वको दायरा वृद्धि गर्नुपर्दछ।

२२. **बाँडफाँटबाट प्राप्त आय** - कर्णाली प्रदेश आर्थिक ऐन, २०८१ को दफा ६, ७, ९ र ११ बमोजिम प्राप्त हुने कर तथा शुल्क सम्बन्धित स्थानीय तहले स्थानीय विभाज्य कोषमा जम्मा गर्ने र सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। यो वर्ष प्रदेश अन्तर्गतका स्थानीय तहबाट दहत्तर वहत्तर शुल्क, मनोरञ्जन कर, विज्ञापन कर तथा पर्यटन शुल्क राजस्व शीर्षकमा प्रदेश सञ्चित कोषमा रु.३ करोड ९७ लाख ७४ हजार दाखिला भएको छ। स्थानीय तहबाट प्राप्त हुने ४० प्रतिशत कर तथा शुल्क प्रदेश सञ्चित कोषमा दाखिला गरे नगरेको सम्बन्धमा यकिन गरेको छैन। स्थानीय तहबाट सङ्कलन हुने राजस्व गतवर्षको तुलनामा ४२.६१ प्रतिशतले वृद्धि भए तापनि उक्त राजस्व वास्तविक भएको यकिन गर्ने अभिलेख राखेको छैन। स्थानीय तहबाट बाँडफाँट भई प्राप्त हुने राजस्व यकिन गर्नुपर्दछ।

२३. **राजस्व छुट** - कर्णाली प्रदेश आर्थिक ऐन, २०८१ को दफा १५ मा प्रदेश सरकारले कानुन बमोजिम लगाइएका दस्तुर, शुल्क, महशुल र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क, महशुल र कर आंशिक वा पूर्णरूपमा छुट दिनसक्ने र छुट दिइएको विवरण प्रदेश सभामा पेस गर्नुपर्ने उल्लेख छ। ऐनको अनुसूचीमा विभिन्न सेवाको दस्तुर, शुल्क र करको दरमा छुट हुने उल्लेख रहेकोमा

मन्त्रालयले यो वर्ष छुट दिएको रकमको क्षेत्रगत तथा एकीकृत विवरण तयार गरी प्रदेश सभामा पेस गरेको देखिएन। प्रदेश सरकारबाट कर, राजस्व तथा शुल्कमा छुट प्रदान गरेको अभिलेख तयार गर्नुपर्दछ।

२४. **कृषि आयमा कर -** कर्णाली प्रदेश आर्थिक ऐन, २०८१ को दफा ८ मा कृषि सेवा शुल्क सम्बन्धी व्यवस्था छ। प्रदेश सरकारको एकल अधिकार क्षेत्र रहेको कृषि क्षेत्रको करको विषयमा आर्थिक ऐनमा समावेश नगरेको तथा कृषि आयमा लाग्ने कर शीर्षकमा राजस्व सङ्कलन गरेको देखिएन। प्रदेश सरकारको एकल अधिकार क्षेत्रमा पर्ने कृषि आयमा लाग्ने करको नियमन गर्नुपर्दछ।

२५. **बेरुजुको लगत -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.१ करोड ३७ लाख ९९ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फर्स्यौटको वार्षिक कार्ययोजना बनाइ फर्स्यौटको अनुगमन गर्नुपर्दछ।

प्रदेश लेखा नियन्त्रक कार्यालय

२६. **प्रदेश सञ्चित कोष -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३ मा प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रुपमा राख्ने तथा त्यसको वार्षिक वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेश सरकारको २०८१।८२ को सञ्चितकोषको अवस्था देहाय अनुसार छः

(रु.लाखमा)

विवरण	चालु वर्षको कारोबार			गत वर्षको कारोबार		
	नगद	तेस्रो पक्ष भुक्तानी	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी	जम्मा
१. राजस्व,अनुदान र अन्य प्राप्ति	२१३५८३	११८	२१३७०१	१९३८४४	१४७	१९३९९१
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	-	-	-	-	-	-
३. यस वर्षको खुद प्राप्ति (१+२)	२१३५८३	११८	२१३७०१	१९३८४४	१४७	१९३९९०
४. भुक्तानी	१९९८५६	११८	१९९९७४	१९८५३५	१४७	१९८६८२
५. विनिमय दर वा अन्य समायोजन	-	-	-	-	-	-
६. यस वर्षको भुक्तानी (४+५)	१९९८५६	११८	१९९९७४	१९८५३५	१४७	१९८६८२
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	१३७२६	०	१३७२६	-४६९१	०	-४६९१
८. आर्थिक वर्षको सुरू मौज्दात	६४८३०	०	६४८३०	६९५२१	०	६९५२१
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**७८५५६**	**०**	**७८५५६**	**६४८३०**	**०**	**६४८३०**

गत वर्षको लेखापरीक्षणबाट प्रमाणिकरण भएको एकीकृत वित्तीय विवरणअनुसार २०८०।८१ को अन्तिम मौज्दात रु.६ अर्ब ३० करोड ९६ लाख देखिएकोमा बैङ्क मौज्दात बढी देखिएको रु.१७ करोड ३४ लाख थप गरी रु.६ अर्ब ४८ करोड ३० लाख जिम्मेवारी सारेको छ। लेखापरीक्षणबाट प्रमाणिकरण भएको वित्तीय विवरणको रकम फरक गरी लेखाङ्कन गर्नु उपयुक्त देखिएन। वित्तीय विवरणको मौज्दात फरक पर्नाको कारण खुलासा गर्नुपर्दछ।

२७. **एकीकृत वित्तीय विवरण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २९ मा प्रदेश लेखाको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्ने जिम्मेवारी प्रदेश लेखा

नियन्त्रक कार्यालयलाई तोकिएको छ। कार्यालयबाट प्राप्त २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण देहाय अनुसार रहेको छः

(रु. हजारमा)

विवरण	चालु वर्षको कारोबार			गत वर्षको कारोबार		
	बजेट निकाय	गैर बजेट निकाय	जम्मा	बजेट निकाय	गैर बजेट निकाय	जम्मा
१. राजस्व,अनुदान र अन्य प्राप्ति	२१३७०१३८	४७१६७८	२१८४१८१६	१९३९९०७७	-	१९३९९०७७
२. वित्तीय व्यवस्थाबाट प्राप्ति	-	-	-	-	-	-
३. यस वर्षको खुद प्राप्ति (१+२)	२१३७०१३८	४७१६७८	२१८४१८१६	१९३९९०७७	-	१९३९९०७७
४. भुक्तानी	१९९९७४६४	४३१०८७	२०४२८५५१	१९८६८२०८	-	१९८६८२०८
५. विनिमय दर वा अन्य समायोजन	-	-	-	-	-	-
६.यस वर्षको भुक्तानी (४+५)	१९९९७४६४	४३१०८७	२०४२८५५१	१९८६८२०८	-	१९८६८२०८
७. यस अवधिको कोषमा भएको थप घट (+/)	११७००६	-	११७००६	२०३४७०	-	२०३४७०
८. आर्थिक वर्षको सुरू मौज्दात	७८७४०२३	२६३५७५	८१३७५९८	८१३९६८५	-	८१३९६८५
९. आर्थिक वर्षको अन्त्यको मौज्दात	**९३६३७०३**	**३०४१६७**	**९६६७८६९**	**७८७४०२३**	**२६३५७५**	**८१३७५९८**

उल्लिखित विवरणअनुसार गतवर्षको जिम्मेवारी रु.८ अर्ब १३ करोड ७५ लाख ९८ हजार रहेको र यसवर्षको प्राप्ति रु.२१ अर्ब ८४ करोड १८ लाख १६ हजार समेत प्राप्ति रु.२९ अर्ब ९७ करोड ९४ लाख १४ हजार भएकोमा रु.२० अर्ब ४२ करोड ८५ लाख ५१ हजार भुक्तानी भएको देखिन्छ। प्रदेशको समग्र धरौटी, आकस्मिक कोषलगायतका अन्य कोषको रु.११ करोड ७० लाख ६ हजार थप भई आर्थिक वर्षको अन्त्यमा कोष सहितको नगद मौज्दात रु.९ अर्ब ६६ करोड ७८ हजार ६९ हजार रहेको देखिन्छ। उल्लिखित प्राप्ति तथा भुक्तानीमा तेस्रो पक्ष युनिसेफबाट सोझै भुक्तानी रु.१ करोड १८ लाख ३३ हजार समेत समावेश छ।

२८. **गैर बजेटरी निकाय** - प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको गैर बजेटरी निकायको प्राप्ति र भुक्तानीको वार्षिक प्रतिवेदनअनुसार गत वर्षको जिम्मेवारी रु.२६ करोड ३५ लाख ७५ हजार र यस वर्षको आम्दानी रु.४७ करोड १६ लाख ७८ हजार समेत रु.७३ करोड ५२ लाख ५३ हजार प्राप्ति भएकोमा रु.४३ करोड १० लाख ८७ हजार भुक्तानी भई रु.३० करोड ४१ लाख ६६ हजार वर्षान्तमा मौज्दात रहेको छ। प्रदेश सरकार मातहत १० अस्पताल विकास समिति, प्रदेश खेलकुद परिषद् र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान रहेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले ३ अस्पताल विकास समितिको मात्र आय व्यय हिसाब समावेश गरेकोले एकीकृत वित्तीय विवरणले आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गरेको छैन। प्रदेश सरकार मातहतका गैर बजेटरी निकायको आर्थिक कारोबार समावेश गरी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

२९. **सङ्घीय सरकारबाट प्राप्त राजस्व बाँडफाँट** - अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ६ मा नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्कको रकम बाँडफाँट गर्न नेपाल सरकारले एक सङ्घीय विभाज्य कोष खडा गरी त्यस्तो रकम सो कोषमा जम्मा गर्ने र कोषमा जम्मा भएको रकममध्ये पन्ध्र प्रतिशत प्रदेशलाई बाँडफाँट गरिने व्यवस्था छ। बाँडफाँट भई प्राप्त हुने राजस्वको ८९.५२ प्रतिशत प्राप्ति भएकोले नेपाल सरकारको असुली मध्ये प्रदेश सरकारले पाउनुपर्ने राजस्वको यकिन गरी प्राप्त गर्नुपर्दछ।

(रु.हजारमा)

क्र.स.	शीर्षक	लक्ष्य	प्राप्ति	प्राप्ति प्रतिशत
१.	११४११- बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर	६९२६७९९	६१६९३१८	८९.०६
२.	११४२१- बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क	२४३०७९९	२२०७६१९	९०.८२
३.	१४१५३-बाँडफाँट भई प्राप्त हुने वन रोयल्टी	२४१११	२३५३४	९७.६१
४.	१४१५४-बाँडफाँट भई प्राप्त हुने खनिज सम्वन्धी रोयल्टी	१०४७	१४३	१३.६६
५.	१४१५६-बाँडफाँट भई प्राप्त हुने विद्युत सम्वन्धी रोयल्टी	२१००	८८०	४१.९
६.	१४१५८-बाँडफाँट भई प्राप्त हुने पर्वतारोहणसम्वन्धी रोयल्टी	४४६	४३३	९७.०९
जम्मा		**९३८५३०२**	**८४०१९२७**	**८९.५२**

उल्लिखित तालिका अनुसार बाँडफाँटबाट रु.८ अर्ब ४० करोड १९ लाख २७ हजार राजस्व देखाएकोमा महालेखा नियन्त्रक कार्यालयले मूल्य अभिवृद्धि कर रु.६ अर्ब १८ करोड ९२ लाख ८३ हजार, अन्तः शुल्क रु.२ अर्ब २१ करोड ४ लाख १३ हजार तथा रोयल्टी रु.३ करोड२१ लाख ३७ हजार समेत रु.८ अर्ब ४३ करोड १८ लाख ३३ हजार देखाएकोले रु.२ करोड ९९ लाख ७ हजार फरक परेको छ। प्राप्त रकम यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

३०. **घरजग्गा रजिष्ट्रेसन दस्तुर -** अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ५ (१ख) मा प्रदेशले लगाएको घर जग्गा रजिष्ट्रेसन शुल्क स्थानीय तहले उठाउने व्यवस्था छ। यो वर्ष रु.१३ करोड ७२ लाख ३७ हजार रजिष्ट्रेसन शुल्क प्राप्त गर्ने लक्ष्य लिएकोमा रु.१६ करोड ३६ लाख ८९ हजार प्राप्त गरेको छ।प्रदेश लेखा नियन्त्रक कार्यालयले मालपोत कार्यालयबाट बाँडफाँट भई प्राप्त भएको रकममात्र आम्दानी जनाएको छ। सम्बन्धित मालपोत कार्यालयले बाँडफाँट गरी दाखिला गरेको अनुगमन गर्नुपर्दछ।

३१. **स्थानीय तहलाई वित्तीय हस्तान्तरण** - कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ को दफा ५(९) मा प्रदेश सरकारबाट हस्तान्तरण भएको सशर्त, समपूरक र विशेष अनुदानको रकममध्ये आषाढ मसान्तसम्म खर्च नभई बाँकी रहेको रकम स्थानीय तहले साउन पन्ध्र भित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारले ७९ स्थानीय तहलाई समानीकरण अनुदान रु.७९ करोड १२ लाख ४३ हजार, सशर्त अनुदान रु.२ अर्ब ७५ करोड १५ लाख ९ हजार, समपूरक अनुदान रु.३२ करोड ५ लाख ६१ हजार तथा विशेष अनुदान रु.२४ करोड ५ लाख ६१ हजार समेत रु.४ अर्ब १० करोड ३८ लाख ७४ हजार निकासा गरेको छ। प्रदेशबाट स्थानीय तहलाई निकासा भएको रकममध्ये खर्च नभई ६९ स्थानीय तहले रु.२७ करोड ९२ लाख ९२ हजार सोही वर्ष फिर्ता गरेको र १७ स्थानीय तहले २०८२।८३ मा रु.४ करोड १५ लाख ६१ हजार समेत रु.३२ करोड ८ लाख ५३ हजार फिर्ता गरेको देखिन्छ। निकासा र खर्चको अभिलेख राखी, खर्च नभएको रकम फिर्ता लिनुपर्दछ।

३२. **प्रदेश विभाज्य कोष -** प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार प्रदेश विभाज्य कोषमा यो वर्ष रु.३४ करोड ३५ लाख ७३ हजार प्राप्त भएको छ। प्राप्त रकममध्ये रु.१५ करोड ५७ लाख ३८ हजार प्रदेश सञ्चित कोषमा र रु.१० करोड ३८ लाख २५ हजार स्थानीय सञ्चित कोषमा दाखिला भएको छ। कोषमा प्राप्त रोयल्टबापतको रु.८ करोड ४० लाख १० हजार सङ्घीय विभाज्य कोषमा दाखिला भएको छ। यसैगरी, यो वर्ष कोषमा प्राप्त हुनुपर्ने सवारी साधनकर रु.१ करोड ४४ लाख ४४ हजार २०८२।८३ मा जम्मा भएको छ। विभाज्य कोषमा प्राप्त सवारीसाधन कर सोही वर्ष जम्मा गरी बाँडफाँट हुनुपर्दछ।

३३. **सरकारी सम्पत्तिको अभिलेख** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५३ मा जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा राख्नुपर्ने उल्लेख छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त जिन्सी मौज्दातको वार्षिक विवरणअनुसार प्रदेशका १२ मन्त्रालय तथा निकायको सार्वजनिक सम्पत्ति रु.५ अर्ब १ करोड ४६ लाख ८७ हजार रहेकोमा प्रदेश सरकारको सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख व्यवस्थित गरेको छैन। सो सम्पत्तिमध्ये २०८२ भाद्र २३ र २४ मा भएको आन्दोलनको क्रममा २ कार्यालयको अनुमानित रु.५ करोड २६ लाख ३२ हजार मूल्यका सम्पत्ति क्षति भएको अभिलेखमा जनाएको छ। सबै सम्पत्तिको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अभिलेख गर्नुपर्दछ।

३४. **धरौटी** - प्रदेश अन्तर्गतका कार्यालयको धरौटीको विवरणअनुसार गतवर्षको मौज्दात रु.१ अर्ब १३ करोड १८ लाख ८० हजार र यो वर्ष प्राप्त रु.४५ करोड १७ लाख ९ हजार समेत रु.१ अर्ब ५८ करोड ३५ लाख ८९ हजार रहेकोमा यो वर्ष रु.३९ करोड १३ लाख १६ हजार सदरस्याहा र फिर्ता खर्च भई रु.१ अर्ब १९ करोड २२ लाख ७३ हजार बाँकी रहेको देखिन्छ। मन्त्रालय तथा मातहत निकायमा प्रयोजन समाप्त भएको रकम यकिन गरी फिर्ता तथा सदरस्याहा गर्नुपर्दछ। यससम्बन्धी विवरण **अनुसूची-१३** मा छ।

३५. **कार्यसञ्चालन कोष** - प्रदेश सरकार मातहतका ८ मन्त्रालय तथा निकायमा रहेका कार्यसञ्चालन कोषमा गतवर्ष रु.२५ करोड ९१ लाख ८१ हजार बाँकी रहेकोमा यो वर्ष रु.४९ करोड २ लाख ८६ हजार प्राप्त भई रु.४३ करोड ३६ लाख ७३ हजार खर्च भई वर्षान्तमा रु.३१ करोड ५७ लाख ९४ हजार मौज्दात रहेको छ। उक्त रकम प्रदेश सञ्चितकोषको विवरणमा समावेश भएको छैन। यससम्बन्धी विवरण **अनुसूची-१४** मा छ।

३६. **पेस्की** - यो वर्षको प्रदेश सरकारअन्तर्गतका १२ मन्त्रालय तथा निकायमा म्याद ननाघेको पेस्की रु.३५ करोड २ लाख ७९ हजार र म्याद नाघेको पेस्की रु.१६ करोड ९५ लाख ८६ हजार गरी रु.५१ करोड ९८ लाख ६५ हजार र गतवर्षको रु.८३ करोड १४ लाख ९६ हजार पेस्की बाँकी रहेको देखिन्छ। आन्तरिक लेखापरीक्षणबाट यो वर्षको म्याद नाघेको पेस्की रु.१३ करोड ६६ लाख १ हजार देखाएकोले आन्तरिक लेखापरीक्षकले देखाएको म्याद नाघेको पेस्की र वित्तीय विवरणअनुसारको म्याद नाघेको पेस्की बीच रु.३ करोड २९ लाख ८५ हजार फरक देखिन्छ। त्यस्तै भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय मातहतको एक निकायले एकीकृत सार्वजनिक वित्त व्यवस्थापन प्रणालीमा जिम्मेवारी नसारेको रु.११ करोड ३८ लाख २२ हजार पेश्की वित्तीय विवरणमा समावेश भएको देखिएन। पेस्की हिसाबको अभिलेख राखी एकीकृत हिसाब तयार गर्नुपर्दछ।

३७. **तलबी प्रतिवेदन** - कर्णाली प्रदेश निजामती सेवा ऐन, २०८० को दफा ४४ (३) मा तलबी प्रतिवेदन पास नगराइ तलब खर्च लेख्न नहुने उल्लेख छ। यस वर्ष प्रदेशअन्तर्गतका कर्मचारीहरूको पारिश्रमिकमा रु.१ अर्ब २८ करोड १३ लाख २ हजार खर्च भएकोमा कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेको पाइएन। प्रदेश सरकारको कर्मचारीहरूको तलबी प्रतिवेदन पारित गरेर तलब भुक्तानी गर्नुपर्दछ।

३८. **सरकारी बाँकीको लगत -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ४६(४) बमोजिम सकारी बाँकीको रूपमा असुल गर्नुपर्ने रकमको एकीकृत लगत प्रदेश लेखा नियन्त्रक कार्यालयले राख्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रदेशअन्तर्गतको बेरुजु तथा सरकारी बाँकीको एकीकृत लगत तयार गरेको पाइएन। एकीकृत अभिलेख राखी वार्षिक कार्ययोजना बनाइ असुल गर्नुपर्दछ।

३९. **आन्तरिक लेखापरीक्षण -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३३(९) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका बेहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट तथा सम्परीक्षण गराउनुपर्ने व्यवस्था छ। प्रदेश लेखा नियन्त्रक कार्यालय र मातहतका ९ कार्यालयबाट यो वर्ष १३८ कार्यालयको आन्तरिक लेखापरीक्षण गर्दा रु.१६ करोड ७३ लाख ३२ हजार बेरुजु औंल्याएकोमा अन्तिम लेखापरीक्षण अगावै फर्स्यौंट गराएको पाइएन। गैर बजेटरी निकायको बेरुजु समेत समावेश गरी लेखापरीक्षणबाट देखिएका बेहोराहरू अन्तिम लेखापरीक्षण हुनु अगावै फर्स्यौंट गर्नुपर्दछ।

४०. **दायित्व सिर्जना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ४१(७) मा चालु वर्षको बजेटबाट नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने व्यवस्था छ। प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायले यो वर्ष रु.३ करोड ७४ लाख ५० हजार आगामी आर्थिक वर्षको लागि दायित्व सिर्जना गरेका छन्। आगामी वर्षको बजेटलाई असर पर्ने गरी दायित्व सिर्जना गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, तथ्यपरक ढङ्गले राजस्वको प्रक्षेपण गरी सङ्कलन एवं परिचालन नगरेको, अर्थ/विविधमा अवण्डा बजेट राखी रकमान्तर गर्ने गरेको, स्रोत प्राप्तिको आधार बेगर बहुवर्षीय आयोजनाहरूलाई स्रोत सुनिश्चितता दिने गरेको लगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ ६ निकायमा यो वर्ष रु.१ करोड १९ लाख ९७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराए पछि रु.९२ हजार फर्स्यौंट गरेकोले रु.१ करोड १९ लाख ५ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-**९ मा छ।

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- व्यापार, वाणिज्य र बजार प्रतिस्पर्धासम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण,
- खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन,
- उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्धन,
- प्रदेशस्तरमा हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
- प्रदेशभित्रका उद्योगहरू र साना, मझौला, घरेलु तथा लघु उद्योगहरू स्थापना र प्रवर्धन सम्बन्धमा नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- रोजगार प्रवर्धनसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- श्रमिक एवं श्रमिकको सामाजिक सुरक्षा तथा ट्रेड युनियनसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तर्जुमा र कार्यान्वयन,
- प्रादेशिक पर्यटन विकासको नीति, कानुन, मापदण्ड र योजना निर्माण, पूर्वाधार विकास र प्रवर्धन,
- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन,
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्बन्धी नियमन र अपराध नियन्त्रण,
- जडिबुटी खेती प्रविधि प्रवर्धन, विस्तार तथा बजारीकरणसम्बन्धी नीति तथा कानुन तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति तथा प्रविधि विकास र व्यवस्थापन,
- प्रदेशस्तरमा वातावरणसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २६ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ७१ करोड ५१ लाख ३२ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१४१७६४८	१२६८९९	१२७०७२	४३५१३	१७१५१३२

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	५४५१३८	५४७४४७	४४५००६	८१.२९
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३३३७	३३३७	१९१५	५७.३९

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२१०० सेवा महसुल	१११३१	११०४७	९१००	८२.३७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२९१०८	२९६५३	२७४०९	९२.४३
२२३०० कार्यालय सामान तथा सेवा	१५७०९	१६०५७	१५७८६	९८.३१
२२४०० सेवा तथा परामर्श खर्च	५७४५४	५८४९१	५१०७९	८७.३३
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१२३५५५	१२६२९०	९७३२७	७७.०७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	११७१२	११८१२	११३०५	९५.७१
२२७०० विविध खर्च	५९५४	५९५४	५८४९	९८.२४
२५३०० अन्य सहायता	१३५००	१३५००	८९७५	६६.४८
२६४०० सामाजिक सेवा अनुदान	२६९७	२६९७	२४८७	९२.२५
२८१०० सम्पत्तिसम्बन्धी खर्च	१०५३०	१०४४२	९५६२	९१.५७
जम्मा	**८२९८२५**	**८३६७२७**	**६८५८००**	**८१.९६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१११४९६१	१११५२७१	७३१८४८	६५.६२
कुल जम्मा	**१९४४७८६**	**१९५१९९८**	**१४१७६४८**	**७२.६३**

उल्लिखित विवरणअनुसार चालु खर्च ८१.९६ प्रतिशत, पुँजीगत खर्च ६५.६२ प्रतिशत र समग्रमा ७२.६३ प्रतिशत खर्च भएको देखिन्छ।

३. **एकीकृत वित्तीय विवरण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २९ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयको सम्पूर्ण आय-व्ययको एकीकृत विवरण तयारी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले चालुतर्फ रु.६८ करोड ५८ लाख र पुँजीगततर्फ रु.७३ करोड १८ लाख ४८ हजारसमेत रु.१ अर्ब ४१ करोड ७६ लाख ४८ हजार खर्च भएको, राजस्वतर्फ रु.१२ करोड ६८ लाख ९९ हजार, धरौटीतर्फ रु.१२ करोड ७० लाख ७२ हजार र विविध खर्चतर्फ रु.४ करोड ३५ लाख १३ हजारको विवरण पेस गरेपनि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित ढाँचामा वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - प्रदेश सरकारको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको देखिन्छ। यस वर्ष मन्त्रालय र अन्तर्गत रु.१ अर्ब ९५ करोड १९ लाख ९८ हजार बजेट विनियोजन भएकोमा दिगो विकास लक्ष्य अन्तर्गत उद्योग, नविन खोज र पूर्वाधारको लागि रु.१ अर्ब ११ करोड ९८ लाख ८४ हजार, जलवायु परिवर्तन अनुकूलनको लागि रु.५७ करोड ४८ लाख ७४ हजार र भू-सतह स्रोतको उपयोगका लागि रु.२३ करोड ५६ लाख ३९ हजारसमेत रु.१ अर्ब ९३ करोड ३ लाख ९७ हजार अर्थात् कुल बजेटको ६.१५ प्रतिशत साङ्केतीकरण गरेको देखिन्छ। नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा लक्ष्यको आन्तरिकीकरण गरी प्रगति तयार गरेको पाइएन। दिगो विकास लक्ष्यसँग तादाम्यता हुने गरी बजेट तर्जुमा व्यवस्थापन गर्नुपर्दछ।

५. **आवधिक योजना** - प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।८२-२०८५।८६) मा खानी तथा खनिज पदार्थ सम्बन्धी कानुनी तथा संस्थागत व्यवस्था, भौगर्भिक सर्वेक्षण तथा अन्वेषण र नक्साङ्कन

कार्यक्रम, नदीनालामा ढुङ्गा, बालुवा लगायतका वस्तु थिग्राउने बाँध निर्माण, ढुङ्गा तथा स्लेट उद्योग स्थापना तथा प्रवर्धन, औद्योगिक सम्भाव्यताको अध्ययन तथा नक्साङ्कन र औद्योगिक विकास गुरुयोजना तर्जुमा, प्रदेश औद्योगिक विकास प्रतिष्ठान तथा नवप्रवर्तन कोषको स्थापना, प्रदेश पर्यटन वोर्ड गठन तथा पर्यापर्यटन अध्ययन केन्द्र स्थापना, पर्यटकीय क्षेत्रमा हिल स्टेशन विकास, कर्णाली जडीबुटी प्रशोधन कम्पनी स्थापना तथा सञ्चालन, यार्सागुम्बा लगायत बहुमूल्य जडीबुटीको दिगो उत्पादन तथा प्रवर्धन, अनुसन्धान तथा ब्राण्डिङ कार्यक्रम, वायो इन्जिनियरिङ्ग प्रविधिको विकास तथा उपयोग, वातावरण संरक्षण र फोहोरमैला व्यवस्थापन मार्फत चक्रीय अर्थतन्त्र प्रवर्धन गर्न नीतिगत कानुनी र संस्थागत संरचना निर्माण, सुर्खेतमा फोहोरमैला प्रशोधन केन्द्र स्थापना, जलवायु परिवर्तन व्यवस्थापन परिषद् स्थापना, जैविक विविधताको निगरानी प्रणाली स्थापना, वातावरण अनुकूलन योजना तर्जुमा लगायतका कार्यक्रम सञ्चालन गर्ने उल्लेख छ। आवधिक योजनाले तयार गरेका लक्ष्य हासिल हुनेगरी नीति तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका पर्यटकीय क्षेत्रको विकास र सम्भाव्य खानीको अन्वेषण, उत्खनन्, स्थानीय कच्चा पदार्थमा आधारित उत्पादनमा जोड दिने, सुर्खेत बिमानस्थलको पूर्वाधार विस्तार गर्ने, स्थानीय तहसँग समन्वय गरी रक क्लाइम्बिङ्ग, प्याराग्लाइडिङ्ग, बन्जी जम्प, च्याफ्टिङ्ग, हिमालयन ट्रेलरेस, स्नोस्की लगायतका साहसिक पर्यटकीय कार्यक्रम सञ्चालन तथा प्रवर्धन गर्ने, सुर्खेतको बुलबुल तालबाट काक्रेबिहार हुँदै निकास जलविहारसहितको बहुउद्देश्य परियोजनाको सम्भाव्यता अध्ययन गर्ने, वन अतिक्रमण र नियन्त्रणका लागि कित्तामा आधारित वन क्षेत्र कायम गर्ने, प्लाष्टिकजन्य वस्तुको प्रयोगलाई निरुत्साहित गर्दै वैकल्पिक सामग्री प्रयोगमा प्रवर्धन गर्ने, कर्णाली र भेरी नदीमा एकीकृत जलधार व्यवस्थापन योजना कार्यान्वयन गर्ने प्रविधिको प्रयोगमा जोड दिने कार्यक्रमहरू कार्यान्वयन भएको देखिएन। मन्त्रालयले नीति तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा नयाँ उद्यम व्यवसायप्रति आकर्षण गर्न स्टार्टअप इकोसिस्टम विकासका लागि आवश्यक नीति, मापदण्ड तथा प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गर्ने, नेपाल सरकारद्वारा स्थापना हुने विजिनेस इन्क्यूवेसन सेन्टर सञ्चालनमा आवश्यक समन्वय र सहजीकरण गर्ने, सुर्खेत उपत्यकाको उत्तरी क्षेत्रमा रहेको कटकुवा, लादे, गोठीकाँडा तथा सिद्धापाईला क्षेत्रलाई हिलस्टेशनको रुपमा विकास गर्ने, प्रमुख पर्यटकीय गन्तव्य स्थलका रुपमा रहेको मुगुको रारा ताल, सुर्खेतको काँक्रेबिहार, बुलबुले उद्यान तथा चौघान पार्क र रुकुम पश्चिमको स्यार्पु तालको संरक्षण र विकास, बुलबुले तालदेखि निकास खोलासम्मको जलविहार सहितको बहुउद्देश्यीय परियोजना विकासको लागि सम्भाव्यता अध्ययन गरी कार्यान्वयन गर्ने, सुर्खेत बिमानस्थल विस्तार तथा स्तरोन्नति गर्ने, वन्यजन्तु उद्दार केन्द्रको स्थापना, प्रदेशलाई जडीबुटी हबको रुपमा विकास गर्ने लगायतको कार्यक्रम बजेटमा व्यवस्था भए पनि कार्यान्वयन भएको देखिएन। मन्त्रालयले बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **वन क्षेत्र उपयोग** - कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा ७(१) अनुसार प्रदेश भित्रको वन क्षेत्रको संरक्षण र व्यवस्थापन गर्नुपर्ने उल्लेख छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार प्रदेशमा ११ लाख ७७ हजार ३३ हेक्टर वन क्षेत्र रहेकोमा ४ हजार ६३२ हेक्टर अतिक्रमण भएको छ।

अतिक्रमण भएकोमध्ये सल्यान जिल्लामा १ हजार ८४३ हेक्टर रहेको छ। अतिक्रमित वन फिर्ता गर्नुपर्दछ।

९. **मुद्दा व्यवस्थापन -** कर्णाली प्रदेश वन ऐन, २०७८ को दफा ७३ अनुसार प्रचलित सङ्घीय वन ऐन बमोजिम मुद्दाको अनुसन्धान तथा तहकीकात प्रदेश सरकारले मुद्दा व्यवस्थापन गर्नुपर्ने देखिन्छ। गत वर्षको जिम्मेवारीसमेत यो वर्ष ५८ वन मुद्दा दर्ता भएकोमा ३८ मुद्दा फर्स्यौंट भई २० किनारा लगाउन बाँकी रहेको छ। मुद्दा समयमा फर्स्यौंट गर्नुपर्दछ।

१०. **उद्योगको अनुगमन -** प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७८ को दफा ९ अनुसार प्रदेशमा दर्ता भएको उद्योगहरूले दर्ता प्रमाण पत्रमा तोकिएको सर्तहरू पालना गरे नगरेको अनुगम तथा निरीक्षण गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरण अनुसार यो वर्ष दर्ता भएका १ हजार ५८४ उद्योग समेत लघु उद्योग ६ हजार १२३, घरेलु उद्योग २ हजार ८१९, साना उद्योग ३२ हजार ५४३, मझौला उद्योग ४ र ठूला उद्योग २० समेत ४१ हजार ५०९ उद्योग रहेका छन्। जिल्लागत रूपमा सुर्खेतमा ५६६, सल्यानमा ७९, दैलेखमा १५५, जाजरकोटमा २००, डोल्पामा ७३, रुकुम पश्चिममा ११२, हुम्लामा ७२, कालीकोटमा ६८, जुम्लामा १७२ र मुगुमा ८७ उद्योग दर्ता भएको तथा चालु आर्थिक वर्षमा ५२१ उद्योग खारेज भएका छन्। दर्ता भएका उद्योगहरूको प्रमाणपत्रमा उल्लिखित सर्तहरूको पालना गरे सम्बन्धमा अनुगमन तथा निरीक्षण भएको पाइएन। दर्ता भएको उद्योगहरूको अनुगमन तथा निरीक्षण गर्नुपर्दछ।

११. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.४० करोड ४० लाख ५ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फर्स्यौंटको वार्षिक कार्ययोजना बनाइ फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

१२. **कार्यक्रम कार्यान्वयन -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा बजेट तथा कार्यक्रम कार्यान्वयनको प्रगति विवरण तयार गरी सोको भौतिक तथा वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मुख्यमन्त्री दलित आयआर्जन कार्यक्रम अन्तर्गत पूर्वाधार सहयोगको रु.२५ लाख, सीप विकास कार्यक्रमको रु.७ लाख ५० हजार र वित्तीय पहुँच कार्यक्रमको रु.१६ लाख ८७ हजार, सीप प्रतियोगिता सञ्चालनको रु.५ लाख र औद्योगिक अध्ययन अवलोकन भ्रमणको रु.१० लाख समेत रु.६४ लाख ३७ हजार बजेट विनियोजन भएको कार्यक्रम कार्यान्वयन गरेको पाइएन। स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन हुनुपर्दछ।

डिभिजन वन कार्यालयहरू

१३. **निर्माणस्थल -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माणस्थलको व्यवस्था नभई खरिद कारबाही सुरु गर्न नहुने उल्लेख छ। यस सम्बन्धमा देखिएका बेहोराहरू देहायबमोजिम छन्:

१३.१. डिभिजन वन कार्यालय, सुर्खेतले काक्रेविहार कम्पाउण्डवाल निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.११ करोड ८५ लाख ४२ हजारमा २०७९।७।२० मा सम्पन्न गर्नेगरी २०७८।१।१२ मा सम्झौता भएको छ। निर्माणस्थल विवादका कारण तोकिएको समयमा सम्पन्न नभई २ पटक गरी २०८३ असार मसान्तसम्म अवधि थप गरेको छ। यो वर्ष सम्म रु.४ करोड २ हजार भुक्तानी भई ४५ प्रतिशत भौतिक प्रगति भएको छ। सम्झौता अवधिमा निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

१३.२. डिभिजन वन कार्यालय, रुकुम पश्चिमले चौरजहारी पर्यटन पूर्वाधार निर्माण कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.९५ लाख १२ हजारमा २०८२।३।१५ सम्म सम्पन्न गर्ने गरी २०८१।१२।२० मा सम्झौता भएको देखिन्छ। निर्माणस्थल समुदायिक वन क्षेत्रमा पर्ने हुँदा सामुदायिक वन उपभोक्ता समितिले संरचना निर्माण रोक्न निर्देशन दिएकोले सम्झौता कार्यान्वयन भएको छैन। निर्माणस्थलको यकिन नगरी खरिद कारबाही गर्ने प्रक्रिया नियन्त्रण हुनुपर्दछ।

१४. **निर्माण कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ मा खरिद सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सम्झौता अन्त्य गर्न सक्ने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न लाग्ने रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोराहरू देहायबमोजिम छन्:

१४.१. डिभिजन वन कार्यालय, रुकुम पश्चिमले खाराजनयुद्ध संग्रहालय निर्माण कार्य २०८२।३।३० भित्र सम्पन्न गर्ने गरी २०८०।४।१४ मा एक निर्माण व्यवसायीसँग रु.१२ करोड ८९ लाख २७ हजारमा सम्झौता गरी यस वर्षसम्म रु.४ करोड ९३ लाख ३६ हजार भुक्तानी गरेको छ। यो वर्षसम्म भौतिक ५० प्रतिशत र वित्तीय ३८.२६ प्रतिशत प्रगति भएपनि सम्झौताको अवधि थप भएको देखिएन।

१४.२. डिभिजन वन कार्यालय, मुगुले साइकल मार्ग निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.२ करोड ७९ लाख १२ हजारमा २०७७।९।३० मा सम्पन्न गर्ने गरी २०७७।३।२९ मा सम्झौता गरेको छ। उक्त निर्माण कार्यमा यस वर्षसम्म रु.१ करोड २० लाख ३१ हजार भुक्तानी गरी ४३.१० प्रतिशत वित्तीय प्रगति भएको छ। कार्यालयले २०८१।८।१५ सम्म अवधि थप गरेकोमा माछापुच्छ्रे बैङ्कबाट जारी भएको रु.१८ लाखको कार्यसम्पादन जमानतको अवधि समाप्त भएको छ भने सम्झौताको अवधि थप भएको छैन।

१४.३. डिभिजन वन कार्यालय, दैलेखले रु.४९ लाख ९९ हजार लागत अनुमान भएको दुल्लु साँस्कृतिक संग्रहालयको छाना निर्माण कार्य एक निर्माण व्यवसायीसँग २०८२।२।३० सम्म रु.३४ लाख ६ हजारमा सम्पन्न गर्नेगरी २०८१।११।११ मा सम्झौता भएकोमा निर्माण व्यवसायीले निर्माण सुरु गरेको छैन।

खरिद सम्झौता बमोजिम कार्यसम्पन्न नगर्ने निर्माण व्यवसायीलाई सम्झौताको सर्तअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू

१५. **आयोजना छनोट -** आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ मा सडक र भवन पूर्वाधार बाहेक अन्य आयोजनाका हकमा १५ लाख रुपैयाँभन्दा कम भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी छनोट नगरिने र सो सीमा भन्दा कमको आयोजना स्थानीय तहबाट कार्यान्वयन हुने उल्लेख छ। यो वर्ष रु.३१ करोड ८४ लाख विनियोजन भएका २०१ योजनामध्ये १५ लाखसम्मको १८८ योजनामा भू तथा जलाधार व्यवस्थापन कार्यालय, जुम्ला र सुर्खेतमार्फत कार्यान्वयन गरी रु.२५ करोड ४७ लाख ७९ हजार खर्च भएको छ। कार्यविधिको पालना गरी योजना छनोट र कार्यान्वयन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा आवधिक योजनासँग समन्वय हुने गरी नीति तथा कार्यक्रम तर्जुमा नगरेको, वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने गरेको, वन पैदावार सङ्कलन र बिक्री वितरणको अनुगमन नगरेको, पूर्वाधार सम्बन्धी आयोजनाहरूको सन्तोषजनक प्रगति नभएको, सामुदायिक वनको आम्दानी खर्च सम्बन्धमा आवश्यक निगरानी नभएको लगायतका बेहोरा औंल्याइकएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ १६ निकायमा यो वर्ष रु.२ करोड ९९ लाख ७५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.८ लाख ५८ हजार फर्स्यौंट गरेकोले रु.२ करोड ९१ लाख १७ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा रहेको छ।

जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय

कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन, नियमन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको खानेपानी सरसफाइ तथा स्वच्छतासम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन र सम्भार,
- खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- प्रदेशस्तरको उर्जा, विद्युत, सिँचाइ, खानेपानी र जल उत्पन्न प्रकोप व्यवस्थापन सम्बन्धी नीति, कानुन, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन, योजना तथा आयोजना निर्माण, सञ्चालन र मर्मत सम्भार,
- प्रदेशस्तरमा ऊर्जा, विद्युत, सिँचाइ तथा खानेपानीसम्बन्धी सेवाको गुणस्तर र सेवा शुल्कको आधार निर्धारण,
- ऊर्जा, विद्युत, सिँचाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता र लगानी प्रवर्धन सम्बन्धी नीति तथा मापदण्ड निर्धारण,
- प्रदेशभित्रको जलस्रोत उपयोग तथा नदी संरक्षण सम्बन्धी योजना तथा गुरु योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन,
- प्रदेशभित्रको जलस्रोत उपयोग हुने आयोजनाहरूको अध्ययन, सर्वेक्षण, तयारी, कार्यान्वयन, अनुगमन र सञ्चालनमा समन्वय,
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीतिको तर्जुमा तथा कार्यान्वयन, प्रविधि विकास र व्यवस्थापन,

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत ११ सरकारी कार्यालयको निम्नानुसार रु.२ अर्ब ६६ करोड ९४ लाख ९४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२२८०२८३	५६२२	३८२०४५	१५४४	२६६९४९४

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसारको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालुतर्फ				
२११०० पारिश्रमिक सुविधा	१६५६५९	१६५५८९	११३१३९	६८.३३
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३८४	३८४	१५४	४०.२६
२२१०० सेवा महसुल	५४३६	५४३६	३२५८	५९.९३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१७७५९	१७७५९	१४८६३	८३.६९

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	८९६१	८९६१	८१८०	९१.३०
२२४०० सेवा तथा परामर्श खर्च	१६६२२	१६९६५	१४९०८	८७.८८
२२५०० कार्यक्रम सम्बन्धी खर्च	३०८२५	३००२७	७६०१	२५.३१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	६८००	६८००	६०६४	८९.१८
२२७०० विविध खर्च	२७६०	२७६०	२१२४	७६.९६
२८१०० सम्पत्ति सम्बन्धी खर्च	४२०७	४७३२	४४४८	९४.००
जम्मा	**२५९४१३**	**२५९४१३**	**१७४७३९**	**६७.३६**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२६०९००३	२६०९००३	२१०५५४४	८०.७०
कुल जम्मा	**२८६८४१६**	**२८६८४१६**	**२२८०२८३**	**७९.५०**

उल्लिखित विवरणअनुसार चालु खर्च ६७.३६ प्रतिशत, पुँजीगत खर्च ८०.७ प्रतिशत र समग्रमा ७९.५० प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य -** प्रदेश सरकारको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको देखिन्छ। यो वर्ष मन्त्रालय र अन्तर्गत रु.२ अर्ब ८६ करोड ८४ लाख १६ हजार विनियोजन भएकोमा दिगो विकास लक्ष्य नं. ६ दिगो सफापानी तथा सरसफाइ सेवाको लागि रु.४ करोड ५९ लाख १३ हजार (कुल बजेटको ०.१५ प्रतिशत) साङ्केतीकरण गरेको देखिन्छ। प्रदेश सरकारले २०८१।८२ को बजेट तयार गर्दा रु.१७ अर्ब ८० करोड ३० लाख २४ हजार साङ्केतीकरण नगरिएको बजेट विनियोजन गरेको देखिन्छ। नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक आन्तरिकीकरण गरी लक्ष्य निर्धारण गर्नुपर्नेमा मन्त्रालयले दिगो विकास लक्ष्य सम्बद्ध सूचकहरू तयार गरेको पाइएन। मन्त्रालयले दिगो विकास लक्ष्यलाई बजेटसँग समन्वय हुने गरी प्रगतिको समीक्षा गर्नुपर्दछ।

४. **आवधिक योजना -** प्रदेशको दोस्रो पञ्चवर्षीय योजना (२०८१।०८२-०८५।०८६) मा मन्त्रालयलाई तोकिएको सूचकको लक्ष्य तथा उपलब्धि देहाय बमोजिम छः

क्षेत्र	सूचक	एकाई	२०८०।८१ को उपलब्धि	दोस्रो पञ्चवर्षीय योजनाको लक्ष्य	२०८१।८२ को उपलब्धि
ऊर्जा	विद्युतीय पहुँच प्राप्त परिवार	प्रतिशत	७१	७५	७१
	विद्युत उत्पादन	मेगावाट	१६	२००	२०
	खान पकाउन परम्परागत इन्धन प्रयोग गर्ने परिवारको संख्या	प्रतिशत	८०	६०	
	खाना पकाउन स्वच्छ इन्धन तथा प्रविधि प्रयोग गर्ने परिवार	प्रतिशत	२३	४०	२७
सिँचाइ	सिँचाइ सुविधा पुगेको कृषि भूमि	प्रतिशत	३१	५०	३५
	वर्षैभरी भरपर्दो सिँचाइ सुविधा योग्य भूमि	प्रतिशत	२७	४५	२९
खानेपानी	आधारभूत खानेपानीको सुविधा पुगेको परिवार	प्रतिशत	९०	९८	९०.५
	उच्च मध्यम (सुरक्षित) स्तरको खानेपानी सुविधा पुगेको परिवार	प्रतिशत	४	३०	
	सुधारिएको शौचालयको सुविधा उपलब्ध घरपरिवार	प्रतिशत	९७.७	९९.९	९८

*(**स्रोत** : दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचना,२०८२)*

मन्त्रालय तथा मातहतका कार्यालयमा पुँजीगततर्फ रु.२ अर्ब ६० करोड ९० लाख ३ हजार विनियोजन गरेकोमा रु.२ अर्ब १० करोड ५५ लाख ४४ हजार खर्च गरेको छ। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी योजनाका लक्ष्य हासिल गर्नुपर्दछ।

५. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को वार्षिक नीति तथा कार्यक्रममा परम्परागत मूल, ताल तलैया र पोखरीको संरक्षण र विकास तथा बहुउपयोगी जलाशयहरूको निर्माण, जलजन्य प्रकोपको जोखिममा रहेका बस्ती, पूर्वाधार तथा खेतीयोग्य जमिनको पहिचान तथा संरक्षण, जलवायु परिवर्तन र विपद्को जोखिम, असर र सङ्कटापन्नताको विश्लेषणको आधारमा उत्थानशील आधरभूत खानेपानी र सरसफाइ तथा स्वच्छता सेवाको विस्तार, एक घर एक धारा अभियानलाई निरन्तरता, पूर्ण विद्युतीकरण, केन्द्रीय प्रशारण लाइन विस्तार, जगदुल्ला लगायतका जलविद्युत आयोजनाहरूमा प्रदेश सरकारको लगानी, भेरी बबई डाइभर्सनको विद्युत गृहबाट उत्पादन हुने जलविद्युतबाट प्रदेश सरकारलाई प्राप्त हुने विद्युत रोयल्टी आवश्यक पहल, लगायतका नीति तथा कार्यक्रममा बजेट विनियोजन भएको छैन। नीति तथा कार्यक्रमको बजेटसँग सामन्जस्यता गरी कार्यान्वयन गर्नुपर्दछ।

६. **बजेट तथा कार्यक्रम** - प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा चौकुने गाउँपालिका, सुर्खेतमा जुम्ल्यामुल ताल बहुउद्देश्यीय आयोजना सञ्चालन गर्ने उल्लेख भएकोमा नहर निर्माण संरक्षणमा ३० प्रतिशत भौतिक प्रगति भएको, **"नदीमाथिको गरा बनाउँछौ हराभरा"** भन्ने ध्येयका साथ कर्णाली नदी किनारको टारहरूमा लिफ्टीङ प्रणालीको माध्यमबाट सिँचाइ सुविधा विस्तार गर्ने उल्लेख भएकोमा निर्माणाधीन ३५ सिँचाइ आयोजनाहरू सम्पन्न नभएको, "कर्णालीको पानी कर्णाली बासीको लगानी" भन्ने सोचका साथ प्रदेशवासी जनतालाई शेयर लगानीमा पहल र प्रोत्साहन गरिने उल्लेख भएकोमा १२० मेगावाट क्षमताको जगदुल्ला जलविद्युत आयोजना-ए प्रदेश सरकारबाट लगानी स्वीकृति गरे तापनि बजेट खर्च नभएको, लघु जलविद्युत, सौर्य ऊर्जा लगायतका वैकल्पिक ऊर्जा प्रवर्धन ग्रामीण विद्युतीकरण कार्यक्रम लगायत विद्युत संरचनाका लागि रु.१२ करोड ३५ लाख विनियोजन गरेकोमा रु.८ करोड ९९ लाख खर्च गरी न्यून प्रगति गरेको देखिन्छ। स्वीकृत बजेट तथा कार्यक्रमको कार्यन्वयन गर्नुपर्दछ।

७. **आयोजना कार्यान्वयन** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २०(२) मा प्रदेश सरकारले बहुवर्षीय योजना तोकी विनियोजन गर्न सक्ने उल्लेख छ। मन्त्रालय मातहतका कार्यालयमा २७ बहुवर्षीय आयोजनाहरूमध्ये ४ कार्य सम्पन्न, निर्माणाधिन रहेका २३ आयोजनामध्ये म्याद थप भएका आयोजनाको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

क्र.सं.	आयोजनाको नाम	सम्झौता मिति	सम्झौता को रकम	सुरु सम्झौताको म्याद	२०८१।०८२ सम्म भुक्तानी रकम	म्याद थप अवधि	भौतिक प्रगति प्रतिशत
१	राक्से सिँचाइ योजना, सुर्खेत	२०८०।१२।३०	१४६६२	२०८२।२।१५	१२०२३	२०८२।५।३१	९१
२	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेतको भवन निर्माण	२०८१।१।१२	११६८७	२०८२।३।१५	७१३२	२०८२।१२।३०	७५
३	शान्ति टोल तटबन्धन, डोल्पा	२०८।२।९	१२०६८	२०८२।३।१२	७०३९	२०८३।३।२०	६५
४	तुम्च सिँचाइ, हुम्ला	२०७८।३।१९	३७७३३	२०८१।३।४	२७९२२	२०८३।४।३०	८०
५	भेरेखोला देखि घट्टेखोला सिँचाइ आयोजना, कालिकोट	२०७८।१।९	१५४५४	२०८१।३।३१	११२८१	२०८२।९।३०	७५
६	ठूलाखोला गैरागाउँ सिँचाइ योजना, दैलेख	२०७७।११।१८	२६२८०	२०८।३।२०	२२६०१		९०

सम्झौता अवधिमा निर्माण कार्य आयोजना पूरा नहुँदा समय र लागत बढेर प्रतिफलमा ढिलाइ भएको छ। सम्झौता अवधिमा आयोजना सम्पन्न गर्नुपर्दछ।

८. **नतिजा मूल्याङ्कन -** कर्णाली प्रदेश आर्थिक कायविधि नियमावली, २०७५ को नियम २७ मा नियम २६ बमोजिम चौमासिक प्रगति विवरण प्राप्त भएपछि तालुक निकायले त्यसको भौतिक एवं वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको बजेटको कार्यान्वयनबाट हासिल भएका मुख्य नतिजा स्थिति देहाय बमोजिम रहेको छः

क्र.सं.	क्षेत्र	एकाई	उपलब्धि		
			२०८०।८१ सम्मको	२०८१।८२ को	जम्मा
१	थप खानेपानी उपलब्ध भएको जनसंख्या	संख्या	२८४९७१	१०६४०३	३९१३७४.
२	सिँचाइ सुविधा थप भएको क्षेत्रफल	हेक्टर	१११०२	१८७७	१२९७९
३	नदी नियन्त्रण	किलो मिटर	६७.९७	१४.३	८२.२७
४	जग्गा उकाश तथा संरक्षण भएको क्षेत्रफल	हेक्टर	९४५	२७६	१२२१
५	विद्युत सेवाबाट लाभान्वित जनसंख्या	संख्या	३८४२७	२१७३५	६०१६२

उल्लिखित विवरणअनुसार यो वर्ष खानेपानी उपलब्ध भएको जनसंख्या १ लाख ६ हजार ४०३ थप भएको, १ हजार ८७७ हेक्टर क्षेत्रफलमा थप सिँचाइ सुविधा पुऱ्याएको र १३. ३ किलो मिटर नदी नियन्त्रण गरेको लगायतका उपलब्धि हासिल गरेको छ। स्वीकृत बजेट कार्यान्वयन गरी थप उपलब्धि हासिल गर्नुपर्दछ।

९. **सिँचाइ सुविधा** - यस वर्षसम्म कर्णाली प्रदेशमा खेतियोग्य जमिनमा सिँचाइको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं.	जिल्ला	खेतियोग्य जमिन (हेक्टर)	खेति गरिएको जमिन (हेक्टर)	सिंचित क्षेत्रफल (हेक्टर)			सिंचित प्रतिशत
				वर्षभरी	आंशिक	जम्मा	
१	रुकुमपश्चिम	३३९४६	२३३६७	४४६७	२५५२	७०१९	२०.६८
२	सल्यान	४३७२४	३६२०४	५०८०	२३९०	७४७०	१७.०८
३	सुर्खेत	५२४४०	३५०१०	१२३५१	१०४८९	२२८४0	४३.५५
४	दैलेख	४१३९६	३२०८२	२६१६	७२२९	९८४५	२३.७८
५	जाजरकोट	२४३६९	१५५२९	४९९०	२९४९	७९३९	३२.५८
६	डोल्पा	९०२१	५९७०	१५७५	२६०	१८३५	२०.३४
७	जुम्ला	३८३०१	२३१४६	३१५४	१५१	३३०५	८.६३
८	कालिकोट	१७४४४	७९६३	२५०९	२८४५	५३५४	३०.६९
९	मुगु	१८७६०	१६७६३	१०६९	८६०	१९२९	१०.२८
१०	हुम्ला	८३५९	४५६८	४२२	६८२	११०४	१३.२१
जम्मा		**२८७७६१**	**२००६०२**	**३८२३३**	**३०४०७**	**६८६४०**	**२३.८५**

*(**स्रोत** : आर्थिक सर्वेक्षण, २०८१।८२, कर्णाली प्रदेश)*

प्रदेशभित्र कुल खेतियोग्य जमिन २ लाख ८७ हजार ७६१ हेक्टर रहेकोमा २ लाख ६०२ हेक्टर जमिनमा खेती गरिएको देखियो। खेतियोग्य जमिनमध्ये ३८ हजार २३३ हेक्टर जमिनमा वर्षभरी सिँचाइ सुविधा पुगेको छ भने ३० हजार ४०७ हेक्टर जमिनमा आंशिक सिँचाई सुविधा रहेको देखिन्छ। खेतियोग्य जमिनमा सिँचाइ सुविधा उपलब्ध गराइ कृषिको उत्पादन र उत्पादकत्व बढाउनु पर्दछ।

१०. **योजना कार्यान्वयन** - प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ८ मा आगामी वर्षको लागि बजेट प्रस्ताव गर्दा खर्च हुन सक्ने पुष्ट्याइँसहित प्रस्ताव गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले मातहतका ३६ योजनामा रु.४ करोड २१ लाख ६० हजार बजेट विनियोजन भएकोमा कार्यान्वयन भएको देखिएन। विनियोजन भएका आयोजनाको निर्माण सम्पन्न गर्नुपर्दछ।

११. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.५७ करोड ९६ लाख ५१ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फर्स्यौंटको वार्षिक कार्ययोजना बनाइ फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू

१२. **पाइप तथा फिटिङ्ग मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले आवश्यकताको पहिचान गरी मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय मातहतका निम्नानुसार कार्यालयले रु.८ करोड ६४ लाख ८१ हजार मूल्यका पाइप तथा फिटिङ्गस खरिद गरी मौज्दात राखेको देखिन्छ।

क्र.सं.	कार्यालयको नाम	पाइप तथा फिटिङ्सको मौज्दात (रु.हजारमा)
१	खानेपानी, सिँचाइ तथा उर्जा विकास निर्देशनालय, सुर्खेत	८१०६
२	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, सल्यान	४१९२
३	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिम	३३६९९
४	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, कालिकोट	१८६०२
५	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय ,जाजरकोट	२३६४
६	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, दैलेख	४५९९
७	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, जुम्ला	१३३३३
८	खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, मुगु	१५८६
जम्मा		**८६४८१**

मौज्दातमा रहेका पाइप तथा फिटिङ्स उपयोग गर्नुपर्दछ।

१३. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेखले ७ वटा योजनाको रु.४३ लाख ८५ हजार, जाजरकोटले ८ योजनाको रु.५० लाख ९९ हजार, जुम्लाले ४ योजनाको रु.१९ लाख ८३ हजार र कालिकोटले २० योजनाको रु.४६ लाख ५७ हजारसमेत रु.१ करोड ६१ लाख २४ हजारमा विस्तृत आयोजना प्रतिवेदन कार्यका लागि परामर्श सेवा खरिदमा खर्च गरेका छन्। कार्यालयको जनशक्तिबाट सम्पादन गर्न नसकिने कार्यको लागि मात्र परामर्श सेवा खरिद गर्नुपर्दछ।

१४. **उपभोक्ता समिति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा एक करोड रुपैयाँसम्मको लागत भएको श्रममूलक कार्य उपभोक्ता समितिमार्फत गराउन सकिने र सम्पन्न आयोजनाको स्वामित्व

उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ। यो वर्ष पाँच कार्यालयले रु.६५ करोड ४६ हजारको काम उपभोक्ता समितिमार्फत गरेको पाइयो। उपभोक्ता समितिबाट भएका आयोजना हस्तान्तरण गरेको देखिएन।

क्र.सं.	कार्यालयको नाम	उपभोक्ता समितिमार्फत भएको कार्य (रु.हजारमा)
१	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय, सुर्खेत	१७६४९६
२	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, सल्यान	१११८१६
३	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जुम्ला	९०३४
४	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, मुगु	११०७३२
५	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, दैलेख	२४१९६८
जम्मा		**६५००४६**

उपभोक्ता समितिले निर्माण गरेका कार्यको गुणस्तर परीक्षण गर्दै निर्माण सम्पन्न गरेको आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरी कार्यान्वयनको अनुगमन हुनुपर्दछ।

१५. **सोझै खरिद -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा २० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ। खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, डोल्पाले १० निर्माण कार्यमा रु.६१ लाख ६८ हजारको, मुगुले १० निर्माण कार्यमा रु.९७ लाख ४१ हजारको, दैलेखले ५ निर्माण कार्यमा रु.३७ लाख २६ हजार र जुम्लाले ४ निर्माण कार्यमा रु.३३ लाख ४५ हजारसमेत रु.२ करोड २९ लाख ८० हजारको निर्माण कार्य र खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, जुम्लाले ६ आपूर्तिकर्ताबाट रु.५९ लाख २४ हजार र दैलेखले ९ आपूर्तिकर्ताबाट रु.७८ लाख ८२ हजारसमेत रु.१ करोड ३८ लाख ६ हजारको पाइप तथा फिटिङ्स प्रतिस्पर्धा सीमित हुनेगरी सोझै खरिद गरेका छन्। प्रतिस्पर्धा सीमित हुने गरी खरिद गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्दछ।

१६. **प्राविधिक मूल्याङ्कन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा कार्य सम्पादनको नापजाँच गरी भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धमा देखिएको बेहोरा देहायबमोजिम रहेको छः

१६.१. खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पाले शान्तिटोल तटबन्धन निर्माणका लागि एक निर्माण व्यवसायीसँग २०८१।२।९ मा मूल्य अभिवृद्धि कर बाहेक रु.१ करोड ६ लाख ८८ हजारको सम्झौता गरेकोमा यो वर्ष रु.४९ लाख ३१ हजार समेत हालसम्म रु.९६ लाख ९५ हजार भुक्तानी भएको छ। कार्यालयले १ हजार २७५ थान ग्यावियन जालीको भुक्तानी दिएकोमा ७९५ थान जालीको ढुङ्गा भर्ने काम भएकोले ४८० थान जाली मौज्दात रहेको देखिन्छ। वास्तविक कार्य सम्पादनको आधारमा नापी गरी भुक्तानी गर्नुपर्नेमा ४८० थान जालीमा ढुङ्गा भर्ने कार्य नगरी रु.२५ लाख ३९ हजार भुक्तानी गरेको छ। प्रयोग नभएका जालीको रकम भुक्तानी सम्बन्धमा यकिन गर्नुपर्दछ।

१६.२. खानेपानी, सिँचाइ तथा उर्जा विकास कार्यालय, रुकुम पश्चिमले २०७६।७७ मा लागिमज्यूला सिँचाइ योजना उपभोक्ता समितिलाई रु.१ करोड १६ लाख २८ हजार सोही वर्ष भुक्तानी गरेकोमा निर्माण कार्यको नापी किताब तयार गरेको देखिएन। कार्यालयले हस्तान्तरण गरेको र उपभोक्ता समितिले खरिद गरेको ३ हजार २५३ मिटर पाइपमध्ये २०८२।१।२८ मा ७८६ मिटर र

२०८०।१२।१५ मा ३१७ मिटरसमेत १ हजार १०३ मिटर आगलागी भएको प्रहरी मुचुल्का पेस गरेकोले जडान नभई बाँकी रहेको रु.२० लाख १२ हजारको २ हजार १५० मिटर पाइप उपयोगको प्राविधिक मूल्याङ्कन पेस गर्नुपर्दछ।

१६.३. उपभोक्ता समितिमार्फत सञ्चालित योजनामा सिँचाइ विभागको नर्म्स प्रयोग गर्नुपर्नेमा स्थानीय पूर्वाधार विभागको नर्म्स प्रयोग गरेकोले र न्यून जनश्रमदान कट्टा गर्दा खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, डोल्पाले २ योजनामा रु.२ लाख ५२ हजार, रुकुम पश्चिमले ८ योजनामा रु.६ लाख ३९ हजार, जाजरकोटले ८ योजनामा रु.५ लाख ३३ हजार र मुगुले ३४ योजनामा रु.१० लाख १४ हजार समेत रु.२४ लाख ३८ हजार बढी भुक्तानी गरेका छन्। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

१७. **ओभरहेड** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा मालसामानको लागत अनुमानमा तयार गर्दा ओभरहेड समावेश गर्न पाउने व्यवस्था छैन। पाइप तथा फिटिङ्गस् खरिद कार्यको लागत अनुमानमा ओभरहेड रकम समावेश गरी खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालय, जाजरकोटले रु.११ लाख ६२ हजार र रुकुम पश्चिमले रु.१ लाख ५२ हजारसमेत रु.१३ लाख १४ हजार भुक्तानी दिएका छन्। मालसामान खरिदमा दिएको ओभरहेड रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा बजेट तथा कार्यक्रमको कार्यान्वयन नभएको, बहुवर्षीय, ठूला तथा दीर्घकालीन महत्व राख्ने आयोजना कार्यान्वयन नगरेको, परामर्श सेवा खरिद गरेको, पाइप तथा फिटिङ्स सोझै खरिद गरेको, पाइप तथा पिटिङ्सको मौज्दात रहेको, सम्झौता बमोजिम तोकिएको समयमा निर्माण कार्य सम्पन्न नभई योजना अधुरो रहेका लगायतका बेहोरा औल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ १० निकायमा यो वर्ष रु.४ करोड ३९ लाख ८० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.१८ लाख ११ हजार फर्स्यौंट गरेकोले रु.४ करोड २१ लाख ६९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- कृषि, पशु विकास तथा खाद्य पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड र योजना,
- राष्ट्रिय नीति र मापदण्डबमोजिम पाराभेटको दर्ता, अनुमति, नवीकरण र खारेजी,
- चरन तथा खर्क सम्बन्धी प्रादेशिक नीति तथा कानुन तर्जुमा र कार्यान्वयन,
- भूमि व्यवस्थापन, भूमि प्रशासन र जग्गा नापजाँच, भूमिसुधार, भू-उपयोग तथा चक्लाबन्दी सम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन,
- जग्गादर्ता, रजिष्ट्रेसन, जग्गाधनी प्रमाणपुर्जा, दाखिल खारेज र स्वामित्व हस्तान्तरणसम्बन्धी नीति तथा मापदण्ड तर्जुमा र कार्यान्वयन,
- क्रमबद्ध कित्ता नापी र भूमि लगत सम्बन्धी मापदण्ड र कार्यान्वयन,
- सुरक्षित बसोवास र जग्गा एकीक रणम्बन्धी नीति कार्यान्वयन,
- सहकारी संस्था, सहकारी सङ्घ तथा सहकारी बैङ्कसम्बन्धी प्रादेशिक नीति, कानुन तथा मापदण्डको तर्जुमा र कार्यान्वयन, सञ्चालन अनुमति, तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
- सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी प्रादेशिक मापदण्ड निर्धारण।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २७ सरकारी कार्यालयको निम्नानुसार रु.१ अर्ब ३३ करोड ७८ लाख ६८ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१२९३००७	९९२९	३१६९७	३२३५	१३३७८६८

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट र खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	२७७९४८	२७७९४८	२०१९१९	७२.६५
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३८०१	३८०१	१४२३	३७.४४
२२१०० सेवा महसुल	१०७१५	१०७१५	८५४३	७९.७३
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	४१२६२	४१७५६	३८५५०	९२.३२
२२३०० कार्यालय सामान तथा सेवा	१९२३९	१९२३९	१८२९७	९५.१०
२२४०० सेवा तथा परामर्श खर्च	९७३६२	९६८६८	७०४१५	७२.६९
२२५०० कार्यक्रमसम्बन्धी खर्च	६७००८७	६७७४६९	४७१००१	६९.५२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	२५२४६	२५२४६	२०५५७	८१.४३
२२७०० विविध खर्च	८८२०	८८२०	७९६६	९०.३२
२६४०० सामाजिक सेवा अनुदान	२०६६७२	१९९२९०	१०२२६३	५१.३१
२७२०० सामाजिक सहायता	२९००	२९००	२१९०	७५.५२
२८१०० सम्पत्तिसम्बन्धी खर्च	८०१४	८०१४	६५६६	८१.९३
जम्मा	**१३७२०६६**	**१३७२०६६**	**९४९६९०**	**६९.२२**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	४९५१५०	४९५१५०	३४३३१७	६९.३४
कुल जम्मा	**१८६७२१६**	**१८६७२१६**	**१२९३००७**	**६९.२५**

उल्लिखित विवरणअनुसार चालु खर्च ६९.२२ प्रतिशत, पुँजीगत खर्च ६९.३४ प्रतिशत र समग्रमा ६९.२५ प्रतिशत खर्च भएको छ।

३. **दिगो विकास लक्ष्य -** प्रदेश सरकारको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको देखिन्छ। यो वर्ष मन्त्रालयको लागि विनियोजन भएको रु.१ अर्ब ८६ करोड ७२ लाख १६ हजारमध्ये मन्त्रालयसँग सम्बद्ध शून्य भोकमरीमा रु.१६ करोड ८९ लाख १७ हजार, दिगो उपभोग तथा उत्पादनमा रु.१ करोड ७० लाख ४७ हजार, भू-सतह स्रोतको प्रयोगमा रु.२३ करोड ५६ लाख ३९ हजार समेत रु.४२ करोड १६ लाख ३ हजार साङ्केतीकरण गरेको छ। नीति तथा कार्यक्रम र बजेट निर्माण गर्दा दिगो विकास लक्ष्य प्राप्तिको लागि लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी मन्त्रालयले आफु सम्बद्ध सूचकहरूको लक्ष्य निर्धारण गरी सोको प्रगति तयार गरेको छैन। बजेट निर्माण गर्दा दिगो विकास लक्ष्यलाई बजेटसँग तादाम्यता मिलाई लक्ष्य निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना कार्यान्वयन** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२ देखि २०८५।८६ सम्म) अन्तर्गत कृषि, पशु, भूमि व्यवस्था र सहकारी गरी ४ क्षेत्रमा २२ वटा अपेक्षित उपलब्धि निर्धारण गरेकोमा यो वर्षको अन्त्यसम्म भूमि बैङ्क मार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक, सङ्घ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्वासी, विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध गराउने, वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन, स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घर परिवारको पहिचान सहित परिचयपत्र वितरण, पशु क्वारेन्टाइन स्थापना र सञ्चालन, नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा एकीकृत पशुपन्छी तथा मत्स्य अनुसन्धान केन्द्र सञ्चालन, प्रमुख नाकाहरूमा कृषि प्रयोगशाला स्थापना गरी विषादी परीक्षण तथा नियमनका क्षेत्रमा काम सुरुवात भएको देखिएन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रममा आवद्ध गरी अपेक्षित लक्ष्य हासिल गर्नुपर्दछ।

५. **मध्यमकालिन खर्च संचरना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आयोगले विषयगत मन्त्रालयको समन्वयमा आगामी तीन वर्षको समष्टिगत वित्त, बजेट तथा कार्यक्रम र नतिजा खाका, प्रस्तावित आयोजना वा कार्यक्रमको क्रियाकलापगत विवरण र प्रति एकाई लागत, लाग्ने अनुमानित समय तथा

सोबाट प्राप्त हुन सक्ने प्रतिफल समेत खुलाई प्रत्येक आयोजना वा कार्यक्रमको प्राथमिकीकरण गरी मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम मन्त्रालयको लागि २०८१।८२ को खर्चको संरचना अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			प्रक्षेपणको तुलनामा बढी बजेट
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	
१७१०००००	१२०३८९०	५०६११०	१८६७२१६	४९५१५०	१३७२०६६	१५७२१६

यो वर्ष मध्यमकालीन खर्च संरचनाले गरेको प्रक्षेपणभन्दा रु.१५ करोड ७२ लाख १६ हजार (८.४२ प्रतिशत) बढी बजेट विनियोजन गरेको देखिन्छ। मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच सामञ्जस्यता कायम गर्नुपर्दछ।

६. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित १४ नीति तथा कार्यक्रममध्ये सुर्खेत प्रवेश गर्ने प्रमुख नाका बबईमा कृषि क्वारेन्टाइन स्थापना, प्राकृतिक प्रकोपबाट कृषि बाली र पशु चौपायामा हुने क्षतिको जोखिम न्यूनीकरण गरी युवाहरूको कृषि तथा पशुपालनमा आकर्षण बढाउन कृषि, पशुपन्छी र जडीबुटी बिमा कार्यक्रम, कृषि उपजलाई बजारसँग जोड्न कृषि बजार सूचना सेवा सञ्चालन, सङ्घीय सरकार र विश्व विद्यालयहरूसँगको सहकार्यमा मौरी विकास स्रोत केन्द्र स्थापना तथा आवश्यक संरचनागत व्यवस्था सम्बन्धी कार्य हुन सकेको देखिएन। प्रदेशको राजधानी सुर्खेतमा प्रादेशिक रिफरल भेटेरिनरी अस्पताल निर्माण, तरल नाइट्रोजन प्लान्ट स्थापना, कर्णाली प्रदेश भू-उपयोग नीति निर्माण, मासु तथा दुधमा आत्मनिर्भर हुनेगरी उत्पादन कार्यक्रम अभियानको रुपमा सञ्चालन गर्ने कार्य सुरुवात भए तापनि पूर्णता पाउन सकेको छैन। वार्षिक नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा भूमि व्यवस्था कृषि तथा सहकारी अन्तर्गत रु.१ अर्ब ८६ करोड ७२ लाख १६ हजार विनियोजन भई रु.१ अर्ब २९ करोड ३० लाख ७ हजार खर्च भएको छ। मन्त्रालय अन्तर्गत वार्षिक बजेटमा समावेश भएका परम्परागत र आधुनिक कृषि तथा पशु जातीय गुणस्तर कायम गर्दै कृषि जैविक विविधता संरक्षण र प्रवर्धन गर्न कृषक समूह तथा सहकारीसँगको सहकार्यमा डोल्पा जिल्लाको चौरी विकास फार्म, दैलेख जिल्लाको बाख्रा विकास फार्म र सल्यान जिल्लाको सुन्तलाजात फलफूल विकास फार्म सञ्चालन र प्रदेश भू-उपयोग नीति निर्माण कार्यहरू भएको छैन। मन्त्रालयले जलचर संरक्षण विधेयकको मस्यौदा निर्माण गरी पेस गरेको र पशु नश्ल सुधार मार्फत उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधानका लागि आवश्यक तरल नाइट्रोजन प्लान्ट स्थापना कार्य सुरुवात गरे तापनि सम्पन्न भएको छैन। बजेट वक्तव्य बमोजिमका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **बहुवर्षीय आयोजना** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १२ (४) मा प्रदेश योजना आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमतिका लागि सिफारिस सहित प्रस्ताव भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आन्तरिक स्रोत परिचालन र प्रदेश सञ्चितकोषको अवस्था, विगत वर्षमा सिर्जित दायित्वको विवरण र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्ने उल्लेख छ। मन्त्रालय र मातहतका ६ आयोजनाहरूको बहुवर्षीय

खरिद सम्झौता भएको छ। सम्झौता बमोजिम ६ ठेक्काको कुल सम्झौता रु.२४ करोड ६७ लाख ४२ हजारमध्ये यो वर्षसम्ममा रु.७ करोड ७४ लाख ८६ हजार खर्च भई रु.१६ करोड ९२ लाख ५६ हजार आगामी वर्षको लागि सम्भावित दायित्व रहेको छ। उपलब्ध स्रोतका आधारमा बहुवर्षीय योजनाको स्रोत सुनिश्चितता गर्नुपर्दछ।

९. **सम्पत्तिको अभिलेख -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५० मा जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ। मन्त्रालय र अन्तर्गत कार्यालयको यस वर्षसम्मको सम्पत्ति भवन र संरचनामा रु.६९ लाख ५९ हजार, मेसिनरी र उपकरणमा रु.३३ करोड ६५ लाख ४४ हजार, अन्य स्थिर सम्पत्तिमा रु.१ करोड ८५ लाख ६२ हजार र प्राकृतिक सम्पत्तिमा रु.७ करोड ३२ लाख ४३ हजार समेत रु.४३ करोड ५३ लाख ८ हजार रहेको छ। सम्पत्तिको विवरणमा मन्त्रालय मातहतका सम्पूर्ण सम्पत्ति समावेश नगरेको तथा मूल्य नखुलेको सम्पत्तिको मूल्य खुलाएको देखिएन। सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टी गर्ने र मूल्य नखुलेका सम्पत्तिको मूल्य कायम गरी सम्पत्तिको यथार्थ प्रतिवेदन गर्नुपर्दछ।

१०. **योजना छनोट -** आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ मा सडक र भवन पूर्वाधारमा रु.३० लाख र अन्य आयोजनामा रु.१५ लाखभन्दा घटी लागत अनुमान भएका आयोजना सम्बन्धित स्थानीय तहबाट कार्यान्वयन हुने व्यवस्था छ। मन्त्रालय तथा अन्तर्गतका कार्यालयहरूको यो वर्ष छनोट भएका योजना र विनियोजन रकम निम्नानुसार छ :

(रु.हजारमा)

क्र.सं.	योजनाको विवरण	योजना संख्या	छनोट प्रतिशत	रकम
१	दश लाख सम्मका योजना	१४९७	९५.९६	७४८५००
२	दश लाख देखि बीस लाख सम्मका योजना	५४	३.४६	८१०००
३	बीस लाख देखि पचास लाख सम्मका योजना	५	०.३२	१७५००
४	पचास लाख देखि एक करोड सम्मका योजना	१	०.०६	६०००
५	एक करोड भन्दा बढीका योजना	३	०.२०	११५०००
जम्मा		**१५६०**	**१००**	**९६८०००**

उल्लिखित विवरणअनुसार रु.१० लाखसम्मका १ हजार ४९७ आयोजनामा रु.७४ करोड ८५ लाख बजेट विनियोजन गरेको छ। कार्यविधि बमोजिम आयोजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ।

११. **खेतीयोग्य जमिन** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२ देखि २०८५।८६ सम्म) ले वैज्ञानिक भू-उपयोग गुरुयोजना कार्यान्वयन गरी कृषियोग्य भूमिको गैर कृषि प्रयोग निरुत्साहित गर्ने, सङ्घ तथा स्थानीय सरकारको समन्वयमा भूमिहीन, सुकुम्बासी, विपन्न परिवारलाई खेतीयोग्य जग्गा उपलब्ध गराउने, भूमि बैङ्क मार्फत खेतीयोग्य जमिनको व्यवसायीकरण, बाँझो जग्गाको उपयोग र सार्वजनिक जमिनको लगत अद्यावधिक गर्ने र भूमिहीन, सुकुम्बासी र सीमान्तकृत समुदायको पहिचान गरी बगर खेती, कृषि वन, कबुलियती वन, करार खेती जस्ता कार्यक्रम सञ्चालन गर्ने नीति तय गरेको छ। कर्णाली प्रदेशको ३० लाख २० हजार ९ सय हेक्टर क्षेत्रफलमध्ये खेतीयोग्य जमिन २ लाख ८७ हजार ७ सय ६१ हेक्टर (९.५२ प्रतिशत) रहेकोमा हालसम्म २ लाख ६०२ हेक्टर (६९.७२ प्रतिशत) उपयोग रहेको छ। खेतीयोग्य जमिनमध्ये ३८ हजार २३३ हेक्टर (१३.४० प्रतिशत) जमिनमा वर्षभरि र ३० हजार ४०७ हेक्टर (१०.५६ प्रतिशत) खेतीयोग्य जमिनमा आंशिक सिँचाइ

सुविधा पुगेको छ। सिँचाइ तथा कृषि कार्यक्रमहरू सञ्चालन गरी खेती योग्य जमिनको उत्पादन र उत्पादकत्व बढाउनुपर्दछ।

१२. **खाद्यान्न उत्पादन** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले प्रदेश स्तरीय खाद्य सुरक्षा प्रतिकार्य योजना तयार भइ प्रदेश अन्तर्गतका स्थानीय तहमा कृषि उत्पादनको सङ्कलन, भण्डारण र आपतकालीन वितरण, स्थानीय तहसँग समन्वय गरी खाद्य तथा पोषण असुरक्षित घर परिवारको पहिचान सहित परिचयपत्र जारी भई खाद्य व्यवस्थापन तथा सङ्ग र स्थानीय तहसँगको समन्वयमा कानुनप्रदत्त खाद्य अधिकार र खाद्य सम्प्रभूता प्रत्याभूत भएको हुने र दिवा खाजा कार्यक्रमका लागि विद्यालयमा स्थानीय रैथाने खाद्यको उपलब्धता हुने उल्लेख छ।

क्र.सं.	जिल्ला	अनुमानित जनसंख्या	कुल उपभोग्य खाद्यान्न उत्पादन (मे.टन)	आवश्यक खाद्यान्न (मे. टन)	वढी/ न्यून (मे.टन)
१	डोल्पा	४४६८८	५३६४	८९८२	-३६१९
२	हुम्ला	५६७६८	४९७३	११४१०	-६४३७
३	मुगु	६७४७८	७९१८	१३५६३	-५६४५
४	जुम्ला	१२१२१२	२४७०८	२४३६४	३४५
५	कालीकोट	१४७७९१	२२७३४	२९७०६	-६९७२
६	रुकुम पश्चिम	१७०१६५	४४९७८	३४२०३	१०७७५
७	जाजरकोट	१९४८६६	४००४५	३९१६८	८७६
८	सल्यान	२३७३७२	७०५११	४७७१२	२२७९९
९	दैलेख	२४९६७३	६००२५	५०१८४	९८४१
१०	सुर्खेत	४३५६३०	९४९६३	८७५६२	७४०१
जम्मा		**१७२५६४२**	**३७६२१९**	**३४६८५४**	**२९३६५**

प्रदेशको वार्षिक जनसंख्या वृद्धिका आधारमा हुने अनुमानित जनसंख्या १७ लाख २५ हजार ६४२ को प्रतिव्यक्ति २०१ किलोग्रामका दरले ३ लाख ४६ हजार ८ सय ५४ मेट्रिक टन खाद्यान्न आवश्यक पर्नेमा उपभोग्य खाद्यान्न उत्पादन ३ लाख ७६ हजार २१९ मेट्रिक टन रहेको देखिन्छ। प्रदेशमा आवश्यक पर्ने भन्दा २९ हजार ३ सय ६५ मेट्रिकटन खाद्यान्न बढी उत्पादन रहेको देखिए तापनि डोल्पा, हुम्ला, मुगु र कालिकोट समेत ४ जिल्लामा खाद्यान्न अपुग रहेको छ। सिँचाइ, मल, बीउ र प्रविधिमा सुधार न्यून उत्पादन भएका जिल्लाको खाद्यान्न उत्पादनमा वृद्धि गर्नुपर्दछ।

१३. **सहकारी नियमन** - कर्णाली प्रदेश सहकारी ऐन, २०७५ को दफा ४८ मा बचत र ऋणको ब्याजदर बीचको अन्तर ६ प्रतिशत भन्दा बढी नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने ब्याजलाई मूल ऋणमा पुँजीकृत गरी सोको आधारमा ब्याज लगाउन नपाइने, सहकारी संस्थाले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी, कुनै कम्पनीको शेयर खरिद जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीमध्ये कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ लिएको हुन सक्ने जस्ता क्षेत्रमा अनुगमन गरी प्रतिवेदन तयार गर्नुपर्ने उल्लेख छ। भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको कार्यालयको अभिलेखअनुसार बहुउद्देश्यीय, उत्पादक, बचत ऋण, उपभोक्ता र श्रमिक लगायत २१ प्रकृतिका ३११ सहकारी संस्था दर्ता भई सञ्चालनमा रहेकोमा जिल्लागत रुपमा सुर्खेतमा सबैभन्दा बढी १०२ तथा डोल्पामा सबैभन्दा कम ५ सहकारी रहेका छन्। भूमि व्यवस्था तथा सहकारी रजिष्ट्रारको

कार्यालयमार्फत यो वर्ष ५१ सहकारीको अनुगमन गरेकोमा विषय खुलाइ एकीकृत प्रतिवेदन तयार गरेको छैन। कार्यक्षेत्रभित्रका सहकारीको अनुगमन गरी बचतको संरक्षण सुनिश्चित गर्नुपर्दछ।

१४. **अनुदान** - यो वर्ष मन्त्रालयले कृषि प्रविधि प्रवर्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू-उपयोग, बागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रवर्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्धन तथा पशुपन्छी आहार र कृषि उपकरण खरिदका लागि रु.७७ करोड ७८ लाख ९ हजार र ब्याज अनुदानबापत रु.३ करोड ५३ लाख ११ हजारसमेत रु.८१ करोड ३१ लाख २० हजार अनुदान उपलब्ध गराएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन्:

१४.१. कर्णाली कृषि व्यवसाय प्रवर्धन ऐन, २०७९ को दफा १४(५) मा प्रदेशमा सञ्चालित बैङ्क वा वित्तीय संस्था र बचत तथा ऋण सहकारीले कृषि व्यवसायमा प्रवाह गरेको कर्जामा प्रदेश सरकारले ब्याज अनुदान दिन सक्ने र कर्णाली कृषि व्यवसाय प्रवर्धन नियमावली, २०८० को नियम १२ मा कम्पनी तथा कृषकलाई उपलब्ध हुने कृषि ऋणमा मन्त्रालयले ७ प्रतिशतसम्म र प्रदेश सरकार तथा स्थानीय सरकारको कार्यक्षेत्रभित्र पर्ने सहकारी संस्थाबाट आफ्नो सेयर सदस्यलाई प्रवाह गरेको ५० हजारदेखि ५ लाख रुपैयाँसम्मको कृषि ऋणको ब्याजमा १० प्रतिशत ब्याज अनुदान दिन सक्ने व्यवस्था छ। उक्त कार्यक्रमका लागि यो वर्ष रु.१२ करोड ५० लाख बजेट विनियोजन भएकोमा मन्त्रालयले ६ वाणिज्य बैङ्कहरूमार्फत ५४२ कृषकलाई रु.३ करोड २६ लाख ५८ हजार र कृषि विकास निर्देशनालय सुर्खेतले सहकारीमार्फत ३०४ कृषकलाई रु.२६ लाख ५३ हजार गरी जम्मा ८४६ कृषकलाई रु.३ करोड ५३ लाख ११ हजार ब्याज अनुदान उपलब्ध गराएको छ। विगत ४ वर्षको ब्याज अनुदान वितरणको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	अनुदानग्राहीको संख्या	अनुदान रकम
१	२०७८।७९	१२२७	३९६७९
२	२०७९।८०	१३७६	४६९४१
३	२०८०।८१	२६९०	४०९०६
४	२०८१।८२	८४६	३५३११

उद्यमीले लिएको ऋण परिचालनबाट उद्योगजन्य गतिविधि सञ्चालनको अनुगमन गरी प्रतिवेदन तयार गरेको छैन। ब्याज अनुदान उपयोगको अनुगमन गरी लक्षित कृषक वर्गले लाभ प्राप्त गरेको सुनिश्चित गर्नुपर्दछ।

१४.२. कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा १३ मा अनुदान उपलब्ध गराउने कार्यालयले अनुदान सम्बन्धी विवरण अनुसूची-७ बमोजिमको ढाँचामा वेबसाइटमा अद्यावधिक गरी सार्वजनिक गर्नुपर्ने, अद्यावधिक विवरण मन्त्रालयमा पठाउनु पर्ने र दफा ५० मा अनुदानको अनुगमन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। यो वर्ष कृषि प्रविधि प्रवर्धन, कृषि प्रसार तथा खाद्य सुरक्षा, भूमि व्यवस्था तथा भू-उपयोग, बागवानी विकास, कृषि पूर्वाधार विकास, पशुपन्छी व्यवसाय प्रवर्धन, पशु स्वास्थ्य सेवा तथा प्रसार, दुग्ध प्रवर्धन तथा पशुपन्छी आहार र मत्स्य व्यवसाय प्रवर्धन कार्यक्रमअन्तर्गत कृषि उपकरण खरिद, बीउ, तरकारी तथा फलफूल खेती, उन्नत चौपाया वितरण तथा दुध उत्पादन लगायत कार्यक्रमका लागि रु.७७ करोड ७८ लाख ९ हजार अनुदान दिएको छ। मन्त्रालयले प्रदान गरेको अनुदान उपयोगको अनुगमन गरेको छैन। अनुदान प्राप्त गर्नेको विवरण सार्वजनिक गरी अनुदान उपयोगको सुनिश्चित गर्नुपर्दछ।

१५. **तरल नाइट्रोजन उत्पादन प्लान्ट निर्माण** - मन्त्रालयले तरल नाइट्रोजन उत्पादन प्लान्ट निर्माण कार्यका लागि ८ महिनामा कार्यसम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.५ करोड ८२ लाख ३४ हजारको २०८१।१०।१३ मा सम्झौता भएकोमा यो वर्ष रु.३९ लाख ४१ हजार भुक्तानी गरेको छ। सार्वजनिक खरिद ऐन, २०६३ को दफा १४(४) मा राष्ट्रियस्तरको बोलपत्र आह्वान सूचना कम्तीमा तीस दिनको अवधि दिई प्रकाशन गर्नुपर्नेमा १५ दिनको अवधि दिएको छ। कानुनमा उल्लेख भएअनुसारको समय दिनुपर्दछ।

१६. **सफ्टवेयर खरिद** - मन्त्रालय र मातहतको निर्देशनालयले समेत यो वर्ष व्याज अनुदान, अनुदानग्राहीको विवरण सङ्कलन र फ्रुट एण्ड लाइभस्टक वासलात, कृषि तथ्याङ्क तथा प्रतिवेदन प्रणाली लगायत रु.४३ लाख ३९ हजारका ५ सफ्टवेयर यो वर्ष खरिद गरेको छ। उल्लिखित सफ्टवेयर खरिद गर्दा सूचना प्रविधि विभागको स्वीकृति नलिएको, प्रयोगकर्ताहरूको विवरण, पासवर्ड परिवर्तन, भण्डारण तथा डाटा व्याकअप लगायतका विद्युतीय सुरक्षा सम्बन्धी विषयमा ध्यान दिएको देखिएन। विद्युतीय तथ्याङ्कको सुरक्षा सम्बन्धी व्यवस्थाको पालना गरी सफ्टवेयरको उपयोग गर्नुपर्दछ।

१७. **सङ्गठन संरचना** - प्रदेश सकार (कार्य विभाजन) नियमावली, २०७४ मा मन्त्रालयलाई नीति, मापदण्ड स्वीकृत गर्ने एंव नियमन गर्ने जिम्मेवारी तोकिएको छ। मन्त्रालयले नीतिगत निर्णय गर्ने र सोको कार्यान्वयन जिल्लास्तरका कार्यालयबाट हुने गरेको छ। मन्त्रालयले मातहतमा कृषि विकास निर्देशनालय र पशुपन्छी विकास निर्देशनालय स्थापना गरी ती निर्देशनालयहरूले जिल्लास्तरका कार्यालयले गर्ने कार्यसम्पादन गरिरहेको अवस्था छ। निर्देशनालय र जिल्लास्तरका कार्यालयले गर्ने कार्य किटान गर्नुपर्दछ।

१८. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.३० करोड २७ लाख ८३ हजार बेरुजु बाँकी देखिन्छ। बेरुजु फर्स्यौटको वार्षिक कार्ययोजना बनाइ फर्स्यौटको कार्यान्वयन गरी अनुगमन गर्नुपर्दछ।

कृषि विकास निर्देशनालय

१९. **जग्गा भाडा अनुदान** - कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ३२ मा व्यवसायिक खेती गर्न प्रोत्साहन गरी स्वरोजगार सिर्जना गर्न कृषकलाई जग्गाको भाडा सहयोग कार्यक्रम अन्तर्गत स्थानीय प्रचलित दर वा बढीमा प्रतिरोपनी पाँच हजारका दरले एक कृषक, फार्म, समूह, सहकारीलाई अधिकतम एक लाखसम्म भाडा अनुदान दिन सक्ने र लिजमा लिएको जग्गामा कृषि व्यवसाय सञ्चालन गरेको हुनुपर्ने, न्यूनतम पाँच वर्षको लिज अवधि हुनुपर्ने र लिजमा लिएको जग्गामा कृषि वस्तुको उत्पादन गर्नुपर्ने उल्लेख छ। यो वर्ष २८ फर्मलाई रु.१७ लाख २२ हजार अनुदान भुक्तानी गरेकोमा अनुदानको उपलब्धि, अनुदानबाट प्राप्त गरेको सहुलियत मूल्याङ्कन गरेको छैन। अनुदान उपयोगको अनुगमन गर्नुपर्दछ।

२०. **चिस्यान केन्द्र निर्माण** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (८) मा उपदफा (७) बमोजिम सम्झौताको अन्त्य भएमा सो काम बापत राखिएको जमानत जफत हुने र बाँकी रहेको कार्य पुरा गर्न

आवश्यक पर्ने रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्र दाताबाट सरकारी बाँकी सरह असुल उपर गर्नुपर्ने उल्लेख छ। निर्देशनालयले रु.१ करोड १३ लाख १३ हजार लागत अनुमान भएको लाटी कोइलीमा चिस्यानकेन्द्र निर्माण गर्नका लागि एक निर्माण व्यवसायीसँग रु.७१ लाख ६१ हजारमा २०७९।३।२० भित्र कार्य सम्पन्न गर्नेगरी २०७८।११।०२ मा सम्झौता गरेको छ। उक्त कार्यमा रु.३८ लाख ९५ हजार भुक्तानी पश्चात् म्यादथप नभएको र निर्माण व्यवसायीले काम समयमा सम्पन्न नगरी निर्माण कार्य अलपत्र अवस्थामा छाडेकोले निर्देशनालयले खरिद सम्झौताको अन्त्य गरेको छ। निर्माण व्यवसायीसँगको सम्झौताको अन्त्य पछि सहकारी मार्फत बाँकी निर्माण कार्य गरी रु.४२ लाख ४४ हजारको प्राविधिक मूल्याङ्कन गरी रु.२९ लाख ५६ हजार भुक्तानी गरेको छ। निर्माणमा सहकारीबाट भएको खर्च रु.४२ लाख ४४ हजार सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

पशुपन्छी विकास निर्देशनालय

२१. **दुध बिक्री अनुदान -** कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा २०(६) प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम अन्तर्गत औपचारिक रुपमा प्रत्यक्ष दुग्ध उत्पादक किसानले दुध सङ्कलन केन्द्र वा डेरी पसल वा सहकारीको अभिलेख राखि बिक्री वितरणको प्रमाणित अभिलेख र दुध खरिद तथा सङ्कलनकर्ताले उत्पादक कृषकको दुध खरिद परिमाणको आधारमा कृषकले संगठित बजारमा दुध बिक्री गरेबापत जुम्ला, कालिकोट, हुम्ला, डोल्पा र मुगु जिल्लामा प्रतिलिटर दश रुपैयाँ तथा दैलेख, सल्यान, सुर्खेत, रुकुम पश्चिम र जाजरकोट जिल्लामा प्रतिलटर पाँच रुपैयाँ अनुदान दिने उल्लेख छ। यो वर्ष १ हजार १५२ किसानलाई १४ लाख ६३ हजार ६३० लिटर दुध बिक्रीको विवरणको आधारमा रु.७० लाख ८२ हजार अनुदान भुक्तानी गरेको छ। अनुदानको लागि रोजगारी सिर्जना गरेको आधिकारिक प्रमाण, उत्पादनमा आधारित अनुदानका लागि गत वर्षको उत्पादन अभिलेख, डेरीको प्रमाणिक विवरण हुनुपर्ने जस्ता न्यूनतम मापदण्डको पालना भएको देखिएन। अनुदानको मापदण्ड पालना गर्नुपर्दछ।

२२. **नमुना पशु सेवा केन्द्र** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (८) मा उपदफा ७ बमोजिम सम्झौताको अन्त्य भएमा सो काम बापत राखिएको जमानत जफत हुने र सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न आवश्यक पर्ने रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गरिने उल्लेख छ। निर्देशनालयले चौकुने गाउँपालिकामा नमुना पशु सेवा केन्द्रको लागि २.५ तले भवन निर्माण कार्यको लागि रु.७७ लाख ९२ हजारको लागत अनुमान गरी एक निर्माण व्यवसायीसँग २०७९।३।२५ मा सम्पन्न गर्ने गरी २०७८।७।१० मा रु.५१ लाख ८६ हजार मा सम्झौता गरेको देखिन्छ। निर्माण व्यवसायीलाई रु.३१ लाख ६६ हजार भुक्तानी भए पश्चात् निर्माण कार्य अलपत्र परेको छ। निर्माण व्यवसायीले कार्य सम्पन्न नगरेको र म्याद थप नभएकोले २०८०।२।३ मा निर्देशनालयले खरिद सम्झौता अन्त्य गरे तापनि बाँकी कार्यको लागत अनुमान तयारी र कार्य नगर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सिफारिस गरेको छैन। निर्माण व्यवसायीले राखेको कार्यसम्पादन जमानत रु.९ लाख ७८ हजार जफत गरी बाँकी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

एकीकृत कृषि प्रयोगशाला

२३. **विषादी अवशेष द्रुत विश्लेषण उपकरण** - कार्यालयले हर्रे/कपुरकोटको लागी विषादी परीक्षण मेसिनरी उपकरण र रिएजेन्ट किट खरिदका लागि रु.५२ लाख ८८ हजारको लागत अनुमान तयार गरी एक आपूर्तकसँग रु.५२ लाख ७३ हजारमा सम्झौता गरी खरिद गरेकोमा ती उपकरण र रियजेन्ट प्रयोग भएको पाइएन। खरिद गरेको सामग्री तथा उपकरणहरू सञ्चालनमा ल्याई सेवा प्रवाह गर्नुपर्दछ।

कृषि विकास कार्यालय

२४. **संरचना उपयोग** - कृषि तथा सहकारी सम्बन्धी कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८१ को दफा ५० मा अनुदानको अनुगमन र मूल्याङ्कन गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय रुकुम पश्चिमले रु.३ करोड ७३ लाख १० हजार अनुदानमा २०७५।७६ देखि २०८०।८१ सम्म निर्माण सम्पन्न गरेका ३ चिस्यान केन्द्र तथा उद्योग सञ्चालनमा आएको पाइएन।

अनुदान दिएको कार्यक्रम	अनुदान गएको वर्ष	अनुदान रकम
आठविसकोट नगरपालिका वडा नं.१ मा आलु चिप्स उद्योग	२०७५।७६ र २०७६।७७	४९४५०००
त्रिवेणी गाउँपालिका वडा नं.३ मा कोल्डस्टोर निर्माण तथा उपकरण खरिद	२०७६।७७ देखि २०७९।८०	१७६६५४०३
चौरजहारी नगरपालिका ३ वडामा कोल्डस्टोर निर्माण	२०७८।७९ देखि २०८०।८१	१४७०००००
जम्मा		**३७३१०४०३**

निश्चित उद्देश्यको लागि अनुदानबाट निर्माण भएका संरचनाको उपयोग नहुँदा अनुदान रकमको सदुपयोग भएको पाइएन। निर्मित संरचनाको उपयोग गर्नुपर्दछ।

२५. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कृषि विकास कार्यालय, मुगुले सिँचाइ कुलो ढलानमा प्रयोग हुने फर्मा टेकाको कार्य (फर्म वर्क) को लागत अनुमान तयार गर्दा सडक विभागबाट जारी दर विश्लेषणको नर्म्स नं.१८.१ (ए) प्रयोग गरेकोमा स्थानीय काठको प्रयोग ८ पटक हुने गरी प्रति वर्गमिटर रु.५९१ भुक्तानी गर्नुपर्नेमा रु.२ हजार १६५ का दरले भुक्तानी गर्दा २० योजनाको १७६८ वर्गमिटरको प्रति वर्गमिटर रु.१ हजार ५७५ को दरले रु.२७ लाख ८५ हजार बढी भुक्तानी भएको छ। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आवधिक योजना, नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयन, बढी भुक्तानी, अनुदानको अनुगमन लगायतका बेहोरा औंल्याइएकोमा स्थिति सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ १७ निकायमा यो वर्ष रु.२ करोड ८२ लाख ३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४ लाख ८५ हजार फर्स्यौट तथा प्रतिक्रियाबाट थप रु.८१ हजार समेत रु.२ करोड ७७ लाख ९९ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, नियमन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको यातायात सम्बन्धी नीति, कानुन, मापदण्ड र योजनाको तर्जुमा तथा कार्यान्वयन र अध्ययन,
- प्रदेशभित्र सार्वजनिक यातायातको रुट अनुमति, मापदण्ड, गुणस्तर, भाडा दर निर्धारण,
- प्रदेश तहमा यातायात सुरक्षा र सवारी प्रदुषण नियन्त्रण सम्बन्धी योजना निर्माण र कार्यान्वयन,
- प्रदेश लोकमार्गको योजना तर्जुमा र निर्माण, स्तरोन्नति, मर्मत सम्भार, तथ्याङ्क व्यवस्थापन, सडक प्रविधि सम्बन्धी अध्ययन अनुसन्धान, यातायात सुरक्षा कार्यान्वयन,
- रज्जुमार्ग, जलमार्ग लगायतका वैकल्पिक यातायात प्रविधिको प्रवर्धन, सम्भाव्यता अध्ययन, आयोजना कार्यान्वयन, सञ्चालन र व्यवस्थापन,
- प्रदेशभित्रको सहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत सम्भार र आवास तथा भवन सम्बन्धी योजनाहरूको कार्यान्वयन,
- प्रदेशस्तरका सरकारी कार्यालयहरूको भौतिक व्यवस्थापन र निर्माण,
- प्रदेशस्तरमा राष्ट्रिय भवन संहिता तथा भवन निर्माण मापदण्डको कार्यान्वयन,
- प्रदेशको राजधानी र प्रादेशिक सहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, संयोजन र पूर्वाधार निर्माण,
- सुरक्षित बसोबास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन।

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत १६ सरकारी कार्यालयको निम्नानुसार रु.७ अर्ब ३ करोड ४९ लाख ५४ हजारको लेखापरीक्षण सम्पन्न भएको छ:

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
५९१२१५२	३९३७४०	७२७७७१	१२९१	७०३४९५४

२. **बजेट तथा खर्च** -प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट र खर्चको विवरण देहायबमोजिम रहेको छ:

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालुखर्च				
२११०० पारिश्रमिक सुविधा	१३४८९३	१३४८९३	१०७६९२	७९.८४
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	१६९०	१६९०	५४३	३२.१३
२२१०० सेवा महसुल	८३७४	८३७४	६११९	७३.०७
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२९५०६	२९५०६	२१०४३	७१.३२

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
२२३०० कार्यालय सामान तथा सेवा	१९२८३	१९२८३	१५१६७	७८.६५
२२४०० सेवा तथा परामर्श खर्च	३४७२७	३४५२७	२४४४८	७०.८१
२२५०० कार्यक्रम सम्बन्धी खर्च	२२४५४	२२४५४	९५९६	४२.७४
२२६०० अनुगमन,मूल्याङ्कन र भ्रमण खर्च	१४६०३	१४३०३	१०६११	७४.१९
२२७०० विविध खर्च	६६७५	६६७५	५६५७	८४.७५
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१५०१०	१५०१०	१००६६	६७.०६
जम्मा	**२८७२१५**	**२८६७१५**	**२१०९४२**	**७३.५७**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१०१६७७२४	१०१३३३७४	५७०१२१०	५६.२६
३१४०० प्राकृतिक सम्पत्ति	१०५००	१०५००	-	-
जम्मा	**१०१७८२२४**	**१०१४३८७४**	**५७०१२१०**	**५६.२०**
कुल जम्मा	**१०४६५४३९**	**१०४३०५८९**	**५९१२१५२**	**५६.६८**

उल्लिखित विवरणअनुसार चालु खर्च ७३.५७ प्रतिशत, पुँजीगत खर्च ५६.२० प्रतिशत र समग्रमा ५६.६८ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य -** प्रदेश सरकारको बजेट रु.३१ अर्ब ४१ करोड ४१ हजारमध्ये दिगो विकास लक्ष्यअनुसार साङ्केतीकरण गरिएको बजेट रु.१३ अर्ब ६० करोड ७० लाख १७ हजार (४३.३२ प्रतिशत) रहेको देखिन्छ। यो वर्ष मन्त्रालय र अन्तर्गत रु.१० अर्ब ४३ करोड ५ लाख ८९ हजार बजेट विनियोजन भएकोमा मन्त्रालय सम्बद्ध दिगो विकास लक्ष्य नं. ११ दिगो सहर र वस्तिहरूका लागि रु.७ करोड ४५ लाख (०.२४ प्रतिशत) साङ्केतीकरण गरेको देखिन्छ। नीति कार्यक्रम र बजेट निर्माण गर्दा दिगो विकास लक्ष्यसहितको सूचक निर्धारण तथा आन्तरिकीकरण गरी मन्त्रालयले आफु सम्बद्ध सूचकहरूको लक्ष्य निर्धारण गरी सोको प्रगति तयार गरेको पाइएन। वार्षिक बजेट निर्माण गर्दा दिगो विकास लक्ष्यसँग तादाम्यता हुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

४. **आवधिक योजना** - कर्णाली प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) अन्तर्गत भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयले सडक तथा यातायात पूर्वाधार, यातायात व्यवस्थापन, भवन बस्ती तथा सहरी विकास समेत ३ क्षेत्रमा ३८ वटा अपेक्षित लक्ष्य निर्धारण गरेको छ। आवधिक योजनाले तय गरेका लक्ष्य मध्ये विद्युतीय रेल, मोनोरेल, केबलकार र रज्जुमार्ग सञ्चालन गर्न आवश्यक नीतिगत, कानुनी र संस्थागत व्यवस्था, हिमाल-तराई विद्युतीय रेलमार्ग, मोनोरेल, रज्जुमार्ग र केबलकारको सार्वजनिक-निजी साझेदारीमा गुरुयोजना तयारी, विद्युतीय सवारी साधन चार्जिङ्ग स्टेशन स्थापना र सेवा सञ्चालन, जिल्ला सदरमुकाम र आर्थिक-व्यापारिक केन्द्रमा सहरको रूपमा विकास जस्ता कार्यहरू प्रारम्भ गरेको देखिएन। त्यसैगरी सङ्घीय सरकारसँगको समन्वयमा जग्गा प्राप्ति गरी प्रदेश सरकारका मन्त्रालयहरू एकीकृत परिसरभित्र भवन संरचना सहितको प्रदेश प्रशासनिक परिसर निर्माण, भूमिहीन तथा लोपोन्मुख समुदायको सुरक्षित बस्ती व्यवस्थापन र राउटे आवास संरचना निर्माण, नेपाल सरकारसँगको समन्वय र सहकार्यमा प्रदेश राजधानी स्मार्ट सहर निर्माणको कार्यलाई निरन्तरता, सडकलाई व्यवस्थित, सुरक्षित छोटो र सहज बनाउन सुरूङमार्गको सम्भाव्यता अध्ययन जस्ता कार्यहरू आंशिक रुपमा कार्यान्वयन भएको उल्लेख छ। आवधिक योजनाले निर्दिष्ट गरेका लक्ष्य हासिल गर्नेगरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६(२) मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गरी प्रदेश योजना आयोग र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पठाउनु पर्ने उल्लेख छ। कर्णाली प्रदेश योजना आयोगले तयार गरेको मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम मन्त्रालयको २०८१।८२ को खर्च संरचना देहायबमोजिम रहेको छः

(रु.हजारमा)

मध्यमकालीन खर्च संरचना अनुसार प्रक्षेपण			बजेट विनियोजन			बढी बजेट
कुल	चालु	पुँजीगत	कुल	चालु	पुँजीगत	
६८६७३००	२७३०००	६५९४३००	१०४३०५८९	२८६७१५	१०१४३८७४	३५६३२८९

मन्त्रालय र अन्तर्गतको लागि कुल रु.६ अर्ब ८६ करोड ७३ लाख बजेट प्रक्षेपण गरेकोमा अन्तिम बजेट रु.१० अर्ब ४३ करोड ५ लाख ८९ हजार रहेकोले मध्यमकालीन खर्च संरचनाले प्रक्षेपण गरेको भन्दा रु.३ अर्ब ५६ करोड ३२ लाख ८९ हजार बढी विनियोजन गरेको देखिन्छ। मन्त्रालयको मध्यमकालीन खर्च संरचना र बजेट विनियोजनमा तादाम्यता देखिएन। मध्यमकालीन खर्च संरचना अनुसार बजेट विनियोजन गर्नुपर्दछ।

६. **नीति तथा कार्यक्रम -** प्रदेश सरकारको २०८१।८२ को नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित देहायका प्रमुख नीति तथा कार्यक्रमहरूको कार्यान्वयनको स्थिति देहायअनुसार रहेको छः

नीति कार्यक्रम बुँदा नं	नीति तथा कार्यक्रमको बेहोरा	उपलब्धि
२९	नयाँ सडक निर्माण गर्ने, परिपाटीलाई निरुत्साहित गर्दै सडक पूर्वाधारको स्तरोन्नति र सडक निर्माण गर्दा जलपुनर्भरण प्रणाली समावेश गर्ने	नियमित तथा आकस्मिक सडक मर्मत मापदण्ड तर्जुमा भएको। उक्त कार्यका लागि सम्बन्धित पूर्वाधार कार्यालयहरूमा बजेट विनियोजन भएको।
२९	सडकको आकस्मिक तथा नियमित मर्मत सम्भार गर्न आवश्यक एक्साभेटर, रोलर, ट्रिपर लगायतका हेभी इक्युपमेन्ट र पूर्वाधार एम्बुलेन्सको व्यवस्था	प्राथमिकतामा रहेको र आगामी आर्थिक वर्षमा कार्यान्वयनमा रहेको।
३०	भौतिक पूर्वाधार लगायत प्रदेशको प्राथमिकताका क्षेत्रमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्रोत्साहन	कर्णाली प्रदेश सार्वजनिक निजी साझेदारी नियमावली, २०७८ तर्जुमा भएको। प्रदेश सरकारबाट लगानी सम्मेलन गर्ने घोषणा भएको।
३१	भूकम्प प्रभावित जिल्लाका स्थानीय तहमा सीप विकास तथा पुनर्निर्माण	जाजरकोट, सल्यान र रुकुम-पश्चिममा भुकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकिहरूको पुनर्निर्माण कार्य सञ्चालनमा रहेको।
३२	नेपाल सरकारबाट संकटग्रस्त क्षेत्र घोषणा भएका बस्तीलाई स्थानीय तहको समन्वयमा सुरक्षित स्थानमा स्थानान्तरण गरीसुरक्षित एवम् व्यवस्थित बस्ती विकास	संकटग्रस्त वस्ती व्यवस्थापन कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि, २०८० तर्जुमा भएको।
३३	वीरेन्द्रनगर, सुर्खेतलाई स्वच्छ , सुन्दर र व्यवस्थित शहरको रुपमा विकास गर्न प्रदेश राजधानी विकास कार्यक्रम/ एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण	एकीकृत प्रशासकीय भवनको बोलपत्र आव्हान भई मूल्याङ्कनको चरणमा रहेको।
३५	प्रदेशमा नै सवारी चालक अनुमतिपत्र (स्मार्ट कार्ड) छपाइ तथा वितरण तथा सवारी चालक प्रशिक्षण केन्द्रहरूको नियमनलाई व्यवस्थित गर्न आवश्यक मापदण्ड	छपाइ तथा मुद्रण सम्बन्धी अधिकार सङ्घीय सरकारको रहेको हुँदा स्मार्ट कार्ड छपाइ मुद्रण विभागबाट छपाइ भइरहेको।

वार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयनमा यो वर्ष सडक निर्माण गर्दा जलपुनर्भरण प्रणाली समावेश गर्ने कार्य, सडकको आकस्मिक तथा नियमित मर्मत सम्भार गर्न आवश्यक एक्साभेटर, रोलर, ट्रिपर लगायतका हेभी इक्युपमेन्ट र पूर्वाधार एम्बुलेन्सको व्यवस्था, भौतिक पूर्वाधार लगायत प्रदेशको प्राथमिकताका क्षेत्रमा सार्वजनिक निजी साझेदारी मोडेललाई प्रोत्साहन अनुरुप योजना कार्यान्वयन, नेपाल सरकारबाट संकटग्रस्त क्षेत्र घोषणा भएका बस्तीलाई स्थानीय तहको समन्वयमा सुरक्षित स्थानमा स्थानान्तरण गरी सुरक्षित एवम् व्यवस्थित बस्ती विकास, प्रदेश राजधानीमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण लगायतका कार्यहरू कार्यान्वयन भएको छैन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका विषयहरू कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्वयन -** प्रदेश सरकारको २०८१।८२ को बजेट वक्तव्यमा उल्लिखित मन्त्रालयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन अवस्था देहायअनुसार रहेको छः

बजेट वक्तव्यको बुँदा नं.	बजेट वक्तव्यमा उल्लेखित संक्षिप्त बेहोरा	कार्यान्वयन अवस्था
८५	अन्तरप्रदेश जोड्ने सडक अन्तर्गतका मुलपानी-रानीघाट-तेलपानी-भुरीगाउँ सडक, कालीकोट-कोटवाडा-राष्कोट-रामारोशन सडक, रारा-धुराचौर-बाजुरा सडक र सल्यान खलङ्गा-कालिमाटी-कोहलपुर सडक निर्माण तथा स्तरोन्नति	अन्तरप्रदेश जोड्ने उल्लिखित सडक निर्माणाधिन अवस्था रहेको।
८६	विश्व बैङ्कको सहयोगमा सञ्चालन हुने प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना अन्तर्गत डुङ्गेश्वर-डाँडापराजुली सडक दैलेख र गल्फागाड-थाडाँकटे अदानचुली हुम्ला सडक स्तरोन्नति	कार्यान्वयन भैरहेको।
१००	वहुवर्षीय तथा स्रोत सुनिश्चितता भइ कार्यान्वयनमा रहेका तथा दायित्व सिर्जना भएका आयोजनाहरू तोकिएको समयभित्र सम्पन्न गर्ने	समयमानै सम्पन्न गर्ने कार्यलाई प्राथमिकता दिईएको र सो अनुरुपको पहल भएको।
१०३	सङ्घ र स्थानीय तहसँगको सहकार्य गरी आधा घण्टाको हिँडाई दुरी भित्र पहुँच सुविधा पुर्‍याउने गरी झोलुङ्गे पुल निर्माण कार्यलाई तीव्र गतिमा अगाडि बढाउन ९० वटा थप झोलुङ्गे पुल निर्माण गरिने	यस आर्थिक वर्षमा ३४ वटा झोलुङ्गे पुल निर्माण सम्पन्न भएको।
१०४	सुर्खेत र रुकुम पश्चिम जिल्लामा ट्रायल सेन्टर निर्माण गर्न तथा जुम्ला जिल्लामा रहेको ट्रायल सेन्टर मर्मत र प्रदेशमा नै सवारी चालक अनुमतिपत्र छपाइ तथा वितरण गर्ने	रुकुम -पश्चिममा ट्रायल सेन्टर तयार भएको। सुर्खेतमा कार्यान्वयनको चरणमा रहेको। सवारी चालक अनुमति पत्र छपाइ मुद्रण विभागबाट भैरहेको।
११०	प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बीरेन्द्रनगर सुर्खेतलाई स्वच्छ सुन्दर र व्यवस्थित शहरको रुपमा विकास र प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण	एकीकृत प्रशासकीय भवनको बोलपत्र आव्हान भई सम्झौताको चरणमा रहेको।
१११	भवनसँग सम्बन्धित कानुन तथा भवन संहिता निर्माण गरी कार्यान्वयन	तर्जुमाको चरणमा रहेको।
११३	जाजरकोटको रामिडाँडा केन्द्रविन्दु भएर गएको भूकम्पबाट प्रभावित जाजरकोट, रुकुम पश्चिम लगायतका जिल्लाका क्षतिग्रस्त स्वास्थ्य तथा शिक्षण संस्था लगायतका पूर्वाधार संरचनाहरूको पुनर्निर्माण, ब्यूल्ड व्याक बेटर (बिबिबि) को मूल मान्यतामा रही यस्ता भवन संरचनाहरू निर्माण	जाजरकोट, सल्यान र रुकुम-पश्चिममा भुकम्पबाट क्षतिग्रस्त विद्यालय र स्वास्थ्य चौकिहरूको पुननिर्माण, सञ्चालनमा रहेको।

भवनसँग सम्बन्धित कानुन तथा भवन संहिता निर्माण गरी कार्यान्वयन, भुकम्प प्रभावित जिल्ला जाजरकोट र रुकुम पश्चिमका सरकारी भवनहरूको मर्मतसम्भार कार्य, छरिएर रहेको एवम् जोखिमयुक्त बस्तीलाई मध्यनजर गरी एकीकृत तथा सुरक्षित बस्ती विकास कार्यक्रम, प्रदेश राजधानी पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बीरेन्द्रनगर सुर्खेतलाई स्वच्छ सुन्दर र व्यवस्थित शहरको रुपमा विकास र प्रदेश सरकारका मन्त्रालयहरूलाई एकीकृत स्थानमा स्थानान्तरण गर्न प्रदेश महत्वको आयोजनाको रूपमा एकीकृत प्रशासनिक भवन तथा परिसर निर्माण जस्ता कार्यक्रमको कार्यान्वयन भएको छैन।

८. **रकमान्तर -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २० मा विनियोजन ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा वचत हुने रकम मध्येबाट विनियोजन ऐन बमोजिम मन्त्रालयले १० प्रतिशत सीमाभित्र रही रकमान्तर गर्न सक्ने उल्लेख छ। मन्त्रालय अन्तर्गत २०८१।८२ मा सुरु बजेट विनियोजन रु.१० अर्ब ४६ करोड ५४ लाख ३९ हजार रहेकोमा रकमान्तरबाट रु.३ करोड ४८ लाख ५० हजार घट भई रु.१० अर्ब ४३ करोड ५ लाख ८९ हजार अन्तिम बजेट कायम भएको छ। विनियोजन रकममध्ये ५६.६८ प्रतिशत खर्च भएकोले बजेटलाई यथार्थपरक बनाउनुपर्दछ।

९. **भौतिक प्रगति -** मन्त्रालयको २०८१।८२ को प्रगति विवरणअनुसार सम्पन्न भएका भौतिक पूर्वाधारहरूको विवरण देहायअनुसार रहेको छ :

क्र.सं.	कार्यक्रम	२०८१/८२ को लक्ष्य	२०८१/८२ को उपलब्धि	२०८१।८२ सम्मको उपलब्धि
१	**सडक निर्माण तर्फ**			
	क. कालोपत्रे/पक्कि (कि.मि.)	५०	७२.८४	२४९.५९
	ख. ग्राभेल/खण्डस्मिथ (कि.मि.)	२००	९३.५९	७१३.६५
	ग. माटे (कि.मि.)	१०००	३१७.९	३१६२.४६
	घ. अन्यः सडक स्तरोन्नति, नाला निर्माण आदि (कि.मि.)	-	१८५.८३	६४४.७५
२	**पुल निर्माण (संख्या)**			
	क. झोलुङ्गे पुल निर्माण (संख्या)	३५	३४	१२५
	ख. सडक पूल निर्माण (संख्या)	१५	१३	५३
३	**सार्वजनिक भवन निर्माण (संख्या)**		६	१९
४	**जनता आवास (संख्या)**			
	क. जनता आवास (सङ्ग)	५००	३८०	३५३०
	ख. जनता आवास (प्रदेश)		१८४	७०६
५	**विपन्नको घर कार्यक्रम (संख्या)**		२२३	६२०

***(स्रोत :** कर्णाली प्रदेशको मध्यमकालीन खर्च (२०८१।८२-२०८३।८४) र मन्त्रालयको वार्षिक प्रतिवेदन)*

उल्लखित विवरणअनुसार यो वर्ष ग्राभेल सडक २०० किलोमिटर निर्माण गर्ने लक्ष्य रहेकोमा ९३.५९ किलो मिटर र कच्ची सडक १००० किलो मिटर निर्माण गर्ने लक्ष्य रहेकोमा ३१७.९० किलोमिटर सम्पन्न भएको छ। वार्षिक कार्य योजना तर्जुमा गरी बजेट तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

१०. **स्रोत सहमति -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा १२ (४) मा प्रदेश योजना आयोगले बहुवर्षीय आयोजनाको स्रोत सहमतिका लागि सिफारिस सहित प्रस्ताव

भएमा आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रदेशको आन्तरिक स्रोत परिचालन र प्रदेश सञ्चितकोषको अवस्था, विगत वर्षमा सिर्जित दायित्वको विवरण र स्रोतको उपलब्धता समेतको आधारमा स्रोत सहमति दिन सक्ने उल्लेख छ। मन्त्रालय मातहतका कार्यालयबाट सम्झौता भएका ५६८ बहुवर्षीय योजनाको सम्झौता रकम रु.२१ अर्ब ४५ करोड १२ हजारमध्ये यो वर्षसम्ममा रु.७ अर्ब ६५ करोड २३ लाख ७२ हजार भुक्तानी भई रु.१३ अर्ब ३९ करोड २६ लाख ४१ हजार आगामी वर्षको लागि सम्भावित दायित्व रहेको छ। स्रोत सहमति दिँदा आगामी बजेटलाई भार नहुने गरी स्रोत सुनिश्चित हुनुपर्दछ।

११. **बजेट व्यवस्थापन -** नेपाल सरकारको समपूरक अनुदान कार्यविधि, २०८१ को दफा ४ (१०) मा प्रदेश र स्थानीय तहले समपूरक अनुदानबाट कार्यान्वयन हुने क्रमागत आयोजना वा कार्यक्रमको लागि बजेट माग गर्नु पर्ने र बजेट माग नगरेमा त्यस्तो आयोजना वा कार्यक्रम सम्पन्न गर्ने दायित्व सम्बन्धित प्रदेशको हुने उल्लेख छ। प्रदेश सरकारले पूर्वाधार निर्देशनालय मार्फत सङ्घीय समपूरक अनुदानबाट घाटगाउँ गुटु साल्म कोरालाबास कुल्लीमारी सडक सुर्खेतको १५ किलोमिटर ५१८ मिटर सडक निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु.३८ करोड ५६ लाख ४० हजारमा २०८१।३।२४ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।३।२२ मा खरिद सम्झौता भएकोमा यो वर्षसम्म रु.१२ करोड ५३ लाख ५५ हजार भुक्तानी भएको छ। सम्झौता बमोजिम निर्माण कार्यमा रु.२६ करोड २ लाख ८४ हजार थप बजेट लाग्ने देखिएको र प्रदेश सचिवस्तरीय निर्णयबाट २०८२।८३ सम्म म्याद थप गरेको भएपनि प्रदेश सरकार स्रोतबाट बजेट विनियोजन गरेको देखिएन। बजेट अभावले निर्माण स्थगन हुँदा बजेट व्यवस्था गरी निर्माण सम्पन्न गर्नुपर्दछ।

१२. **आयोजना कार्यान्वयन –** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा सबै कार्यालयले प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने, प्रगति कम भएमा कम हुनुका कारणहरू र सोको निमित्त जिम्मेवार व्यक्ति समेतको पहिचान गर्नुपर्ने साथै सुधारका कदमहरू चाल्नुपर्ने उल्लेख छ। मन्त्रालयको वार्षिक प्रगति प्रतिवेदनअनुसार मन्त्रालय मातहत कार्यालयका विभिन्न ५० योजनामा विनियोजन भएको रु.२४ करोड ४४ लाख ८८ हजार बजेट कार्यान्वयन भएको छैन। स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१३. **सरकारी सम्पत्तिको अभिलेख -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ५० मा सोही नियमावलीको नियम ४६, ४७ र ४८ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मेसिनरी र उपकरण रु.२ करोड ८४ लाख ५३ हजार र अन्य स्थिर सम्पत्ति रु.३१ करोड ७९ लाख ५२ हजार समेत रु.५५ करोड ६४ लाख ५ हजारको सम्पत्ति रहेको देखिन्छ। मन्त्रालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीबाट तयार गरेको विवरणमा मन्त्रालय र अन्तर्गतका सम्पुर्ण सम्पत्तिहरू समावेश हुन नसकेको, मूल्य नखुल्ने सम्पत्तिको मूल्य रु.१ राखि प्रविष्टी गरिएको, अधिकांश सम्पत्तिको मूल्य कायम नगरेको, स्थायी संरचनाहरू जस्तै कार्यालय भवन जग्गा जमिन लगायतको सम्पत्ति प्रदेश मन्त्रालय मातहत प्राप्त गरी प्रणालीमा प्रविष्ट नगरेकोले मन्त्रालयले तयार गरेको एकीकृत सम्पत्तिको विवरण यथार्थपरक रहेको देखिएन। अतः मन्त्रालयले र मातहतको निकायको सम्पत्तिलाई प्रणालीमा अभिलेख गर्नुपर्दछ।

१४. **सडकको अभिलेख** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(५) मा सार्वजनिक निकायले भौतिक सम्पत्तिको अभिलेख राख्नुपर्ने व्यवस्था छ। प्रदेशको क्षेत्राधिकारमा पर्ने राष्ट्रिय, रणनीतिक, प्रादेशिक र स्थानीय गरी तीन तहको सडक तथा पूल निर्माणमा यो वर्ष रु.४ अर्ब ९५ करोड ४७ लाख १२ हजार खर्च गरेको छ। मन्त्रालयको बार्षिक प्रगति प्रतिवेदनअनुसार यो वर्ष ७२. ८४ किलोमिटर कालोपत्रे, ९३.५९ किलोमिटर ग्राभेल र ३१७.९० किलोमिटर माटे सडक निर्माण गरेको जनाए तापनि सडकको एकीकृत अभिलेख राखेको छैन। आवधिक योजनाले २०८५।८६ सम्म २ हजार ५०० किलोमिटर सडक कालोपत्रे गरिने लक्ष्य राखेकोमा पहिलो वर्षसम्म २४९.५९ किलोमिटर सडक कालोपत्रे भएको देखिन्छ। सडकको अभिलेख राखुपर्दछ।

१५. **विपन्नको घर निर्माण** - कर्णाली प्रदेश विपन्नको घर निर्माण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८ बमोजिम कर्णाली प्रदेश भित्रका विपन्न बादी, गाईने, राउटे, बोटे, राजी, दलित, मुसलमान तथा लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदाय एवम् अन्य जातका विपन्न वर्गलाई आवासको निर्माण गर्न प्रति आवास हुम्ला, डोल्पा र मुगुका लागि रु.४ लाख र अन्य जिल्लाका लागि रु.३ लाख ५० हजार ३ किस्तामा प्रगति पश्चात लाभग्राहिको बैङ्क खातामा जम्मा हुने व्यवस्था छ। कार्यक्रम अन्तर्गत यो वर्ष रु.१० करोड ९० लाख ५० हजार भुक्तानी गरेकोमा १० जिल्लामा प्रदेश सरकारबाट ६२६ आवास निर्माण सम्झौता गरेकोमा २०८१।८२ मा सम्पन्न ३०६ समेत हालसम्म ६२० आवास हस्तान्तरण गरेको छ। सम्झौता बमोजिम आवास निर्माण गरी हस्तान्तरण गरिएका लाभग्राहीको विवरण सार्वजनिक गर्नुपर्दछ।

१६. **जनता आवास कार्यक्रम** - नेपाल सरकारले लोपोन्मूख र अति सीमान्तकृत जाती तथा समुदायका लागि २०६६।६७ देखि जनता आवास कार्यक्रम कार्यान्वयनमा ल्याई प्रदेश सरकारले कार्यक्रम कार्यान्वयन गर्दै आएको छ। जनता आवास कार्यक्रम अन्तर्गत गत वर्ष सम्म ३ हजार ६७२ घर निर्माण सम्पन्न भएकोमा यो वर्ष थप ५६४ घर निर्माण भई हालसम्म ४ हजार २३६ घर निर्माण सम्पन्न भई रु.१ अर्ब ४८ करोड २६ लाख खर्च भएको छ। यो वर्ष प्रदेश अन्तर्गतका १० जिल्लामा ८४८ घर निर्माण कार्यको सम्झौता भएकोमा ५६४ घर निर्माण कार्य सम्पन्न भई रु.१९ करोड ७५ लाख खर्च भएको र २८४ घर निर्माण सम्पन्न प्रक्रियामा रहेको देखिन्छ। निर्माण प्रक्रियामा रहेको २८४ आवासहरू सम्झौता बमोजिम सम्पन्न गरी मन्त्रालयले निर्माण भएका संरचनाको उपयोग अवस्थाको अनुगमन गर्ने, हस्तान्तरण गरिएका आवासका लाभग्राहिको विवरण सार्वजनिक गर्नुपर्ने तथा प्रदेशबाट कार्यान्वयन भएको विपन्नको घर निर्माण कार्यक्रम र जनता आवास कार्यक्रम एकै प्रकृतिको देखिएकाले लाभग्राहि दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **भवन निर्माण** - कर्णाली प्रदेश सरकारले भूकम्पबाट क्षतिग्रस्त भवन पुनर्निर्माण कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ स्वीकृत गरेको छ। जाजरकोट, रुकुम पश्चिम र सल्यान जिल्लामा २०८० साल कार्तिक १७ गते गएको भूकम्पबाट क्षतिग्रस्त भएका भवन पुनःनिर्माण कार्यक्रम सञ्चालनका लागि एकमुष्ट रु.४७ करोड बजेट विनियोजन गरेको छ। सो बजेट कार्यान्वयनका लागि ३ जिल्लाका १९ स्थानीय तहका ६२ विद्यालय र १९ स्वास्थ्य संस्था छनोट गरी सिफारीस गरेकोमा २०८१।८।२० को मन्त्रिस्तरीय निर्णयबाट स्वीकृत गरी पूर्वाधार विकास कार्यालयमार्फत यो वर्ष रु.२४ करोड ८१ लाख ३७ हजार भुक्तानी भई रु.१८ करोड ५९ लाख ३० हजार २०८२।८३ का लागि दायित्व सिर्जना भएको देखिन्छ। मन्त्रालयले एकमुष्ट बजेट विनियोजन गरी निर्णयको आधारमा योजना छनोट

गरेकोले योजनाको कार्यान्वयन प्रभावकारी हुन सकेको छैन। पटके निर्णयका आधारमा कार्यक्रम कार्यान्वयन गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

१८. **योजना छनोट तथा कार्यान्वयन** - कर्णाली प्रदेशको आयोजनाको प्रस्ताव तथा छनोट प्रक्रिया सम्बन्धी कार्यविधि, २०८१ को दफा ५ मा सडक र भवन पूर्वाधारतर्फका आयोजनाका हकमा रु.३० लाख र सो बाहेक अन्य आयोजनाका हकमा रु.१५ लाखभन्दा कम लागत भएका आयोजना प्रदेश सरकारबाट कार्यान्वयन हुने गरी छनोट नगरिने र उल्लेखित लागतको सिमाभन्दा कमको आयोजनाको हकमा प्रदेश सरकारले स्थानीय तहबाट कार्यान्वयन हुनेगरी प्रबन्ध मिलाउने उल्लेख छ। मन्त्रालय अन्तर्गत यो वर्ष छनोट भएका योजना, विनियोजन रकम र कार्यान्वयनको अवस्था निम्नानुसार रहेको छः

(रु.हजारमा)

योजनाको विवरण	योजना संख्या	कुल योजनाको तुलनामा (प्रतिशत)	बजेट रकम	कार्यान्वयन योजना संख्या	खर्च रकम
१० लाख सम्म	३४	५	५८७८०	२१	१२२७२
१०-२० लाख सम्म	१२०	१९	२१९८४४	१०९	१५६९९२
२०-५० लाख सम्म	३०५	४७	९८९३२९	२८२	७०८६८६
५० लाख देखि १ करोड सम्म	७४	१२	५५४२५८	७१	४२९३९७
१ करोड भन्दा बढी	१११	१७	६३८१९७०	१०७	३५७०९९७
जम्मा	**६४४**	**१००**	**८२०४१८१**	**५९०**	**४८७८३४४**

उल्लिखित विवरणअनुसार मन्त्रालय अन्तर्गत यो वर्ष १० लाखसम्मका ३४ योजना छनोट भएकोमा २१ योजनामा रु.१ करोड २२ लाख ७२ हजार र १० लाखदेखि २० लाखसम्मका १०९ योजनामा रु.१५ करोड ६९ लाख ९२ हजार खर्च भएको देखिन्छ। प्रदेश सरकारले १५ लाख भन्दा साना योजना स्थानीय तहमार्फत कार्यान्वयन गर्ने नीतिको अवलम्वन भएको देखिएन। प्रदेशले सडक र भवन संरचनामा रु.३० लाख र अन्य आयोजनमा रु.१५ लाखभन्दा बढी लागत अनुमान भएको आयोजना कार्यान्वय गर्नुपर्दछ।

१९. **अधुरा योजना** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(ङ) मा सम्झौता कार्यान्वयनको प्रगति अनुगमन गर्ने, नियम १२८ मा निर्माण व्यवसायीले खरिद सम्झौताको उल्लङ्घन गरेमा समयमा कार्य सम्पन्न हुन नसकेमा सम्बन्धित निर्माण व्यवसायीबाट क्षतिपूर्ति प्राप्त गर्ने, सम्झौताको अन्त्य गर्ने र सम्झौताबमोजिम काम नगर्ने निर्माण व्यवसायीको खर्चमा त्यस्तो कार्य सम्पन्न गर्ने व्यवस्था छ। मन्त्रालयले उपलब्ध गराएको अधुरा तथा रूग्ण आयोजनाहरूको विवरण निम्नानुसार छः

(रु.हजारमा)

क्र.सं.	कार्यालयको नाम	ठेक्का संख्या	सम्झौता रकम	२०८१।८२ सम्मको भुक्तानी
१	पूर्वाधार विकास कार्यालय, दैलेख	३	३२२३३१	१११४६६
२	पूर्वाधार विकास निर्देशनालय,सुर्खेत	३	२७९५३०	४२६१०
३	पूर्वाधार विकास कार्यालय,जाजरकोट	३	२३५०५०	१८१८३
४	पूर्वाधार विकास कार्यालय, मुगु	२	२६००६३	७२९५६
५	पूर्वाधार विकास कार्यालय, कालिकोट	५	४८७०१६	१७६४७७
जम्मा		**१६**	**१५८३९९०**	**४२१७९२**

उल्लिखित १६ योजनाहरू २०७७।७८ र सो भन्दा अघि रु.१ अर्ब ५८ करोड ३९ लाख ९० हजारमा कार्य सम्पन्न गर्ने गरी सम्झौता भई २०७७।७८ देखि २०७८।७९ सम्म सम्पन्न

हुनुपर्नेमा यो वर्षसम्म रु.४२ करोड १७ लाख ९२ हजार भुक्तानी भए तापनि कार्य सम्पन्न भएको पाइएन। सडक आयोजना निर्धारित अवधिमा पूरा नहुँदा अपेक्षित प्रतिफल प्राप्त नहुने र लागत बढ्ने भएकोले तोकिएको समयमै सम्पन्न गर्नुपर्दछ।

२०. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.१ अर्ब २४ करोड ५१ लाख २४ हजार बेरुजु बाँकी देखिन्छ। ऐनमा तोकिए अनुसार बेरुजु फर्स्यौटको अनुगमन गर्नुपर्दछ ।

पूर्वाधार विकास निर्देशनालय/कार्यालयहरू

२१. **परामर्श सेवा** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, डोल्पाले ९ आयोजनाको रु.१ करोड ३४ लाख ६३ हजार, हुम्लाले ३ आयोजनाको रु.५८ लाख ८८ हजार, जाजरकोटले ५ आयोजनाको रु.३० लाख २१ हजार, सल्यानले ३ आयोजनाको रु.२६ लाख १३ हजार, रुकुमले २ आयोजनाको रु.२३ लाख ५३ हजार र कालिकोटले ३ आयोजनाको रु.१८ लाख ९० हजार समेत रु.२ करोड ९२ लाख २८ हजारमा योजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गर्नका लागि परामर्श सेवा खरिद गरेका छन्। कार्यालयको प्राविधिक जनशक्तिबाट सम्भव हुने कार्यका लागि परामर्श सेवा लिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२२. **सोझै खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिष्पर्धा सीमित हुने गरी खरिद गर्न नहुने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय,सुर्खेतले ११ योजनाको रु.८२ लाख ९८ हजार, पूर्वाधार विकास कार्यालय, दैलेखले २८ योजनाको रु.२ करोड ४१ लाख ६ हजार, रुकुमले १० योजनाको रु.९८ लाख ६६ हजार, डोल्पाले ९ योजनाको रु.८२ लाख ३८ हजारको, जाजरकोटले १२ योजनाको रु.७६ लाख ६६ हजार, हुम्लाले १२ योजनाको रु.५३ लाख ९० हजार, मुगुले ८ योजनाको रु.५२ लाख ६८ हजार र सल्यानले ३ योजनाको रु.२१ लाख १४ हजार समेत रु.७ करोड ९ लाख ४६ हजारको भवन, सडक मर्मत र निर्माण कार्य सोझै खरिद गरेका छन्। प्रतिस्पर्धा सीमित हुने खरिद विधिलाई नियन्त्रण गर्नुपर्दछ।

२३. **खरिद सम्झौता** - पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले प्रदेश पूर्वाधार एकीकृत विकास कार्यक्रम अन्तर्गत प्रदेश राजधानी वीरेन्द्रनगर प्लानिङ्ग क्षेत्र सहरी सडक निर्माण प्याकेज-१ मा विभिन्न १५ वटा सडकमा नाला सहित सडक निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु.१२ करोड ९४ लाख ३७ हजारमा २०७९।११।२८ सम्ममा सम्पन्न गर्नेगरी २०७८।५।१७ मा सम्झौता गरेको छ। सम्झौतामा तोकिएको अवधिमा कार्य सम्पन्न नभई २०८१।८।२० सम्म थप भएको अवधिमा पनि कार्य सम्पन्न गर्न नसकेको कारण खरिद सम्झौता अन्त्य गरेको छ। यस सम्वन्धी बेहोरा देहाय बमोजिम छन्:

२३.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) मा खरिद सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बिचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले जुनसुकै बखत सम्झौता अन्त्य गर्न सक्ने व्यवस्था छ।सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी कार्य पुरा गर्न लाग्ने रकम सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले २०८१।८।२० मा सचिव स्तरीय निर्णयबाट पुर्वनिर्धारीत क्षतिपुर्ति लगाई निर्माण सम्पन्न हुने अवधिमा पनि निर्माण कार्य सम्पन्न नभएको कारण खरिद सम्झौता अन्त्य गरी बाँकी कार्य पूरा गर्न लाग्ने रु.१० करोड ५० लाख ६९ हजार असुल गर्नुपर्ने निर्णय गरी २०८२।८।२८ मा पत्राचार गरेकोमा सो रकम असुल भएको देखिएन। उक्त रकम असुल गर्नुपर्दछ।

२३.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फछ्यौट हुन नसकेमा बैङ्क जमानतको रकम प्राप्त गरी पेस्की फर्स्यौंट गर्नुपर्ने र पेस्की रकमको सयकडा दश प्रतिशत व्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। निर्देशनालयले निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड १० लाख जफत गरी राजस्व दाखिला गरेकोमा रु.३३ लाख ब्याज असुल नगरेको असुल गर्नुपर्दछ।

२४. **ट्रायल सेन्टर निर्माण -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई बोलपत्र आव्हान गर्न नहुने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले यातायात व्यवस्था कार्यालय, सुर्खेतको लागि ट्रायल सेन्टर निर्माण गर्न २०८०।०३।१५ भित्र रु.२ करोड ३९ लाख ९६ हजारमा कार्य सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग २०७९।१०।११ मा खरिद सम्झौता गरेको छ। निर्माण स्थलमा सुकुम्बासी अतिक्रमण हटाउन नसकेको कारणले २०८१।२।३० सम्म म्याद थप गरेकोमा हालसम्म रु.४६ लाख ८२ हजारको रिटेनिङ्गवालको काम भई थप भएको अवधिमा समेत कार्यसम्पन्न भएको देखिएन। उक्त कार्यको म्याद थप नभएको अवस्थामा निर्माण व्यवसायीलाई दिएको पेस्की रु.२१ लाख जोखिममा रहेको, ट्रायल सेन्टरको अभावको कारण २०८१।८२ मा यातायात व्यवस्था कार्यालय, सुर्खेतबाट नयाँ सवारी चालक अनुमति पत्र वितरण हुन सकेको छैन। सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

२५. **स्मृति प्रतिष्ठान भवन -** पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले ६०० जना क्षमता भएको सभा हल र लिफ्ट सहितको ५ तले भवन निर्माणका लागि रु.१० करोड २९ लाख १७ हजार लागत अनुमान स्वीकृत गरी एक निर्माण व्यवसायीसँग रु.७ करोड ६४ लाख ४५ हजारमा २०८२।११।३० भित्र कार्यसम्पन्न गर्नेगरी २०८१।५।२९ मा सम्झौता गरेकोमा यो वर्ष रु.२ करोड ५० लाख ७७ हजार भुक्तानी भएको छ। निर्देशनालयले निर्माण हुने स्मृति प्रतिष्ठानको भवन र सभाहल लगायत संरचनाको प्रयोग तथा सञ्चालनको कार्य योजना, संरचनाको स्वामित्व तथा सोबाट प्राप्त हुने प्रतिफलको बिश्लेषण गरेको देखिएन। अधुरो निर्माण कार्य पुरा गर्नुपर्दछ।



प्रस्तावित तथा हाल निर्माणाधीन भवन

२६. **ईन्जिनिरिङ सुविधा** - निर्माण कार्यको बोलपत्र कागजात सवारीसाधन, साइट अफिस भाडा, मेसिन उपकरणजस्ता निर्माण कार्यसँग असम्बन्धित खर्च समावेश गर्न नपाइने प्रचलन रहेको छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले एक सडक निर्माण कार्यको बिल अफ क्वान्टिटीमा सडक निर्माण कार्यको अनुगमन र गुणस्तर नियन्त्रण कार्यको लागि परामर्श सेवा खरिद कार्य, कार्यालय आवास र व्यवस्थापन कार्य, ल्याब्रोटरी उपकरण र फर्निचर तथा फर्निसिङ कार्य र सार्वजनिक शौचालय तथा विश्रामस्थल निर्माणको लागि रु.९६ लाख ५० हजार व्यवस्था गरी रु.२५ लाख ५० हजार भुक्तानी भएको छ। निर्माण कार्यको बिल अफ क्वान्टिटीमा असम्बन्धित आइटम समावेश गरी भुक्तानी दिने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२७. **पेस्कीको ब्याज** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम तोकिएको समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैङ्क जमानतको रकम प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र त्यस्तो पेस्की रकमको वार्षिक दश प्रतिशत ब्याज समेत असुल गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले खरिद सम्झौता बमोजिमको अवधिमा कार्य सम्पन्न नगरेका कारण ३ निर्माण व्यवसायीलाई दिएको पेस्कीको बैङ्क जमानत जफत गरी रु.४ करोड ६२ लाख १६ हजार राजस्व दाखिला गरेकोमा रु.१ करोड २४ लाख ५ हजार ब्याज र पूर्वाधार विकास कार्यालय, जाजरकोटले ४ निर्माण व्यवसायीलाई दिएको पेस्की रु.१ करोड ४२ लाखको जमानत जफत गरेकोमा रु.६८ लाख ३५ हजारसमेत रु.१ करोड ९२ लाख ४० हजार ब्याज असुल नगरेकोले उक्त ब्याज असुल गर्नुपर्दछ।

२८. **मूल्य समायोजन** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११९ मा सार्वजनिक निकायले मूल्य समायोजन गर्न सकिने विषय खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ। मूल्य समायोजन भुक्तानीका सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम छन्:

२८.१. निर्माण कार्यको खरिद सम्झौतामा उल्लेख भए बमोजिम नेपाल राष्ट्र बैङ्कद्वारा प्रकाशित मूल्य सूचक (ईण्डेक्स) भन्दा फरक मितिको सूचकको आधारमा मूल्य समायोजन गणना गर्दा पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले एक निर्माण व्यवसायीलाई रु.२ लाख ३९ हजार, पूर्वाधार विकास कार्यालय, दैलेखले दुई निर्माण व्यवसायीलाई रु.४ लाख ३९ हजार, मुगुले एक निर्माण व्यवसायीलाई रु.४

लाख ४ हजार, जुम्लाले एक निर्माण व्यवसायीलाई रु.२ लाख ५५ हजार र जाजरकोटले एक निर्माण व्यवसायीलाई रु.१ लाख ४८ हजार समेत रु.१४ लाख ८५ हजार बढी भुक्तानी गरेका छन्। बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ।

२८.२. पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले सम्झौता अवधि समाप्त भई म्याद थप बेगर अन्तिम बिलको भुक्तानी गर्दा एक निर्माण व्यवसायीलाई रु.८ लाख २९ हजार मूल्य समायोजनको रकम भुक्तानी दिएकोले उक्त रकम असुल गर्नुपर्दछ।

२९. **बढी भुक्तानी** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाँपजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा बिल बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था छ। यस सम्बन्धी देखिएका बेहोरा निम्नानुसार छन्:

२९.१. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले बास्तविक कार्य सम्पन्न भएको भन्दा बढी नापी गरी दुई निर्माण व्यवसायीलाई रु.८ लाख ८२ हजार, एक निर्माण व्यवसायीलाई अघिल्लो बिलमा भुक्तानी भएको रकम पुनः भुक्तानी दिएको रु.७ लाख २२ हजार र खरिद सम्झौता भन्दा फरक दर राखी एक निर्माण व्यवसायीलाई भुक्तानी दिएको रु.२ लाख ६२ हजार समेत रु.१८ लाख ६६ हजार बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्दछ।

२९.२. वास्तविक कार्य सम्पन्न भएको भन्दा बढी कामको प्राविधिक मूल्याङ्कन गरी पूर्वाधार विकास कार्यालय, रुकुम पश्चिमले ३ निर्माण व्यवसायीलाई रु.२० लाख ७८ हजार, दैलेखले १ निर्माण व्यवसायीलाई रु.८ लाख ६० हजार, जाजरकोटले १ निर्माण व्यवसायीलाई रु.४ लाख २७ हजार र डोल्पाले अघिल्लो बिलको रकम घटी जिम्मेवारी सारी १ निर्माण व्यवसायीलाई रु.३ लाख ८१ हजार समेत रु.३७ लाख ४६ हजार बढी भुक्तानी गरेका छन्। बढी भुक्तानी रकम असुल गर्नुपर्दछ।

२९.३. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले कुइने जामु-बावियाचौर-भक्तडी जंगलघाट सडक खण्डको ११.५ किलो मिटर कालोपत्रे सडक निर्माणको अर्को प्याकेजका लागि एक निर्माण व्यवसायीसँग रु.१४ करोड ७९ लाख ११ हजार मा २०८०।३।८ भित्र सम्पन्न गर्नेगरी २०७८।८।२२ मा सम्झौता गरेकोमा तोकिएको अविधमा कार्य सम्पन्न नभई २०८२।९।३० सम्म म्याद थप भएकोमा यो वर्ष सम्म रु.१० करोड ४८ लाख २१ हजार भुक्तानी भएको छ।सडक निर्माण कार्यको ड्रइङ डिजाइन र लागत अनुमानमा बेस कोर्सको उचाइ १५ सेन्टिमिटर उल्लेख भएकोमा २० सेन्टिमिटरको दरले गणना तथा नापी गरी सातौ रनिङ्ग बिलसम्म १८०२.९८ घन मिटरको प्रति घनमिटर रु.१ हजार ४०० को दरले रु.२५ लाख २४ हजार र सोको मूल्य अभिवृद्धि कर रु.३ लाख २८ हजार समेत रु.२८ लाख ५२ हजार बढी भुक्तानी भएको छ। स्पेशिफिकेसन भन्दा बढी फरक कार्य गरेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२९.४. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले कुइने जामु बावियाचौर भक्तडी जंगलघाट सडक अन्तर्गत ११ किलो मिटर कालोपत्रे सडक निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु.१० करोड ९२ लाख २४ हजार मा २०७९।३।२४ भित्र सम्पन्न गर्नेगरी २०७८।२।१८ मा सम्झौता गरेकोमा तोकिएको अविधमा कार्यसम्पन्न नभई २०८२।६।१२ सम्म म्याद थप भएकोमा यो वर्ष सम्म रु.६ करोड ४४ लाख ४२ हजार भुक्तानी भएको छ। सडक निर्माण कार्यको ड्रइङ डिजाइन र लागत अनुमानमा बेस कोर्सको उचाइ १५ सेन्टिमिटर उल्लेख भएकोमा २० सेन्टिमिटरको दरले गणना तथा नापी गरी

सातौ रनिङ्ग बिलसम्म १२०५ घन मिटरको प्रति घनमिटर रु.१ हजार ८०० को दरले रु.२१ लाख ६९ हजार र सोको मूल्य अभिवृद्धि कर रु.२ लाख ८२ हजार समेत रु.२४ लाख ५१ हजार बढी भुक्तानी भएको छ। स्पेशिफिकेसन भन्दा फरक कार्य गरेको सम्बन्धमा गर्नुपर्दछ।

३०. **निर्माण चेनेज -** निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम तोकिएको कार्यक्षेत्रमा कार्य सम्पन्न गर्नुपर्दछ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय बमोजिम रहेका छन्:

३०.१. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले हुड्के व्युरेनी माझघाट चेपाङ्ग जामु सडकको (चेनेज ०+००० देखि १६+६५७ सम्म) १६.६५७ किलोमिटर निर्माणका लागि एक निर्माण व्यवसायीसँग रु.६१ करोड ५९ लाख ३९ हजारमा २०८३।३।१५ भित्र सम्पन्न गर्नेगरी २०८०।३।२१ मा सम्झौता गरेकोमा यो वर्षसम्म रु.३४ करोड ७३ लाख २० हजार भुक्तानी गरेको छ। सम्झौता अनुसारको निर्माण कार्य गर्नुपर्नेमा चेनेज १७+६२० देखि १८+७४० सम्मको क्षेत्रमा कार्य गरी रु.३ करोड २३ लाख ५ हजार भुक्तानी दिएको छ। सम्झौता बाहिर क्षेत्रमा कार्य गरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

३०.२. पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले धरमपोखरा ढाडखेत रानीवास छिन्चु सडकको (चेनेज ०+००० देखि २८+००० सम्म) २८ किलोमिटर सडक स्तरोन्नति गर्ने कार्यका लागि एक निर्माण व्यवसायीसँग रु.२१ करोड ६४ लाख ५९ हजारमा २०८२।३।१५ भित्र सम्पन्न गर्नेगरी २०८०।३।१९ मा सम्झौता गरेकोमा यो वर्ष सम्म रु.१९ करोड ३३ लाख ४१ हजार भुक्तानी गरेको छ। सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्नेमा चेनेज २८+००० भन्दा अगाडिको क्षेत्रमा कार्य गरी रु.४८ लाख ७१ हजार भुक्तानी भएको छ। सम्झौता बाहेकको क्षेत्रमा कार्य गरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

३०.३. पूर्वाधार विकास कार्यालय, दैलेखले श्रीस्थान डाँडीमाडी चामुण्डा राकम सडक निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग रु.१३ करोड ६ लाख ८८ हजारमा २०८२।५।८ भित्र सम्पन्न गर्नेगरी २०७९।५।९ मा सम्झौता गरेकोमा तोकिएको अवधिमा कार्य सम्पन्न नभएकोले २०८३।२।३० सम्म म्याद थप गरी यो बर्ष सम्म रु.५ करोड ६ लाख ४७ हजार भुक्तानी भएको छ। सम्झौता अनुसार चेनेज ०+००० देखि ६+८०० सम्मको क्षेत्रमा कार्य सम्पन्न गर्नुपर्नेमा सो भन्दा फरक चेनेजको ६.४ किलोमिटरमा सडक खन्ने कार्य गरी रु.६७ लाख ६४ हजार भुक्तानी भएको छ। सम्झौता बाहेकको क्षेत्रमा कार्य गरी भुक्तानी गरेको नियमसम्मत देखिएन।

सम्झौता बाहिरको क्षेत्रमा कार्य गर्ने नियन्त्रण गर्नुपर्दछ।

३१. **पेस्की -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (५) मा पेस्की रकम खरिद सम्झौता बमोजिम कट्टा गर्नुपर्ने व्यवस्था छ।

३१.१. खरिद सम्झौताको विशेष सर्तमा सम्झौता अवधिको ८० प्रतिशत समय भित्र सबै पेस्की कट्टा गरिसक्नुपर्ने व्यवस्था भएकोमा पूर्वाधार विकास निर्देशनालय, सुर्खेतले बडीचौर-बिम्रे-बावियाचौर सडक निर्माण कार्यको सुरु सम्झौता अवधि र थप भएको अवधिको समेत ८० प्रतिशत समय व्यतित भइसकेको अवस्थामा रु.९६ लाख ८९ हजार पेस्की बाँकी रहेको र पूर्वाधार विकास कार्यालय,दैलेखले दैलेख सदरमुकामदेखि नौमुले जुनी सडक निर्माण कार्यको सुरु सम्झौता अवधि र

थप भएको अवधिको समेत ८० प्रतिशत समय व्यतित भईसकेको अवस्थामा रु.१ करोड ७६ लाख पेस्की बाँकी रहेको देखिन्छ। खरिद सम्झौता बमोजिम पेस्की फर्स्यौट गर्नुपर्दछ।

३१.२. पूर्वाधार विकास कार्यालय, कालिकोटले धुराबगर झोलुङ्गे पुल निर्माण कार्यको अन्तिम बिलको रु.६ लाख ३९ हजार भुक्तानी गरेकोमा पेस्की बाँकीको मास्केवारीमा रु.२६ लाख २० हजार पेस्की बाँकी रहेको देखिन्छ। कार्यसम्पन्न गरी अन्तिम बिलको भुक्तानी समेत भई सकेको अवस्थामा निर्माण व्यवसायीको नाममा पेस्की बाँकी देखिएकोले उक्त रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

३१.३. पूर्वाधार विकास कार्यालय, मुगुले बाजुरा र मुगु जिल्ला जोड्ने गरी कर्णाली नदी माथि झुगालमा डिजाइन एण्ड बिल्ट विधिबाट मोटरेबल पुल निर्माण कार्य ३६ महिना भित्र सम्पन्न गर्नेगरी २०७८।९।१४ मा निर्माण व्यवसायीसँग रु.१६ करोड ४९ लाख ९ हजारको खरिद सम्झौता गरेकोमा सुरु सम्झौता अवधि भित्र कार्य सम्पन्न नभएकोले २०८३।३।२० सम्म म्याद थप भई यो वर्षसम्म रु.३ करोड ८६ लाख ६९ हजार भुक्तानी भएको छ। सम्झौतामा निर्माण व्यवसायीको रनिङ्ग बिल भुक्तानी गर्दा ४० प्रतिशतका दरले पेस्की कट्टी गरी सम्झौता अवधिको ८० प्रतिशत समयभित्र फर्स्यौट गरी सक्ने उल्लेख भएकोले २०८१ जेष्ठ मसान्त भित्र सम्पूर्ण पेस्की फर्स्यौट नभई रु.७० लाख पेस्कीको जमानत जफत गर्न बैङ्कलाई ३ पटक पत्राचार गर्दा समेत बैङ्कबाट जमानत रकम प्राप्त भएको देखिएन। कार्यालयले नेपाल राष्ट्र बैङ्कसँग समन्वय गरी पेस्की जमानतको रकम प्राप्त गर्नुपर्दछ।

३२. **दोमुख मोटरेबल पुल निर्माण** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५२ मा खरिद सम्झौतामा कार्य सम्पादन गर्नुपर्ने समय उल्लेख गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, मुगुले हुम्ला र मुगु कर्णालीको दोभानमा कर्णाली नदी माथि डिजाइन एण्ड बिल्ट विधिबाट दोमुख मोटरेबल पुल निर्माणका लागी ३६ महिना भित्र सम्पन्न गर्ने गरी २०७८।९।१४ मा एक निर्माण व्यवसायीसँग रु.१५ करोड ९३ लाख ७४ हजारमा सम्झौता गरेकोमा यो वर्ष सम्म निर्माण कार्य सुरु भएको देखिएन। खरिद सम्झौताको सर्त ४.२ मा सम्झौता भएको ६ महिना भित्र निर्माण व्यवसायीले डिजाइन गरी पेस गर्नुपर्ने र कार्यालयले ३ महिना भित्र डिजाइन स्वीकृत गरी सक्नुपर्ने देखिन्छ। कार्यालयले २०७९।१०।३ र २०८१।८।७ मा ताकेता गरेकोमा निर्माण व्यवसायीले सम्झौता बमोजिम डिजाइन पेस गरेको देखिएन। प्रदेश सचिवबाट २०८२।२।२२ मा निर्माण सामग्रीको अभाव, वर्षा, कोभिड लगायतका कारण उल्लेख गरी २०८३।२।३० सम्म म्याद थप गरेकोमा सुरु सम्झौताअनुसार निर्माण सम्पन्न गर्ने अवधिसम्म पनि डिजाइन पेस गरेको देखिएन। मन्त्रालयबाट डिजाइन पेस गरी तोकिएको समयमा निर्माण सम्पन्न गर्नुपर्दछ।

३३. **पुल निर्माण** - पूर्वाधार विकास कार्यालय, हुम्लाले याङचा वगर देखि तुम्लिङ मोटरेवल पुल निर्माण कार्य डिजाइन एण्ड विल्ट विधिबाट सम्पन्न गर्नेगरी एक निर्माण व्यवसायीसँग रु.१७ करोड १७ लाख २५ हजारमा २०८४।२।२६ सम्ममा सम्पन्न गर्ने गरी २०७९।२।२७ मा सम्झौता गरी रु.२ करोड ९४ लाख तथा लालिवगर देखि औलथाली मोटरेवल पुल निर्माणका लागि अर्को एक निर्माण व्यवसायीसँग रु.१४ करोड २८ लाखमा २०८४।२।२६ सम्म सम्पन्न गर्नेगरी २०७९।२।२७ मा सम्झौता गरी रु.१ करोड २५ लाख समेत २ पुल निर्माण कार्यमा रु.४ करोड १९ लाख पेस्की

दिएकोमा यो वर्ष सम्म निर्माण कार्य सुरु भएको पाइएन। सम्झौतको सर्तअनुसार कारबाही गरी निर्माण कार्य सम्पन्न गर्नुपर्दछ।

३४. **एजविल्ट नक्सा** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तिस दिनभित्र सम्बन्धित निर्माण व्यवसायीले निर्माण भए बमोजिमको (एज बिल्ट) नक्सा पेस गर्नुपर्ने र पेस नगरेमा तोकिएको रकम रोक्का राख्नुपर्ने व्यवस्था छ। सडक निर्माण कार्यको सम्झौता बमोजिम एजविल्ट नक्सा पेस नगरेको अवस्थामा पूर्वाधार विकास कार्यालय, रुकुमले ३ ठेक्काको रु.१० लाख, मुगुले ३ ठेक्काको रु.१५ लाख र जाजरकोटले २ ठेक्काको रु.२ लाखसमेत रु.२७ लाख रोक्का नराखी अन्तिम बिलको रकम भुक्तानी गरेका छन्। एजबिल्ट नक्सा विना भएको भुक्तानी भएको रकम निर्माण व्यवसायीबाट असुल गर्नुपर्दछ।

ग्रामीण सडक सञ्जाल सुधार आयोजना, सुर्खेत

एशियाली विकास बैङ्क र नेपाल सरकारको संयुक्त लगानीमा ग्रामीण सडकहरूलाई सबै मौसमी सडकहरूमा सुधार तथा दिगोरुपमा मर्मतसम्भार गर्दै ग्रामीणस्तरमा वसोवास गर्ने जनसंख्या र कृषकले उत्पादन गरेको कृषिजन्य मालवस्तु ओसारपसार गर्ने उद्देश्यका साथ ग्रामीण सडक सञ्जाल सुधार आयोजना अतिरिक्त लगानी अन्तर्गत कोशी, वाग्मती, गण्डकी, लुम्बिनी र कर्णाली गरि ५ प्रदेशमा लागु भई २४ वटा आयोजना अन्तर्गत ३२४ कि.मि. प्रादेशिक सडक र पुलको अवस्थालाई सुधार गर्ने गरि अगाडी बढाइएकोमा २४ वटा सडक मध्ये हाल कर्णाली प्रदेश अन्तर्गत कुल ५३ किलो मिटर लम्बाइका ३ सडक छनोट भई कार्यान्वयनमा रहेका छन्।

३५. **योजनागत प्रगति** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा कार्यालयले प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजना अन्तर्गत ठेक्का सम्झौता भई निर्माणाधिन रहेका योजनाहरूको भौतिक र वित्तीय प्रगतिको अवस्था देहायबमोजिम रहेको छः

(रु.हजारमा)

क्र सं	योजनाको नाम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति (DLP / PBM बाहेक)	सम्झौता रकम	हाल सम्मको भुक्तानी (पेस्की बाहेक)	भौतिक प्रगति प्रतिशत	वित्तीय प्रगती प्रतिशत
१	मोर्ख-चंखिला-बडावन-सानाखोला-जुनी सडक कालोपत्रे सडक	२०८०।१२।२८	२०८२।१२।२६	५०१२०७	१९७६४३	४३	४०
२	दशरथपुर-डाडागाउँ-जितेजुवा-ढाँडखेत-मटेला-धरमपोखरा सडक	२०८०।१२।२८	२०८२।१२।२६	३८९१३५	१७२३७६	४८	४४
३	चौरजहारी-नार्जी-चौफा-नुवाकोट-बैरागीठाटी-मुसिकोट सल्ले सडक	२०८०।१२।२८	२०८२।१२।२६	६६०४१२	३१८१५६	५०	४८
जम्मा				**१५५०७५४**	**६८८१७५**		

उल्लिखित विवरणअनुसार निर्माण कार्यको सम्झौता अवधि २ वर्षको रहेकोमा यो वर्षको अन्त्यसम्म सम्झौता अवधिको १५ महिना (६३ प्रतिशत) अवधि समाप्त भएकोमा निर्माण कार्यको भौतिक प्रगति ४३ देखि ५० प्रतिशत र वित्तीय प्रगति ४० देखि ४८ प्रतिशत रहेको देखिन्छ। उल्लिखित निर्माण समयको तुलनामा प्रगति न्युन भएकाले सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गराउनुपर्दछ।

प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना, सुर्खेत

सडक सञ्जालले नजोडिएका स्थानीय तहको केन्द्रमा आधारभुत सडक पहुँच पुऱ्याउन, प्रादेशिक सडकको स्तरोन्नति र नियमित मर्मत सम्भार, स्थानीय तहहरूमा वर्षभरि सडक यातायात सञ्चालन, सडकको प्रभावकारिता र उत्थानशिलता वृद्धि, स्थानीय र प्रदेश सरकारको क्षमता अभिवृद्धि तथा संस्थागत सदृढीकरण गर्ने उदेश्यका साथ नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको सहकार्य तथा विश्व बैङ्कको ऋण सहायतामा मधेश, कर्णाली र सुदूरपश्चिम प्रदेशबाट सुरुवात भएकोमा हाल कर्णाली प्रदेश सरकारको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय मातहतमा रहने गरी प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना प्रादेशिक आयोजना व्यवस्थापन एकाईको स्थापना भएको छ।

३६. **योजनागत प्रगति -** कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा कार्यालयले प्रगति विवरण तयार गरी त्यसको भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने व्यवस्था छ। आयोजना अन्तर्गत ठेक्का सम्झौता गरी निर्माण प्रक्रियामा रहेका योजनाहरूको भौतिक र वित्तीय प्रगतिको अवस्था देहायबमोजिम रहेको छः

(रु.हजारमा)

क्र. सं.	आयोजनाको विवरण	सम्झौता रकम	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	हाल सम्मको भुक्तानी	भौतिक प्रगति (प्रतिशत)	वित्तीय प्रगति (प्रतिशत)
१	डुङ्गेश्वरदेखि डाँडा पराजुली सडक स्तरोन्नति	२८१२७५	२०८१।१२।२९	२ वर्ष	४१७१९	१७	१५
२	गल्फाघाट देखी ठाडेकाटे सडक स्तरोन्नती	२८१७६४	२०८२।२।१६	२ वर्ष	पेस्की रु.१ करोड ८० लाख भुक्तानी भएको।		

खरिद सम्झौता ढिला भएको कारण यो वर्ष भौतिक तथा वित्तीय प्रगति न्यून देखिन्छ। सम्झौता अनुसार तोकिएको समयमा कार्य सम्पन्न गराउनुपर्दछ।

३७. **योजना कार्यान्वयन** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५क मा सार्वजनिक निकायको प्रमुखले निर्माण कार्यको खरिद गर्नु अघि ऐनको दफा ४ बमोजिमको स्पेशिफिकेसन, योजना, नक्सा, डिजाइन र अन्य विवरण तयार गर्नुपर्ने व्यवस्था छ। यो वर्ष महावै गाउँपालिका कालिकोटको केन्द्र जोड्ने सडक, छार्का ताड्सेक गाउँपालिका डोल्पा जोड्ने सडक, प्रादेशिक सडक आवधिक मर्मत सुधार कार्य लगायत विभिन्न ९ योजना तथा कार्यक्रममा रु.२२ करोड ५५ लाख बजेट विनियोजन भए तापनि आयोजनाको विस्तृत प्रतिवेदन तयार नभएकोले खर्च भएको देखिएन। पूर्व तयारी सम्पन्न पश्चात बजेट विनियोजन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा नीति तर्जुमा, बजेट वक्तव्यको कार्यान्वयन, पुँजीगत खर्च, अधुरा निर्माण कार्य, आयोजना स्वीकृति, परामर्श सेवा, निर्माणस्थल, खरिद सम्झौता अन्त्य, मूल्य समायोजन र बढी भुक्तानी लगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको कार्यान्वयन भएको पाइएन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - सरकारी कार्यालयतर्फ १५ निकायमा यो वर्ष रु.३९ करोड ७१ लाख ८ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.४३ लाख ३८ हजार फर्स्यौंट गरेकोले रु.३९ करोड २७ लाख ७० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

सामाजिक विकास मन्त्रालय

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मन्त्रालयले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, नियमन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- प्रदेशस्तरको विश्वविद्यालय तथा उच्च शिक्षासम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा, कार्यान्वयन,
- प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना निर्माण र कार्यान्वयन,
- स्वास्थ्य सेवा तथा पोषणसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन,
- स्वास्थ्य सेवासम्बन्धी प्रदेशस्तरीय प्राज्ञिक, व्यावसायिक र पेसागत सङ्घ संस्थाको दर्ता, सञ्चालन अनुमति,
- प्रदेशस्तरीय स्वास्थ्य सेवाको गुणस्तर निर्धारण,
- खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन,
- सुर्ति, मदिरा र लागुपदार्थजन्य वस्तुको मापदण्ड, नियन्त्रण,
- स्वास्थ्य क्षेत्रमा आपतकालिन अवस्था, विपद् र महामारी व्यवस्थापन, आकस्मिक स्वास्थ्य सेवा प्रवाह, आपतकालीन अवस्थाका लागि औषधी तथा औषधीजन्य सामग्रीको प्रादेशिक बफरस्टक व्यवस्थापन,
- महिला तथा बालबालिका हकसम्बन्धी प्रादेशिक नीति, कानुन तथा योजना तर्जुमा, कार्यान्वयन,
- भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोगसम्बन्धी प्रादेशिक नीति, कानुन, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन,
- युवा तथा खेलकुद सम्बन्धी प्रादेशिक नीति, कानुन तर्जुमा, कार्यान्वयन र नियमन, युवा वैज्ञानिक प्रोत्साहन,

१. **लेखापरीक्षण अङ्क** - मन्त्रालय र मातहतसमेत २८ कार्यालयको निम्नानुसार रु.४ अर्ब ७२ करोड २२ लाख ४० हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
४१०७५१६	२१७१२	२८४५१४	३०८४९८	४७२२२४०

उल्लिखित रकममा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् मातहतका कार्यालयलाई निकासा दिएको रु.१९ करोड ७४ लाख ४८ हजार र स्थानीय तहलाई निकासा दिएको रु.१७ करोड ८ लाख ३२ हजार समावेश छ।

यो वर्ष ११ संस्थाको रु.५ अर्ब ९० करोड १४ लाख ९५ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	८७४६५१	९१२९९३	६९१६९७	७५.७६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	७२४०	७२४०	४१४७	५७.२७
२२१०० सेवा महसुल	३६४१८	४१४१८	३४७५६	८३.९१
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	५४५९१	५५७६६	५१२९५	९१.९८
२२३०० कार्यालय सामान तथा सेवा	४०८३९	४६४०३	४३२३९	९३.१७
२२४०० सेवा तथा परामर्श खर्च	२१४६४५	१६५०९६	१३६९६३	८२.९५
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१५९००६७	१५६४४०४	१०५७१२५	६७.५७
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१९८७९	२११८७	१९३११	९१.१४
२२७०० विविध खर्च	१०७१७	१०७१७	१०६५३	९९.४०
२७१०० सामाजिक सुरक्षा	११८००	१८०००	१६९५१	९४.१७
२७२०० सामाजिक सहायता	११९००६	१२६८०६	११४४७१	९०.२७
२८१०० सम्पत्तिसम्बन्धी खर्च	२०९१२	२०९१२	१८९५०	९०.६२
जम्मा	**३०००७६५**	**२९९०९४२**	**२१९९५५८**	**७३.५४**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२७२३५५३	२७२८५४३	१९०७९५८	६९.९३
कुल जम्मा	**५७२४३१८**	**५७१९४८५**	**४१०७५१६**	**७१.८२**

उल्लिखित विवरणअनुसार चालु खर्च ७३.५४ प्रतिशत, पुँजीगत खर्च ६९.९३ प्रतिशत र समग्रमा ७१.८२ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दिगो विकास लक्ष्य** - प्रथम पञ्चवर्षीय योजनामा दिगो विकास लक्ष्यको आधारमा योजना अवधिको लक्ष्य तथा वार्षिक लक्ष्यको लागि ९५ सूचक तोकेको मध्ये यो मन्त्रालय आवद्ध सूचक र हाल सम्मको लक्ष्य तथा प्रगति देहाय बमोजिम छः

सूचक नं.	प्रमुख सूचक	एकाई	आधार वर्ष	सन् २०३० सम्मको लक्ष्य	नेपालको प्रगति	सन् २०२४ सम्मको प्रदेशको प्रगति
२.१	कमतौल भएका ५ वर्ष मुनिका बालबालिका	प्रतिशत	३०.१	९	१८.७	१८
२.२	पुड्कोपन ५ वर्ष मुनिको	प्रतिशत	३६	१०	२४.८	३६
३.१	प्रतिलाख जीवितजन्ममा मातृमृत्युदर	सङ्ख्या	२५८	७०	१५१	१७२
३.२	५ वर्ष मुनीका बाल मृत्युदर	प्रति हजार	३८	२०	२५	४६
३.३	नवजात शिशु मृत्युदर	प्रति हजार	२३	१२	२१	२६
३.६	सन्तानको चाहना पुरा भएको परिवार नियोजन	प्रजनन समुह प्रतिशत	६६	८०	५५.१	२७.७
३.७	परिवार नियोजन साधन र विधि प्रयोग दर	उमेर समुह प्रतिशत	४७	६०	४०	३६
३.८	कुल प्रजनन दर	प्रति महिला	२.३	२.१	२.१	२.६
४.१	खुद भर्नादर (१-५ सम्म)	प्रतिशत	९९.६	९९.५	९४.४	९४.९
४.३	खुद भर्नादर (१-८ सम्म)	प्रतिशत	७६.६	९५	९४.९	९४.४
४.५	युवा साक्षरता दर	प्रतिशत	८८.६	९९	९४.२	९७
५.२	लैङ्गिक रुपान्तर	अनुपात	०.४९	०.२५	०.४९५	०.५५८
५.६	प्रदेशमा महिला सहभागिता	प्रतिशत		४०	३६.३६	३७.५

*(**स्रोत** : मध्यमाकालीन खर्च संरचना, २०८२)*

उल्लिखित विवरणअनुसार ५ वर्ष मुनिको पुड्कोपन ३६ प्रतिशत, प्रति लाख जिवित जन्ममा मातृ मृत्युदर १७२ र ५ वर्ष मुनिको बाल मृत्युदर ४६ प्रतिशत मात्र भई राष्ट्रिय प्रगति भन्दा न्यून रहेको देखिन्छ। वार्षिक नीति तथा कार्यक्रम र बजेटमार्फत लक्ष्य हासिल गर्नुपर्दछ।

४. **आवधिक योजना** - प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) को पहिलो वर्ष भएको उपलब्धि देहाय अनुसार रहेको छ :

क्र.सं	सूचक	एकाई	२०८०।८१ को स्थिति	२०८५।८६ को लक्ष्य	२०८१।८२ को लक्ष्य	२०८१।८२ को प्रगति
१	जन्मदाको अपेक्षित आयु	वर्ष	७२.५	७३	७३.२	७२.६
२	बाल मृत्युदर प्रति हजार	जना	३५	२०	२८	३५
३	मातृ मृत्युदर प्रति लाख	जना	१६१	७०	१६१	१६१
४	३० मिनेटको दुरीमा आधारभूत स्वास्थ्य सेवामा पहुँच भएको परीवार	प्रतिशत	४८	७५	७५	५०
५	स्वास्थ्य बिमामा आवद्ध जनसङ्ख्या	प्रतिशत	३५	८०	२१	४०
६	साक्षरता दर	प्रतिशत	७७	९५	८०	७९
७	आधारभूत तह विद्यालय भर्नादर	प्रतिशत	९५.६	९९	९६.५	९६
८	शिक्षक विद्यार्थी अनुपात आधारभूत तह (१-८)	अनुपात	३९	३०	-	३३
९	शिक्षक विद्यार्थी अनुपात माध्यामिक तह (९-१२)	अनुपात	६५	४०	-	५६
१०	युवा बेरोजगारी दर	प्रतिशत	७.५	५	९	६.८
११	युवा साक्षरता दर	प्रतिशत	९४	९६	९९	९४.४

उल्लिखित विवरणअनुसार प्रदेशमा जन्मदाको अपेक्षित आयु ७३.२ वर्ष पुऱ्याउने लक्ष्य रहेकोमा ७२.६ वर्ष, बाल मृत्युदर प्रति हजार २८ पुऱ्याउने लक्ष्य रहेकोमा ३५, साक्षरतादर ८० प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ७९ प्रतिशत र युवा साक्षरतादर ९९ प्रतिशत पुऱ्याउने लक्ष्य रहेकोमा ९४.४ प्रतिशत मात्र पुगेको देखिन्छ। आवधिक योजनाले निर्धारण गरेका उपलब्धि हासिल गर्नुपर्दछ।

५. **मध्यमकालीन खर्च संरचना** - प्रदेश योजना आयोगको यो वर्ष मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम यो वर्षको प्रक्षेपण र विनियोजित बजेट देहायबमोजिम रहेको छः

(रु.हजारमा)

शीर्षक	२०८१।८२		फरक
	प्रक्षेपण	अन्तिम बजेट	
चालु खर्च	२५२१५३२	२९९०९४२	-४६९४१०
पुँजीगत खर्च	३६५२९८१	२७२८५४३	९२४४३८
जम्मा	**६१७४५१३**	**५७१९४८५**	**४५५०२८**

मध्यमकालीन खर्च संरचनाले तय गरेको मन्त्रालयगत संरचना बमोजिम मन्त्रालयमा कुल रु.६ अर्ब १७ करोड ४५ लाख १३ हजार बजेट प्रक्षेपण गरेकोमा रु.५ अर्ब ७१ करोड ९४ लाख ८५ हजार विनियोजन गरी प्रक्षेपणको तुलनामा रु.४५ करोड ५० लाख २८ हजार न्यून विनियोजन

गरेको देखिन्छ। मध्यमकालीन खर्च संरचना र बजेट विनियोजनमा तादाम्यता देखिएन। मध्यमकालीन खर्च संरचना बमोजिम बजेट विनियोजन हुनुपर्दछ।

६. **नीति तथा कार्यक्रम** - प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा मन्त्रालयसँग सम्बन्धित विशिष्टकृत शिक्षण अस्पताल, विशेषज्ञ स्वास्थ्यकर्मी सहित ट्रमा इकाइ, फिजियोथेरापी, हेमोडाइलासिस एम्बुलेन्स सेवा सहयोग, ब्लड बैंक स्थापना, किताबरहित शुक्रवार र जीवन उपयोगी शैक्षिक कार्यक्रम तथा बैङ्क खाता छोरीको सुरक्षा जीवनभरीको कार्यक्रम कार्यान्वयन भएको पाइएन। नीति तथा कार्यक्रमको कार्यान्वयन गर्नुपर्दछ।

७. **बजेट वक्तव्य कार्यान्यवन -** प्रदेश सरकारको यो वर्षको बजेट वक्तव्य अनुसार मन्त्रालयबाट सञ्चालन गर्नुपर्ने २३ कार्यक्रम मध्ये अस्पतालको सेवा प्रवाहलाई प्राज्ञिक प्रतिष्ठानमा स्तरोन्ती, मुटु मृगौला प्रत्यारोपण, ब्लड बैंक स्थापना, टेलिमेडिसिन, इ-हेल्थ विशेषज्ञ सेवाको सुरुवात, कर्णालीको जडिबुटिबाट औषधी उत्पादन, जिल्ला अस्पताल जाजरकोटमा इ-हेल्थ सुचना प्रणाली, प्रदेशको पोषण क्षेत्रमा सुनौलो हजारदिन कार्यक्रम (पोषणयुक्त पिठो) र एक जिल्ला एक उद्यमी महिला प्रोत्साहन कार्यक्रम सञ्चालन समेत ९ कार्यक्रम कार्यान्वयन गरेको पाइएन। साथै स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनलाई व्यवस्थित र समयबद्ध गर्न विद्युतीय स्वास्थ्य सूचना अभिलेख प्रतिवेदन प्रणालीको सुदृढीकरण गरिने उल्लेख भएपनि मन्त्रालयले सूचना अभिलेख गरेको छैन। बजेट वक्तव्यमा उल्लिखित कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

८. **एकीकृत वित्तीय विवरण** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २९ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालय र बजेट प्रणाली बाहिरको प्रत्येक आर्थिक वर्षको आय-व्ययको एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले चालुतर्फ रु.२ अर्ब १९ करोड ९५ लाख ५८ हजार र पुँजीगततर्फ रु.१ अर्ब ९० करोड ७९ लाख ५८ हजारसमेत रु.४ अर्ब १० करोड ७५ लाख १६ हजार खर्च भएको, राजस्वतर्फ रु.२ करोड १७ लाख १२ हजार, धरौटीतर्फ रु.२८ करोड ४५ लाख १४ हजार र विविध खर्चतर्फ रु.३० करोड ८४ लाख ९८ हजारको विवरण पेस गरेपनि नेपाल सार्वजनिक क्षेत्र लेखामानमा आधारित वित्तीय विवरण तयार गरेको छैन। ऐन बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

९. **कानुन निर्माण –** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ को अनुसूची-२ अनुसार प्रदेशको शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, खेलकुद विकास, भाषा धर्म संस्कृती लगायतका विधेयकका मस्यौदा निर्माण गरी पेस गर्ने काम मन्त्रालयलाई तोकिएको छ। मन्त्रालयले ४ ऐन, १ नियमावली, ६ निर्देशिका, ३१ कार्यविधि, १ मापदण्ड र ७ रणनीति निर्माण गरेको छ। सामाजिक क्षेत्रको विकासका लागि जिम्मेवारी तोकिएका नेपालको संविधान बमोजिम प्रदेशको अधिकार सूचीमा परेका विषयमा कानुन निर्माण गर्नुपर्दछ।

१०. **क्षेत्रगत बजेट** - मन्त्रालयको यो वर्षको कार्य क्षेत्रगत बजेट विनियोजन र खर्चको स्थिति देहायअनुसार देखिन्छः

(रु.हजारमा)

क्षेत्र	लक्ष्य र विनियोजन			भौतिक प्रगति		वित्तिय प्रगति	
	परिमाण (संख्या)	बजेट	बजेट प्रतिशत	परिमाण (संख्या)	प्रतिशत	खर्च	प्रतिशत
स्वास्थ्य	२५०१	३२८६७०७	५७.४७	२१२४	८४.९	२४२२६८१	५८.९८
सामाजिक	२९८	१४९६१३	२.६२	२६२	८७.९	९५३४३	२.३२
शिक्षा	१२३५	१८१५३१९	३१.७४	१०७०	८६.६	१३९२३७३	३३.८९
युवा तथा खेलकूद	८१	४३३१५०	७.५७	६५	८०.२	१७३८०६	४.२३
भाषा, कला, संस्कृति	५८	३४६९६	०.६१	५०	८६.२	२३३१३	०.५८
जम्मा	**४१७३**	**५७१९४८५**	**१००**	**३५७१**	**८५.६**	**४१०७५१६**	**१००**

मन्त्रालयको कार्यक्षेत्र अनुसार कुल खर्चमध्ये सबैभन्दा बढी स्वास्थ्यमा ५८.९८ प्रतिशत र सबैभन्दा कम भाषा, कला र संस्कृतिमा ०.५८ प्रतिशत खर्च भएको देखिन्छ। क्षेत्रगत बजेटको लक्ष्यअनुसार प्रगति हासिल गर्नुपर्दछ।

११. **बजेट खर्च** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम २७ मा मातहत कार्यालयबाट विवरण प्राप्त गरी भौतिक र वित्तीय पक्षको समीक्षा गर्नुपर्ने उल्लेख छ। सामाजिक विकास मन्त्रालयको विगत पाँच वर्षको बजेट र खर्चको विवरण देहायअनुसार रहेको छः

(रु.हजारमा)

क्र.सं.	आर्थिक वर्ष	विनियोजन	खर्च	खर्च प्रतिशत
१	२०७७।७८	५७२४९३२	३४८३०६१	६०.८४
२	२०७८।७९	६४३०६८४	४६९९८५४	७३.०८
३	२०७९।८०	६१३४२२७	४३९६७६७	७१.६८
४	२०८०।८१	६१५४००२	४६७३४७०	७५.९४
५	२०८१।८२	५७१९४८५	४१०७५१६	७१.८२
जम्मा		**३०१६३३३०**	**२१३६०६६८**	**७०.८२**

उल्लिखित विवरणअनुसार २०७७।७८ मा सबैभन्दा कम ६०.८४ प्रतिशत, २०८०।८१ मा सबैभन्दा बढी ७५.९४ प्रतिशत र औसतमा ७०.८२ प्रतिशत खर्च भएको देखिन्छ। विनियोजन क्षमता सुदृढ गरी खर्च गर्नुपर्दछ।

१२. **मानव संसाधन योजना** - प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७४ मा प्रदेशस्तरको मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक र प्राज्ञिक योजना निर्माण र कार्यान्वयन गर्ने जिम्मेवारी मन्त्रालयलाई तोकिएको छ। मानव संसाधनको आवश्यकता प्रक्षेपण तथा शैक्षिक योजना सुरु भएको छैन। मानव संसाधन विकास, योजना, तर्जुमा र कार्यान्वयन मार्फत् योजना बनाइ सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गर्नुपर्दछ।

१३. **स्वास्थ्य मापदण्डको पालना** - प्रदेश स्वास्थ्य ऐन, २०७८ अनुसार मन्त्रालयले प्रदेश स्वास्थ्य योजना तर्जुमा गर्ने, स्वास्थ्य संस्था सञ्चालनका लागि इजाजत प्रदान तथा नवीकरण गर्ने, स्वास्थ्य संस्थाले तोकिएको पूर्वाधार तथा मापदण्ड पूरा गरेको, स्वास्थ्य सेवा शुल्क सार्वजनिक गरेको, निःशुल्क स्वास्थ्य सेवा प्रदान गरेको तथा स्वामित्व परिवर्तन विषयमा अनुगमन तथा नियमन गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले मातहतका स्वास्थ्य संस्थाहरूको मापदण्डको पालनाको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन। इजाजतबाट स्थापित स्वास्थ्य संस्थाको नवीकरण, स्वामित्व परिवर्तन, पूर्वाधार मापदण्ड, शुल्कसहित र रहित सेवा प्रदानको अभिलेख राखी अनुगमन गर्नुपर्दछ।

१४. **विद्यालय क्षेत्र पूर्वाधार –** नेपालको संविधानमा आधारभुत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार सूचीमा रहेको छ। प्रदेश सरकारले सामाजिक विकास कार्यालयमार्फत निकासा दिई स्थानीय तहमा विद्यालय भवन निर्माण गरेको छ। प्रदेश सरकारबाट हालसम्म देहायअनुसार ८८७ विद्यालय भवन निर्माण भएका छन्।

आर्थिक वर्ष	२ कोठे भवन	३ कोठे भवन	४ कोठे भवन	६ कोठे भवन	जम्मा
२०७५।७६	९९	२४	०	३२	१५५
२०७६।७७	११६	०	०	९५	२११
२०७७।७८	१९	१	१३	२१	५४
२०७८।७९	३९	०	७३	२	११४
२०७९।८०	७	१	७६	०	८४
२०८०।८१	०	०	७३	०	७३
२०८१।८२	१३५	२४	३७	०	१९६
जम्मा	**४१५**	**५०**	**२७२**	**१५०**	**८८७**

यो वर्ष मन्त्रालयमार्फत विद्यालय भवन र खेलमैदान लगायत पूर्वाधारका लागि रु.८८ करोड ९ लाख ६७ हजार बजेट विनियोजन गरेकोमा विद्यालय भवनमा रु.४९ करोड ७० लाख ८१ हजार, घेरावारा तथा खेल मैदान निर्माणमा रु.२४ करोड ३७ लाख २८ हजार, खेलमैदानमा रु.३ करोड ३ लाख १४ हजार र शौचालयमा रु.८३ लाख ९२ हजारसमेत रु.७७ करोड ९५ लाख १७ हजार खर्च भएको छ। मुगु जिल्लाका २४ विद्यालयका लागि रु.६ करोड १४ लाख ५० हजार र दैलेख जिल्लाको ५ विद्यालयको लागि रु.४ करोड गरी रु.१० करोड १४ लाख ५० हजार बजेट परिचालन गरेको पाइएन। विद्यालय क्षेत्र पूर्वाधार संरचनाका लागि आवश्यक बजेट विनियोजन गरी साझेदारबाट योगदान हुनेगरी लागत अनुमान बमोजिम निर्माण सम्पन्न गर्नुपर्दछ।

१५. **शैक्षिक अवस्था -** शिक्षा नियमावली, २०५९ को नियम ७७ मा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। प्रदेशको कुल साक्षरता ७६.१ प्रतिशत रहेको छ। प्रदेशमा रहेका विद्यालय एवं विद्यार्थी संख्याको अवस्था देहायअनुसार रहेको छः

विद्यालयको विवरण	विद्यालय संख्या	शिक्षक संख्या	विद्यार्थी संख्या	विद्यालय विद्यार्थी अनुपात	विद्यालय शिक्षक अनुपात	शिक्षक विद्यार्थी अनुपात
आधारभूत तह(१-५)	१८७१	८१९८	२२९१६२	१:१२२	१:४	१:२७
आधारभूत तह(१-८)	५८७	१०४८०	३५४७४०	१:६०४	१:१७	१:३३
माध्यमिक तह(९-१२)	३७५	२२८२	१२७८२३	१:३४०	१:६	१:५६
जम्मा	**२८३३**	**२०९६०**	**७११७२५**	**१:२५१**	**१:७**	**१:३३**

उल्लिखित विवरणअनुसार आधारभूत तहमा विद्यालय विद्यार्थी अनुपात, विद्यालय शिक्षक अनुपात र शिक्षक विद्यार्थी अनुपात क्रमसः १:१२२, १:४ र १:२७ रहेको छ भने समग्रमा यस्तो अनुपात क्रमशः १:२५१, १:७ र १:३३ रहेको देखिन्छ। शिक्षक र विद्यार्थीको अनुपात विश्लेषण गरी शिक्षक दरबन्दी पुनरावलोकन गर्नुपर्दछ।

१६. **उच्च शिक्षा छात्रवृत्ति** - यस वर्षको बजेट वक्तव्यको बुँदा नं. १३७ मा प्रदेशभित्र दक्ष र प्राविधिक जनशक्ति उत्पादन गर्न तथा सबैलाई शिक्षाको अवसर दिलाउन उच्च शिक्षाका लागि प्राविधिक, छोरी

बुहारी, दलित र अपाङ्ग छात्रवृत्ति दिने उल्लेख छ। यो वर्ष प्रदान गरेको छात्रवृतिको विवरण देहायअनुसार छः

(रु.हजारमा)

कार्यालय	प्राविधिक छात्रवृत्ति		छोरी बुहारी छात्रवृत्ति		दलित छात्रवृत्ति		अपाङ्ग छात्रवृत्ति		सिमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
शिक्षा विकास निर्देशनालय सुर्खेत	५६	८०६८	१७	८५०	२०	४८०	५	१२०	४	९६
सामाजिक विकास कार्यालय मुगु			१५	१५०	१५	३६०	२	४८		
सामाजिक विकास कार्यालय हुम्ला			३०	१५००	८	१२०	५	१२०		
सामाजिक विकास कार्यालय जुम्ला			२०	१०००	१०	२४०	५	१२०		
सामाजिक विकास कार्यालय डोल्पा			२०	१०००	४	९६	२	४८		
सामाजिक विकास कार्यालय कालिकोट			२०	१०००	१०	२४०	१०	२४०		
सामाजिक विकास कार्यालय दैलेख			४१	२०५०	१०	२४०	२	४८		
सामाजिक विकास कार्यालय जाजरकोट			२०	१०००	१०	२४०	१०	२४०		
सामाजिक विकास कार्यालय सल्यान			२२	१०५०	१०	२४०	१०	२४०		
सामाजिक विकास कार्यालय रुकुम पश्चिम			९	४५००	१०	१२०	५	१२०		
जम्मा	**५६**	**८०६८**	**२१४**	**१४१००**	**१०७**	**२३७६**	**५६**	**१३४४**	**४**	**९६**

उल्लिखित विवरणअनुसार यस वर्ष ५६ जना प्राविधिक, २१४ जना छोरीबुहारी, १०७ जना दलित, ५६ जना अपाङ्ग र ४ जना सीमान्तकृत तथा लोपोन्मुख छात्रवृत्ति गरी ४३७ जनालाई रु.२ करोड ५९ लाख ८४ हजार उच्च शिक्षा छात्रवृत्ति उपलब्ध गराएको छ। मापनयोग्य सूचक तयार गरी छात्रवृत्ति वितरण गर्नुपर्दछ।

१७. **अस्पताल संरचना** - प्रदेश सरकारले पूर्वाधार विकास कार्यालय तथा स्थानीय तहलाई निकासा दिई जिल्ला तथा स्थानीय तहमा अस्पताल भवन निर्माण गरेको छ। मन्त्रालयले सल्यान, रुकुम पश्चिम, हुम्ला, दैलेखमा अस्पताल निर्माण गर्न देहाय अनुसार बहुवर्षीय आयोजना स्वीकृत गरी निर्माण कार्य गर्दै आएको छ।

(रु.हजारमा)

क्र.सं.	अस्पताल भवन	सम्झौता रकम	हालसम्म खर्च रकम	वित्तिय प्रगति प्रतिशत
१	सल्यान अस्पताल	१७९६९५	११६७७९	६४.९८
२	रुकुम पश्चिम अस्पताल	२२९६७९	१९५५१७	८६.८८
३	हुम्ला अस्पताल	२३९६५५	२३२११५	९६.८५
४	दैलेख अस्पताल	१८२३९९	९३०९६	५१.०३

यस सम्बन्धमा देखिएका बेहोरा निम्न छन्:

१७.१. सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्न सक्ने व्यवस्था छ। जिल्ला अस्पताल, रुकुम पश्चिमले अस्पताल भवन निर्माणको लागि रु.२३ करोड ३ लाख ११ हजार लागत अनुमान मन्त्रालयका सचिवबाट स्वीकृत गरी बोलपत्र आव्हान गरी एक निर्माण व्यवसायीसँग रु.२२ करोड ९६ लाख ७९ हजारमा २०७८ असार ३१ गते ३६ महिना भित्र निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको देखिन्छ। निर्माण व्यवसायीको ठेक्का सम्पन्न गर्नुपर्ने अवधि २०८२ असार मसान्तसम्ममा रु.१९ करोड ५५ लाख १७ हजार भुक्तानी भएको छ। खरिद सम्झौतामा पूर्वानुमान गर्न सकिने ढुङ्गा विछ्याउने, आरसीसी लगायत

१७ आइटमा सम्झौता भन्दा बढी परिमाणमा रु.१ करोड ४३ लाख ३२ हजार भेरिएसन स्वीकृत नगरी भुक्तानी भएको छ। भेरिएसन स्वीकृत गरी निर्माण पुरा गर्नुपर्दछ।

१७.२. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। जिल्ला अस्पताल, दैलेखले निर्माण व्यवसायीले पेस गरेको आधारमा सम्पुर्ण बिल वीजकको भुक्तानी गर्दा आठौं रनिङ्ग बिलसम्म २ लाख ६२ हजार ४२४ केजी फलामे डण्डीको भुक्तानी गर्दा १० प्रतिशत ल्यापिङ्गमा २१ हजार ४१६ केजी र ५ प्रतिशत व्यान्डिङ्गमा १० हजार ७०८ केजी गरी ३२ हजार १२४ केजी प्रतिकेजी रु.११६.३९ का दरले रु.३७ लाख ३८ हजार बढी भुक्तानी भएको छ। व्याण्डिङ र ल्यापिङ सहितको प्राविधिक मूल्याङ्कन र फलामे डण्डी प्रयोगको तालिका पेस गर्नुपर्दछ।

१८. **मुख्यमन्त्री डिजिटल शिक्षा कार्यक्रम** - मन्त्रालयले मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ कार्यक्रम सञ्चालको लागि रु.१० करोड विनियोजन गरी मुख्यमन्त्री डिजिटल शिक्षा सिकाइ कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम अन्तरसरकारी अख्तियारीमार्फत कर्णाली प्रदेशका सामुदायिक विद्यालयहरूलाई डिजिटल प्रविधियुक्त बनाइ प्रतिष्पर्धी एवं दक्ष जनशक्ति उत्पादन गर्नका लागि १३ स्थानीय तहलाई रु.७० लाखका दरले रु.९ करोड १० लाख बजेट विनियोजन गरेकोमा रु.७ करोड ८२ लाख ७२ हजार खर्च गरेको देखिन्छ। उक्त कार्यक्रम सञ्चालन र कार्यक्रमको मन्त्रालयले अनुगमन गरेको छैन। अनुदानबाट भएको कामको अभिलेख राखी अनुगमन गर्नुपर्दछ।

१९. **औषधी व्यवस्थापन** - प्रदेश सरकारले नीति तथा कार्यक्रममा "निरोगी कर्णाली, यसैमा केन्द्रित स्वास्थ्य प्रणाली" नीति अनुसार यस वर्ष प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्रले रु.५ करोड ४० लाख ९२ हजार र प्रदेश अस्पताललले रु.१२ करोड ३४ लाख २० हजार गरी रु.१७ करोड ७५ लाख १२ हजारको प्रतिस्पर्धात्मक खरिद विधिबाट र रु.५ करोड १८ लाख २८ हजार सोझै खरिद गरेको समेत औषधी तथा सर्जिकल सामाग्री खरिदका लागि रु.२२ करोड ९३ लाख ४० हजार खर्च गरेको छ। औषधी खरिद गर्नुपूर्व विगतको खरिद मूल्य, खपत एवं मौज्दात, परिमाण, माग तथा सङ्घीय निकायबाट प्राप्त हुने परिमाणको अभिलेख नराखी लागत अनुमान तयार भएको छ। वास्तविक माग एवम् आपूर्ति हुने समय विश्लेषण गरी औषधी खरिद गर्नुपर्दछ।

२०. **छोरी बचत खाता** - प्रदेश सरकारले महिला वर्गको उत्थान, सशक्तिकरण र समग्र विकास तथा बालवालिकाहरू माथिको लैङ्गिक विभेद अन्त्य गर्न, सामाजिक कुसंस्कार, बालविवाह रोक्न र बालिकाहरूको कम्तीमा स्नातक तहसम्मको पढाई सुनिश्चित गर्न "बैङ्क खाता छोरीकोः सुरक्षा जीवन भरीको" कार्यक्रम कर्णाली प्रदेश भित्रका २०७९।४।१ पछि जन्मिएका छोरी २० वर्ष नहुँदासम्म पहिलो महिना एक हजार त्यसपछि प्रत्येक महिनाको दामासाहिले हुने वार्षिक रु.६ हजार छोरी बचत खातामा जम्मा गर्ने, त्यस्तो रकम २० वर्ष उमेर नपुगेसम्म माध्यामिक तहसम्म अध्ययन पुरा गरेको र २० वर्षअघि विवाह नगरेको अवस्थामा खातावालालाई उपलब्ध गराउने गरी २०७५।७६ देखि २०७७।७८ सम्म कार्यक्रम गरेको अभिलेख पाइएन। २०७८।७९ मा रु.१३ करोड ६५ लाख ६४ हजार खर्च गरेको र २०७९।८० मा स्थानीय तहका कर्मचारी, जनप्रतिनिधि छलफल अन्तरक्रिया सम्वादमा रु.२८ लाख ७० हजार त्यसैगरी सोही प्रकृतिको र २०८०।८१ मा सो

कार्यक्रम संशोधन गरी "छोरीको जिवन बिमा" नामाकरण गरी रु.६ लाख ९० हजार छलफल अन्तरक्रियामा खर्च गरेपनि यो वर्ष बिमा कार्यक्रम सञ्चालन भएन। बचत खाता छोरीको नीति तथा कार्यक्रममा दीर्घकालिन व्ययभार पर्ने कार्यक्रम तर्जुमा गर्ने उल्लेख गरेको छ । बिमा कार्यक्रमको सुरु गरेको छैन। छोरी बिमालाई दीर्घकालिन दायित्व हुने निर्णय गर्दा स्रोत सुनिश्चित गर्नुपर्दछ ।

२१. **नतिजा मूल्याङ्कन** - नेपाल सरकारले जारी गरेको न्यूनतम सेवा मापदण्ड कार्यान्वयन निर्देशिका, २०७७ अनुसार अस्पताल तथा स्वास्थ्य संस्थाले सेवा तयारी, पूर्वाधार, जनशक्ति तथा सेवा उपलब्धताको अवस्था मूल्याङ्कन गर्न न्यूनतम सेवा मापदण्ड लागू गरी नियमित स्व-मूल्याङ्कन तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ। नतिजाको स्तर ८० प्रतिशत तोकिएकोमा अस्पतालले गरेको मूल्याङ्कनमा हुम्ला अस्पताल-४९, मुगु अस्पताल- ७६, डोल्पा अस्पताल- ६५, कालिकोट अस्पताल- ८५, दैलेख अस्पताल- ७५,रुकुमपश्चिम अस्पताल- ८२, जाजरकोट अस्पताल- ६०, सल्यान अस्पताल- ८५, मेहेलकुना अस्पताल- ७०, प्रदेश अस्पताल- ८५ प्रतिशत नतिजा हासिल गरेको छ। उल्लिखित नतिजा अनुसार हुम्ला, मुगु, डोल्पा, दैलेख, जाजरकोट र मेहलकुना अस्पतालको नतिजाको स्तर तोकिएभन्दा न्यून देखिएकाले सेवा तयारी, पूर्वाधार, जनशक्ति तथा सेवा सुधार आवश्यक देखिन्छ। मूल्याङ्कनको नतिजाका आधारमा कार्ययोजना तयार गरी सेवा गुणस्तर अभिवृद्धि गर्नुपर्दछ।

२२. **विद्यालय अनुदान** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रम अन्तर्गत सङ्घीय अनुदानबाट १० र प्रदेश स्रोतबाट २ गरी १२ विद्यालयलाई विद्यालय सुधार योजनाका लागि रु.७० लाख, ८ विद्यालय/शिक्षालयलाई आइसिटि अनुदानका लागि रु.२४ लाख तथा १ नमूना प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम विद्यालयका लागि रु.२० लाख गरी यस मन्त्रालयबाट जम्मा १८ विद्यालय/शिक्षालयलाई रु.१ करोड १४ लाख विनियोजन गरी खर्च गरेको छ। मन्त्रालयले उक्त कार्यक्रमको कार्यान्वयन, उपलब्धि तथा प्रभावकारिताका सम्बन्धमा अनुगमन गरेको छैन। यस्ता कार्यक्रमहरूको अनुगमन गरी प्राप्त उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ।

२३. **प्रदेश प्रयोगशाला सञ्चालन -** प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेश जनस्वास्थ्य प्रयोगशालालाई स्तरोन्नति गरी रिफरेन्स प्रयोगशालाको रुपमा विकास गर्ने उल्लेख छ। ईलेक्ट्रोनिक स्वास्थ्य सेवा, टेलिमेडिसिन, विशेषज्ञ सेवा, अस्पताल एवं प्रयोगशाला सुदृढीकरण र निरन्तरताको लागि गत विगत वर्षमा सङ्घीय सरकार मार्फत मेसिनरी औजार सहितको प्रयोगशाला भवन प्रदेश सरकारलाई हस्तान्तरण गरेको छ। यो वर्ष प्रयोगशाला सञ्चालनका लागि रु.३ करोड १९ लाख ८० हजार खर्च गरी पुरानो संरचनाबाट ७ हजार ९३९ सहुलियतपूर्ण परीक्षण सेवा उपलब्ध गराएको छ। बजेट अभावका कारण प्रयोगशालासहित भवनबाट सेवा प्रवाह गरेको देखिएन। भवन संरचना उपयोग गरी सेवा उपलब्ध गराउनुपर्दछ।

२४. **स्वास्थ्य उपकरण** - यो वर्ष मन्त्रालय मातहतका ८ स्वास्थ्य संस्था (५ स्वास्थ्य सेवा कार्यालय र ३ अस्पताल, हरूमा २ हजार २३४ उपकरणहरू मध्ये २ हजार ९ (८९ प्रतिशत) स्वास्थ्य उपकरणहरू सञ्चालनमा रहेका, १०७ उपकरणहरू बिग्रिएका, ५० उपकरणहरू जडान नभएका र ६८ वटा उपकरण जडान भएपनि प्रयोगमा आएको छैन।

क्र.सं.	अस्पताल	प्रयोग भएको संख्या	काम नभएको	जडान नभएको	काम लाग्ने तर प्रयोग नभएको	जम्मा
१	स्वास्थ्य सेवा कार्यालय, सल्यान	३६५	५	४६	१५	४३१
२	स्वास्थ्य सेवा कार्यालय, दैलेख	११८	११	०	११	१४०
३	मेहलकुना अस्पताल, सुर्खेत	१४४	१०	०	१६	१७०
४	स्वास्थ्यसेवा कार्यालय, मुगु	९७	१५	१	८	१२१
५	स्वास्थ्य सेवा कार्यालय,कालिकोट	१९४	७	०	९	२१०
६	स्वास्थ्य सेवा कार्यालय, रुकुम पश्चिम	१३४	१७	३	७	१६१
७	दुल्लु अस्पताल, दैलेख	१४८	११	०	२	१६१
८	प्रदेश अस्पताल, सुर्खेत	८०९	३१	०	०	८४०
जम्मा		**२००९**	**१०७**	**५०**	**६८**	**२२३४**

प्रदेश अस्पतालमा रहेको फोहोर प्रशोधन प्लान्ट १ थान, मेमोग्राफी मेसिन १ थान, पत्थरी निकाल्ने मेसिन १ थान र आँखा उपचार मेसिन १ थान मर्मत गर्नुपर्ने तथा जनशक्तिको अभावमा मुटु उपचारमा प्रयोग हुने रु.११ करोड ३५ लाख ९९ हजारको क्याथल्याब मेसिन २०८१ माघदेखि प्रयोगविहिन अवस्थामा छ। उपकरणहरूको नियमित मर्मत, जडान र उपयोग सुनिश्चित गरी अभिलेख राखेको देखिएन। उपकरण वितरण, प्रतिस्थापन र मर्मतसम्भार प्रक्रियालाई वार्षिक कार्ययोजना बनाइ उपयोग गर्नुपर्दछ।

२५. **फरक कार्यक्रममा खर्च -** कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा २४ मा अधिकार प्राप्त अधिकारीले स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम भित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। मन्त्रालय अन्तर्गत जिल्ला अस्पताल, मुगुले ५ कार्यक्रममा रु.२४ लाख ९८ हजार, सामाजिक विकास कार्यालय, दैलेखले १२ विद्यालय भवनको लागि रु.२ करोड ७० लाख ६० हजार र सामाजिक विकास कार्यालय रुकुम पश्चिमले १३ कार्यक्रममा रु.७८ लाख ३९ हजार गरी ३० कार्यक्रममा रु.३ करोड ७३ लाख ९७ हजार स्वीकृत वार्षिक कार्यक्रममा भन्दा फरक कार्यमा खर्च गरेको देखिन्छ। स्वीकृत कार्यक्रम भन्दा फरक कार्यमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२६. **पारिश्रमिक कर** - आयकर ऐन, २०५८ को दफा ८७ मा रोजगारदाताले प्राकृतिक व्यक्तिको रोजगारीबाट प्राप्त गर्ने आयमा अनुसूची-१ बमोजिमको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था छ। जिल्ला अस्पताल, सल्यानले ६ जनाको रु.२ लाख १० हजार, रुकुमपश्चिमले १ जनाको रु.३ लाख ४० हजार, जाजरकोटले ३ जनाको रु.२ लाख ७९ हजार, मुगुले १० जनाको रु.२ लाख ८० हजार र हुम्लाले ५ जनाको रु.१ लाख ५७ हजार गरी जम्मा २५ कर्मचारीहरूबाट रु.१२ लाख ६६ हजार पारिश्रमिक कर कट्टा नभएकोले असुल गर्नुपर्दछ।

२७. **विशेष प्रोत्साहन भत्ता -** आर्थिक मामिला तथा योजना मन्त्रालयको २०७६।२।२० मा कर्णाली प्रदेशमा कार्यरत कर्मचारी/चिकित्सकहरूको सेवा सुविधा खण्ड-घ बमोजिमको सुविधा प्राप्त गर्ने २०७६।९।८ को निर्णय बमोजिम २०७६।७७ मंसिर १ देखि सुर्खेतको प्रशासनिक र तोकिएको प्राविधिक कर्मचारी रु.४ हजारका दरले मासिक पाउने निर्णय भएको र विशेषज्ञ चिकित्सक एघारौं तह सुर्खेतको लागि ७५ प्रतिशत त्यस्तै नवौं र दशौं तहको मासिक दर ७५ प्रतिशत, आठौं तह ५० प्रतिशत विशेष प्रोत्साहन भत्ता दिने व्यवस्था गरेको छ। प्रदेश अस्पताल, सुर्खेतले अस्पतालमा कार्यरत कर्मचारीलाई समितिको आम्दानी तर्फबाट समितिको निर्णयले तलबको ९ प्रतिशतका दरले हुने वार्षिक रु.१ करोड ६५ लाख ५५ हजार र चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई थप कामको आधारमा रु.३

करोड ४४ लाख १३ हजार गरी रु.५ करोड ९ लाख ६८ हजार भुक्तानी दिएको छ। स्वीकृत प्रोत्साहन रकम यकिन गरी बढी विशेष प्रोत्साहन भत्ता असुल गर्नुपर्दछ।

२८. **अस्पताल विकास समिति** - कर्णाली प्रदेश अन्तर्गतका ८ अस्पताल विकास समितिहरूको गत वर्षको जिम्मेवारी रु.२८ करोड ९३ लाख २८ हजार रहेकोमा चालु वर्षमा रु.६४ करोड ७ लाख ८१ हजार आम्दानी भएकोमा रु.५९ करोड ७३ लाख २१ हजार खर्च गरी रु.३३ करोड २७ लाख ८७ हजार मौज्दात रहेको छ। मौज्दात रकमको समुचित परिचालन गरिनुपर्दछ।

२९. **पेस्की** - कर्णाली प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५ को नियम ७९(१) मा पेस्की लिने कर्मचारीले तोकेको म्यादभित्र फर्स्यौंट नगरेमा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले ब्याज लगाउनु पर्ने उल्लेख छ। जिल्ला अस्पताल, डोल्पाका १ जनस्वास्थ्य निरीक्षकले विभिन्न कार्यक्रमको लागि एकमुष्ट रु.२७ लाख ५० हजार पेस्की लिई रु.१७ लाख ५० हजार फर्स्यौंट गरी रु.१० लाख पेस्की फर्स्यौंट गर्न बाँकी देखिन्छ। कार्यक्रमको लागि दिएको पेस्की कानुन बमोजिम फर्स्यौंट गर्नुपर्दछ।

३०. **बेरुजुको लगत** - कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३७ (२) मा सम्बन्धित मन्त्रालयले आफ्नो र मातहतका सबै कार्यालयको बेरुजुको एकीकृत लगत राख्नुपर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार मन्त्रालय र मातहत कार्यालयसमेतको रु.१ अर्ब ८ करोड १२ लाख १७ हजार बेरुजु बाँकी देखिन्छ। वार्षिक कार्ययोजना बमोजिम बेरुजु फर्स्यौंटको अनुगमन गर्नुपर्दछ।

कर्णाली प्रदेश खेलकुद विकास परिषद्

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को व्यवस्था बमोजिम प्रदेश सरकारको २०७७ पौष ६ गतेको निर्णयले कर्णाली प्रदेश खेलकुद विकास परिषद स्थापना भएको हो।

३१. **कार्य जिम्मेवारी** - कर्णाली प्रदेश खेलकुद विकास ऐन,२०७६ अनुसार प्रदेश खेलकुद परिषद्का ११ कार्यहरू तोकिएका छन्। परिषद्लाई तोकिएका जिम्मेवारी मध्ये जिल्ला, प्रदेश तथा अन्तर प्रदेशस्तरका खेलकुद प्रतियोगिताको आयोजना गर्ने, खेलाडीको क्षमता विकासका लागि आवश्यक तालिमको व्यवस्था गर्ने, अपाङ्गता भएका व्यक्तिहरूसँग सम्बन्धित खेलकुदको विकास गर्न तालिम तथा प्रतियोगिता सञ्चालन गर्ने, स्वदेश तथा विदेशमा हुने खेलकुद प्रतियोगिता वा बैठकमा भाग लिन खेलाडी तथा खेलकुद सम्बद्ध व्यक्तिलाई पठाउने र तोकिएबमोजिम खेलाडीहरूको वर्गीकरण गरी परिचयपत्र दिने तथा आर्थिक सहायता, छात्रवृत्ति, बिमा, स्वास्थ्योपचार लगायत अन्य सुविधा उपलब्ध गराउन सिफारिस गर्ने लगायतका कार्य जिम्मेवारीहरू यसवर्ष भएको पाइएन। आवश्यक जनशक्ति तथा स्रोतसाधनको व्यवस्था गरी तोकिएका जिम्मेवारी पुरा गर्नुपर्दछ।

३२. **वित्तीय विवरण** - कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ मा परिषदले आय-व्ययको लेखा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुन बमोजिम राख्नुपर्ने व्यवस्था छ। परिषद्ले प्रचलित लेखामान बमोजिम स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गरेको छैन। परिषद्ले लेखामान बमोजिम एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ।

३३. **रङ्गशाला निर्माण** - कर्णाली प्रदेशको सुर्खेतमा रङ्गशाला निर्माणको लागत अनुमान रु.१ अर्ब ७० करोड ३३ लाख ९६ हजार भएकोमा निर्माण व्यवसायीसँग २०७८।७।२८ मा २०८२।२।११ सम्ममा सम्पन्न गर्ने गरी रु.१ अर्ब ५९ करोड ४७ लाख ४८ हजारमा सम्झौता भएकोमा यो बर्ष चौधौं रनिङ्ग बिलको रु.७ करोड ९२ लाख १० हजार समेत रु.१ अर्ब ५१ करोड २२ लाख ८२ हजार भुक्तानी गरी ९४.८२ प्रतिशत वित्तीय प्रगति भएको छ। जाजरकोट भूकम्प, अत्याधिक वर्षा, डिजाइनमा ढिलाइ, निर्माण सामान अभाव जस्ता कारणले गर्दा समयमानै काम सम्पन्न हुन नसकेको भनि २०८१ मंसिर ११ गतेसम्म म्याद थप भएकोमा कार्यसम्पन्न भएको छैन। सम्झौताको सर्तबमोजिम कार्य सम्पन्न गर्नुपर्दछ।

३४. **रङ्गशाला सञ्चालन** – परिषद्को ऐनको दफा १४ (१)(ख) मा खेलकुद पूर्वाधार वा संरचना भाडामा उपयोग गर्न दिएबापत शुल्क लिन सक्ने व्यवस्था छ। रङ्गशाला निर्माण सम्पन्न भई परिषद्लाई हस्तान्तरण पश्चात रङ्गशाला सञ्चालन एवं शुल्क सङ्कलन सम्बन्धी कानुनी व्यवस्था मिलाएको छैन। कानुनी व्यवस्था गरी रङ्गशालाको सञ्चालन र व्यवस्थापन गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा दक्षता अभिवृद्धि, वार्षिक कार्यक्रम कार्यान्वयन, संरचनागत दोहोरोपन अन्त्य, पेस्की नियन्त्रण र पारदर्शिता, पुँजीगत खर्च, पूर्वाधार निर्माणमा भेरिएसन, निर्माण कार्यको गुणस्तर, मर्मतयोग्य सामग्री मर्मत गरी अधिकतम उपयोग, सूचना प्रणालीबाट पर्याप्त सूचना प्रवाह, तथ्याङ्क प्रमाणीकरण र सोर्सकोड सुनिश्चित र स्वास्थ्य उपकरण खरिद तथा उपयोग लगायतमा सुधार गर्नुपर्ने बेहोरा समावेश गरिएकोमा सोको प्रभावकारी कार्यान्वयन भएको पाइएन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नु पर्दछ।
- **बेरुजु रकमको विवरण -** यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायनुसार छः
  - सरकारी कार्यालयतर्फ १३ निकायमा यो वर्ष रु.७ करोड २८ लाख ५९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.९ हजार फर्स्यौंट गरेकोले रु.७ करोड २८ लाख ५० हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।
  - समिति तथा अन्य संस्थासमेत ११ निकायमा रु.११ करोड २ लाख १५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि रु.६८ लाख ८७ हजार फर्स्यौंट तथा प्रतिक्रियाबाट रु.७ लाख ७८ हजार थप समेत रु.१० करोड ४१ लाख ६ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-१०** मा छ।

कर्णाली प्रदेश योजना आयोग

कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्य सञ्चालन) आदेश, २०७५ अनुसार आयोगले देहायका प्रमुख कार्यहरूको योजना तर्जुमा, समन्वय, निर्देशन, सुपरीवेक्षण, नियमन, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन सम्बन्धी कार्यहरू गर्दछ।

- दीर्घकालीन सोच, तथ्यपरक नीति तथा योजना तर्जुमा,
- अनुगमन तथा मूल्याङ्कन,
- तहगत समन्वय,
- अध्ययन, अनुसन्धान तथा अन्वेषण,
- लगानीका लागि आवश्यक समन्वय गरी परामर्श गरी लगानीको वातावरण तयार गर्ने ।

१. **लेखापरीक्षण अङ्क -** आयोगको निम्नानुसार रु.२ करोड ७१ लाख ९९ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
२७१९९	०	०	०	२७१९९

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरणअनुसार बजेट र खर्चको विवरण देहायबमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	१५७८६	१५७८६	१०७७५	६८.२६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	११९	११९	३८	३१.९३
२२१०० सेवा महसुल	७१२	७१२	२२३	३१.३२
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	२९८७	३६८७	२७८८	७५.६२
२२३०० कार्यालय सामान तथा सेवा	२५८४	१८८४	१५५७	८२.६४
२२४०० सेवा तथा परामर्श खर्च	२२९४	२२९४	१९७८	८६.२२
२२५०० कार्यक्रमसम्बन्धी खर्च	११४०८	११९०८	५६२२	४७.२१
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१९७८	१९७८	९८५	४९.८०
२२७०० विविध खर्च	७६०	७६०	६८२	८९.७४
२८१०० सम्पत्ति सम्बन्धी खर्च	१८७२	१८७२	१७१४	९१.५६
जम्मा	**४०५००**	**४१०००**	**२६३६२**	**६४.३०**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	१०००	१०००	८३७	८३.७०
कुल जम्मा	**४१५००**	**४२०००**	**२७१९९**	**६४.७६**

उल्लिखित विवरणअनुसार चालु खर्च ६४.३० प्रतिशत, पुँजीगत खर्च ८३.७० प्रतिशत र समग्रमा ६४.७६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **दीर्घकालीन रणनीति -** नेपाल सरकारबाट निर्धारण भएका समृद्धिका ११ र सुखका २३ गन्तव्य सूचकको आधारमा प्रदेशको मौलिक विशेषतासहित "समृद्ध कर्णाली, सुखारी कर्णालीवासी" दीर्घकालीन सोचसहित २५ वर्षीय दीर्घकालीन रणनीति तय गरेको छ। उक्त दीर्घकालीन रणनीतिलाई सार्वजनिक, निजी, सहकारी, सामुदायिक तथा विकास साझेदारसँग लगानी र सहकार्य मार्फत तीन चरणमा पाँचवटा पञ्चवर्षीय योजना मार्फत २५ वर्षमा पूरा गर्ने योजना अनुरुप कर्णाली विकास मोडल तय गरेको देखिन्छ। दीर्घकालीन रणनीति प्राप्तिका लागि आवधिक योजनामा समावेश गरिएका सुदृढ प्रादेशिक अर्थतन्त्र, जलवायुमैत्री, व्यवसायिक तथा प्राङ्गारिक कृषि, बजारमुखी तथा स्वच्छ उत्पादन र दिगो पर्यटन, सुशासन र सेवा प्रवाह लगायतका १३ विषयक्षेत्रगत रणनीतिक लक्ष्य योजनामा समावेश गर्नुपर्दछ।

४. **दिगो विकास लक्ष्य** - कर्णाली प्रदेश सरकारले कार्यान्वयन गरेको पहिलो पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा दिगो विकास लक्ष्यको आधार तथा सो आधारमा वार्षिक लक्ष्य तथा योजना अवधिको समग्र लक्ष्यका लागि ९५ सूचक तोकी योजना कार्यान्वयन गरेको देखिन्छ। दिगो विकासको लक्ष्य तथा प्रगतिको अवस्था देहाय बमोजिम रहेको छः

क्र.सं	सूचक	एकाई	२०८०।८१ सम्मको उपलब्धि	दोस्रो आवधिक योजनाको लक्ष्य	२०८१।८२ सम्मको उपलब्धि
१	गरिबीको अन्त्य (निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसंख्या)	प्रतिशत	२२.३	१३.२	२२.३
२	भोकमरीको अन्त्य (आधारभुत खाद्य सुरक्षाको स्थितिमा रहेको परिवार)	प्रतिशत	३४.५	९८	३७.५
३	लैङ्गिक समानता (लैङ्गिक विकास सूचकाङ्क)	सूचकाङ्क	०.९०२	०.९३०	०.९०५
४	गुणस्तरीय शिक्षा (५ वर्ष वा सोभन्दा माथिको साक्षरता दर)	प्रतिशत	७६.१	९५	७९
५	दिगो सफा पानी तथा सरसफाई सेवा (आधारभूत खानेपानी सुविधा पुगेको परिवार)	प्रतिशत	८८	९८	९०.५
६	किफायती दिगो तथा आधुनिक उर्जामा पहुँच (विद्युतमा पहुँच प्राप्त घरपरिवार)	प्रतिशत	७१	९५	७१
७	समावेशी आर्थिक वृद्धि तथा मर्यादित काम (बेरोजगारी दर)	प्रतिशत	७.५	५	६.८
८	उद्योग, नविन खोज र पूर्वाधार (३० मिनेटको दुरीमा सडक यातायातमा पहुँच पुगेको घरपरिवार)	प्रतिशत	७६.२	९०	-
९	असमानता न्युनिकरण (उपभोगमा आधारीत माथिल्लो १० र तल्लो ४० प्रतिशत जनसङ्ख्याको अनुपात)	अनुपात	०.४२	०.३५	-
१०	दिगो सहर र समुदाय (आफ्नै स्वामित्वको आवासमा बसोबास गर्ने घर परिवार)	प्रतिशत	९५	९६	९४.५
११	जिम्मेवार उपयोग र उत्पादन (कृषि कार्यमा प्रयोग भएको कृषियोग्य भूमि)	प्रतिशत	६९.७१	७५	७०
१२	जलवायु कार्य तथा विपद् व्यवस्थापन (विपद्बाट हुने वार्षिक क्षति)	हजारमा	६१४००	५००००	-
१३	वन, जलाधार तथा जैविक विविधता संरक्षण (वनले ढाकेको क्षेत्रफल)	प्रतिशत	३८.५७	४२	३८.५७
१४	शान्ति न्याय तथा सशक्त संस्था (सार्वजनिक सेवा प्रवाहमा नागरिक सन्तुष्टीको दर)	प्रतिशत	३७.७	-	-

***(स्रोत :** कर्णाली प्रदेश दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचना, २०८२)*

प्रथम आवधिक योजनाको समीक्षा प्रतिवेदनले सूचकसहितको विस्तृत समीक्षा नगरेको कारण प्रदेश सरकारले तोकेका सूचकको उपलब्धि र सोका आधारमा दिगो विकास लक्ष्य प्राप्तिको समग्र

अवस्थाका सन्दर्भमा यकिन हुन सकिएन। आयोगले दिगो विकास लक्ष्य प्राप्तिको आवधिक मूल्याङ्कन गर्ने तथा प्रदेश सरकारले बजेट तथा कार्यक्रम तर्जुमा गरी दिगो विकासको प्रगति हासिल गर्नुपर्दछ।

५. **आवधिक योजना -** कर्णाली प्रदेशको दोस्रो आवधिक योजना (२०८१।८२-२०८५।८६) ले "कर्णाली सोच -२१००" को सफल कार्यान्वयनको प्रतिबद्धता र निरन्तरता प्रदान गर्दै प्रदेश सरकारले दोस्रो पञ्चवर्षीय योजनामा समेत "समृद्ध कर्णालीः सुखारी कर्णालीवासी" को दीर्घकालीन सोच लिएको छ। दोस्रो आवधिक योजनाको मुख्य सूचकाङ्क तथा उपलब्धिको स्थिति निम्नानुसार छः

क्र.सं.	सूचक	एकाई	२०८०।८१ को उपलब्धि	दोस्रो आवधिक योजनाको लक्ष्य	२०८१।८२ को उपलब्धि
१	आर्थिक वृद्धि दर	प्रतिशत	३.२९	९.९	५.५
२	कृषि क्षेत्रको औसत वृद्धि दर	प्रतिशत	२.२	६	५
३	प्रतिव्यक्ति आय	अमेरिकी डलर	१०६६	१६५७	१२५८
४	गरिबीको रेखामुनी रहेको जनसंख्या	प्रतितश	२२.३	१३.२	२२.३
५	बेरोजगारी दर	प्रतितश	७.५	५	६.८
६	अपेक्षित आयु	बर्ष	७३	७३	७२.६
७	साक्षरता दर	प्रतिशत	७७	९५	७९
८	लैङ्गिक विकास	सूचकाङ्क	०.९०२	०.९३	०.९०५
९	मानव विकास	सूचकाङ्क	०.५३८	०.६	०.५७५
१०	आधारभुत खानेपानी पँहुच पुगेको परिवार	प्रतिशत	९०	९८	९०.५
११	इन्टरनेट पुगेको जनसंख्या	प्रतिशत	७४	८५	७५
१२	विद्युत पँहुच प्राप्त परिवार	प्रतिशत	७१	९५	७१

***(स्रोत :** कर्णाली प्रदेश दोस्रो आवधिक योजना र मध्यमकालीन खर्च संरचना, २०८२।*

उक्त तथ्याङ्कअनुसार वार्षिक औसत आर्थिक वृद्धिदर ९.९ प्रतिशत, कृषि क्षेत्रको औसत वृद्धिदर ६ प्रतिशत, प्रतिव्यक्ति आय १६५७ अमेरिकी डलर, निरपेक्ष गरिबीको रेखामुनी रहेको जनसङ्ख्या १३.२ प्रतिशत, बेरोजगारी दर ५ प्रतिशत, विद्युत पहुँच पुरेको परिवार ९५ प्रतिशत, इन्टरनेट पुगेको जनसंख्या ८५ प्रतिशत, अपेक्षित आयु ७३ वर्ष, ५ वर्ष माथिको साक्षरता दर ९५ प्रतिशत, आधारभुत खानेपानी पँहुच पुगेको परीवार ९८ प्रतिशत र मानव विकास सूचकाङ्क ०.६० पुऱ्याउने लगायतका ५१ दीर्घकालीन परिमाणात्मक लक्ष्य सूचक तय गरेकोमा दोस्रो आवधिक योजनाको प्रथम वर्षको उपलब्धि मापन गरेको देखिएन। तोकिएका लक्ष्यको प्रगति मूल्याङ्कन गर्नुपर्दछ।

६. **मध्यमकालीन खर्च संरचना -** कर्णाली प्रदेश आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि आयोगले विषयगत मन्त्रालयको समन्वयमा आगामी तीन वर्षको मध्यमकालिन खर्च संरचना तयार गर्नुपर्ने उल्लेख छ। प्रदेश सरकारको मध्यमकालीन खर्च संरचना (२०८१।८२-२०८३।८४) बमोजिम प्रदेश सरकारको २०८१।८२ को खर्च प्रक्षेपण र वास्तविक बजेट तथा आगामी दुई वर्षको प्रक्षेपणको अवस्था निम्नानुसार रहेको छ।

(रु.हजारमा)

विवरण	२०८१।८२		२०८२।८३		२०८३।८४
	प्रक्षेपण	यथार्थ	सुरु अनुमान	यथार्थ अनुमान	को प्रक्षेपण
चालु खर्च	७५७५५९२	७५७५५९२	८१४९९९८	७७९९१०१	८२६०९९७
पुँजीगत खर्च	१८७५०८६८	१८७५०८६८	२०१११०२२	१९९८२७१३	२२२३१२२१
वित्तीय व्यवस्था	२५००००	२५००००	३०९३३४	६१५०००	४५९३३३
वित्तीय हस्तान्तरण (स्थानीय तह)	४८३३५८१	४८३३५८१	५२१५१९२	४५९९८४१	५४३६१९२
जम्मा	**३१४१००४१**	**३१४१००४१**	**३३७८५५४६**	**३२९९६६५५**	**३६३८७७४३**

मध्यमकालीन खर्च संरचनाको खाका तयार गर्दा कार्यान्वयन क्षमता, विनियोजन दक्षता, आर्थिक अनुशासन र समष्टिगत आर्थिक स्थायित्व कायम हुने गरी समष्टिगत वित्त, बजेट र नतिजा खाका समावेश गरी मध्यमकालीन खर्च संरचना तयार गरी सोको कार्यान्वयन गर्नुपर्दछ।

७. **बहुवर्षीय आयोजना** - कर्णाली प्रदेश आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी निर्देशिका, २०८१ को दफा ३ मा आयोगले सम्भाव्य आयोजनाको बहुवर्षीय ठेक्काको स्वीकृति दिनुपर्ने उल्लेख छ। आयोगले यो वर्ष आर्थिक मामिला तथा योजना मन्त्रालयबाट स्रोत सहमती प्राप्त गरी रु.१ अर्ब ९५ करोड ९० लाख ७३ हजार लागत अनुमान भएका र चालु वर्षमा रु.५२ करोड ५६ लाख बजेट विनियोजन भएका ८६ योजनाको लागि आगामी वर्षहरूका लागि रु.१ अर्ब ५० करोड ५२ लाख ९८ हजारको थप स्रोत सुनिश्चितता गरेको छ। यसरी स्रोत सुनिश्चितता प्रदान गर्दा सन्तुलित विकास र आवधिक योजनाको लक्ष्यसँग तादाम्यताको आधार मूल्याङ्कन गरेको देखिएन। आयोगले स्रोतको अवस्था मूल्याङ्कन गरी बहुवर्षीय योजनाहरूको सहमति दिनुपर्दछ।

८. **आयोजना बैङ्क** - कर्णाली प्रदेश आयोजना बैङ्क (कार्यसञ्चालन तथा व्यवस्थापन) मापदण्ड, २०८१ को दफा ४ मा प्रदेश गौरवका योजना, प्राथमिकता प्राप्त योजना लगायतका प्रदेश सरकारबाट सञ्चालन हुने योजना प्रणालीमा प्रविष्ट गर्नुपर्ने व्यवस्था छ। कर्णाली प्रदेश समन्वय परिषद्बाट प्रदेश तथा स्थानीय तहमा कार्यान्वयन योग्य आयोजनाहरूको लागि आयोजना बैङ्क तयार गरी सो बैङ्कमा समावेश भएका आयोजना कार्यान्वयन गर्ने निर्णय बमोजिम आयोजना बैङ्क स्थापना भए तापनि यो वर्षको बजेट कार्यान्वयनका लागि उक्त प्रणालीमा योजना प्रविष्ट गरेको देखिएन। प्रदेशले कार्यान्वयन गर्ने योजनाहरू बैङ्कमा प्रविष्ट गरी बजेट विनियोजन गर्नुपर्दछ।

९. **अनुगमन तथा मूल्याङ्कन** - कर्णाली प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ दफा ६(ख) मा अनुगमन तथा मूल्याङ्कन प्रणालीको विकास गरी विषयक्षेत्रगत नीति र प्राथमिकता प्राप्त कार्यक्रम तथा आयोजनाहरूको प्रभाव मूल्याङ्कन गर्नुपर्ने उल्लेख छ। आयोगमा बहुवर्षीय एवं क्रमागत योजनाको अनुगमन तथा मूल्याङ्कन कार्यक्रमका लागि रु.१० लाख ५० हजार तथा अनुगमन मूल्याङ्कन खर्च शीर्षकमा रु.७ लाख गरी रु.१७ लाख ५० हजार विनियोजन भएकोमा रु.४ लाख ५६ हजार खर्च गरेकोमा अनुगमन र मूल्याङ्कनको प्रतिवेदन तयार गरेको देखिएन। अनुगमन मूल्याङ्कनलाई प्रभावकारी बनाइ सोको प्रतिवेदन तयार गर्नुपर्दछ।

१०. **अध्ययन, अनुसन्धान र अन्वेषण** - प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ दफा ६(घ) मा विभिन्न विषयमा अध्ययन अनुसन्धान तथा अन्वेषण गर्ने उल्लेख छ। आयोगले यो वर्ष परामर्श सेवाबाट श्रम तथा रोजगार प्रवर्धन नीति, २०७५ तथा स्वास्थ्य नीति, २०७६ परीक्षण तथा

समीक्षा गराएको बाहेक थप अध्ययन, अनुसन्धान तथा अन्वेषण गरेको छैन। आन्तरिक जनशक्तिको क्षमताको उपयोग गर्दै अध्ययन, अनुसन्धान तथा अन्वेषण गर्न मन्त्रालयसँग समन्वय गर्नुपर्दछ।

११. **प्रदेश विकास परिषद्** - प्रदेश योजना आयोग (गठन तथा कार्यसञ्चालन) आदेश, २०७५ को दफा ७ मा आयोगले तर्जुमा गरेको दीर्घकालीन तथा आवधिक विकास योजनामा मार्गदर्शन दिनको लागि प्रदेश विकास परिषद् रहने व्यवस्था छ। यो वर्ष परिषद्को दुई बैठक बसी दोस्रो आवधिक योजना स्वीकृतिका लागि पेस गर्ने लगायतका दुई निर्णय गरेको देखिन्छ। प्रदेशको विकास निर्माणमा देखिएका समस्याहरूको नीतिगत समाधानका लागि प्रदेश विकास परिषद्लाई क्रियाशील बनाउनु पर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोगको क्रियाशीलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण** - आयोगको यो वर्ष ५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि फर्स्यौंट नगरेकोले बाँकी रहेको छ। यससम्बन्धी विवरण **अनुसूची-९** मा छ।

प्रदेश लोक सेवा आयोग

नेपालको संविधानको धारा २४४ अनुसार प्रदेश निजामती सेवा, प्रदेश प्रहरी सेवा, प्रदेश सङ्गठित संस्था, प्रदेशको अन्य सरकारी सेवा तथा स्थानीय सरकारी सेवाको पदमा स्वच्छ, निष्पक्ष र विश्वसनीय आधारमा उपयुक्त उम्मेदवार छनोट गरी प्रदेश एवं स्थानीय तहको सार्वजनिक प्रशासनलाई सक्षम, सुदृढ, प्रतिस्पर्धात्मक, उत्तरदायी, सेवामुखी र समावेशी बनाउन प्रदेश लोकसेवा आयोग ऐन, २०७५ बमोजिम आयोगको स्थापना भएको हो।

१. **लेखापरीक्षण अङ्क** - आयोगको यो वर्ष निम्नानुसार रु.१० करोड ८७ लाख ८७ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
८४४०४	२४०६१	३२२	०	१०८७८७

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक वर्गीकरण अनुसार खर्चको विवरण देहायबमोजिम छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरु बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	३४३५१	३४३५१	२४१५२	७०.३१
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	२१६	२१६	१२१	५६.०२
२२१०० सेवा महसुल	१२४३	१२४३	८३७	६७.३४
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	३३५५	३३५५	२३८६	७१.१२
२२३०० कार्यालय सामान तथा सेवा	४९६०	४९६०	४५४५	९१.६३
२२४०० सेवा तथा परामर्श खर्च	५०२६	५०२६	४७२६	९४.०३
२२५०० कार्यक्रमसम्बन्धी खर्च	१९००	१९००	१३२८	६९.८९
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१२९८	१२९८	६७६	५२.०८
२२७०० विविध खर्च	४३४९०	४३४९०	४३१७४	९९.२७
२८१०० सम्पत्तिसम्बन्धी खर्च	११६१	११६१	६८०	५८.५७
जम्मा	**९७०००**	**९७०००**	**८२६२५**	**८५.१८**
पुँजीगत खर्च				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	२०००	२०००	१७७९	८८.९५
कुल जम्मा	**९९०००**	**९९०००**	**८४४०४**	**८५.२६**

उल्लिखित विवरणअनुसार चालु खर्च ८५.१८ प्रतिशत, पुँजीगत खर्च ८८.९५ प्रतिशत र समग्रमा ८५.२६ प्रतिशत खर्च भएको देखिन्छ।

३. **कार्यसम्पादन** - प्रदेश लोक सेवा आयोग ऐन, २०७५ को दफा ६ मा प्रदेश र स्थानीय तहको विभिन्न पदमा कर्मचारी नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन र सिफारिस लगायतका काम, कर्तव्य प्रदेश लोकसेवा आयोगलाई तोकिएको छ। आयोगले यो वर्ष ४१ पदको पाठ्यक्रम निर्माण, २० पदको पाठ्यक्रम परिमार्जन, १ हजार ८१२ सेट प्रश्नपत्र मस्यौदा र १ हजार

१४५ प्रश्नपत्र परिमार्जन गरेको देखिन्छ। प्रदेश र स्थानीय तहको ४३८ पदको लागि विज्ञापन प्रकाशन गरी ३६ हजार १७० दरखास्त सङ्कलन गरेकोमध्ये १० हजार ६७५ उम्मेदवार अर्थात् २९.५१ प्रतिशत लिखित परीक्षा सहभागी भएको विवरण पेस भएको छ। यो दर अघिल्लो वर्ष ३९.९५ प्रतिशत थियो। गत वर्षको ६६१ समेत ७१० कर्मचारी नियुक्तिका लागि सिफारिस गरेकोमा ३८९ सिफारिस बाँकी छ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा आयोगको क्रियाशीलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।
- **बेरुजु रकमको विवरण -** आयोगको यो वर्ष रु.२ लाख ६२ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन सम्बन्धमा प्रतिक्रिया प्राप्त भएको छैन। यस सम्बन्धी विवरण **अनुसूची-९** मा छ।

मुख्य न्यायाधिवक्ताको कार्यालय

नेपालको संविधानको धारा १६० मा मुख्य न्यायाधिवक्ता सम्बन्धी व्यवस्था छ। मुख्य न्यायाधिवक्ता प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकार हुने र संवैधानिक एवं कानुनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएका अन्य अधिकारीहरूलाई राय सल्लाह दिने तथा प्रदेश सरकारलाई विपक्षी बनाइ दायर भएको मुद्दामा प्रतिरक्षा गर्ने मुख्य न्यायाधिवक्ताको मुख्य काम कर्तव्य रहेको छ।

१. **लेखापरीक्षण अङ्क** - मुख्य न्यायाधिवक्ताको कार्यालयको निम्नानुसार रु.१ करोड ६४ लाख ३४ हजारको लेखापरीक्षण सम्पन्न भएको छः

(रु.हजारमा)

विनियोजन खर्च	राजस्व	धरौटी	अन्य कारोबार	जम्मा
१६४३३	१	०	०	१६४३४

२. **बजेट तथा खर्च** - प्रदेश लेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक सङ्केत तथा वर्गीकरण अनुसार खर्चको विवरण देहाय बमोजिम रहेको छः

(रु.हजारमा)

खर्च शीर्षक	सुरू बजेट	अन्तिम बजेट	खर्च	खर्च प्रतिशत
चालु खर्च				
२११०० पारिश्रमिक सुविधा	७८६७	७८६७	७०६९	८९.८६
२१२०० कर्मचारीको सामाजिक सुरक्षा	३९	३९	२६	६६.६७
२२१०० सेवा महसुल	३६७	३६७	३५३	९६.१९
२२२०० पुँजीगत सम्पत्तिको सञ्चालन	१५६०	१७१०	१६५३	९६.६७
२२३०० कार्यालय सामान तथा सेवा	६८२	६८२	६७०	९८.२४
२२४०० सेवा तथा परामर्श खर्च	१९७०	१९७०	१८७९	९५.३८
२२५०० कार्यक्रम सम्बन्धि खर्च	२३८०	२२३०	२१६२	९६.९५
२२६०० अनुगमन, मूल्याङ्कन र भ्रमण खर्च	१०४६	१०४६	९६७	९२.४५
२२७०० विविध खर्च	३६५	३६५	३४७	९५.०७
२८१०० सम्पत्ति सम्बन्धी खर्च	९२४	९२४	८१६	८८.३१
जम्मा	**१७२००**	**१७२००**	**१५९४२**	**९२.६९**
पुँजीगततर्फ				
३११०० स्थिर सम्पत्ति प्राप्ति खर्च	५००	५००	४९१	९८.२०
कुल जम्मा	**१७७००**	**१७७००**	**१६४३३**	**९२.८४**

माथिको तालिका अनुसार चालु खर्च ९२.६९ प्रतिशत, पुँजीगत खर्च ९८.२० प्रतिशत र समग्रमा ९२.८४ प्रतिशत खर्च भएको छ।

३. **बहस, पैरवी तथा राय परामर्श** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा १ को खण्ड (क) बमोजिम प्रदेश सरकार वादी वा प्रतिवादी भएको मुद्दामा प्रदेश सरकारको तर्फबाट उपस्थित भई बहस वा पैरवी गर्ने गराउने र दफा ८ को उपदफा १ मा प्रदेश सरकार मातहतका कार्यालयले संवैधानिक वा कानुनी प्रश्नमा मुख्य

न्यायाधिवक्तासँग राय माग गर्ने व्यवस्था छ। यस वर्ष प्रदेश सरकारका विरुद्ध विभिन्न निकायलाई विपक्षी बनाइ दायर भएको गत वर्षको जिम्मेवारी सरेका ६० र यस वर्ष दर्ता भएका ५३ समेत ११३ मुद्दा दर्ता भएकोमा कार्यालयबाट सर्वोच्च अदालतमा १९, उच्च अदालतमा १५, प्रशासकीय अदालतमा १ र जिल्ला अदालतमा १ मुद्दामा बहस पैरवी भई जम्मा ३६ मुद्दा फस्यौंट (२० मुद्दा खारेज, १० मुद्दामा रीट जारी, १ मुद्दा फिर्ता र ५ मुद्दा तामेली) भई बाँकी ७७ मुद्दा फस्यौंट गर्न बाँकी रहेका छन्।

४. **कानुन निर्माण** - मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाका सर्तसम्बन्धी ऐन, २०७५ को दफा ४ को उपदफा १ को खण्ड (ग) बमोजिम प्रदेशको कार्यक्षेत्रको कुनै विषयमा कानुन बनाउनुपर्ने वा भइरहेको कानुनमा संशोधन गर्नु परेमा सोको कारण खुलाई प्रदेश सरकार समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था छ। यस वर्ष नयाँ कानुन निर्माण र संशोधन गर्न प्रदेश सरकार समक्ष सिफारिस गरेको छैन। कानुनमा रहेका सुधारका क्षेत्र पहिचान गरी आवश्यक सिफारिस गर्नुपर्दछ।

अनुगमन तथा बेरुजु

- **अनुगमन** - गत विगतका प्रतिवेदनमा कार्यालयको क्रियाशीलता, अनुगमन लगायतमा सुझाव दिइएकोमा अपेक्षित सुधार भएको छैन। विगतको बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ।

खण्ड

२

स्थानीय तह

स्थानीय तह

नेपालको संविधानको अनुसूची-८ मा स्थानीय तहका एकल अधिकार एवं अनुसूची-९ मा साझा अधिकारको व्यवस्था भए अनुसार कार्यसम्पादन गर्न स्थानीय तहहरूबाट कानुन निर्माण, आर्थिक तथा मानवीय स्रोत व्यवस्थापन एवं परिचालन गरी सेवा प्रवाह भइरहेको छ। संविधान बमोजिम कानुन निर्माण गर्ने, स्थानीय बासिन्दाको आवश्यकता, माग र प्राथमिकताका आधारमा योजना तर्जुमा गर्ने, आर्थिक स्रोत साधनको अनुमान, व्यवस्थापन र स्रोतको दक्षतापूर्ण उपयोग गर्ने, सहभागितात्मक तवरले विकास निर्माण सञ्चालन गर्ने र स्वामित्वबोध गराउने, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन तथा वन व्यवस्थापन, फोहोरमैला व्यवस्थापन, स्थानीय सेवा प्रवाह, सार्वजनिक जग्गा संरक्षण र स्थानीय विवाद समाधान गर्ने, आफूले गरेका काम कारबाहीको तथ्याङ्क तथा अभिलेख राख्ने लगायतका कार्यहरू स्थानीय तहबाट सम्पादन भइरहेका छन्।

१. **संवैधानिक र कानुनी व्यवस्था** - नेपालको संविधानको धारा २१४ मा स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र सङ्घीय कानुनको अधीनमा रही गाउँ कार्यपालिका वा नगर कार्यपालिकामा निहित हुने तथा गाउँपालिका र नगरपालिकाको शासन व्यवस्थाको निर्देशन, नियन्त्रण र सञ्चालन गर्ने अभिभारा गाउँ कार्यपालिका र नगर कार्यपालिकाको हुने साथै धारा २२१ मा स्थानीय तहका व्यवस्थापकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहने व्यवस्था छ। त्यसैगरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत तथा शासन पद्धतिलाई सुदृढ गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा रहेको छ।

२. **काम, कर्तव्य र अधिकार** - संविधानको अनुसूची-८ मा उल्लेख भए अनुसार स्थानीय तहको अधिकार क्षेत्र अन्तर्गत स्थानीय कर, दस्तुर, स्थानीय सेवाको व्यवस्थापन, स्थानीयस्तरका विकास आयोजना, आधारभूत र माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय, ग्रामीण तथा कृषि सडक र सिंचाइ, कृषि तथा पशुपालन, ज्येष्ठ नागरिक, अशक्तहरूको व्यवस्थापन, नगर प्रहरी, सहकारी संस्था, एफ.एम. सञ्चालन लगायतका विषय रहेका छन्। सोबाहेक स्थानीय तहले सङ्घ तथा प्रदेशसँगको सहकार्यमा प्रयोग गर्ने साझा अधिकार संविधानको अनुसूची-९ मा उल्लेख छ। सङ्घ वा प्रदेशले संविधान तथा प्रचलित कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रको कुनै विषय स्थानीय तहलाई कानुन बनाइ निक्षेपण गर्नसक्ने समेत व्यवस्था छ।

३. **स्थानीय तहको संरचना** - कर्णाली प्रदेशमा ७९ स्थानीय तह रहेका छन्। गाउँपालिकामा ५ देखि २१ तथा नगरपालिकामा ९ देखि ३५ वडा रहने गरी स्थानीय तह गठन हुने व्यवस्था छ। स्थानीय तहको सङ्ख्या, सिमाना, जनसङ्ख्या, भूगोल, प्रशासनिक सुगमता, पूर्वाधार विकासको अवस्था, आर्थिक सक्षमता, प्राकृतिक स्रोत साधनको उपलब्धता र भाषिक सांस्कृतिक तथा सामुदायिक बनोटको आधारमा २५ नगरपालिका र ५४ गाउँपालिका रहेका छन्।

४. **कानुन निर्माण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाइ कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। स्थानीय तह सञ्चालनको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले ५२ नमूना कानुन उपलब्ध गराएको देखिन्छ। स्रोत सङ्कलन, विकास निर्माण तथा सेवा प्रवाहको लागि आवश्यक पर्ने सबै कानुन स्थानीय तहले बनाएका छैनन्। आवश्यकता अनुसारका कानुन बनाउन नसक्दा स्थानीय तहको कार्यसम्पादन र सेवा प्रवाहमा

प्रभावकारिता आएको छैन। कार्यसम्पादन र नतिजा प्राप्तिका लागि आवश्यक कानुन निर्माणमा स्थानीय तह थप सक्रिय हुनुपर्ने बेहोरा गत विगत वर्षमा औँल्याइएकोमा यो वर्ष पनि स्थिति यथावत् छ।

५. **आर्थिक कार्यप्रणाली** - स्थानीय तहको आर्थिक कार्यविधिलाई व्यवस्थित गर्न स्थानीय तहहरूले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ अनुकूल हुने गरी कानुन बनाउन बाँकी रहेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुसार आर्थिक कारोबार सञ्चालन गरेको छ। वित्तीय अनुशासन, जवाफदेहिता र पारदर्शिता प्रवर्धन हुनेगरी आर्थिक कारोबार सञ्चालन गर्न तत्सम्बन्धी कानुन बनाइ लागु गर्नुपर्दछ।

६. **समग्र आय व्यय -** यो वर्ष लेखापरीक्षण भएका ७९ स्थानीय तहको देहाय अनुसार गत वर्षको जिम्मेवारी रु.३ अर्ब ७६ करोड ६९ हजार र यो वर्षको आय रु.४८ अर्ब ३० करोड ४१ लाख १३ हजार समेत रु.५२ अर्ब ६ करोड ४१ लाख ८२ हजारमध्ये रु.४८ अर्ब ७७ करोड ५३ लाख १६ हजार खर्च भएको छ। कुल खर्चमध्ये चालु खर्च रु.२६ अर्ब ८ करोड ९८ लाख ९९ हजार, पुँजीगत खर्च रु.११ अर्ब ९० करोड ७२ लाख ८१ हजार र अन्य खर्च रु.१० अर्ब ७७ करोड ८१ लाख ३६ हजार रहेको छ। यो वर्षको अन्तिम मौज्दात रु.३ अर्ब २८ करोड ८८ लाख ६६ हजार आगामी वर्षको लागि जिम्मेवारी सरेको छ।

(रु.हजारमा)

क सं	विवरण	संख्या	सुरु मौज्दात	सङ्घीयबाट अनुदान	प्रदेशबाट अनुदान	राजस्व बाँडफाँट	आन्तरिक आय	अन्य आय	कुल आय	चालु खर्च	पुँजीगत खर्च	अन्य खर्च	कुल खर्च	मौज्दात बाँकी
१	नगरपालिका	२५	१८४५२०३	११७३२९५३	१८६९३४१	२६५९७६९	४६४३८६	४४७०८५७	२१११९७३०६	११६७०४२०	५११५०७३	४६८३९९९	२१४६९४९२	१५७३०१७
२	गाउँपालिका	५४	१९१४८६६	१५८९७१८०	२५००८३०	३८०५१२७	३१६०४७	४५८७६२३	२७१०६८०७	१४४१९४७९	६७९२२०८	६०९४१३७	२७३०५८२४	१७१५८४९
जम्मा		**७९**	**३७६००६९**	**२७६३०१३३**	**४३७०१७१**	**६४६४८९६**	**७८०४३३**	**९०५८४८०**	**४८३०४११३**	**२६०८९८९९**	**११९०७२८१**	**१०७७८१३६**	**४८७७५३१६**	**३२८८८६६**

उपर्युक्त सङ्घीय र प्रदेश अनुदान रकममा अन्तरसरकारी वित्तीय हस्तान्तरणको रकमसमेत समावेश छ। यस सम्बन्धी विवरण **अनुसूची-१५** मा संलग्न छ।

७. **वित्तीय हस्तान्तरण -** महालेखा नियन्त्रक कार्यालय तथा प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त एकीकृत वित्तीय विवरणअनुसार यो वर्ष सङ्घीय सञ्चित कोष तथा प्रदेश सञ्चितकोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

क्र.सं.	अनुदानको किसिम	स्वीकृत बजेट			यथार्थ हस्तान्तरण		
		सङ्घ	प्रदेश	जम्मा	सङ्घ	प्रदेश	जम्मा
१	समानीकरण अनुदान	७३९४८००	८०००००	८१९४८००	४९३१३५०	७९१२४३	५७२२५९३
२	सशर्त अनुदान	१९३५९२५६	३०५५२९१	२२४१४५४७	१३१९६५१६	२७५१५०८	१५९४८०२४
३	समपूरक अनुदान	५४९३००	६७८२९०	१२२७५९०	७३९१६	३२०५६१	३९४४७७
४	विशेष अनुदान	६०८०००	३०००००	९०८०००	११२४९३	२४०५६२	३५३०५५
जम्मा		**२७९११३५६**	**४८३३५८१**	**३२७४४९३७**	**१८३१४२७४**	**४१०३८७४**	**२२४१८१४९**

स्थानीय तहका लागि स्वीकृत बजेटमध्ये नेपाल सरकारबाट ६५.६२ प्रतिशत तथा प्रदेश सरकारबाट ८४.९० प्रतिशत वित्तीय हस्तान्तरण भएको छ।

८. **आन्तरिक स्रोत** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५४ देखि ६३ सम्म स्थानीय तहले लगाउन सक्ने कर तथा शुल्क सम्बन्धी व्यवस्था रहेको छ। यो वर्ष लेखापरीक्षण भएका ७९ स्थानीय तहको २०८१।८२ को कुल आन्तरिक आय रु.७८ करोड ४ लाख ३३ हजार रहेकोले स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको अवस्था छ। स्थानीय तहको क्षमता बढाई आन्तरिक आयमा वृद्धि गर्नुपर्दछ।

९. **खर्च व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा बजेट पेस र पारित गर्ने तथा दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धी व्यवस्था छ। लेखापरीक्षण गरिएका ७९ स्थानीय तहको कुल खर्च रु.४८ अर्ब ७७ करोड ५३ लाख १६ हजारमध्ये चालु खर्च रु.२६ अर्ब ८ करोड ९८ लाख ९९ हजार (५३.४९ प्रतिशत), पुँजीगत खर्च रु.११ अर्ब ९० करोड ७२ लाख ८१ हजार (२४.४१ प्रतिशत) र अन्य खर्च रु.१० अर्ब ७७ करोड ८१ लाख ३६ हजार (२२.१० प्रतिशत) रहेको छ। यस स्थितिले अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ (४) बमोजिम स्थानीय तहले आफूले उठाएको आन्तरिक राजश्व र राजश्व बाँडफाँटबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च पुग्ने गरी राजश्व तथा व्ययको अनुमान पेस गर्नुपर्ने प्रावधानको पालना हुन सकेको छैन।

१०. **प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०५ मा प्रदेश तथा स्थानीय तहले गर्ने काम कारवाहीमा नीतिगत सामञ्जस्यता, योजना व्यवस्थापनमा रणनीतिक साझेदारी, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोत साधनको उपयोग र बाँडफाँट लगायतका अन्तर सम्बन्धित विषयहरूमा समन्वय कायम गर्न प्रदेश समन्वय परिषद्को व्यवस्था छ। प्रदेश सरकारले स्थानीय तहमा स्तान्तरण गर्नुपर्ने साना योजनाहरू आफैंले सञ्चालन गरेको, स्थानीय तहले गर्ने कार्यको लागि समेत प्रदेशस्तरका कार्यालय स्थापना गरेको, स्थानीय तहले राजस्व बाँडफाँट गरी पठाउनुपर्ने रकम प्रदेश सरकारलाई नपठाएको लगायतको स्थिति देखिएको छ। साझा अधिकार सूचीमा रहेका कार्यको कार्यसम्पादनमा प्रभावकारिता ल्याउन र विकास निर्माणमा सन्तुलन कायम गर्न प्रदेश समन्वय परिषद्ले प्रदेश सरकार र स्थानीय तहबीच समन्वय कायम गर्नुपर्दछ।

११. **लेखापरीक्षणमा बेरुजु अङ्क** - यो वर्ष एक ७९ स्थानीयतहको लेखापरीक्षण सम्पन्न गरी उपलब्ध गराइएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा सैद्धान्तिक ५ हजार ३८६ दफा र लगती ८ हजार ९८२ दफाबाट रु.२ अर्ब ३७ करोड ४६ लाख ८७ हजार बेरुजु औंल्याइएकोमा स्थानीय तहहरूबाट प्राप्त प्रतिकृयाबाट रु.१४ करोड ३ लाख ६९ हजार बेरुजु फर्स्यौंट हुँदा रु.३ लाख ६३ हजार बेरुजु थप भई रु.२ अर्ब २३ करोड ४६ लाख ८१ हजार बेरुजु बाँकी रहेको छ। बाँकी रहेको बेरुजुको वर्गीकरण स्थिति निम्नानुसार छ।

(रु.हजारमा)

वर्गीकरण	बेरुजु अङ्क रु.	कुल बेरुजुको प्रतिशत
१. असुल गर्नुपर्ने	**३०४७४७**	**१३.६४**
२. नियमित गर्नुपर्ने	**१८२४२१६**	**८१.६३**
२.१ अनियमित भएको	१००४७२७	४४.९६
२.२ प्रमाण कागज पेस नभएको	८१९३०७	३६.६६
२.३ शोधभर्ना नलिएको	१८२	०.००८
३. पेस्की	**१०५७१८**	**४.७३**
जम्मा बेरुजु	**२२३४६८१**	**१००**

द्रष्टव्यः *उल्लिखित पेस्की अङ्कमा म्याद ननाघेको पेस्की समावेश छैन।*

लेखापरीक्षण भएका स्थानीय तहमध्ये स्थानीय तहको प्रकार अनुसार लेखापरीक्षण अङ्कमा बेरुजु अङ्क निम्न रहेको छ। यस सम्बन्धी विस्तृत विवरण **अनुसूची- १५** मा समावेश छ।

(रु.हजारमा)

क.सं.	स्थानीय तह	स्थानीय तह संख्या	लेखापरीक्षण रकम	पेस्कीसमेत बेरुजु	बेरुजुमध्ये पेस्की रकम	लेखापरीक्षणको तुलनामा बेरुजु प्रतिशत	पेस्की बाहेक बेरुजु प्रतिशत
१	नगरपालिका	२५	४२६६६७९४	१०२४२२०	८४०७९	२.४०	२.२०
२	गाउँपालिका	५४	५४४१२६३३	१२१०४६१	२१६३९	२.२२	२.१८
जम्मा		**७९**	**९७०७९४२७**	**२२३४६८१**	**१०५७१८**	**२.३०**	**२.१९**

१२. **असुली** - यो वर्ष स्थानीय तहको लेखापरीक्षणको क्रममा, प्रारम्भिक प्रतिवेदन पठाएपछि प्राप्त प्रतिक्रिया र सम्परीक्षणबाट रु.१३ करोड ७ लाख २३ हजार असुली भएको छ। असुली रकमको विवरण निम्नानुसार रहेको छ।

(रु.हजारमा)

क्र.सं.	विवरण	रकम
१	लेखापरीक्षणको क्रममा	४३८५१
२	प्रारम्भिक प्रतिवेदन पठाएपछि	३०६११
३	सम्परीक्षणबाट	५६२६१
जम्मा		**१३०७२३**

१३. **लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा** - नेपालको संविधान तथा लेखापरीक्षण ऐन, २०७५ बमोजिम यस प्रदेशका स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षणबाट देखिएका मुख्य बेहोरा देहाय अनुसार छन् :

- **कानुन निर्माण तथा परिपालना -** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेका नमूना कानुन अनुसार स्थानीय तहमा कानुन निर्माण गर्न बाँकी रहेको, मौजुदा कानुनमा एकरुपता नरहेको, कानुनको परिपालना नभएको लगायत बेहोरा देखिएका छन्।

- **वित्तीय विवरण तथा लेखापरीक्षण -** तोकिएको ढाँचामा सबै आर्थिक कारोबार समावेश गरी वित्तीय विवरण तयार नगरेको, स्वीकृत लेखा फारामहरू पूर्णरुपमा प्रयोगमा नल्याएको, गत वर्षको वित्तीय विवरणले देखाएको मौज्दात भन्दा फरक हुने गरी यस वर्ष जिम्मेवारी सारेको, वर्षान्तको मौज्दात फरक परेकोमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीको प्रभावकारी कार्यान्वयन नभएको, सबै आर्थिक कारोबारहरू स्थानीय सञ्चित कोष प्रणाली (सुत्र) बाट नगरेको, आन्तरिक लेखापरीक्षण नगराएको, अन्तिम लेखापरीक्षणबाट देखिएका बेरुजु फर्स्यौट तथा सम्परीक्षण नगराएको स्थिति देखिएको छ।

- **सङ्गठन संरचना तथा मानव संसाधन -** कार्यबोझको आधारमा दरबन्दी स्वीकृति र पदपूर्ति नगरेको, दक्ष र तालिमप्राप्त जनशक्ति कमी हुँदा विषयगत शाखाबाट सम्पादन हुने कार्य प्रभावकारी हुन नसकेको, दरबन्दी बेगर करार सेवामा नियुक्ति गरेको, कार्यसम्पादन सूचक बेगर अतिरिक्त तथा थप प्रोत्साहन भत्ता खर्च लेखेको, एकमुष्टरुपमा कर्मचारी कल्याणकोषमा रकम ट्रान्सफर गरेको, पदाधिकारी तथा कर्मचारीलाई कानुनमा व्यवस्था नभएका बिभिन्न सुविधा प्रदान गरेको लगायत बेहोरा देखिएका छन्।

- **योजना तर्जुमा बजेट तथा कार्यक्रम -** यो वर्ष २ स्थानीय तहले तोकिएको समयमा बजेट पेस नगरेको, २९ स्थानीय तहले रु.४९ करोड १४ लाख २८ हजार बजेट अवण्डामा राखी पटके निर्णयबाट बाँडफाँट गरी खर्च गरेको, योजना तथा कार्यक्रममा न्यून प्रगति भएको, राजश्व तथा

व्ययको अनुमान यथार्थपरक नभएको र विभिन्न कोषमा रहेका रकम प्रयोजन समाप्त भएपछि सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको स्थिति देखिएको छ।

- **आन्तरिक आय -** लक्ष्य अनुसार सम्पत्ति कर, बहाल कर लगायतका राजश्व असुली नभएको, असुल भएको राजश्व तोकिएको अवधिभित्र सञ्चित कोष दाखिला नगरेको, प्रतिस्पर्धात्मक विधिबाट समयमा नै आय ठेक्का नगरेको, सम्झौता अनुसार १ स्थानीयतहले रु.१ करोड २० हजार राजस्व असुल नभएको र २ स्थानीय तहले प्रदेश कानुन अनुसार तोकिएको दर भन्दा घटी दरमा आय ठेक्का लगाई रु.२३ लाख ६७ हजार घटी असुल गरेको लगायत बेहोरा देखिएका छन्।

- **खरिद व्यवस्थापन -** आवश्यकता पहिचान नगरी विस्तृत आयोजना प्रतिवेदन तयार गरेको एवम् पेश भएका प्रतिवेदनहरू स्वीकृत गरी कार्यान्वयन नगरेको, ३९ स्थानीय तहले रु.१० करोड २१ लाख ४० हजारको परामर्श सेवा खरिद गरेको, निर्माणस्थलको व्यवस्था नगरी खरिद सम्झौता गरेको, २७ स्थानीय तहले प्रतिस्पर्धात्मक खरिद विधि प्रयोग नगरी रु.११ करोड २६ लाख १७ हजारको सोझै खरिद गरेको, खरिद कार्य समयमा सम्पन्न नगरेको, उपभोक्ता समितिले सम्झौता अनुसारको योगदान नगरेको, भेरिएसन स्वीकृत नगराइ खरिद सम्झौतामा उल्लेख भएको भन्दा बढी परिमाणमा भुक्तानी गरेको, सुत्र एवम् सूचकाङ्क फरक पारी तथा मूल्य समायोजन भुक्तानी दिने व्यवस्था नभएको अवस्थामा ३ स्थानीय तहले रु.१ करोड १३ लाख ३९ हजार बढी मूल्य समायोजन भुक्तानी गरेको लगायतका बेहोरा देखिएका छन्।

- **खर्च व्यवस्थापन -** आन्तरिक आयको विश्लेषण नगरी सुविधा एवं भत्ता वितरण र बजेट खर्च गर्दा प्रचलित कानुनी व्यवस्थाको पूर्ण अनुसरण हुन नसकेको, पेश्की रकम म्याद भित्र फर्स्यौंट नगरेको, विद्यालयका शिक्षकहरूको पारिश्रमिक तथा अन्य रकमहरू बढी निकासा गरेको, निश्चित मापदण्ड बेगर आर्थिक सहायता वितरण गरेको, वितरणमुखी तथा अनुत्पादक खर्च गरेको, अनुदान वितरणको मापदण्ड तथा कार्यविधि नबनाएको, वितरित अनुदानबाट प्राप्त नतिजाको अनुगमन नगरेको, कार्यालय सञ्चालन तथा विविध खर्चमा मितव्ययिता हुन नसकेको, १६ स्थानीय तहले खर्च नभई बाँकी रहेको तथा सर्त विपरित खर्च गरेको रु.६ करोड ३५ लाख ८६ हजार अनुदान रकम सम्बन्धित सञ्चित कोषमा फिर्ता नगरेको लगायत बेहोरा देखिएका छन्।

- **अभिलेख तथा अनुगमन -** स्थानीय तहले सार्वजनिक सम्पत्तिको अभिलेख नराखेको, पालिकामा प्रयोग भएका सफ्टवेयरको प्राप्ति, प्रयोग र क्षमताको अभिलेख नराखेको, फर्स्यौंट हुन बाँकी पेश्की र बेरुजुको अभिलेख नराखेको अवस्था छ। लक्षितवर्गमा दिने अनुदान सो समूहमा पुगे नपुगेको अनुगमन नगरेको, सामुदायिक विद्यालयको शैक्षिक उपलब्धि एवम् गुणस्तरको अनुगमन नगरेको, पालिकाभित्र उत्पादन भएका फोहोरको वातावरणमैत्री व्यवस्थापन गर्न नसकेको, आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नरहेको, कार्यक्षेत्रभित्रका सहकारी संस्थाको कार्यसम्पादनको न्यून अनुगमन गरेको लगायतका अवस्था देखिएका छन्।

स्थानीय तहले स्रोत र साधनको प्राप्ति र परिचालन, विकास निर्माण, सेवा प्रवाह तथा जिम्मेवारी एवं जवाफदेहिताको पालना सम्बन्धमा देखिएका बेहोराहरू सम्बन्धित स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरिएको छ।

- **घटी जिम्मेवारी -** स्थानीय तहहरूले प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्दा गत वर्षको मौज्दात यस वर्ष जिम्मेवारी सार्नुपर्दछ। जिम्मेवारी सार्ने क्रममा फरक परेमा सोको पुष्टयाईं उल्लेख गर्नुपर्दछ। यो वर्ष प्रदेश अन्तर्गतका १६ स्थानीय तहले रु.६ करोड ५० लाख ६० हजार घटी जिम्मेवारी सारेकोमा सोकोकारण खुलाएका छैनन्।
- **दाखिला गर्न बाँकी** - स्थानीय तहले भुक्तानीमा कट्टी गरेको रकम सोही आर्थिक वर्षमा तोकिएको खातामा दाखिला गरी हिसाब मिलान गर्नुपर्दछ। यो वर्ष प्रदेश अन्तर्गतका २८ स्थानीय तहले वित्तीय विवरणमा देखाएको भुक्तानी/दाखिला बाँकी/कट्टी रकम रु.१ करोड २३ लाख ६० हजार सम्बन्धित खातामा दाखिला गरी हिसाब मिलान गरेका छैनन्।
- **बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा मात्र भुक्तानी गर्नुपर्ने व्यवस्था छ । यो वर्ष प्रदेश अन्तर्गतका ३४ स्थानीय तहले फरक नापी गरी, फरक गणना गरी तथा वास्तविक कार्य सम्पादन भएको भन्दा बढी हुनेगरी उपभोक्ता समिति तथा निर्माण व्यवसायीलाई रु.२ करोड ४२ लाख ९८ हजार बढी भुक्तानी दिएको छ।

१४. **बेरुजु फर्स्यौंट तथा सम्परीक्षण** - कर्णाली प्रदेशका ७९ स्थानीय तहको गत वर्षसम्मको कुल बेरुजु रु.२० अर्ब ४९ करोड ७८ लाख ३८ हजार रहेकोमा यो वर्ष सम्परीक्षणबाट रु.४१ करोड २२ लाख ३१ हजार फर्स्यौंट तथा रु.३६ लाख ६२ हजार थप भई रु.२० अर्ब ८ करोड ९२ लाख ६९ हजार बाँकी रहेकोमा यस वर्षको लेखापरीक्षणबाट थप भएको रु.२ अर्ब २३ करोड ४६ लाख ८१ हजारसमेत रु.२२ अर्ब ३२ करोड ३९ लाख ५० हजार बेरुजु बाँकी रहेको छ।

१४.१. लेखापरीक्षण ऐन, २०७५ को दफा २० मा प्रत्येक गाउँपालिका र नगरपालिकाले महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण गराउनुपर्ने, महालेखापरीक्षकले लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र यसरी जारी भएको प्रतिवेदन स्थानीय तहको प्रचलित कानुन बमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल गर्नुपर्ने व्यवस्था छ। अधिकांश स्थानीय तहहरूले यस सम्बन्धी कानुन निर्माण गर्न बाँकी रहेकोले प्रतिवेदन छलफल र बेरुजु असुल फर्स्यौंट एवं नियमित गर्ने कार्यविधिको सम्बन्धमा अस्पष्टता रहेको छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ मा सभाले आफ्नो कार्य प्रणालीलाई व्यवस्थित गर्न नियमावली बनाइ कुनै सदस्यको संयोजकत्वमा लेखा समिति लगायतका समिति गठन गर्न सक्ने उल्लेख छ। स्थानीय तहले लेखा समितिको गठन, कार्यक्षेत्र, बेरुजु फर्स्यौंटको विधि र प्रक्रियासमेत खुलाई आवश्यक कानुनी व्यवस्था र बेरुजु फर्स्यौंटमा तदारूकता ल्याउनुपर्दछ।

१५. **लेखापरीक्षण बक्यौता -** लेखापरीक्षण ऐन, २०७५ को दफा २० अनुसार स्थानीय तहको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। हुम्ला जिल्लास्थित चंखेली गाउँपालिकाको २०७९।८० को लेखापरीक्षण नगराएकोमा उक्त आर्थिक वर्षको लेखापरीक्षण यो वर्ष सम्म गराएको छैन।

परिच्छेद

८



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनको स्थिति

परिच्छेद-४

लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयन स्थिति

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ३६ बमोजिम महालेखापरीक्षकको कार्यालयबाट लेखापरीक्षण भई प्रारम्भिक प्रतिवेदनमा औँल्याइएका बेरुजुको सूचना प्राप्त भएको ३५ दिनभित्र सम्बन्धित कार्यालयले तोकिएबमोजिम फर्स्यौंट गरी सम्परीक्षणका लागि महालेखापरीक्षकको कार्यालयलाई जानकारी गराउनुपर्ने व्यवस्था छ। यस सम्बन्धी बेहोरा निम्न छन्:

१. **प्रतिवेदन कार्यान्वयन** - प्रदेशको सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको बेहोरामा छलफल हुने व्यवस्था अनुसार महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन छलफल भएको छ। प्रतिवेदनउपर लेखा समितिले दिएको निर्देशन कार्यान्वयन गर्नुपर्दछ।

२. **बेरुजु फर्स्यौंट** - यो वर्ष प्रदेशको सरकारी कारोबारतर्फ विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबारको १२५ कार्यालयको लेखापरीक्षण हुँदा ८१ कार्यालयको लगती बेरुजु रु.६७ करोड ७० लाख ६७ हजार देखिएकोमा १६ कार्यालयको प्रमाण तथा प्रतिक्रियाको आधारमा रु.७६ लाख ९२ हजार फर्स्यौंट भएको तथा रु.८१ हजार थप भएको छ। बाँकी कार्यालयको प्रतिक्रिया प्राप्त भए तापनि फर्स्यौंट हुन नसकी सुरु बेरुजु नै कायम भएको छ। प्रदेश कानुनी व्यवस्था बमोजिमको प्रक्रिया पुरा गर्दासमेत २०८१।८२ को बेरुजु फर्स्यौंट नभएकाले सो अवधिमा कार्यरत लेखाउत्तरदायी अधिकृतहरूको नामावली र बेरुजु रकम **अनुसूची-१६** मा समावेश गरिएको छ। समिति तथा अन्य संस्थातर्फ लेखापरीक्षण भएका १२ समितिको लेखापरीक्षण हुँदा ११ समितिको बेरुजु रु.११ करोड २ लाख १५ हजार देखिएकोमा ५ समितिको प्रमाण तथा प्रतिक्रियाको आधारमा रु.६८ लाख ८७ हजार फर्स्यौंट तथा रु.७ लाख ७८ हजार थप भएको छ। कानुनबमोजिम बाँकी बेरुजु फर्स्यौंट गर्नुपर्दछ।

३. **सम्परीक्षण** - गत वर्षसम्म प्रदेशको सरकारी कार्यालय र समिति तथा अन्य संस्थातर्फको रु.४ अर्ब १२ करोड ५ लाख ८४ हजार बेरुजु रहेकोमा रु.१७ करोड ६४ लाख ६ हजार सम्परीक्षण हुँदा थप भएको रु.१ करोड ७९ लाख १९ हजारसमेत रु.३ अर्ब ९६ करोड २० लाख ९७ हजार बाँकी रहेको छ।

४. **प्रतिवेदन कार्यान्वयनका प्रयास** - बेरुजु फर्स्यौंट गरी प्रतिवेदन कार्यान्वयन गर्न स्थलगत खटिएको टोलीबाट सम्परीक्षण गरी स्थलगत जानकारी दिने व्यवस्था गरिएको छ। संपरीक्षण गरिएको अङ्क र संपरीक्षणको लागि पेस नभएको अवस्थामा सोही बेहोरा प्रारम्भिक प्रतिवेदनमा खुलाइएको छ। प्रदेश प्रमुख समक्ष यस अघि पेस भएका ६ वर्षको लेखापरीक्षण प्रतिवेदन उपर सार्वजनिक लेखा समितिमा छलफल सम्पन्न भई प्रदेश सभाबाट २०८१ चैत्र १२ मा प्रतिवेदन स्वीकृत भएको तथा सातौँ वार्षिक प्रतिवेदन उपर छलफल भएपनि प्रतिवेदन पेस हुने प्रक्रियामा छ। सार्वजनिक लेखा समितिले दिएका निर्देशन तथा सुझाव कार्यान्वयन गर्नुपर्दछ।

५. **बेरुजु न्यूनीकरण** - प्रदेश सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट औँल्याइएको सुझाव अनुसार सुधार गरी आर्थिक अनुशासनको स्थिति मजबुत बनाउनुपर्दछ। प्रदेश कार्यालयहरूको

आन्तरिक नियन्त्रण प्रणाली स्थापना, प्रभावकारी आन्तरिक लेखापरीक्षण, खरिदलगायतका कानुनको पालना, अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा बढोत्तरी गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्दछ।

परिच्छेद

५



भविष्यमा गर्नुपर्ने सुधार

परिच्छेद - ५

भविष्यमा गर्नुपर्ने सुधार

प्रदेशमा उपलब्ध स्रोत साधनको प्रभावकारी परिचालन र अधिकतम उपयोगद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न आवश्यक नीति तथा कानुन तर्जुमा गरी सङ्गठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन र स्रोत साधनको व्यवस्थापन लगायतका कार्यहरू गर्नुपर्दछ। प्रदेश सरकारको विगत वर्षमा स्रोत साधनको प्राप्ति, उपयोग र परिचालनबाट प्राप्त प्रतिफलको लेखापरीक्षण गर्दा सकारात्मक सुधारहरू देखिएका छन्। यसलाई निरन्तरता दिँदै आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गरी प्रदेश सरकारको कार्य सञ्चालनमा देहायअनुसार सुधार हुनुपर्दछः

शासकीय प्रबन्ध

१. प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका एकल तथा साझा अधिकारसँग सम्बन्धित अत्यावश्यक कानुन तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ।

२. प्रत्यायोजित अधिकार क्षेत्र अन्तर्गत कानुन निर्माण गर्दा सोमा समेटिएका विषय प्रत्यायोजित अधिकार क्षेत्रभित्र रहेको सुनिश्चितता हुनुपर्दछ। यस्ता कानुन बनाउने अधिकारको स्रोत सो कानुनमा उल्लेख गरेको हुनुपर्दछ।

३. मन्त्रालयहरूले मातहत कार्यालयहरूबाट गराउनु पर्ने कार्यहरू मन्त्रालयमा एकमुष्ट बजेट राखी आफैं गर्ने गरेको देखिएकोले मन्त्रालयहरू कार्य सञ्चालन स्तरका काममा संलग्न नभई नियमन, समन्वय र अनुगमन कार्यमा केन्द्रित रहनुपर्दछ।

४. सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौंट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।

५. नेपालको संविधानको धारा ५९ को उपधारा ७ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासनसम्बन्धी व्यवस्था सङ्घीय कानुनबमोजिम हुने उल्लेख भएकोमा यससम्बन्धी कानुन निर्माण गर्दा सङ्घीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।

६. प्रचलित कानुनबमोजिम बहुवर्षीय योजनाको लागि स्रोत सुनिश्चितता गरेका योजना र भुक्तानी दायित्व वृद्धि हुँदै गएकाले सो दायित्वका लागि पर्याप्त बजेट विनियोजन गरेरमात्र नया योजना छनोट गर्ने व्यवस्थाको पालना गर्नुपर्दछ।

७. मन्त्रालयहरूले नीतिगत कार्यमा मात्र केन्द्रित भई कार्य सञ्चालन स्तरका कार्यहरू मातहत निकायबाट सम्पादन गर्नुपर्ने साथै प्रदेश राजधानी केन्द्रित गरी स्थापना गरेका विभिन्न निर्देशनालयहरू स्थापना गरी कार्यसञ्चालन स्तरको कार्य सम्पादन गरिरहेकोमा पुर्नसंरचना गरी कार्यक्रम कार्यान्वयन कार्यसञ्चालन स्तरका कार्यालयबाट गर्नुपर्दछ।

८. प्रदेश सरकार र मातहतका सङ्गठन संरचना पुनरावलोकन गरी सङ्घ, प्रदेश र स्थानीय तह तथा प्रदेश सरकारको आफ्नै साङ्गठनिक संरचना र कार्य जिम्मेवारीमा दोहोरोपना नहुने गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

९. प्रभावकारी प्रशासन तथा सेवा प्रवाहका लागि कर्मचारी तथा पदाधिकारीहरूको सीप, ज्ञान र दक्षता वृद्धि नियमित तालिम तथा क्षमता अभिवृद्धि गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्दछ।

१०. नागरिकका समस्याको पहिचान तथा समाधानका लागि गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

११. दिगो विकास लक्ष्यको सूचकका आधारमा आन्तरिकिकरण गरी बजेट साङ्केतीकरण र सोका आधारमा उपलब्धि मापन गर्ने प्रणालीको विकास गरी उपलब्धिको समीक्षा गर्नुपर्दछ।

१२. प्रदेश समन्वय परिषद्ले महत्वपूर्ण र दीर्घकालीन सुधारको लागि गरेका निर्णयहरू कार्ययोजना बनाइ प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

१३. मुख्यमन्त्री रोजगार लगायतका कार्यक्रमहरू विगत वर्षमा सालबसाली विनियोजन ऐन बमोजिम निर्माण भएका कार्यविधिका आधारमा हालसम्म कार्यान्वयन गरिरहेकाले यसमा सुधार गर्नुपर्दछ।

सार्वजनिक वित्त व्यवस्थापन

१४. क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था र जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ।

१५. वस्तुगत आधारमा आय प्रक्षेपण गर्न प्रदेश सरकारको राजस्व क्षमताको विश्लेषण, कर तथा गैरकर प्रशासन सम्बन्धी छुट्टै कानुन र प्रदेश राजस्व सुधार कार्ययोजना तयार गरी लागु गर्नुपर्दछ।

१६. प्रदेश सरकारको एकल अधिकार क्षेत्र अन्तर्गत रहेको कृषि आयमा लाग्ने कर सङ्कलन नभएकाले सोको लागि कानुनी तथा संरचनागत व्यवस्था गरी कर सङ्कलनलाई प्रभावकारी वनाउनु पर्दछ।

१७. सङ्घीय सरकारले समपूरक लगायतका अनुदानवाट सञ्चालित आयोजना निश्चित अवधिमा सम्पन्न नगरी सङ्घीय अनुदान प्राप्त नभएको अवस्थामा बाँकी दायित्वका लागि अनिवार्य बजेट व्यवस्थापन गरी योजना सम्पन्न गर्नुपर्दछ।

१८. बाँडफाँट भई प्राप्त भएको रकममात्र प्रदेश लेखा नियन्त्रक कार्यालयले आम्दानी जनाउने गरेकोकोले तीनै तहका सरकारबाट कानुनबमोजिम बाँडफाँट भई प्राप्त हुनुपर्ने सबै रकम प्राप्त भएको सुनिश्चित गर्ने प्रणाली विकास गरी राजस्वको लेखाङ्कन तथा प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउनुपर्दछ।

१९. प्रदेश सरकारको कुल प्राप्तिमा सङ्घीय अनुदान र राजस्व बाँडफाँटको हिस्सा उल्लेखनीय देखिएकोले आन्तरीक राजस्वको दायरा फराकिलो बनाइ आन्तरिक आय वृद्धि गर्नुपर्दछ।

२०. पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गरी स्रोतको सुनिश्चितता बेगरका आयोजनामा आगामी वर्षमा भुक्तानी सार्ने गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

२१. सङ्घ/प्रदेश/स्थानीय तहबिच अनुदान निकासाको सम्बन्धमा अनुदान प्राप्त गर्ने तहमा वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् मात्र फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ।

२२. राजस्वबाट चालु खर्च धान्न कठिनाइ भइरहेको सन्दर्भमा उपयुक्त कार्य विवरण बेगरको पद र कार्यक्षेत्र दोहोरो पर्ने गरी स्थापना भएका निकायहरूको आवश्यकता सम्बन्धमा पुनरावलोकन गरिनुपर्दछ।

२३. व्यवसायिक प्रकृतिका संस्थाहरूलाई पुँजीगत कार्यमा खर्च गर्न अनुदान दिँदा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरू विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनुपर्दछ। यस्तो अनुदानबाट निर्माण हुने संरचना व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन।

२४. उपलब्धि मापन गर्न सकिने गरी सूचकका आधारमा उत्पादन र उत्पादकत्व बढाउने क्षेत्रमा पारदर्शी विधि र पद्दतिका आधारमा अनुदान उपलब्ध गराउने र वितरित अनुदानको उपयोगका सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलब्धिको अद्यावधिक अवस्था सार्वजनिक गर्नुपर्दछ।

२५. बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक निकायबाट वर्षभरी सञ्चालन गरेको कार्यक्रम, सम्पादन गरेको काम, लागत र प्राप्त उपलब्धि लगायतका विषयहरूको त्रैमासिक प्रगति विवरण प्राप्त गरी निकायगत रुपमा समीक्षा गरी पृष्ठपोषणका आधारमा सुधार गर्ने प्रणाली विकास गर्नुपर्दछ।

२६. सङ्घीय मन्त्रालय र स्थानीय निकायबाट समेत राहत तथा सहयोग वितरण हुने भएकाले अन्तरनिकाय समन्वय गरी राहत तथा आर्थिक सहयोग रकम परिचालन गरिनुपर्दछ।

२७. प्रदेश अन्तर्गतका स्वास्थ्य निर्देशनालय, जिल्ला स्वास्थ्य कार्यालय, मानव संसाधन केन्द्र, वन, कृषि, पशु तालिम केन्द्र र कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानले फरक फरक मापदण्ड कायम गरी तालिम संचालन र खर्च गरेका छन्। तालिमको आवश्यकता पहिचानदेखि सीप परीक्षणसमेतका लागि एकद्वार प्रणाली अवलम्बन तथा एकीकृत खर्च मापदण्ड प्रयोग गरी तालिम सञ्चालन गर्नुपर्दछ।

२८. कृषि तथा पशु तर्फ वाणिज्य बैङ्क तथा सहकारी मार्फत उपलब्ध गराउँदै आएको नगद ब्याज अनुदानको प्रभावकारीता र आवधिक समीक्षा गरी प्रभावको समीक्षा गर्नुपर्दछ।

विकास व्यवस्थापन

२९. दिगो विकास लक्ष्य, आवधिक योजना मध्यमकालीन खर्च संरचना तथा बजेटबिच सामञ्जयता कायम गर्नुपर्दछ।

३०. प्रदेश सरकारले आयोजना बैङ्क स्थापना भए तापनि आयोजना बैङ्कको कार्यान्वयन नभएकाले आयोजना बैङ्कमा राखेका आयोजनाहरूलाई मात्र बजेट विनियोजन गरी आयोजनाहरू कार्यान्वयन गर्नुपर्दछ।

३१. सार्वजनिक खरिदको लागि प्रारम्भिक चरणमा गर्नुपर्ने जग्गा प्राप्ति, वातावरणीय अध्ययन, र निकायगत समन्वय लगायतका कार्य सम्पन्न गरेर मात्र ठेक्का व्यवस्थापन गर्नुपर्दछ।

३२. खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरी समयबद्ध खरिद र सार्वजनिक खरिदको मूल्य सार्थकताको लागि प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन गर्नुपर्दछ।

३३. खरिद सम्झौताको म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाइ पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।

३४. विस्तृत आयोजना प्रतिवेदन लगायतका कार्यमा परामर्शदाता माथिको निर्भरता घटाई उपलब्ध जनशक्तिबाट हुन नसक्ने र विशेष प्राविधिक विज्ञता आवश्यक पर्ने कार्यमा मात्र परामर्श सेवा लिनुपर्दछ।

३५. जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य उपभोक्ता समिति मार्फत नगराउने, खरिद सम्झौता बमोजिम जनसहभागिताको अंश अनिवार्य गरी निर्माण सम्पन्न संरचनाको रेखदेख तथा मर्मत सम्भारको जिम्मेवारी तोकी योजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्दछ।

३६. सबै निर्माण कार्यको गुणस्तर परीक्षण अनिवार्य गरी स्वीकृत एवं पूर्व निर्धारित डिजाइन र स्पेसिफिकेशन अनुसार कार्यान्वयन भएको यकिन गर्नुपर्दछ।

३७. सार्वजनिक खरिद ऐन, नियमावली तथा सम्झौता अनुसारका प्रक्रिया अवलम्बन गरी अधुरा आयोजना टुङ्गो लगाउनु पर्दछ।

सूचना प्रविधि

३८. सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्ष बनाउन नवीन तथा एकीकृत सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्नुपर्दछ।

३९. सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ।

४०. एकै प्रकारको कामको लागि निकायगतरूपमा भिन्ना भिन्नै सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

४१. प्रदेश मातहतका यातायात व्यवस्था कार्यालयहरूले प्रयोग गरेको विद्युतीय सवारी दर्ता प्रणालीलाई आवश्यकता अनुसारका सबै सूचना प्रदान गर्न सक्ने गरी सुधार गर्नुपर्दछ।

४२. तथ्याङ्क सत्यापान गर्ने प्रणालीको विकास गर्ने तथा सार्वजनिक निकायबाट सञ्चालित सूचना प्रविधि प्रणालीको नियमित रुपमा परीक्षण गरी सूचना प्रविधिको विश्वसनियतामा अभिवृद्धि गर्नुपर्दछ।

४३. खरिद भएका सफ्टवेयरहरूको तथ्याङ्क भण्डारण र सुरक्षालाई ध्यान दिई सफ्टवेयरको सोर्सकोड प्राप्त गरी सञ्चालनमा ल्याउनुपर्दछ।

सार्वजनिक प्रशासन

४४. प्रदेशस्तरीय मानव संसाधन विकास योजना तर्जुमा र कार्यान्वयन, प्रदेश स्तरका सरकारी निकायको सङ्गठन तथा व्यवस्थापन परीक्षण, प्रदेश स्तरमा सार्वजनिक सेवा वितरणको न्यूनतम मापदण्ड निर्धारण र सेवा प्रवाह सम्बन्धी मापदण्ड बनाइ प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

४५. प्रदेश र स्थानीय तहमा भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा दरबन्दी पुनरावलोकन गरी जनशक्ति व्यवस्थापन गर्नुपर्दछ।

४६. प्रादेशिक अस्पतालहरूमा प्रयोग नभएका स्वास्थ्य उपकरण प्रयोगमा ल्याइ बिग्रिएका उपकरणहरू मर्मत सम्भार र सञ्चालन गरी स्वास्थ्य सेवालाई सुलभ र प्रभावकारी बनाउनुपर्दछ।

४७. स्वास्थ्य संस्थाको इजाजत तथा नवीकरणको अभिलेख अद्यावधिक गरी ती संस्थाहरूको नियमन गर्नुपर्दछ।

४८. सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाई र सेवाग्राही सन्तुष्टि सर्वेक्षणको माध्यमबाट सेवालाई पारदर्शी र जवाफदेही बनाउनुपर्दछ।

४९. प्रदेश अभिलेखालयले राष्ट्रिय किताबखानासँगको सहकार्य र समन्वयमा पद तथा सङ्गठन दर्ता, कर्मचारीको अभिलेख व्यवस्थापन लगायतको कार्य सम्पन्न गर्नुपर्दछ।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

५०. साविकमा सङ्घीय मन्त्रालय तथा मातहतका कार्यालय अन्तर्गत रही प्रदेश संरचनाका लागि हस्तान्तरण भएका जग्गा, भवन तथा अन्य भौतिक सम्पत्तिहरूको मूल्य खुलाई आम्दानी बाँधी प्रदेश सरकारको चल अचल सम्पत्तिको अभिलेख यथार्थपरक बनाउनुपर्दछ।

५१. प्रदेश सरकार र मातहत निकायका घरजग्गा लगाएत सबै प्रकारका चल अचल सम्पत्तिको अभिलेख अद्यावधिक गर्ने, मूल्य नखुलेका सम्पत्तिको मूल्य खुलाई राख्ने, घरजग्गा अभिलेख व्यवस्थित गर्ने र सबै सम्पत्तिलाई सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा प्रविष्टि गरी सम्पत्तिको अभिलेख व्यवस्थित गर्नुपर्दछ।

५२. काठ लगायतका वन पैदावारको उत्पादन, सङ्कलन र बिक्री कार्य व्यवस्थित गरी राजस्व आम्दानी गर्नु पर्दछ। वन उपभोक्ता समूहमा बिक्री वितरण हुने काठ सदुपयोगको यथोचित अनुगमन गर्नुपर्दछ।

५३. प्रयोगको सुनिश्चितताका आधारमा मात्र जिन्सी सामान, यन्त्र, उपकरण तथा औजार खरिद गर्नुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था यकिन गरेर मात्र खरिद गर्नुपर्दछ।

५४. वनक्षेत्र लगायतका सार्वजनिक जग्गाहरूको अभिलेख व्यवस्थित गरी अनधिकृत उपभोग तथा अतिक्रमण रोक्नुपर्दछ।

५५. खर्च भएर नजाने प्रकृतिका कतिपय सम्पत्तिहरू प्रयोगकर्ता परिवर्तनपश्चात् पुनः प्रयोगमा नल्याई नयाँ खरिद गर्ने प्रवृत्ति देखिएकोले यस्ता सम्पत्तिको उपयोगी आयु तय गरी सो अवधिभित्र त्यस्ता सम्पत्ति एउटै प्रयोगकर्तालाई उपलब्ध गराउने व्यवस्था गर्नुपर्दछ।

५६. सार्वजनिक निकायले जुनसुकै हिसाबले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।

५७. मुआब्जा वितरण भइसकेका जग्गा अनिवार्य रूपमा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ।

सुशासन

५८. सार्वजनिक निकायले आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ।

५९. अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।

६०. प्रदेश प्रमुख मार्फत प्रदेश सभामा पेस गरिएका महालेखापरीक्षकका वार्षिक प्रतिवेदनहरू प्रदेश सभाको सार्वजनिक लेखा समितिमा छलफल गरी निर्णय कार्यान्वयन गर्नु पर्दछ।

६१. प्रदेश मातहतका सहकारी सङ्घ/संस्थाहरूको काम कारबाही सम्बन्धमा नियमित अनुगमन गरी सहकारी सदस्य एवं बचतकर्ताको निक्षेप जोखिम न्यून गर्नका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

६२. संविधान तथा प्रचलित कानुन बमोजिम नेपाल सरकारको स्वीकृतिमा मात्र दातृ निकायहरूबाट सहयता लिने व्यवस्थाको पालना गर्नुपर्दछ।

६३. सञ्चालित योजनाहरूको अनुगमन मूल्याङ्कनको सूचकाङ्क तयार गरी नीति तथा कार्यक्रम कार्यान्वनयको लागि प्रादेशिक अनुगमन तथा मूल्याङ्कन प्रणाली, तथ्याङ्क व्यवस्थापन प्रणाली र प्रतिवेदन प्रणालीको विकास गरी अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन प्रणालीलाई प्रभावकारी बनाउनुपर्दछ।

६४. मन्त्रालय तथा माताहतका कार्यालयले बेरुजु फर्स्यौटलाई प्रभावकारी बनाउन कार्ययोजना वनाई कार्यान्वयन गर्नुपर्दछ।

६५. प्रदेश सभाका समिति, प्रदेश मन्त्रिपरिषद्, प्रदेश समन्वय परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चितता गर्नुपर्दछ।



अनुसूचीहरू

अनुसूचीहरू

अनुसूची - १
(प्रतिवेदनको परिच्छेद १ र २ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका प्रदेश कार्यालयहरूको विवरण र बेरुजु रकम
२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/निकाय/कार्यालयको नाम	कार्यालय सङ्ख्या	बेरुजु भएका कार्यालय	बेरुजु रकम
१	कर्णाली प्रदेश सभा सचिवालय	-	-	-
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	३	३	२५
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	१	९२५५४
४	आर्थिक मामिला तथा योजना मन्त्रालय	११	९	११९०५
५	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	२६	२२	२९११७
६	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	११	११	४२१६९
७	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	२७	२६	२७७९९
८	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	१६	१६	३९२७७०
९	सामाजिक विकास मन्त्रालय	३९	३३	१७६९५६
१०	कर्णाली प्रदेश योजना आयोग	१	१	५
११	प्रदेश लोक सेवा आयोग	१	१	२६२
१२	मुख्य न्यायाधिवक्ताको कार्यालय	१	१	०
जम्मा		**१३७**	**१२४**	**७७३५६२**

अनुसूची - १(क)

(प्रतिवेदनको परिच्छेद १ सँग सम्बन्धित)

लेखापरीक्षण गरिएका कार्यालयहरूको विवरण

२०८१।८२

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय सङ्ख्या
१	**कर्णाली प्रदेश सभा सचिवालय**	-
२	**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**	**३**
२.१	मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	१
२.२	कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठान	१
२.३	प्रादेशिक कार्यक्रम कार्यान्वयन एकाइ	१
३	**आन्तरिक मामिला तथा कानुन मन्त्रालय**	**१**
४	**आर्थिक मामिला तथा योजना मन्त्रालय**	**११**
४.१	आर्थिक मामिला तथा योजना मन्त्रालय	१
४.२	प्रदेश लेखा नियन्त्रक कार्यालय	१
४.३	प्रदेश लेखा एकाइ कार्यालयहरू	९
५	**उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय**	**२६**
५.१	उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय	१
५.२	उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय	१
५.३	उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालयहरू	९
५.४	वन तथा वातावरण निर्देशनालय	१
५.५	डिभिजन वन कार्यालयहरू	११
५.६	भू तथा जलाधार व्यवस्थापन कार्यालयहरू	२
५.७	वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र	१
६	**जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय**	**११**
६.१	जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय	१
६.२	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास निर्देशनालय	१
६.३	खानेपानी, सिँचाइ तथा ऊर्जा विकास कार्यालयहरू	९
७	**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**	**२७**
७.१	भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय	१
७.२	कृषि विकास निर्देशनालय	१
७.३	कृषि विकास कार्यालयहरू	९
७.४	पशुपंछी विकास निर्देशनालय	१
७.५	पशु अस्पताल तथा पशु सेवा कार्यालयहरू	९
७.६	कृषि तथा पशुपंक्षी व्यवसाय प्रर्वद्धन प्रशिक्षण केन्द्र	१
७.७	वागवानी विकास केन्द्र	२
७.८	भूमि व्यवस्था तथा सहकारी रजिष्टारको कार्यालय	१
७.९	एकीकृत कृषि प्रयोगशाला	१
७.१	पहाडी क्षेत्र काष्ठफल तथा फलफुल विकास आयोजना कार्यान्वयन एकाइ	१
८	**भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय**	**१६**
८.१	भौतिक पूर्वाधार तथा शहरी विकास मन्त्रालय	१

क्र.सं.	मन्त्रालय र निकायको नाम	कार्यालय सङ्ख्या
८.२	पूर्वाधार विकास निर्देशनालय	१
८.३	पूर्वाधार विकास कार्यालयहरू	९
८.५	यातायात व्यवस्था कार्यालयहरू	३
८.६	ग्रामिण सडक सञ्जाल सुधार आयोजना	१
८.७	प्रादेशिक तथा स्थानीय सडक सुधार आयोजना	१
९	**सामाजिक विकास मन्त्रालय**	**३९**
९.१	सामाजिक विकास मन्त्रालय	१
९.२	शिक्षा विकास निर्देशनालय	१
९.३	सामाजिक विकास कार्यालयहरू	९
९.४	स्वास्थ्य सेवा निर्देशनालय	१
९.५	जनस्वास्थ्य सेवा कार्यालयहरू	२
९.६	प्रदेश जनस्वास्थ्य प्रयोगशाला	१
९.७	मानव संसाधन विकास केन्द्र	१
९.८	जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू	१
९.९	प्रदेश आयुर्वेद अस्पताल तथा अनुसन्धान केन्द्र	९
९.१०	प्रदेश संग्रहालय तथा अभिलेखालय	१
९.११	प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन कार्यालय	१
९.१२	प्रदेश खेलकुद परिषद्	१
९.१३	प्रदेश अस्पताल	१
९.१४	मेहलकुना अस्पताल	१
९.१५	जिल्ला अस्पतालहरु	८
१०	**कर्णाली प्रदेश योजना आयोग**	**१**
११	**प्रदेश लोकसेवा आयोग**	**१**
१२	**मुख्य न्यायाधिवक्ताको कार्यालय**	**१**
जम्मा		**१३७**

अनुसूची-२

(प्रतिवेदनको परिच्छेद १ को दफा १.१ सँग सम्बन्धित)

प्रदेश कार्यालयको लेखापरीक्षण रकम

२०८१।८२

(रु.हजारमा)

क्र.सं.	मन्त्रालय/ निकायको नाम	विनियोजन				राजस्व				धरौटी				अन्य कारोबार				लेखापरीक्षण सम्पन्न रकम
		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		लेखापरीक्षण गर्नुपर्ने		सम्पन्न		
		एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	एकाइ	रकम	
१	कर्णाली प्रदेश सभा सचिवालय	१	११२४२२	०	०	१	२०३	०	०	१	६५४	०	०	०	०	०	०	०
२	मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय	२	२३४७५१	२	२३४७५१	१	३२९	१	३२९	२	१२७६	२	१२७६	१	१०४८	१	१०४८	२३७४०४
३	आन्तरिक मामिला तथा कानुन मन्त्रालय	१	२६६५९६	१	२६६५९६	१	१२१०	१	१२१०	१	६९३०	१	६९३०	१	३६००३६	१	३६००३६	६३४७७२
